ISSN 2705-4454
9 772705 445004

३५७

# भक्तपुर

मासिक
Bhaktapur Monthly
माघ २०८२



## ख्वप अस्पतालमा
# सीटी स्क्यान शुभारम्भ


- भक्तपुर नपाको उन्नाइसौँ नगरसभा
- सुसंस्कृत समाज निर्माणमा विद्यालयको भूमिका
- नेमकिपाको आठौँ अधिवेशनपछिको पहिलो केन्द्रीय परिषद्
- हृदयचन्द्रको विचार र दर्शन
- आगामी निर्वाचन र नेमकिपाको निर्वाचन उपयोग नीति
- नेपालमा राहुलको प्रभाव
- भक्तपुर नपाको शाननान सहरसँगको भगिनी सम्बन्ध र यालोङ महोत्सव
- पाइथागोरस : प्राचीन ग्रीक गणितज्ञ र दार्शनिक
- केही काल्पनिक समाजवादीहरू र हामी
- नेपालमा अमेरिकाको सत्तापलट : एक खुलासा
- जन्मजात मुटु रोग परीक्षणको विश्लेषण
- भक्तपुर नपाका गतिविधि




नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले भक्तपुर नपाद्वारा सञ्चालित ख्वप अस्पतालमा सीटी स्क्यान सेवाको शुभारम्भ गर्नुभयो । माघ १ गते



नेमकिपाका सचिव प्रेम सुवालले भक्तपुर नपाको उन्नाइसौं नगरसभाको पानसमा दीप प्रज्ज्वलन गरी उद्घाटन गर्नुभयो । पुस २४ गते

# भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

☎ ६६१३९५७, ६६१०३१० फ्याक्स : ६६१३२०६

website : http://bhaktapurmun.gov.np
email : info@bhaktapurmun.gov.np

Bhaktapur Municipality

BHAKTAPUR [MONTHLY] मासिक

जि.का.द.सं.१९/०३९/४० भ.पु.जि.हु.का.द.नं.१/०६१/०६२

j l $# ⋆ cÆ #⋆ g}; =!$^⋆ lj:; =@)*@df3 ⋆ A.D.2026

कार्यालय : भक्तपुर नगरपालिका कार्यालय भवन

फोन नं. : ०१-६६१३०४३

email : bhaktapurmasik@gmail.com

सम्पादक : लक्ष्मण जोशी

सहायक सम्पादक : आशा कुमार चिकंबञ्जार

डेस्कटप : धनलक्ष्मी त्यात

आवरण सज्जा : रेणु ध्वजू

मुद्रण :

भक्तपुर अफसेट प्रिन्टर्स

ब्यासी, भक्तपुर

☎ ६६१३८८८

मूल्य रु. २५।-

तस्बिरहरू : भक्तपुर नपा (उल्लेख गरिएका बाहेक)


## एउटा चित्र

## नेवा: छँया वास्तुकला








'भक्तपुर' मासिकमा प्रकाशित लेख रचनामा अभिव्यक्त विचारहरूसँग प्रकाशक र सम्पादक मण्डलको सहमति अनिवार्य छैन ।

**संसारले दुख भोग्नुको कारण खराब व्यक्तिको आतङ्क नभई असल मान्छेको मौनता हो ।– नेपोलियन**

## यस अङ्कमा


| क्र.सं. | शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|---|
| १) | भक्तपुर नपाको उन्नाइसौँ नगरसभा | – | ३ |
| २) | सुसंस्कृत समाज निर्माणमा विद्यालयको भूमिका | नारायणमान बिजुक्छेँ (रोहित) | १४ |
| ३) | हृदयचन्द्रको विचार र दर्शन | गोविन्द भट्ट | १८ |
| ४) | नेमकिपाको आठौँ अधिवेशनपछिको पहिलो केन्द्रीय परिषद् | – | २४ |
| ५) | पार्टी स्थापना दिवसको अवसरमा पुस्तक सार्वजनिकीकरण: निःस्वार्थभावले देश सेवामा समर्पित बनाउन नयाँ पुस्तालाई उत्साहित गर्नुपर्ने | – | ३० |
| ६) | नेमकिपा स्थापनाका आधार पुस्तकहरूबारे सङ्क्षिप्त चर्चा | समा | ३१ |
| ७) | नेमकिपाले केही गर्दैन ! | एसआर | ३६ |
| ८) | जहाँ सत्ता हैन सिद्धान्त जित्नेगर्छ | विद्रोही राम | ३६ |
| ९) | आगामी निर्वाचन र नेमकिपाको निर्वाचन उपयोग नीति – | विवेक | ३८ |
| १०) | भक्तपुर नगरपालिकाको शिचाङ (तिब्बत) को शाननान सहरसँगको भगिनी सम्बन्ध र यालोङ महोत्सव | रजनी जोशी | ४० |
| ११) | केही काल्पनिक समाजवादीहरू र हामी | नसीम | ४३ |
| १२) | नेपालमा अमेरिकाको सत्तापलट : एक खुलासा | जिम नौरेकास | ४७ |
| १३) | पाइथागोरस : प्राचीन ग्रीक गणितज्ञ र दार्शनिक | राजेन्द्र बहादुर कायष्ठ | ५१ |
| १४) | नेपालमा राहुलको प्रभाव | रत्नसुन्दर शाक्य | ५४ |
| १५) | जन्मजात मुटु रोग परीक्षणको विश्लेषण | कृष्ण गारु | ५७ |
| १६) | उपत्यकामा पोखरी यसकारण बनाए पुर्खाले | शान्ति तामाङ | ६० |
| १७) | राष्ट्रिय ब्याडमिन्टन खेलाडी रमा मातां | राजकुमार लघु | ६३ |
| १८) | ट्रम्पको पनि दिन अवश्य आउँछ ! | रसिक | ६५ |
| १९) | साँचो कुरा तीतो त हुने भइहाल्यो ! | कुशल | ६६ |
| २०) | नमस्ते कि नमस्कार | – | ६९ |
| २१) | भक्तपुर नपाको कार्यपालिकाको बैठक निर्णय | – | ७३ |
| २२) | निर्वाचन सन्दर्भ | – | ७७ |
| २३) | भक्तपुर नगरपालिका गतिविधि | – | ८० |
| | क) शैक्षिक गतिविधि | – | ८४ |
| | ख) स्वास्थ्य सेवा | – | ९४ |
| | ग) भेटघाट-अवलोकन | – | ९९ |
| | ङ) सङ्क्षेपमा | – | १०१ |
| २४) | विविध समाचार | – | १०२ |
| २५) | भ्रष्टाचारै भ्रष्टाचार | – | ११२ |
| २६) | चुनाव 'अभिशाप' नहोस् (सम्पादकको पृष्ठ) | – | ११८ |

**साथमा** : प्रेरणीय-१७/ यता-उताबाट-१३/ हाम्रा पुराना मूर्ति-४६/ कति शब्द बन्छ होला ?-६०/ Word Search-६५/ गोपालराज वंशावली (नेपालीमा-७)-७०/ नेवा नां (३)-७२/ जीवन-आचरण-९४/ ख्वप अस्पतालको प्रगति-९८/सामान्य ज्ञान-११२/हाम्रो स्वास्थ्य-११६/पर्यटक तथ्याङ्क-११७/तस्बिरमा केही गतिविधि ।

# भक्तपुर नगरपालिकाको

# उन्नाइसौं नगरसभा




## समुद्घाटन

### नयाँ पुस्तालाई नयाँ विचार, सूचना र प्रविधिसँग जोड्दै लानुपर्ने

नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले भक्तपुर नगरपालिकाको उन्नाइसौँ नगरसभाको पुस २४ गते एक समारोहबिच पानसमा दीप प्रज्ज्वलन गरी उद्घाटन गर्नुभयो ।

कार्यक्रममा सचिव **सुवाल**ले भक्तपुरलाई सफा, सुन्दर र स्वच्छ नगरको रूपमा विकास गर्न नागरिकहरूमा नागरिक भावनाको विकास गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

भक्तपुरलाई स्वच्छ नगर बनाउन नगरका सडक, गल्ली र चोकहरू सबै सफा राख्नुपर्छ भन्नुहुँदै उहाँले भक्तपुर औद्योगिक क्षेत्रका प्रदूषण फाल्ने उद्योगहरूलाई पायक पर्ने ठाउँमा स्थानान्तरण गर्न पहल गर्नुपर्ने बताउनुभयो ।

भक्तपुरको सांस्कृतिक सम्पदा संरक्षणासँगसँगै पर्यटन उद्योगको विकासमा पनि जोड दिनुपर्ने बताउनुहुँदै उहाँले भक्तपुरको विकास निर्माणको काम उपभोक्ता मोडलबाटै अगाडि बढाउनु उपयुक्त हुने बताउनुभयो ।

जनताको समस्या सम्बोधन गरी देको मिवा आवास योजनालाई छिट्टै सम्पन्न गर्नेतर्फ नगरपालिकाले



अगाडि बढ्न मार्गनिर्देश गर्नुहुँदै उहाँले विद्यालय र विश्वविद्यालयहरूलाई उत्पादन श्रमसँग जोड्नु आवश्यक रहेको बताउनुभयो ।

संरा अमेरिकाले भेनेजुयलामाथि गरेको आक्रमण निन्दनीय रहेको बताउनुहुँदै सचिव सुवालले अमेरिकाले भेनेजुयलामाथि गरेको साम्राज्यवादी आक्रमणले संरा सङ्घको बडापत्र र अन्तर्राष्ट्रिय कानुनसमेत उल्लङ्घन भएको बताउनुभयो ।

नयाँ पुस्तालाई नयाँ विचार, सूचना र प्रविधिसँग जोड्दै लानुपर्ने बताउनुहुँदै उहाँले विद्यालयमा पाठ्यक्रमअनुसार विद्यालय शिक्षकको बन्दोबस्त गर्नुपर्ने, समय समयमा खाद्य अनुगमन गर्नुपर्ने, सांस्कृतिक नगर बनाउन प्रयास जारी राख्नुपर्ने, सडकहरूमा हरियाली कायम गर्नुपर्ने, युवाहरूलाई कुलतबाट टाढा राख्नुपर्ने र नयाँ पुस्तालाई खेलकुद, सङ्गीत, वाद्यवादन, नृत्य, चित्रकलालगायत अतिरिक्त क्रियाकलापमा पनि संलग्न गराउनुपर्ने बताउनुभयो ।



सुनिल प्रजापति

नगरसभा उद्घाटन कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले आ.व. २०८२/०८३ मा पारित बजेटको आधारमा साउनदेखि पौष २० गतेसम्म भएका कार्यहरू सङ्क्षेपमा प्रस्तुत गर्नुभयो ।

उहाँले ऐतिहासिक एवम् सांस्कृतिक महत्त्व बोकेको यस भक्तपुर नगरपालिकाको नेतृत्वमा बसेर काम गर्न पाउँदा गौरवको अनुभूति भएको बताउनुहुँदै जनताको बलियो साथ र सहयोगबिना भक्तपुरको यो स्तरको विकास सम्भव नभएको बताउनुभयो ।

उहाँले स्थानीय तहहरू अधिकारसम्पन्न र स्वायत्त भएमात्रै जनताका आवश्यकताहरू छिटो-छरितो पूरा गर्न सकिन्छ भन्ने मान्यताअनुसार भक्तपुर नगरपालिकाले पूर्ण स्वायत्तताको अभ्यास गरिरहेको बताउनुहुँदै स्थानीय तहहरूलाई अधिकारसम्पन्न बनाउन समय-समयमा सरकारको ध्यानाकर्षण गरिरहेको बताउनुभयो ।

भक्तपुरलाई पारदर्शी, भ्रष्टाचारमुक्त र सम्पदा संरक्षित तथा पर्यटकीय गन्तव्यस्थलको रूपमा विकास गर्न कटिबद्ध भएर लागिरहेको बताउनुहुँदै उहाँले जनप्रतिनिधि, स्थानीय जनता र राजनैतिक कार्यकर्ताहरूको एकमनको एकतालाई अझ बलियो बनाउनुपर्ने आवश्यकता महसुस भएको बताउनुभयो ।



सुरेन्द्रराज गोसाई

वाग्मती प्रदेशसभा सदस्य **सुरेन्द्रराज गोसाई**ले भक्तपुरको ऐतिहासिक, सांस्कृतिक समृद्धि र आधुनिक विकासले भक्तपुरको विकास 'एकादेशको कथा' जस्तै बनेको छ भन्नुहुँदै पुराना सम्पदा र नयाँ विकासका प्रयासहरूले आजको भक्तपुर निर्माण भएको बताउनुभयो ।

भौतिक पूर्वाधारका संरचनाहरू निर्माण हुनु मात्रै विकास होइन भन्नुहुँदै उहाँले विकासको परिभाषालाई नै पुनःव्याख्या गर्नुपर्ने आजको आवश्यकता हो भन्नुभयो ।

सांसद गोसाईले भदौ २३ र २४ गते भएको जेनजी आन्दोलन देशको विकासको निम्ति हो वा विनाश भन्ने विषय अहिले विचारणीय भएको बताउनुहुँदै भक्तपुर नगरपालिकाको नियमित प्रकाशनहरू 'भक्तपुर' मासिक र 'ख्वप पौ' भक्तपुरको विकासको प्रतिविम्ब हो भन्नुभयो ।

नगरपालिकाले सञ्चालन गरेको जनज्योति पुस्तकालयलाई स्तरीय पुस्तकालयको रूपमा विकास गर्नुपर्ने आवश्यकता औँल्याउनुहुँदै उहाँले नगरपालिकाले प्राවि तहका विद्यालयहरूको सुधारतर्फ पनि ध्यान दिनुपर्ने र विद्यालयहरूका गणित र विज्ञान प्रयोगशालाहरू निर्माणमा जोड दिनुपर्ने बताउनुभयो ।



रजनी जोशी

भक्तपुर नपाका उपप्रमुख **रजनी जोशी**ले भक्तपुर नगरलाई नमुना नगरको रूपमा अघि बढाउन योगदान पुर्‍याउनुहुने सम्पूर्णमा कृतज्ञता

ज्ञापन गर्नुहुँदै जनताको नि:स्वार्थपूर्वक सेवा गर्ने अठोटका साथ भक्तपुरका जनप्रतिनिधिहरू अगाडि बढिरहेको बताउनुभयो ।



उमेशकुमार ढकाल

भक्तपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी **उमेशकुमार ढकाल**ले भक्तपुर नगरपालिकाले प्रगतिउन्मुख काम गरिरहेको बताउनुहुँदै देशकै सानो नगरपालिका भएर पनि देशलाई दिशानिर्देश गर्ने उदाहरणीय काम भक्तपुर नगरपालिकाले गरेको बताउनुभयो ।

कार्यक्रममा ख्वप कलेज अफ लका प्राचार्य **अनिता जधारी**ले कलेजबाट प्रवाहित सेवा सुविधाबारे अवगत गराउनुभयो



अनिता जधारी

ख्वप अस्पतालका नि. मेडिकल डाइरेक्टर डा. **मजेश प्रताप मल्ल**ले अस्पतालका सेवा र प्रगतिहरूबारे जानकारी गराउनुभयो ।



डा. **मजेश प्रताप मल्ल**

नगरसभाको उद्घाटन



वसन्त भट्टराई

कार्यक्रममा भनपाका प्रमुख प्रशासकीय अधिकृत **वसन्त भट्टराई**ले धन्यवादज्ञापन मन्तव्य राख्नुभयो



रविन्द्र ज्याख्व

कार्यक्रममा भनपा ९ का वडाध्यक्ष **रविन्द्र ज्याख्व**ले पनि बोल्नुभएको थियो ।



## नगरसभा अध्यक्षको मन्तव्य

# जनताको नजिकको सरकारसँग जनअपेक्षा स्वाभाविक

प्रमुख सुनिल प्रजापति




सभासद् मित्रहरू,

आजबाट भक्तपुर नगरपालिकाको १९ औं नगरसभा सुरु हुँदैछ । यस नगरको विकास र प्रगतिका लागि प्रत्यक्ष र अप्रत्यक्ष रूपमा योगदान गर्नुहुने सम्पूर्ण अग्रजहरूप्रति उच्च सम्मान व्यक्त गर्दछौं ।

२०७९ सालमा सम्पन्न स्थानीय तहको निर्वाचनबाट हामी निर्वाचित भएको साढे तीन वर्ष पूरा भयो । ऐतिहासिक एवम् सांस्कृतिक महत्त्व बोकेको यस भक्तपुर नगरपालिकाको नेतृत्वमा बसेर काम गर्न पाउँदा हामीलाई गौरवको अनुभूति भइरहेको छ । भक्तपुर नगरपालिकाको हरेक काममा यहाँका जनताले गरेको साथ र सहयोगप्रति हार्दिक आभार व्यक्त गर्दछौं । जनताको बलियो साथ र सहयोगबिना भक्तपुरको यो स्तरको विकास सम्भव थिएन ।

स्थानीय तहको निर्वाचनको बेला नेपाल मजदुर किसान पार्टीको घोषणापत्रमार्फत गरिएका प्रतिबद्धताहरू हामी एक–एक गरी पूरा गर्दैछौं । स्थानीय तह जनताको नजिकको सरकार भएको हुँदा स्थानीय तहप्रति जनताको अपेक्षा बढी हुनु अस्वाभाविक पनि होइन । नगरपालिकाको सीमित स्रोत र साधनहरूको अधिकत्तम प्रयोग गरी जनताका असीमित आवश्यकताहरूलाई प्राथमिकताको आधारमा क्रमशः पूरा गर्दैछौं ।

स्थानीय तहहरू अधिकारसम्पन्न र स्वायत्त भएमात्रै जनताका आवश्यकताहरू छिटो–छरितो पूरा गर्न सकिन्छ भन्ने मान्यताअनुसार भक्तपुर नगरपालिकाले पूर्ण स्वायत्तताको अभ्यास गरिरहेको छ । स्थानीय तहहरूलाई अधिकारसम्पन्न बनाउन समय–समयमा सरकारको ध्यानाकर्षण गरिरहेका छौं । स्थानीय तह प्रजातन्त्रको जग भएको हुँदा स्थानीय तह बलियो भएमात्र प्रजातन्त्र बलियो हुने र जनता बलियो हुनेमा हामी विश्वास गर्छौं ।

हामी निर्वाचित भएदेखि नै नगर र नगरवासीहरूको हितलाई केन्द्रविन्दुमा राखेर काम गर्दैछौं । नगरको शान्ति सुरक्षादेखि जनताको आधारभूत आवश्यकता पूरा गर्न विभिन्न सरकारी सङ्घ–संस्थाहरूसँग आवश्यक समन्वय र सहकार्य गर्दै अगाडि बढ्दैछौं । यसले हाम्रा हरेक गतिविधि सफलतापूर्वक सम्पन्न गर्न सहयोग पुऱ्याएको हाम्रो अनुभव छ ।

भक्तपुरलाई पारदर्शी, भ्रष्टाचारमुक्त र सम्पदा संरक्षित तथा पर्यटकीय गन्तव्यस्थलको रूपमा विकास गर्ने हाम्रा अग्रजहरूले देख्नुभएको सपनालाई साकार पार्न भक्तपुर नगरपालिका कटिबद्ध भएर लागिरहेको छ । भक्तपुरवासीहरूको लामो र निरन्तरको प्रयासपछि अहिले भक्तपुर सबैको आकर्षणको केन्द्र बन्दैछ ।

नेपालको संविधान र प्रचलित कानुनको अधीनमा रही शिक्षा, स्वास्थ्य उपचार, सरसफाइ, सम्पदा संरक्षण, विकास निर्माणका कार्यहरू गर्दै युवाहरूका लागि सीपमूलक तालिमहरू दिएर आत्मनिर्भर बनाउने प्रयास गरिरहेका छौं ।

नेपाल र विभिन्न देशका स्थानीय सरकार प्रमुखहरू, प्रदेश र सङ्घ सरकारका प्रतिनिधिहरूको बराबर हुने भक्तपुर भ्रमणसँगै भक्तपुरका जनताले इमानदारीपूर्वक गर्नुभएका कामहरू विश्वलाई देखाउने अवसर प्राप्त भएको छ । यसले हामी जनप्रतिनिधिहरूलाई जनताको सेवामा समर्पित भएर काम गर्न थप उत्साहित गरेको छ । जनप्रतिनिधि, स्थानीय जनता र राजनैतिक कार्यकर्ताहरूको एकमनको एकतालाई अझ बलियो बनाउनुपर्ने आवश्यकता महसुस गर्दैछौं ।

भदौ २३ र २४ गतेको युवाहरूको प्रदर्शनले देश नराम्ररी प्रभावित भयो । त्यो क्रममा भक्तपुर पनि अछुतो रहेन । भक्तपुरको जिल्ला प्रशासन कार्यालय, स्काउट भवनलगायत केही सरकारी कार्यालयहरू जलाइए । नेपाल आउने पर्यटकहरूमा निकै कमी आयो । भक्तपुर नगरपालिकाको आर्थिक स्रोतमध्येको पर्यटन शुल्कमा केही प्रभाव पऱ्यो । विगतका वर्षहरूदेखि नै बाह्य पर्यटकसँगै आन्तरिक पर्यटक वृद्धिका लागि भक्तपुर नगरपालिकाले विभिन्न गतिविधिहरू गर्दै आइरहेको छ ।

भक्तपुर नगरपालिकाले नीति तथा कार्यक्रम र बजेट पारित गरेर त्यसको आधारमा काम गरिरहेको छ । आ.व. २०८२/०८३ मा पारित बजेटको आधारमा साउनदेखि पौष २० गतेसम्म भएका कार्यहरूलाई सङ्क्षिप्तमा यहाँ प्रस्तुत गर्न चाहन्छौं :

## आयतर्फ

यस नगरपालिकाको चालु आ.व. २०८२/०८३ को स्वीकृत बजेटअनुसार आन्तरिक श्रोततर्फ अनुमानित रु. ६४ करोड ७१ लाख १० हजार प्रक्षेपण गरिएकोमा २०८२ पौष २० गतेसम्म २६ करोड ११ लाख ९५ हजार रुपैयाँ सङ्कलन भएको छ भने बाह्य श्रोततर्फ १ अर्ब ५० करोड १३ लाख रुपैयाँ अनुमान गरिएकोमा ५८ करोड १७ लाख ७१ हजार सङ्कलन भएको छ । २०८२ पौष २० गतेसम्म नगद मौज्दातसमेत रु. १ अर्ब १६ करोड ७६ लाख ६६ हजार आय भएको हुँदा त्यो कुल अनुमानित आय रु. २ अर्ब ४७ करोड ३१ लाख ११ हजारको ४७ प्रतिशत प्रगति भएको देखिन्छ ।

## व्ययतर्फ

यस नगरपालिकाको स्वीकृत बजेटअनुसार आ.व. २०८२/०८३ मा चालु खर्च शीर्षकमा रु. १ अर्ब ५२ करोड ५३ लाख ११ हजार र पूँजीगत खर्च शीर्षकमा रु. ८० करोड ४८ लाख तथा वित्तीय व्यवस्थातर्फ रु. १४ करोड ३० लाख गरी कुल रु. २ अर्ब ४७ करोड ३१ लाख ११ हजार विनियोजन भएकोमा आ.व. २०८२/०८३ को पौष २० गतेसम्म चालुतर्फ रु. ५५ करोड २ लाख ४९ हजार खर्च भई विनियोजित रकमको ३६.०७ प्रतिशत खर्च भएको छ । त्यसैगरी पूँजीगत खर्च शीर्षकतर्फ रु. ११ करोड ७७ लाख ४२ हजार खर्च भई विनियोजित रकमको १४.६३ प्रतिशतमात्र खर्च भएको छ र वित्तीय व्यवस्थातर्फ रु. १ करोड खर्च भई विनियोजित रकमको ६.९९ प्रतिशत खर्च भई कुल रु. ६७ करोड ७९ लाख ९२ हजार खर्च भई विनियोजित रकमको २७.४१ प्रतिशतमात्र खर्च भएको देखिन्छ ।

## क) शिक्षा

- भक्तपुर नगरपालिकाले २ वटा इन्जिनियरिङ कलेजसहित ७ वटा शैक्षिक संस्थाहरू सञ्चालन गरी देशभरिकै विद्यार्थीहरूलाई कम शुल्कमा गुणस्तरीय उच्च शिक्षा प्रदान गर्दै आएको छ । नगरपालिकाद्वारा सञ्चालित कलेजहरूले समय–समयमा विभिन्न विषयमा राष्ट्रिय र अन्तराष्ट्रिय सम्मेलनहरूको आयोजन गर्दै आएको छ । हालै त्रिभुवन विश्वविद्यालय भौतिकशास्त्र केन्द्रीय विभाग, ख्वप कलेज अफ इन्जिनियरिङ र काठमाडौँ विश्वविद्यालय भौतिकशास्त्र विभागको संयुक्त आयोजनामा पुस ५ र ६ गते 'खाद्य सामग्री, स्वास्थ्य र कृषि क्षेत्रमा प्लाज्माको प्रयोग' विषयमा अन्तर्राष्ट्रिय कार्यशाला गोष्ठी सफलतापूर्वक सम्पन्न भएको छ । ख्वप इ. कलेज र ख्वप कलेज अफ इन्जिनियरिङको संयुक्त आयोजनामा २०८२ माघ ५ गतेदेखि ७ गतेसम्म 4th International Conference on Earthquake Engineering and Post Disaster Reconstruction Planning विषयक अन्तर्राष्ट्रिय सम्मेलन हुँदैछ । त्यसैगरी आगामी फागुनको १ गते 'कम्प्युटर, इलेक्ट्रोनिक्स र इलेक्ट्रिकल इन्जिनियरिङ' विषयको राष्ट्रिय सम्मेलन गर्ने तयारी भइरहेको छ । हाम्रा इन्जिनियरिङ कलेजहरूले नियमित रूपमा प्रत्येक वर्ष सम्पदा संरक्षण र आर्किटेक्चर विषयको राष्ट्रिय सम्मेलन पनि आयोजना गर्दै आएका छन् । साथै २०८३ जेठ ८ र ९ गते ख्वप कलेजको आयोजनामा चौथो राष्ट्रिय सम्मेलन गर्ने तयारी भइरहेको छ ।
- नगरपालिकाद्वारा सञ्चालित कलेजहरूले गुणस्तरीय शिक्षालाई पनि उत्तिकै जोड दिइरहेको छ । ख्वप कलेज अफ इन्जिनियरिङको सिभिल इन्जिनियरिङ शैक्षिक कार्यक्रम २०७६ समूहका विद्यार्थी ई. गौरव भूषाल वि.सं. २०८० सालको सिभिल इन्जिनियरिङ विषयको स्नातक (बि.इ. सिभिल) मा सर्वप्रथम भई त्रिभुवन विश्वविद्यालयको ५१ औँ दीक्षान्त समारोहमा शिवराज पन्त स्मृति पुरस्कारबाट पुरस्कृत भएका छन् भने ख्वप बहुप्राविधिक अध्ययन संस्थानमा शैक्षिक वर्ष २०७९/०८० मा भर्ना भएका १९ औँ समूहका विद्यार्थीहरूको अन्तिम परीक्षाको नतिजामा जम्मा ३९ जना विद्यार्थीहरूमा ३७ जना विद्यार्थीहरू विशिष्ट श्रेणीमा र २ जना विद्यार्थी प्रथम श्रेणीमा उत्तीर्ण भई गुणस्तरीय शिक्षाको उदाहरण प्रस्तुत गरेको छ । विद्यालय शिक्षालाई गुणस्तरीय बनाउन नगर शिक्षा समितिअन्तर्गत नगर परीक्षा समिति गठन गरी कक्षा ५, ८ र १० को परीक्षा सञ्चालन गर्दै आएका छौँ । गत २०८१ सालको एसईई परीक्षामा भक्तपुर नगरपालिकाभित्रका ६० वटा विद्यालयहरूबाट २ हजार ४१० जना परीक्षामा सहभागीहरूमध्ये २ हजार १६६ जना उत्तीर्ण भएका थिए । यो परीक्षामा सहभागी परीक्षार्थीहरूमध्ये ८९.८८ प्रतिशत हो ।
- भक्तपुर नगरपालिकाद्वारा सञ्चालित शैक्षिक संस्थाहरूमा गरिब तथा जेहेनदार विद्यार्थीहरूका लागि वर्षको



४ करोडभन्दा बढी छात्रवृत्तिको व्यवस्था हुँदै आएको छ। आर्थिक रूपले कमजोर विद्यार्थीहरूलाई उच्च शिक्षा प्रदान गर्न सहुलियत व्याजदरमा शैक्षिक ऋणको व्यवस्था छ। आर्थिक वर्ष ०८२/०८३ मा ९९ जना विद्यार्थीहरूको लागि प्रति विद्यार्थी रु. ५ लाखसम्म शैक्षिक ऋण स्वीकृत गरी चालू आ.व.मा ५० जनालाई रु. १ करोड ७२ लाख २७ हजार रुपैयाँ ऋण प्रदान गरिसकेको छ। राजनीतिशास्त्र, नेपालभाषा, संस्कृति, अर्थशास्त्र र दर्शनशास्त्र अध्ययन गर्ने नगर क्षेत्रभित्रका विद्यार्थीहरूका लागि पूर्ण छात्रवृत्ति प्रदान गर्ने नीतिअनुसार यस अवधिमा ६ जना विद्यार्थीहरूलाई स्नातक/स्नातकोत्तर/एफ.फिल/विद्यावारिधी तहसम्मको लागि छात्रवृति प्रदान गरेका छौं। हालसम्म यसरी नगरपालिकाले तोकेका विषयहरू छात्रवृत्तिमा उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीहरूको सङ्ख्या २५० भन्दा बढी छन्।

- वडा वडामा शिशुस्याहार केन्द्र सञ्चालन गर्ने योजनाअनुरूप यो वर्ष भनपा १० कमलविनायकमा शिशु स्याहार केन्द्र सञ्चालनको तयारी भइरहेको छ। यसरी शिशुस्याहार केन्द्रदेखि स्नातकोत्तर कक्षासम्मको शिक्षा दिने भक्तपुर नगरपालिका नेपालको एकमात्र नगरपालिका हो। नेपाल सरकारले ख्वप विश्वविद्यालय विधेयक पारित गरिदिएको खण्डमा विश्वविद्यालयसमेत चलाउने भक्तपुर नगरपालिका देशको पहिलो नगरपालिका हुनेछ।

## ख) स्वास्थ्य

- भक्तपुर नगरपालिकाले घरदैलो नर्सिङ सेवा, वडा-वडामा स्वास्थ्य केन्द्रको सञ्चालनदेखि १०० शय्याको ख्वप अस्पताल सञ्चालन गर्दै आएको छ। ख्वप अस्पतालको स्वास्थ्य सेवा र सुविधाको गुणस्तर वृद्धिको लागि आधुनिक स्वास्थ्य उपकरणहरू थप्ने क्रम जारी छ। ख्वप अस्पतालमार्फत वर्षको ३६५ दिन ११ घण्टा ओपिडी सेवा प्रदान गर्दै जनताको स्वास्थ्य उपचारमा सहज पहुँच पुऱ्याउन प्रयत्नशील छौं। चालू वर्षको ५ महिनाको अवधिमा अस्पतालले १ लाख ३३ हजारभन्दा बढी बिरामीलाई सेवा प्रदान गरिसकेको छ। गत आ.व.२०८१/०८२ मा ७० भन्दा बढी जिल्लाका २ लाख ८९ हजारभन्दा बढी बिरामीहरूको सेवा गरेको थियो। अस्पतालले गुणस्तरीय उपचार सेवा प्रदान गर्दै आएकोमा आगामी माघ महिनाबाट सीटी स्क्यान सेवा सञ्चालनमा ल्याउने तथा थप एउटा अत्याधुनिक ल्याप्रोस्कोपिक मेसिनबाट सर्जरी सेवालाई अझ विस्तार गर्ने तयारी भइरहेको छ। अस्पतालले सेवाग्राहीहरूको सहजताको लागि क्यु.आर. प्रविधिमा आधारित ल्याब रिपोर्ट वितरण प्रणालीको सुरुवात गरेको छ।
- चालु आ.व.मा नगरपालिकाको व्यवस्थापनमा सञ्चालित आर्युवेद उपचार केन्द्रबाट २ हजार २५८ जनालाई र घरदैलो नर्सिङ सेवाबाट २४ हजार ११७ जनालाई स्वास्थ्य उपचार सेवा प्रदान गरिएको छ। यस अवधिमा ख्वप तिलगंगा आँखा अस्पतालबाट ११ हजार ४९१ जनालाई आँखाको उपचार तथा ३३८ जनाको आँखाको शल्यक्रिया सेवा गरिसकेको छ। त्यसैगरी श्वासप्रश्वास पुनःस्थापना केन्द्रबाट १ हजार ८८० जनालाई स्वास्थ्य उपचार सेवा प्रदान गरेको अभिलेख छ।
- नगरपालिकाले नगरवासीहरूको स्वास्थ्यलाई ध्यानमा राखेर नियमित रूपमा स्वास्थ्य शिविरहरू सञ्चालन गर्दै आइरहेको छ। हाल वडावडामा भी.आई.ए. टेस्टमार्फत महिलाहरूको पाठेघरको मुखको क्यान्सर परीक्षण तथा स्तन क्यान्सर, हाडजोर्नी तथा नसा रोगसम्बन्धी निःशुल्क स्वास्थ्य शिविरहरू सञ्चालन भइरहेका छन्।
- नगरपालिका क्षेत्रका नगरवासीहरूलाई निःशुल्क रगत र निःशुल्क अक्सिजन वितरण व्यवस्थालाई निरन्तरता दिँदै आएकोमा चालु आ.व.मा ६५५ जनालाई रु. १२ लाख १० हजार रकम बराबरको निःशुल्क रगत र ७ हजार १३७ वटा ठूलो र सानो अक्सिजन सिलिण्डर निःशुल्क उपलब्ध गराइएको छ। कडा रोग लागेका ९६ जना नगरवासी बिरामीहरूलाई आर्थिक सहयोगवापत यस अवधिमा रु. १४ लाख ४० हजार रुपैयाँ प्रदान गरिएको छ।
- मिति २०८२ पुस ८ देखि ११ गतेसम्म भक्तपुर नगरक्षेत्रका सामुदायिक र संस्थागत विद्यालयहरूका शिशु कक्षादेखि १० कक्षासम्मका विद्यार्थीहरूको मुटुरोग परीक्षण सम्पन्न गरियो। उक्त शिविरमा ३० हजार ६८३ जना विद्यार्थीहरूको मुटुको परीक्षण गरेकोमा १४२ जनामा जन्मजात मुटुको समस्या पहिचान भएको छ। ती विद्यार्थीहरूको निःशुल्क उपचार भइरहेको छ। छोटो अवधिमा यति धेरैको सङ्ख्यामा स्वास्थ्य परीक्षण गरेको यो पहिलो पटक हो।

## ग) संस्कृति तथा सम्पदा संरक्षण

- यस आ.व. मा भक्तपुर नगरपालिका वडा नं. ८ स्थित हामा द्यः मन्दिर र भक्तपुर नगरपालिका वडा नं. ९ स्थित ऐतिहासिक सँला गणेश मन्दिर पछाडिको पाटी पुनःनिर्माण सम्पन्न भयो। भ.न.पा. वडा नं. २ स्थित इन्द्रायणी द्यः छेँ पुनःनिर्माण, भ.न.पा. ४ स्थित हाडा छेँ पुनःनिर्माण र इखालाछी मठ पुनःनिर्माण कार्य पनि अन्तिम चरणमा पुगेको छ। भ.न.पा. वडा नं. ३ दरबार क्षेत्रमा अवस्थित थंथु दरबार पुनःनिर्माण आयोजनाअन्तर्गत उक्त दरबारको पहिलो तलाको कार्य सम्पन्न भई दोश्रो तला निर्माण भइरहेको छ।

## घ) कृषि

- चालू आ.व.मा भक्तपुर नगरपालिकाका २५ जना कृषक परिवारलाई ५० प्रतिशत अनुदानमा प्रतिपरिवार

तीस हजार बराबरको कृषि सामग्रीहरू वितरण गरियो। कृषकहरूलाई नेपाल सरकारबाट अनुदान प्राप्त रासायनिक मल समानुपातिक वितरणको व्यवस्था मिलाइएको छ। नगरपालिकाबाट उत्पादित प्राङ्गारिक मल र कृषि चुन सहुलियत दरमा स्थानीय कृषकहरूलाई उपलब्ध गराउँदै आएका छौं। साथै कृषि मल र जैविक विषादीबारे अभिमुखीकरण कार्यक्रम पनि यस अवधिमा सम्पन्न भएको छ।

- सामुदायिक कुकुर तथा बिरालो वन्ध्याकरणको प्रक्रिया अगाडि बढाइएको छ।

## ङ) पर्यटन

- भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीको नेतृत्वमा आठ सदस्यीय प्रतिनिधिमण्डलले मिति २०८२ असोज ३ गतेदेखि असोज ८ गतेसम्म भगिनी सहर जनवादी गणतन्त्र चीनको सिचाङ स्वशासित क्षेत्रअन्तर्गतको सान–नान नगरपालिकाको भ्रमण गरी मिति २०८२ असोज ४ गते भगिनी सम्बन्ध नवीकरण सम्झौता सम्पन्न गऱ्यो। त्यसैगरी २०८२ असार १० गते (जुन २४, २०२५) ल्हासा सहरमा सम्पन्न चीनको सिचाङ स्वशासित क्षेत्र (तिब्बत) र नेपालबिच भगिनी सम्बन्ध स्थापना भएका १९ वटा नगरपालिकाहरूको बैठकमा वडा नं. ९ का वडाध्यक्ष रविन्द्र ज्याख्व र प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराईको टोली सहभागी भएको थियो। विदेशी सहरसँग भगिनी सम्बन्धका लागि सिचाङ जनमैत्री सङ्घ र तिब्बतस्थित नेपाली महावाणिज्यदूतावासको संयुक्त आयोजनामा Share.Build.Create Together भन्ने मूल नारासहित उक्त बैठक आयोजना गरिएको थियो।
- आन्तरिक र बाह्य पर्यटन प्रवर्द्धनको उद्देश्यले *'भक्तपुरका पोखरी चिनौं, सम्पदा संरक्षणमा अघि बढौं'* भन्ने नाराका साथ भक्तपुर नगरका दक्षिणी भेगका पाखेरीहरूको अवलोकन गरी 'सांस्कृतिक सम्पदा पदयात्रा' आयोजना गरियो। त्यस्तै नेवार समुदायको महत्त्वपूर्ण सांस्कृतिक पर्व योमारी पूर्णिमाको अवसरमा योमारी प्रतियोगिता सञ्चालन गरी खाद्य महोत्सव तथा सांस्कृतिक कार्यक्रम सम्पन्न गरियो।
- आ.व २०८२/०८३ मा गैरसार्क पर्यटकहरू ६१ हजार ८५८ जना र सार्क तथा चिनियाँ पर्यटकहरू ४१ हजार २०७ जना गरी कुल १ लाख ३ हजार ६५ जनाले भक्तपुर भ्रमण गरेको पर्यटन सेवा तथा सूचना केन्द्रको अभिलेख छ। गत आ.व. २०८१/०८२ को सोही अवधिमा गैरसार्क पर्यटक ६७ हजार ५२९ जना र सार्क पर्यटक ५० हजार ६८१ जना गरी जम्मा १ लाख १८ हजार २१० जना पर्यटकले भक्तपुर भ्रमण गरेका थिए। भाद्र २३ र २४ गतेको युवाहरूको आन्दोलनबाट पर्यटन क्षेत्र नराम्ररी प्रभावित भयो। देशको राजनीतिक स्थिति र अन्तर्राष्ट्रिय परिस्थितिका कारण यस



अवधिमा गत वर्षको तुलनामा भक्तपुर भ्रमण गर्ने पर्यटकहरूमा १५ हजार १४५ जना विदेशी पर्यटकहरू कमी देखिएको छ।

## च) वातावरण तथा सरसफाइ

- भक्तपुर नगरक्षेत्रभित्र उत्पादन हुने फोहोरलाई घरघरबाटै कुहिने र नकुहिने छुट्याई नियमित सङ्कलन गर्दै कुहिने फोहोरबाट प्राङ्गारिक मल उत्पादन गरिरहेका छौं भने नकुहिने फोहोरमध्येबाट पुनः प्रयोग गर्न मिल्ने सामग्री छुट्याई बाँकी फोहोर अन्तिम बिसर्जनको व्यवस्था मिलाउँदै आएका छौं।
- नगरपालिकाका जनप्रतिनिधिहरू, कर्मचारीहरू तथा स्थानीय जनताहरूको सहभागितामा नगरका खुल्ला क्षेत्र, नदी किनार, पोखरी, मन्दिर परिसर तथा सार्वजनिक क्षेत्रहरूमा हरेक महिनाको १ गते र १५ गते नियमित सरसरफाइ कार्य भइरहेको छ।
- नगरपालिकाभित्रका आवास क्षेत्रका सडक पेटी, खोला किनार तथा सार्वजनिक स्थलहरूमा वृक्षारोपण गरी हरियाली व्यवस्थापन गर्ने कार्य भइरहेको छ।

## छ) खेलकुद

- नगरपालिकाको आयोजनामा मिति २०८२ मङ्सिर २५ गतेदेखि पुस १ गतेसम्म भक्तपुर नगरव्यापी विद्यालयस्तरीय विविध खेलकुद प्रतियोगिता (भलिबल, फुटबल, कबड्डी, करांते, एथ्लेटिक्स, उसु, टेबलटेनिस, खोखो, पोर्टबल, ब्याडमिन्टन, तेक्वाण्डो, बुद्धिचाल, जिम्नाष्टिक, कसिमला पाँय र बाघचाल) भएकोमा ८४ वटा विद्यालयहरूका ३ हजार ४ सय ५६ जना खेलाडीहरू सहभागी भएका थिए। वडा वडामा छिकोङ शारीरिक व्यायाम प्रशिक्षणलाई निरन्तरता दिँदै अन्तर्राष्ट्रिय युवा दिवसको अवसरमा भ.न.पा. १ स्थित भाजु पोखरी परिसरमा बृहत छिकोङ शारीरिक व्यायाम प्रदर्शनी गरियो।
- भक्तपुर नगर क्षेत्रभित्रका सम्पूर्ण संस्थागत र सामुदायिक विद्यालयका छात्राहरूलाई लक्षित गरी आत्मरक्षा तालिम र विद्यालय भलिबल प्रशिक्षक प्रशिक्षण तालिम पनि यस अवधिमा सम्पन्न भयो।

## ज) युवा तथा रोजगार

• लघु उद्यमीहरूको व्यवसाय प्रवर्द्धनको लागि उपयुक्त प्रविधि हस्तान्तरण, युवाहरूलक्षित ४ महिने चिनियाँ र जापानी भाषा तालिम प्रशिक्षण तथा सिलाइ, हेयर कटिङ, पाक शिक्षा, कम्प्युटर, छाला जुत्ता बनाउने लगायतका सीपमुलक तालिमहरू यस अवधिमा प्रदान गरियो। यसबाट सयौँ युवाहरू लाभान्वित भएका छन्। तालिम प्राप्त युवाहरूलाई स्वरोजगार बनाउन सहुलियत दरमा युवा उद्यमशील ऋण प्रदान गर्दै आएका छौँ।

## झ) विकास निर्माण

• भक्तपुर नपा वडा नं. ६ अँचा पुखूमा आदर निकेतन भवन निर्माण सम्पन्न भई सञ्चालनको क्रममा रहेको छ। भक्तपुर नपा वडा नं. ६ देकोचास्थित अरनिको सभाभवन निर्माण आयोजनाअर्न्तगत पहिलो तलाको फ्रेम स्ट्रक्चरको ब्लक A र B को कार्य सम्पन्न भएको र ब्लक C को निर्माण कार्य चालु छ।

• भनपा वडा नं. ८ लिवालीस्थित शित भण्डार गृह निर्माण कार्य रु. ३ करोड ५९ लाख ६५ हजारमा सम्पन्न भइसकेको र सञ्चालनको लागि आवश्यक अन्य मेशिन उपकरणलगायतका सामग्रीहरू खरिद प्रक्रियामा रहेको छ। नगरका विभिन्न स्थानहरू देकोचा, कमलविनायक, काँलाचालगायतका क्षेत्रमा बाटो पिच गर्ने कार्य सम्पन्न भएका छन्। भ.न.पा. ४ राममन्दिरस्थित तारा मा.वि. भवन निर्माण कार्य टेण्डर आहवान गरी ठेक्का सम्झौता भई कार्य अगाडि बढिरहेको छ। भ.न.पा. वडा नं. ७ खँचास्थित स्वास्थ्य केन्द्र भवन निर्माण कार्य अन्तिम चरणमा पुगेको छ भने भ.न.पा. १० बेखालस्थित जनस्वास्थ्य केन्द्र भवन सञ्चालनमा आइसकेको छ। त्यसैगरी भनपा वडा नं. १ दूधपाटीस्थित बहुउद्देश्यीय भवन निर्माण प्रक्रिया अगाडि बढिरहेको छ भने सोही वडाको इसानेश्वर मन्दिर निर्माण कार्य र सल्लाघारी इटापाके सडक स्तरोन्नतिको काम अन्तिम चरणमा पुगेको छ।

## ञ) विविध

• विभिन्न स्थानीय तह अध्ययन भ्रमणको क्रममा २०८२ कार्तिक १७ गते सिन्धुलीको कमलामाई नगरपालिकाका उपप्रमुख मञ्जु देवकोटा, कार्तिक १८ गते धनुषाको नगराइन नगरपालिकाका प्रमुख विनयकुमार यादव र जनकपुर उपमहानगरपालिकाका प्रमुख मनोज कुमार साह, कार्तिक १९ गते जलेश्वर नगरपालिकाका प्रमुख सुरेश साह सोनार, वर्दिवास नगरपालिकाका प्रमुख प्रल्हाद कुमार क्षेत्री र कार्तिक २३ गते सिरहाको लाहान नगरपालिकाका प्रमुख महेशप्रसाद चौधरीसँग भेटघाट गरी अनुभव आदानप्रदान भयो। सोही क्रममा वाग्मती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँसँग भेटघाट भयो।

• झापाको दमक नगरपालिकाका नगर प्रमुख रामकुमार थापा नेतृत्वको जनप्रतिनिधि र कर्मचारीहरूको टोलीले भक्तपुर अध्ययन भ्रमण गऱ्यो। यस अवधिमा इलामको सूर्योदय नगरपालिकाका उपप्रमुख दुर्गाप्रसाद बराल र मोरङको रंगेली नगरपालिकाका जनप्रतिनिधिसहितको टोलीले पनि भक्तपुर भ्रमण गऱ्यो।

• नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानले नेपाल सरकारको निजामती सेवामा प्रवेश गरेका नवप्रवेशी शाखा अधिकृतहरूको ६ महिना अवधिको 'आधारभूत प्रशासन प्रशिक्षण' का प्रशिक्षार्थी अधिकृतहरूको १२० जनाको टोलीले भक्तपुर नगरपालिकाका पुरातात्त्विक एवम् सांस्कृतिक सम्पदाहरूको अवलोकन भ्रमण गऱ्यो।

• यस अवधिमा जनवादी गणतन्त्र चीनको East China University of Technology छिङ्हाइ मिन्चु युनिभर्सिटीका प्रतिनिधि मण्डल र जापान ईन्टरनेशनल मेडिकल टेक्नोलोजी फाउण्डेशन (जिमटेफ) का चिकित्सक टोलीले भक्तपुर भ्रमण गर्नुका साथै भेटघाट भयो।

• भनपा वडा नं. २ र ६ मा सञ्चालित देको मिवा इटापाके आवास योजना सञ्चालनमा देखिएका केही समस्याहरूबारे सम्बन्धित जग्गा धनी र मोहीहरूसँग आवश्यक छलफल गरी समाधानको प्रयास भइरहेको छ।

• भक्तपुर नगरपालिकाको बजार अनुगमन टोलीले समय समयमा बजार अनुगमन गरी बजार व्यवस्था गरिरहेको छ।

• भक्तपुर नगरपालिकाको आयोजनामा १५ दिने जेष्ठ नागरिक हेरचाह तालिम र टेलिभिजनसम्बन्धी १५ दिने तालिम सम्पन्न भयो।

• कार्तिक १५ गतेदेखि भक्तपुर नगरपालिका वडा नं. ४ बोलाछेँदेखि राममन्दिर पुल पारीसम्म र भ.न.पा. वडा नं. ३ बाराही पुलदेखि वंशगोपालसम्म चारपाङ्ग्रे सवारी साधन निश्चित समय तोकी एकतर्फी सञ्चालनको व्यवस्था गरेका छौँ।

अन्त्यमा, भक्तपुर नगरपालिकालाई सफा, सुन्दर र आकर्षक नगर बनाउन निरन्तर सहयोग गरिरहनुभएका तमाम जनताप्रति भक्तपुर नगरपालिकाको तर्फबाट पुनः धन्यवाद व्यक्त गर्दछौँ।

*(भक्तपुर नपाको १९ औँ नगरसभा समुद्घाटन समारोह २०८२ पुस २४ गते प्रमुख सुनिल प्रजापतिबाट व्यक्त मन्तव्य)*

## नगरसभाको पहिलो बैठक




भक्तपुर नगरपालिकाका प्रमुख एवम् उन्नाइसौँ नगरसभाका अध्यक्ष सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नपाको उन्नाइसौँ नगरसभाको पहिलो बैठक पुस २४ गते बस्यो ।

बैठकले नगरसभाको उद्घाटन सफलतापूर्वक सम्पन्न भएकोमा धन्यवादज्ञापन प्रस्ताव सर्वसम्मतिले पारित गऱ्यो ।



बैठकमा सभाध्यक्ष **प्रजापति**ले विभिन्न देशबाट सञ्चालित आइएनजीओ र एनजीओको पैसाले राजनीतिक परिवर्तन ल्याउन सक्नेतर्फ सचेत हुनुपर्छ भन्नुभयो ।

संरा अमेरिकाले भेनेजुयलामाथि गरेको आक्रमणजस्तै नेपालमा पनि कुनै विदेशी शक्तिले आक्रमण गर्न सक्नेतर्फ सचेत हुनुपर्ने उहाँले बताउनुभयो ।

बैठकमा उहाँले नगरसभाको अर्को बैठक २०८२ पुस २५ गते बिहान ९ बजे बस्ने जानकारी गराउनुभयो ।

**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
भनपा २, ब्याँसी, भक्तपुर

**सहुलियत दरमा कम्पोस्ट मल बिक्रीसम्बन्धी सूचना**

उपरोक्त विषयमा भक्तपुर नगरपालिकाबाट उत्पादित कम्पोस्ट मल २० किलोको प्रतिबोरा रु.३५०/- मा सर्वसाधारणको लागि बिक्री भइरहेकोमा कृषकहरूलाई मध्यनजर गरी सहुलियत दरमा २० किलोको प्रतिबोरा रु.२००/- मा उपलब्ध गराउने भनी निर्णय भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## नगरसभाको दोस्रो बैठक

### राष्ट्रपति मादुरो दम्पत्तिमाथि लगाइएको झूटा मुद्दा फिर्ता लिन र उहाँहरूलाई सकुशल रिहा गरी अन्तर्राष्ट्रिय कानूनको पालना गर्न प्रस्ताव पारित





भक्तपुर नगरपालिकाका प्रमुख एवम् उन्नाइसौँ नगरसभाका सभाअध्यक्ष सुनिल प्रजापतिको अध्यक्षतामा पुस २५ गते नगरसभाको दोस्रो बैठक बस्यो ।

नगरसभाको बैठकले राष्ट्रपति मादुरो दम्पतिमाथि लगाइएको झूटा मुद्दा फिर्ता लिन र उहाँहरूलाई सकुशल रिहा गरी अन्तर्राष्ट्रिय कानूनको पालना गर्न प्रस्ताव पारित गऱ्यो ।



राष्ट्रपति मादुरो दम्पति

प्रस्तावमा भनिएको छ, 'गत जनवरी ३, २०२६ को राती अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको प्रत्यक्ष निर्देशनमा विशेष सैनिक दस्ता डेल्टाफोर्सले करिब १५० लडाकु हेलिकप्टर र अन्य युद्धक विमानहरूको प्रयोग गरी स्वतन्त्र र सार्वभौम देश भेनेजुयलामाथि आक्रमण गरी राष्ट्रपति निकोलस मादुरो तथा उनका पत्नी सिलिया अडेला फ्लोरेसलाई अपहरण गरी आफ्नो देशको अदालती कारबाही अगाडि बढाउनु अन्तर्राष्ट्रिय कानून र संयुक्त राष्ट्र सङ्घको बडापत्रको उलङ्घन भएको ठहर गर्दै विश्वका न्यायप्रेमी जनताहरू अमेरिकी साम्राज्यवादको विरोधमा प्रदर्शन गरिरहेका छन्।

आफ्ना छिमेकी देशहरूमाथि प्रभुत्व जमाएर साना देशहरूको स्रोत साधन लुट्न सत्ता परिवर्तनका घृणित कार्यहरू गर्ने मुनरो नीतिलाई पुनः लागू गर्ने विभेदकारी ट्रम्प सरकारको भर्त्सना गर्दै नियन्त्रणमा राखिएका राष्ट्रपति मादुरो दम्पतिमाथि लगाइएको भूटा मुद्दा फिर्ता लिन र उहाँहरूलाई सकुशल रिहा गरी अन्तर्राष्ट्रिय कानूनको पालना गर्न समेत यो नगरसभा जोड्दार माग गर्दछ।'



सभाको विशेष समयमा सभासद् **मन्जुमैया लाखा**ले राष्ट्रमा विदेशी चलखेल बढ्नु राम्रो सङ्केत होइन भन्नुहुँदै ट्रम्प प्रशासनले सार्वभौम र स्वतन्त्र देश भेनेजुयलामाथि गरेको सैन्य आक्रमण र राष्ट्रपति मादुरोको अपहरणको विरोधमा संसारका न्यायप्रेमी जनताले विरोध र सङ्घर्ष गर्नु जायज भएको बताउनुभयो।



सभासद् **कृष्ण–नारायण दुमरु**ले हिन्द प्रशान्त क्षेत्र कब्जा गर्न अमेरिकाले नेपाललाई स्प्रिङ बोर्ड बनाउन खोजेको बताउनुहुँदै सार्वभौम र स्वतन्त्र देश भेनेजुयलाको पक्षमा शान्तिको कामना गर्दै अपहरणमा परेका राष्ट्रपति निकोलस मादुरो र उहाँकी श्रीमतीको तत्काल रिहाईको माग गर्नुभयो।

सभासद् **हेरा ख्याजु**ले भक्तपुरका बजार क्षेत्र व्यवस्थित र सफा सुन्दर तथा ग्राहक मैत्री बनाउनु आवश्यक



भएको बताउनुहुँदै कृषि उत्पादन बढाउन जैविक विषादी उत्पादनको लागि कृषकहरूलाई तालिमको व्यवस्था गर्नुपर्ने बताउनुभयो।



त्यस्तै सभासद् **कृष्णगोपाल चौगुठी**ले देगमनादेखि ३० मि. तल बाराही जाने बाटोको पूर्व भेगमा अवस्थित पुरानो ढुङ्गेधारा पुरानै शैलीमा जीर्णोद्धार गर्नु आवश्यक रहेको बताउनुहुँदै ताहा फल्चा (दुबेंकेगु) फल्चा जीर्ण अवस्थामा रहेको हुँदा यसको पुनःनिर्माणको लागि पनि ध्यानाकर्षण गराउनुभयो।



सभासद् **कृष्ण–लाल किसी**ले लिबाली आवास क्षेत्रमा रहेका खुला चौरहरूलाई व्यवस्थित गर्नुपर्ने, नयाँ पुस्तालाई खेती किसानको काम सिकाउन एक विद्यालय एक करेसा बारीको अवधारणा ल्याउनुपर्ने र ख्वप अस्पतालका सबै सेवाहरूमा कुपन प्रणाली लागू गर्नुपर्ने धारणा राख्नुभयो।



सभासद् **सूर्यप्रसाद श्रेष्ठ**ले नपाले भुस्याहा कुकुर नियन्त्रण र व्यवस्थापनमा जोड दिनुपर्ने, नगर प्रवेश गर्ने मुख्य सडक र पुलको दायाँ बायाँ फोहोर व्यवस्थापन र फोहोर फाल्न रोक लगाउनुपर्ने तथा फोहोर फाल्नेलाई दण्ड जरिवाना गर्नुपर्ने विचार राख्नुभयो।



सभासद् **हरिरत्न गोर्खाली**ले अमेरिकाले

भेनेजुयलामाथि गरेको आक्रमण पहिलो घटना नभएको बताउनुहुँदै साम्राज्यवादी देश अमेरिकाले संसारका विभिन्न देशमा ६८ पटक भन्दा बढी आक्रमण गरिसकेको तथ्य प्रस्तुत गर्नुभयो ।



सभासद् **इन्द्रबहादुर प्याठले** भेनेजुयलामा अमेरिकाले गरेको सैन्य आक्रमण निन्दनीय भएको बताउनुहुँदै उक्त आक्रमणको विरोध गर्नु न्यायप्रेमी जनताको कर्तव्य हो भन्नुभयो ।



त्यस्तै सभासद् **गोविन्द दुवालले** जनप्रतिनिधिहरूले जनताको मनमा नराम्रो लाग्ने कुनै पनि काम गर्न नहुने बताउनुहुँदै जनताको पक्षमा बोल्न कसैसँग डराउनुहुन्न भन्नुभयो ।

सभामा भक्तपुर नगरपालिका १ का वडाध्यक्ष **श्यामकृष्ण खत्री**, २ का वडाध्यक्ष **हरिप्रसाद बासुकला**, ३ का वडाध्यक्ष **राजकृष्ण गोरा**, ४ का वडाध्यक्ष **उपेन्द्र सुवाल**, ५ का वडाध्यक्ष **योगेन्द्रमान बिजुक्छें**, ७ का वडाध्यक्ष **उकेश कवां**, ८ का वडाध्यक्ष **कृष्णप्रसाद कोजु**, ९ का वडाध्यक्ष **रविन्द्र ज्याख्व** र १० नं. वडाध्यक्ष **लक्ष्मीप्रसाद ह्यौंमिखाले** सम्बन्धित वडा कार्यालयको अर्धवार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभयो ।

सभाध्यक्ष प्रजापतिले नगरसभाको अर्को बैठक पुस २८ गते सोमबार दिनको १ बजे बस्ने जानकारी दिनुभयो ।

## यता-उताबाट

**Same Words but different meaning**




# उन्नाइसौं नगरसभा सम्पन्न




भक्तपुर नगरपालिकाको उन्नाइसौँ नगरसभा पुस २८ गते सम्पन्न भयो ।

नगरसभा सफलतापूर्वक सम्पन्न भएकोमा सभाध्यक्ष प्रजापतिले उद्घाटन कार्यक्रमका प्रमुख अतिथि, अतिथि, राजनैतिक तथा सामाजिक अगुवा, बुद्धिजीवी साथै नगरसभा अवधिभर सहयोग गर्ने जनप्रतिनिधि र कर्मचारीलगायत सबैमा धन्यवाद ज्ञापन गर्नुभयो ।

उहाँले जनप्रतिनिधिहरूलाई जनताको भावनाअनुसार काम गर्न प्रेरित गर्नुहुँदै स्थानीय तहको सेवा प्रवाह प्रभावकारी बनाउन जनप्रतिनिधि र कर्मचारीहरूले आफ्नो पदअनुसार काम गर्न जरुरी छ भन्नुभयो ।

नगर प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा बसेको नगरपालिकाको उन्नाइसौँ नगरसभाको आज बसेको बैठकले कर प्रशासनसम्बन्धी संशोधन प्रस्ताव, कर्मचारी म्याद थप प्रस्ताव र विभिन्न योजनाको रकमान्तरण तथा बजेट स्रोत सुनिश्चितताको लागि बजेट संशोधन प्रस्ताव र सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (O and M) प्रस्ताव सर्वसम्मतिले पारित गऱ्यो ।

सभामा अपाङ्गता भएका व्यक्तिहरूको परिचयपत्र वितरणसम्बन्धी अस्थायी समन्वय समिति, खेलकुद समिति, आर्थिक तथा लेखा समिति, महिला बालबालिका तथा समाज कल्याण समिति, निर्माण समिति, बजार अनुगमन समिति, योजना अनुगमन समिति, वातारण तथा पर्यटन समिति, शिक्षा समिति र न्यायिक समितिको प्रतिवेदन सम्बन्धित समितिका संयोजक तथा सदस्यहरूले प्रस्तुत गरेका थिए ।

सभामा भक्तपुर नपा वडा नं. २ का वडाध्यक्ष हरिप्रसाद बासुकलाले भक्तपुर नगरपालिकाको १९ औँ नगरसभाको प्रतिवेदन सङ्क्षिप्तमा प्रस्तुत गर्नुभयो ।

भक्तपुर नपाको उन्नाइसौँ नगरसभाले राष्ट्रपति मादुरो दम्पतिमाथि लगाइएको झूटा मुद्दा फिर्ता लिन र उहाँहरूलाई सकुशल रिहाको लागि प्रस्ताव पारित गरेको थियो ।

२०८२ पुस २४ गतेबाट सुरु भई पुस २८ गते सम्पन्न भक्तपुर नपाको उन्नाइसौँ नगरसभा ३ दिन चलेको थियो ।

# सुसंस्कृत समाज निर्माणमा विद्यालयको भूमिका

- नारायणमान बिजुक्छेँ (रोहित)



साधारणतया नेपालजस्तो पीडित समाजमा जान्ने-बुझ्ने र समाजको भविष्यबारे चिन्तन गर्ने व्यक्तित्व थोरै हुन्छन् । यहाँ जान्ने-बुझ्ने व्यक्तिको अर्थ आ-आफ्ना पेसामा जानकार वा आफ्नो पेसाप्रति खप्पिसलाई भन्न खोजिएको होइन । संसारका सबै प्राचीन समाजमा सभ्यताको सुरुदेखि नै महादेशका विभिन्न देशहरूमा विभिन्न समय र प्रकारका सभ्यताको उत्थान र सोअनुसारको भौतिक प्रगति र आध्यात्मिक प्रगति हुँदै गयो भन्ने जानकारी राख्ने व्यक्तिहरूलाई भनिएको हो । आध्यात्मिक प्रगतिको अर्थ यहाँ धर्म, कला र संस्कृतिको उन्नतिबारे अल्झाउन खोजिएको होइन बरु वर्तमान युगमा भएका भीमकाय भौतिक प्रगतिमा विनाशका नयाँ-नयाँ वैज्ञानिक र प्राविधिक हतियारहरू तथा धर्मको नाममा एकले अर्को धर्मलाई अस्वीकार गर्ने र आफ्नो विचार तथा धर्मलाई फरक समाजमाथि लाद्न खोजेका समाज र सरकारको आलोचनात्मक दृष्टिकोण भएका व्यक्तिहरूप्रति इङ्गित छ । त्यसमा ठूलो धनराशि खर्च गर्दै हजारौँ र लाखौँ जनधनको क्षति गर्ने गरिन्छ ! महिला र बालबालिकाहरूलाई छानी-छानी हत्या गरी नयाँ पुस्तै आउन नदिई जातजातिलाई नै नष्ट गर्ने सोच र चिन्तनमा कुनै दृष्टिले पनि मानवीय परिवर्तन आइनसकेको एक मानव सभ्यता र संस्कृतिद्वेषी समाज, अमानवीय कार्य र सोचलाई सुसंस्कृत समाजको उपज भन्न गाऱ्हो हुन्छ । बरु, तत्तत् समाजका अनेक भौतिक र चिन्तनको प्रगतिमा देखिएका नकारात्मक पक्षको रूपमा जनतालाई सचेत पार्ने व्यक्तिहरूप्रति समाजको पहुँचको आवश्यकता खोजिएको हो ।

## मानव जातिको विकासमा

मानव सभ्यताको विकासमा भूगोलको पनि ठूलो भूमिका होला । तर, मानिसको मस्तिष्क र मर्मले पनि अचेतन ढङ्गले नै भूमिका खेलेको हुन्छ । संसारमा सबै महादेशका सबै ठाउँमा एकै समयमा सभ्यताको विकास नभएको प्रस्टै छ । त्यसबेलाका मानिसहरूमा तत्तत् ठाउँका हावापानी, भौतिक वस्तु, भूभागको स्थितिले ठूलो निर्णय गरेको पत्ता लाग्छ । आगो पत्ता लागेपछि पशुपन्छी र माछाको आहारले मानिसको मस्तिष्कको विकासमा सहयोग पुगेको देखिन्छ । भर्खर जन्मेको शिशुको कोल्टे फेर्ने क्रिया, वामे सर्ने, टुकुटुकु हिंड्ने र आमासँग खेल्ने आदि सबै क्रियाकलापहरू शरीर विज्ञानले बताउने विषय भएजस्तै वाणको आविष्कार, काठको ढुङ्गा बनाउने शिल्प र कुमालेका माटाका भाँडाकुँडा बनाउने चक्रको आविष्कार संसारका सबै सभ्यतामा देखिने उपलब्धिको समानता के आश्चर्यको विषय होइन ?

मानव सभ्यताका यी विस्मयका कार्यहरू एवम् आज अनेक देशमा भइरहेको उत्खनन कार्यमा प्राप्त वस्तुहरूले मानव सभ्यताको विकास र प्रगतिले झन्झन् धेरै पहिलेतिरको यात्रा र अध्ययन गराउँदै जाने बताउँदै छन् । जसरी पुरातत्त्व विज्ञान अनुमान नभई भौतिक वस्तु र रासायनिक विज्ञानको सहाराले हिजोसम्म अज्ञात समय र विषयको सुरुङभित्र मानव समाजलाई अध्ययनको निम्ति तानिँदै छ ।

यही विषय अन्तरिक्ष र असीम ब्रह्माण्डतिर पनि मानिसलाई अत्यन्त विस्मयकारी प्रगतिहरू बताउँदै जानेछन् भन्ने अनुमान गर्न कठिन छैन । संसारमा आकाश, पाताल र महासागरहरूबारे नयाँ-नयाँ जानकारी र उपलब्धिहरू विध्वंसमा होइन मानव मात्रको सेवामा समर्पित हुने यान्त्रिक र हालैका आईटी उपलब्धिहरूलाई सकारात्मक प्रयोगबाट व्यक्ति र समाजलाई सभ्य र असभ्य (बर्बर) को रूपमा भेदहरू प्रस्तुत गरिनेछ ।

भविष्यसँग सम्बन्धित विषयहरूका चिन्तक र कार्यरत जनशक्ति हाम्रो समाजले जति बढी उत्पादन गर्न सक्यो उति हाम्रो समाज सुसंस्कृत समाज देखिनेछ । स्वास्थ्य क्षेत्रका विशेषज्ञहरू र डाक्टरले रोगीहरूको सेवा र भविष्यमा हुने सम्भावित रोग र त्यसको निदान एवम् उपचारमा आफूहरूलाई समर्पित गर्ने होइन । त्यस क्षेत्रमा आवश्यक अनुसन्धान र चमत्कारहरू पनि देखाइँदै जाने हो । इन्जिनियरहरू

समयअनुसार टिकाउ, हावापानी सुहाउँदो, किफायती निर्माणमा लाग्दै छन् भने नयाँ पुस्ता नयाँ–नयाँ विषय र आविष्कारमा लाग्दै जानेछन् ।

तर, ती नयाँ पुस्तालाई तयार गर्ने पाठशाला आज गुरु पुरोहितहरूको आश्रम र गुरुकुल होइनन् बरु साधारण जनताका विद्यालयहरू हुन् । जसरी राम्रा अक्षर लेख्ने शिक्षकका विद्यार्थीहरू सुलेख हुन्छन्, गीत सिकाउने शिक्षिकाका छात्रछात्राहरू गीत गाउनमा अब्बल देखापर्ने छन् भने अन्य विषयका शिक्षकहरूको उत्पादन पनि आफ्नै 'कार्बोनमा लेखिएका कापी' जस्तै त आउनेछन् दुरुस्त र अझ तिखारिएका !

हाम्रो विद्यालय र शिक्षकहरूको सिकाइको घेरा सरकारको खोटपूर्ण पाठ्यक्रम र परीक्षा प्रणालीमा छ । परीक्षा नै नलिई उत्तीर्णको प्रमाणपत्र दिने नीति पारित गर्ने मन्त्रीलाई किन शिक्षक र शिक्षिकाहरूले समयमै वैचारिक रूपमा जिम्मेवार ठह्ऱ्याएनन् ? त्यति मात्र होइन दुई/चार वर्षपछि मात्रै आउने पाठ्यपुस्तक वा ज्ञानसँग सम्बन्धित विषयमा हरेक शिक्षकले अध्ययन गरेर आजका नयाँ पुस्तालाई जानकारी दिनु अत्यन्त समय सुहाउँदो हुनेबारे दुईमत नहोला । अर्को भाषामा भन्नुपर्दा – पाठ्यपुस्तकमा नभएको भूगोल, इतिहास, अर्थशास्त्र, समाजशास्त्र आदि विषयमा तल्लो कक्षाबाटै जानकारी गराउनुपर्ने हो । प्रचलित ऐन र कानुन थाहा नपाएर धेरै युवाहरू कारागारमा छन् । विभिन्न जातजातिका सबै युवाहरूले 'नेपालीभाषा' राम्रो जानेका र बुझेका हुँदैनन् । यसकारण, हरेक शिक्षकले आफ्नो मातृभाषा र 'सरकारी भाषा' बाहेक नेपालमा जनताले बोल्ने अन्य एउटा भाषा सिक्नैपर्ने बन्दोबस्त के उपयुक्त सल्लाह थिएन ? यसले नयाँ पुस्तामा भाषा र जातजातिबारेको गहन जानकारी हुनेछ र विदेशी भाषा पढ्ने उत्सुकता र उत्साहलाई थप बल प्रदान गर्नेछ ।

संसद्मा नेपालको संविधान नपढेका र नबुझेका सदस्यहरू पनि पुग्छन्, अनि नबुझेको विषयमा छलफलमा नबस्दा सधैँजसो गणपुरक सङ्ख्या पुग्दैन । संसद्मा अनेक तमासा हेरिरहेकै विषय हो । तर, आज हाम्रो देशको मात्र होइन छिमेकी देशहरू, युरोप, उत्तर र दक्षिण अमेरिकी देशहरूका राज्य व्यवस्था, अर्थतन्त्र र परराष्ट्र नीतिबारे जानकारी राख्नु समय सुहाउँदो छ । नत्र, पूर्वपरराष्ट्रमन्त्रीले जनतालाई थाहै नदिई नेपालको तटस्थ परराष्ट्र नीति छोडी इजरायल र युक्रेनको पक्षमा संयुक्त राष्ट्रसङ्घको बैठकमा बोल्ने वा मत दिने आँट गर्ने थिएन । उक्त समाचार सुनेर देशका कैयौँ बुद्धिजीवीहरू स्तब्ध भए । विदेशी विश्वविद्यालयबाट तयार भएका युवाहरूको आलोचनात्मक दृष्टिकोण नराख्नु अपराध होइन बरु त्यस्तालाई पदमा राख्नेहरू नै त्यस अपराधका जिम्मेवार हुन् । यसकारण, नयाँ पुस्ताले अन्तर्राष्ट्रिय मञ्चहरूमा पनि नेपाली जनताको मत राख्ने तथा गलत दृष्टिकोणलाई सविस्तार खण्डन गर्न सक्ने व्यक्ति र पैसामा नबिकी कूटनैतिक व्यक्तिहरू जनताका विद्यालयले उत्पादन गर्नुपर्दैन र !

यस अर्थमा शिक्षकको सिकाइ नै हाम्रो देशको सफलता र असफलताको नापो हो । नेपालको पुरानो पाठ्यक्रम बेलायती उपनिवेशवादीले भारतमा लागू गरेका नयाँ–नयाँ संस्करणहरू थिए र प्रजातन्त्र पुनः स्थापनापछिका पाठ्यपुस्तक र पाठ्यक्रम अमेरिकी साम्राज्यवादी पुस्तकहरूकै एउटा भाग हो । यसकारण, नेपालमै हुर्केका विविध विषय र देशबारे जानकारहरूबाट यो काम हुनसक्छ भन्ने ठम्याइ हामीले लिनु आवश्यक छ ।

हाम्रो नयाँ पुस्ताप्रति पुराना पुस्ता वा बुबाआमा, हजुरबुबा, हजुरआमासँग गरिने व्यवहारदेखि लवाइ–खवाइ नेपालीभाषाको हरेक वाक्यमा समेत अङ्ग्रेजी शब्दमा अभिव्यक्ति गर्दा सरोकारवालाले त्यो वाक्य राम्रोसँग बुझ्यो बुझेन मतलब नै नराख्दा व्यापारीले के कसरी व्यापार गर्ने ? ज्येष्ठ नागरिकले आफ्नै गाउँ र टोलको पसलमा दैनिक आवश्यक वस्तु किन्न जाँदा नयाँ पुस्ताको व्यापारी भाइले विदेशी भाषा मिसिएको उत्तर फर्काउँदा के होला ?

नयाँ पुस्तालाई मात्र होइन विदेशमा बसेर आफू र आफू बसेको देशका व्यापारीको हितलाई प्राथमिकता दिएर काम गर्ने हो भने नेपाल र नेपालीकै अहित हुन जाने निश्चित छ । पश्चिमी उपनिवेशवादीहरूले एसिया, अफ्रिका र ल्याटिन अमेरिकी देशहरूमा आ–आफ्ना ती महादेशकै देशहरूका स्थानीय आफ्ना देशका 'बिचौलिया' वा 'दलाल' वा 'एजेन्ट' हरू प्रयोग गरेर संसारलाई उपनिवेश बनाए । त्यसबेला पूँजीवादको पहिलो चरणमा विकास गरेको देश बेलायत थियो । त्यसकारण, बेलायत पृथ्वीको चारैतिर आफ्नो उपनिवेशका अधिनस्थ देश बनाएको हुनाले भन्ने गर्थे – 'बेलायतको साम्राज्यमा सूर्य कहिले डुब्दैन ।'

तर, दोस्रो विश्वयुद्धपछि पहिलो शक्तिशाली देशको ठाउँ संयुक्त राज्य अमेरिकाले लियो । आश्चर्य छ, उपनिवेशहरूका दलाल वा 'कम्प्रोडर' का छोरा–नातिहरूका आज तेस्रो पुस्ताले आफ्ना बुबा र हजुरबुबाहरूले पश्चिमी साम्राज्यवादीहरूको गोटी बनेकोमा सा–है दुःख मनाउने गर्छन् । यसकारण, ती सबै देशका 'नयाँ पुस्ता' ले साम्राज्यवाद र उपनिवेशवादको विरोधमा आ–आफ्नो देशको इतिहास आफैले नै लेख्नुपर्ने अनुभव गर्दै छन् । ती आक्रामक देशहरू र अरू देशमाथि शासन गर्ने देशहरूलाई तारिफ गरेका होइनन् बरु

उपनिवेशका युवाहरूलाई सेनामा भर्ती गरेर खेती, खानी र अन्य काममा सस्तो ज्यामी बनाएर उल्टै हजारौँ रुपैयाँ दिनुपर्नेमा १०-२० रुपैयाँ मात्र दिएर ठगी राखेका पहिले बेलायतलाई गोर्खा पल्टनमा जाने नेपाली युवालाई छानीछानी लैजाने बेलायती दलालहरूलाई 'गल्लावालहरू' भन्थे । आफ्ना छोराहरूलाई काम दिने भन्दै उनीहरू गल्लावालहरूलाई खुब सम्मान र मर्यादा गर्थे । तर, आज त्यस व्यवहारमा भिन्नता आएको छ । आज विभिन्न देशमा नेपाली युवा र युवतीहरू पठाउने काम 'म्यानपावर कम्पनी' ले गरेको छ । यस्ता कामका प्रत्यक्ष र अप्रत्यक्ष रूपमा विदेशमा बसी काम गर्ने गल्लावालहरू पनि प्रत्यक्ष र अप्रत्यक्षरूपमा प्रयोग हुँदै छन् । यसमा भारतीय र अन्य कम्पनीहरूको पनि साँठगाँठ छ ।

इराकको लडाइँमा अमेरिकी सेनाको सहयोगमा नेपाली युवाहरूलाई निजी सेनामा ट्रक ड्राइभर, भान्छे र अन्य अनेक काममा लगाउन भारतका विभिन्न नाउँ चलेका महँगा होटलहरूमा काम सिकाउँथे र पछि गुप्त रूपमा कुबेतबाट इराकमा राखिएका अमेरिकी सेनाको सेवा गर्थे । त्यस्तै, अमेरिकी केन्द्रीय गुप्तचर विभाग (सीआईए) ले इराकमा राष्ट्रपति सद्दाम हुसेनलाई हत्या गरेर देश कब्जा गरेजस्तै लिबियामा पनि त्यहाँको राष्ट्रपति कर्नेल गद्दाफीलाई हत्या गरेर आफ्ना पिछलग्गुहरूको शासन कायम गऱ्यो । यस्ता उदाहरणहरू धेरै छन् तर पश्चिमी साम्राज्यवादीहरूले केही पुराना उपनिवेशहरूमा आफूहरूले प्रत्यक्ष शासन नगरी आर्थिक र सांस्कृतिक रूपले अर्थात् पूँजी निर्यात गर्दै र आफूले तयार पारेका त्यही देशका दलालहरूमार्फत शासन गर्दै छन् । त्यसलाई नवउपनिवेशवाद र अर्ध-उपनिवेशवाद पनि भन्ने गरिन्छ ।

हाम्रो नयाँ पुस्तालाई शासक दलहरू आफै पुरानै ढङ्गले जनतालाई शासन गरिरहँदा नेपालमा पनि विदेशी हस्तक्षेप हुने पक्का छ । यसकारण, नयाँ पुस्तालाई देशको माया गर्नेबारे, विदेशीको हाहामा नलाग्ने र प्राथमिकता देश र जनतालाई दिने हो आफूलाई होइन भन्नेबारे गम्भीर ढङ्गले बताउनुपर्नेछ ।

पूर्वेली संसारको मानव सभ्यताको विकास हुँदाका वस्तुहरूबाट पनि त्यसबेलाका जनताका जीवनशैली थाहा हुन्छ । त्यही जीवनशैलीको विकास नै आजको कला र संस्कृतिको आधार हो । समय-समयमा अनेक भौगोलिक र प्राकृतिक ठूलठूला दुर्घटना अर्थात् आँधी-बेहरी, जाडो र गर्मी, बाढी-पहिरो, भूकम्प र अनेक रोग व्याधिले पनि ती प्राचीन सभ्यताका मानिसहरू सार्है प्रताडित भए होलान् । ती प्राकृतिक दुर्भाग्यहरूसँग लड्दै भिड्दै, पुनः नयाँ-नयाँ उपायबाट जोगिने र पुरानो स्थितिमा पुगेपछि थप जीवनशैलीमा प्रगति गरे होलान्, एकले अर्को ठाउँमा पीडितलाई सहयोग गर्ने, आपसमा मिलीजुली खाने तथा आ-आफ्ना प्राकृतिक र मानिस निर्मित वस्तुहरूको आदान-प्रदानले मानव समाजको अगाडि ज्ञानको र परस्पर मित्रताको समेत क्षितिज खुल्यो होला; मानव सभ्यताको जीवन सङ्घर्षमात्र नभई मेलका बिन्दुहरू पनि देखे होलान् ।

यसरी मूर्त तथा अमूर्त कला र संस्कृतिजस्तै मानिसको चिन्तन र हार्दिकताको विकास हुँदै गर्दा समाजमा नयाँ-नयाँ आयामको ढोका खुल्दै गयो । दल नायकको सीप र अनुभवलाई नयाँ पुस्ताले सिक्दै गयो र नयाँ-नयाँ पुस्ताको अगाडि निर्माणको थप क्षेत्र खुल्दै गयो । जसलाई दल नायकहरूकै कारण लेनदेन, सामान साटफेर र व्यापारको प्रथम चरण सुरु भयो । नेपाली समाजका विविध जात-जाति र भाषाभाषीहरूमा 'मित लाउने' सामाजिक संस्कृति त्यसमध्ये एक हो । मितलाई स्वागत र बिदाइ, खुसीको बेला सुखको सामूहिक खुसीको अनुहारबाट अभिव्यक्ति र दुःखको आपसमा सहानुभूतिको आँसुले अभिव्यक्ति दिए होलान् । यसरी आदिम मानव समाजमा पनि ज्येष्ठलाई सम्मान, सानोलाई माया गर्ने, अभिवादन, बिदाइ, शुभकामना आदि भावनाका अभिव्यक्तिहरू सभ्यताकै सिलसिला हुनुपर्छ भन्ने अनुमान गर्न गाऱ्हो छैन । त्यसको महत्त्वको गहिराइलाई कक्षाकोठाबाटै सिकाउनु राम्रो हुने प्रस्ट छ ।

मानिसमा हाँस्ने र रुनेजस्तै क्रोध र माया भने पनि मानिसको सृष्टि र विकास सँगसँगै भयो होला । सानो लठीको पनि टाउको र पुच्छर, पैसाको दुई पाटाजस्तै हरेक वस्तुको उल्टो पक्ष भएजस्तै, मानिसको भावनाको अभिव्यक्ति भाषाको व्यवस्थित विकास नभएसम्म जरुरै हाउभाउ र मानिसको अनुहारले दिए होला । एक दुई सय वर्ष पहिलेसम्म 'जङ्गली जाति' वा आदिम साम्यवादी समाजमा पनि स-साना नानीहरू वा शिशुहरूको मृत्युको कारणले प्रकृति र एक काल्पनिक ईश्वरसँग रिसाएर जङ्गलको चारैतिर रुखहरूमा वाण वर्षा गर्थे । तर, ज्येष्ठको मृत्युमा तिनीहरूको अनुहारमा क्रोध होइन दुःखका रेखाहरू देख्थे र टाढाको एकान्त जङ्गलको एक रुखमा झुन्ड्याउँथ्यो र त्यो लाश बिस्तारै कुहिँदै जान्थ्यो ।

मानिस मर्दाको दुःख र बच्चा पाउँदाको सुखबारे त्यसैबेलादेखि मानिसमा दुःख-पीडा र खुसीको भावना देखिए होला - जसको परम्परा फरक-फरक ढङ्गले आजसम्म संसारले मनाउँदै आएको छ ।

हरेक धर्म एक दर्शन वा अनुमान र अनुभव हो ।

इस्लाम धर्म मान्नेहरू बच्चा जन्मँदा 'दुःखको सागरमा किन आयौ तिमी' भनी उनीहरू दुःखी हुन्थे भने मर्दा 'अब तिमी यो दुःखको संसारबाट मुक्त भयौ' भनी खुसी हुन्छन् भन्ने भावना धर्मग्रन्थसम्म पुग्यो होला। हिन्दू धर्म र अन्य धर्ममा पनि मृतकलाई सम्झने र सम्झना स्वरूपको पूजापाठ र गाईजात्रा मनाउनेजस्ता विषयमा पनि 'नयाँ पुस्ता' ले अर्थ खोज्दै जानेछ।

त्यस्तै, सभ्यताको विकासदेखि नै मानिसहरू जम्मा भएर आ–आफ्नो विचारको आदानप्रदान गर्थे होलान्। त्यसबेला 'प्रमुख' व्यक्तिलाई श्रद्धा र सम्बोधनपछि सभालाई उचित आदर प्रकट गर्दै सबैलाई चित्त बुझाएर आ–आफ्नो सफलताको निम्ति दूतको काम गर्ने परम्परा सुरु भयो होला। खेलकुद र नाचगानमा समेत प्रतिस्पर्धा र मित्रताको धागोले फरक–फरक समाजलाई एकै सूत्रमा बाँधे होला। नेवारहरूको पासुकामा हिमालको प्रतीकको रूपमा सेतो, महाभारत र चुरे पहाडसम्मको प्रतीकको रूपमा कालो (हाकुगु) धागो, तराईको हरियो धागो, पूर्व र पश्चिमको प्रतीकको रूपमा रातो रङ्ग बिहानी र साँझको प्रकाशको प्रतीक धागो बन्यो। त्यसको अर्थ उत्तर र दक्षिण, पूर्व र पश्चिमका हामी सबै एक हौँ भनी हातमा र गलामा लाउने चलन चल्यो होला। प्राचीनकालदेखि २१ औँ शताब्दीसम्मका सबै प्रकारका अभिवादन, शुभकामना, बधाईदेखि समवेदनासम्मका सबै रीतिरिवाजलाई कक्षाकोठादेखि नै शिक्षित र दीक्षित गर्दा भोलिको समाज आजभन्दा सुसंस्कृत हुनेमा दुईमत नहोला। हिजोको नेपाली समाजमा चुरोटले स्वागत र सम्मान गर्थ्यो। तर, आज सबैतिर क्यान्सर रोगको कारकको रूपमा चुरोटलाई निषेध गर्दै 'नयाँ राम्रो पुस्ता' सिर्जना हुँदै छ। निराशा होइन, आशाका ठूलो क्षितिज हाम्रो सामु छ।

हरेक देशका विभिन्न जात–जाति र भाषाभाषीहरूको भाषा, साहित्य, कला, नाच–गान एवं रीतिरिवाज, खानपिन, पोशाक, श्रृङ्गार, उत्सव, जात्रा र सुख–दुःखका फरक फरक भोज र श्रद्धाञ्जली र श्राद्ध आदि आ–आफ्ना संस्कृतिका अङ्ग बने। यस्ता सयौँ र हजारौँ संस्कृतिका राम्रा राम्रा पक्षलाई मानव मात्रको निम्ति छानिएका बानी–व्यहोरा, बोली–वचन र व्यवहार नै सुसंस्कृत समाजको परिचय हो। हाम्रो नयाँ पुस्तालाई विद्यालय तहदेखि नै परिमार्जित संस्कृतिबाट शिक्षित–दीक्षित गर्दै जानु नयाँ पुस्तालाई सुसंस्कृत बनाउने एक प्रक्रिया हो – जसमा विद्यालयले नै अगुवाइ गर्नेछ। घरदेखि विद्यालय र विद्यालयदेखि विश्वविद्यालयसम्मको यो प्रक्रिया एउटा सुसंस्कृत समाज निर्माणको आन्दोलन पनि हो र प्रतीक पनि हो।

साधारणरूपले शिक्षित व्यक्तिहरू वा अर्को अर्थमा स्नातक, आचार्य र विद्यावारिधि गरेका व्यक्तिहरूमात्रै सुसंस्कृत हुन्छन् भने धारणा पनि कहिलेकाहीँ व्यवहारमा सटिक नदेखिन सक्छ। यसकारण, शैक्षिक र प्राविधिक जीवन सँगसँगै बदलिँदो संसारका नयाँ नयाँ ज्ञान, जानकारी र आफ्नो समाजलाई सोअनुसार लैजान अगुवाइ गर्नु नै सुसंस्कृत व्यक्तित्वका गुण हुनेछन् जो स्थिर नभई समयअनुसार ज्ञान र जानकारी फराकिलो हुँदै जाने क्षितिज पनि सदा खुला रहनु स्वाभाविक विषय हो।

स्रोत : तीस वर्षको अथक यात्रा, जेन्युइन सेकेन्डरी स्कुल

## प्रेरणीय

### भ्यागुताको रक्षक को हो ?

एक राजा आफ्नो बहादुरी र सुशासनका लागि चर्चित थिए। एकपटक उनी आफ्ना गुरुसँग देशयात्रा गर्दै थिए। आफ्नो राज्यको समृद्धि र खुसी देखेर उनलाई गर्व लाग्यो। उनले मनमनै सोचे– साँच्चै म कति महान् राजा रहेछु। यति धेरै जनताको सुरक्षा र सुखसयलबारे मैले कति धेरै काम गरेको रहेछु। म नभएको भए यी जनताको के हाल हुँदो हो ? गुरु सर्वज्ञ थिए। उनले आफ्ना शिष्यको मनोभाव बुझे र तुरुन्तै त्यसलाई सुधार्ने निर्णय गरे।

बाटामा एउटा ठूलो ढुङ्गो थियो। गुरुले सिपाहीलाई त्यसलाई फुटाउन निर्देशन दिए। सिपाहीले ढुङ्गालाई दुई टुक्रा पारे। त्यहाँ एउटा अचम्मको दृश्य देखियो। ढुङ्गाको बिचमा केही पानी थियो र त्यसमा एउटा सानो भ्यागुतो बसिरहेको थियो। ढुङ्गो फुट्नेबित्तिकै ऊ त्यहाँबाट उफ्रिँदै भाग्यो। यो देख्दा भ्यागुतो कसरी त्यहाँ त्यो हालतमा बाँच्यो होला भनेर सबै अचम्ममा परे।

गुरुले राजातर्फ फर्केर सोधे– महाराज, एकैछिनअघि तपाईं यस राज्यका सबैको हेरचाह मैले नै गरिरहेको छु भनेर सोच्दै हुनुहुन्थ्यो। सबैको पालनपोषण तपाईंले गर्दै हुनुहुन्थ्यो भने यो ढुङ्गाको बिचमा फसेको भ्यागुताको हेरचाहचाहिँ कसले गरिरहेको थियो ? यो भ्यागुतो यहाँ कसरी बाँचिरहेको थियो ? यो भ्यागुताको रक्षक को हो ?

राजालाई आफ्नो गल्ती थाहा भयो। आफूले गरेको घमन्ड सम्झेर उनी पछुताए। गुरुको कृपाले उनले प्रकृतिको अनौठो रहस्यको ज्ञान पाए। उनले प्रकृतिमा सबै प्राणीलाई बचाउने अदृश्य सामर्थ्य भएको पनि बुझे।

# हृदयचन्द्रको विचार र दर्शन



गोविन्द भट्ट

शास्त्रीय या शिक्षित दार्शनिक र साहित्यकारको दर्शन या दृष्टिकोणमा धेरै अन्तर पाइन्छ । शास्त्रीय विचारकहरू बर्ता सिद्धान्तवादी हुन्छन् र उनीहरूको ज्ञान तर्कशास्त्र या तत्त्वशास्त्रका पुस्तकहरूको अध्ययनमा अथवा विश्वविद्यालयका पाठ्यक्रमअनुसार पाइएको बुद्धि-विवेचन या शास्त्रार्थमा आधारित हुन्छ । तर, साहित्यकार ज्यादा व्यावहारिक, विशेष उपयोगितावादी, सर्वसाधारणसँग सम्बन्धित हुन खोज्ने र उनकै समकालीन समस्याहरूप्रति जागरुक भएर उनकै समाधान पाई कलात्मक रूपले छर्लङ्ग्याउने बौद्धिक कलाकार हुन्छ । दार्शनिकहरू समाजबाट धेरै माथि हुन सक्छन् र अग्राह्य पनि । उनीहरूको चिन्तनको आधार गणितको सङ्केतात्मक रूप या तर्कका प्रत्ययमा हुनसक्छन् र अग्राह्य समाजबाट उदासीन हुने साहित्यकारको न कुनै अभितत्त्व हुनसक्छ न महत्त्व नै । त्यसैले दर्शनमा कृत्रिमता र बौद्धिकताको गूढता विशेष पाइन्छ । अतः साहित्यकारको दृष्टिकोण आफ्नो आसपासको अनुभव, वातावरण अथवा चालचलनबाट ज्यादा प्रभावित हुन्छ । ऊ शास्त्रीय दार्शनिकहरूजस्तै एक विशेष वाद वा सिद्धान्ततालाई बलजफ्ती विश्वमा थोपर्न चाहँदैन बरु उसको दृष्टिकोणको आधार उसको आफ्नो दिनानुदिनको अनुभूति र भावना नै हुन्छ । तर्कभन्दा बर्ता भावना, सिद्धान्तभन्दा बर्ता यथार्थ वा व्यवहार मनपराउनु उसको स्वभाव हुन्छ किनभने ऊ आफूलाई समाजकै अंश बुद्धिजीवी सम्झन्छ । ऊ जे देख्छ, जे अनुभव गर्छ त्यै लेख्छ । त्यसैले उसमा सुग्राह्यता र जनसाधारणको हृदय दार्शनिकझैँ साहित्यकारको कुनै 'सिस्टम' स्थापित गर्ने ध्येय हुँदैन । फेरि दर्शनमा ज्ञानमीमांसाको जिज्ञासा भए पनि साधारणतः साहित्यकार कुनै तत्त्व विज्ञानको व्यापक विवेचना गर्दैन । त्यसैले उसको विचारलाई हामीले दर्शनको नाउँ नदिएर दृष्टिकोण भन्नु ज्यादा तर्कपूर्ण होला । साहित्यकार आफ्नो दृष्टिकोण वा विचारधारालाई खास गरेर साहित्यका विभिन्न अङ्ग, जस्तै नाटक, कथा, उपन्यास, कविता, निबन्ध, आलोचना इत्यादिबाट व्यक्त गर्छ, जहाँ दार्शनिकको मुख्य माध्यम बुद्धिवादी तर्कविवेचना नै हुन्छ ।

**हृदयचन्द्र** कवि, उपन्यासकार, कथाकार, आलोचक र निबन्धकार पनि हुनुहुन्थ्यो । उहाँका अनेकौँ विचारहरू यसरी उहाँका सबै कृतिहरूमा छरिएका छन् र उहाँको दृष्टिकोण अथवा दर्शन छर्लङ्ग गरी बुझ्नका निम्ति उहाँका सारा कृतिहरूलाई हामीले विवेचनात्मक दृष्टिकोणबाट हेर्नुपर्छ । यसरी ती सबैको विवेचन अथवा व्याख्या गर्नु सानो लेखमा सम्भव नभएकाले यहाँ म केही प्रमुख विषयहरूबारे उहाँका विचार-दृष्टिकोण अघि सार्ने चेष्टा गर्नेछु ।



हृदयचन्द्रलाई लेखक या साहित्यकारका रूपमा सबैले चिनेका हुन्, तर दर्शन वा दृष्टिकोण साहित्यकारको वास्तविक आत्मा हो । वास्तविक रूपमा साहित्य पढ्नाको अर्थ किताब सक्नु नभएर लेखकको व्यक्तित्व र दृष्टिकोणलाई आफूले राम्ररी बुझ्नु हो । त्यसैले शिक्षा, अध्यात्मवाद, साहित्य, विज्ञान, ईश्वर, राजनीति, समाज, नारी जाति, धर्म इत्यादि विषयहरूबारे उहाँका विचार र दृष्टिकोणको व्याख्यामात्र गरे पनि उहाँलाई विचारकका रूपमा हामी बुझ्न पाउनेछौँ । आजसम्म हाम्रो साहित्यमा यतिका विभिन्न विषयवस्तुहरूबारे यति स्पष्ट, सुन्दर र यर्थावादी दृष्टिकोण लिए । आफ्नो

विचार प्रकट गर्ने लेखक हृदयचन्द्र नै हुनुहुन्छ । त्यसैले आफ्ना साहित्यिक कृतिहरूपछि पनि उहाँको महत्त्व विचारकको रूपमा प्रभावशाली छ ।

हृदयचन्द्र वैज्ञानिक दृष्टिकोण र जनवादी भावना भएका यथार्थवादी लेखक हुनुहुन्थ्यो । त्यसैले हरेक विषयमा आफ्नो विचार प्रकट गर्दा उहाँले आफ्नो दायित्व र दृष्टिकोणलाई कहिल्यै बिर्सनुभएको छैन । उहाँ सधैं विचार स्वतन्त्रतामाथि खुब जोड दिनुहुन्छ । मानवताको इतिहासलाई चार्वाक, बुद्ध, इसा, मोहम्मद गान्धी, मार्क्सहरूले आफ्नो स्वतन्त्र विचारधाराले धेरै संस्कृत र सभ्य बनाएर यसको मानवीकरणमा अतुलनीय योगदान दिएका छन् । मानवको लामो इतिहास विचार स्वतन्त्रताको इतिहास हो । मनुष्यमा वास्तविकताको भोक र जिज्ञासाको प्रवृत्ति अमिट छ । त्यसैले मानव इतिहास सधैं अगाडि बढ्दैछ । विज्ञान र विशाल परिवर्तनहरू जसले आज हामीलाई जङ्गली अवस्थाबाट यति माथि उठाएका छन् विचार स्वतन्त्रताकै देन हुन् । हाम्रो युगलाई मार्क्स र गान्धीले विशेषरूपबाट हल्लाएका छन् जसरी पहिले बुद्ध र इसाले हल्लाएका थिए । 'एकै रीति, एकै नीति, एकै साधन र एकै सिद्धान्त हरेक युग र स्थितिमा उचित ठर्हछन्' भनी ठान्नु मुर्खतामात्र होइन, अन्धविश्वास पनि हो । वातावरण र परिस्थितिले विचारमाथि अकाट्य प्रभाव पार्दछन् । चार्वाकको नास्तिकवादले हिन्दुधर्मको शिक्षासम्बन्धी उहाँका विचार पनि यही भावनाबाट प्रभावित छन् । त्यसैले उहाँ केटाकेटीहरूलाई उपदेश दिने पक्षमा हुनुहुन्न किनभने यसले बालककालदेखि नै केटाकेटीहरूमा सङ्कीर्णता ल्याइदिन्छ र उनीहरूको मौलिक विकासमाथि आघात पुऱ्याउँछ । उपदेशमा पनि हुकुम र आज्ञाको अप्रत्यक्ष प्रवृत्ति हुन्छ र बलप्रयोगको अंश पनि । *'हामीहरूले उपदेशका निम्ति मान्छे खोज्ने होइन न मान्छेका निम्ति नै उपदेश खोज्ने खाँचो छ । उपदेशको कठबारमा पोषितपालित पुत्रबाट मौलिक चिन्तन सम्भव छैन । ऊ त केवल पिताको बौद्धिक सीमाभित्रमात्रै घुमिरहनेछ, ऊ आदेशको अन्धो आज्ञाकारी मात्रै रहने छ । यसबाट परिवर्तक, विद्रोही तथा क्रान्तिकारी व्यक्तिको कहिल्यै जन्म हुन सक्दैन जसको हाम्रो संसारलाई ठूलो आवश्यकता छ ।'* उपदेशले मानसिक दासता ल्याउँछ । उपदेशक आज्ञा दिने हो, उपदेश लिने मान्छे उसको पछुवामात्र रहन्छ । हाम्रो शिक्षाप्रणालीमा अथवा घरेलु व्यवहारमा हामीहरू कोमल मस्तिष्कका बालकहरूलाई यसरी नै बिगार्दछौं र उनीहरूलाई चाकरीबाज र खुसामदी बनाएर उनीहरूको व्यक्तित्व निमोठिदिन्छौं । जस्तै घरमा केटाकेटीहरूलाई हामीले रुढिवादी उपदेश र आज्ञाहरूबाट पङ्गु बनाएका छौं, त्यसै गरी समाजमा तल्लो वर्गका जनतालाई आफ्नो स्वार्थपूर्तिको लागि अनेकौं वर्ग र वर्णमा विभाजित गरेर आफ्नो काम गर्ने तर आफ्ना अधिकार नखोज्ने धर्म सिकाएका छौं । पुराणपन्थी शिक्षाशास्त्र र धेरैजसो धार्मिक पुस्तकहरूले अवैज्ञानकता, परतन्त्रता र किताबी गौरवका मात्र प्रचार गरेकै छन् । सबभन्दा दयनीय दशा गाउँले किसानहरूको छ । हामीहरूले अब गाउँतिर ध्यान दिनुपरेको छ जहाँका अन्नदाताहरूलाई हामीले अन्धविश्वासको इन्द्रजाल हालेर हाम्रा पुर्ख्यौली नोकर बनाइराखेका छौं । त्यहाँ गएर आजका बुद्धिजीवीहरूले स्वतन्त्र विचारको प्रचार गर्नुछ, नयाँ शिक्षाप्रणालीका माध्यमबाट तबमात्र लोकतन्त्र बलियो हुन पाउनेछ । खाली सहर, गद्दीमञ्चबाट कराएर वास्तविक लोकतन्त्र कहिले आउने होइन किनभने उहाँको विचारमा *'भोकको समस्या उति भयानक छैन, जति शिक्षाअभावको समस्या !'* भोकले गर्दा केही मानिसहरू मर्न सक्छन् तर शिक्षाबाट मानवताकै नाश हुनेछ र जब 'मनुष्य नै सकिनेछ तब संसारमा त केवल ढुङ्गा, लट्ठी, खुकुरी, भाला र अन्धकारमात्र बाँकी रहनेछन् ।' यसरी उहाँका मतमा शिक्षाको वास्तविक उद्देश्य हो, स्वतन्त्र चिन्तनको प्रेरणा दिनु र मानवताको सुरक्षा गर्नु । सहशिक्षाका पक्षमा उहाँले दिएका तर्कहरू पनि निकै घतलाग्दा छन् ।

हामीहरू हाम्रो समाजमा 'धर्म' शब्द खुब सुन्छौं । तर, के कसैले गहिरिएर सोचेको छ – यसको भित्री अर्थ के हो ? धर्म केवल *'झूट भावुकता, अन्धविश्वास र मृतहितको भावना'* (बाँचेकाहरूको हितमाथि आघात पुऱ्याएर पनि ।) मात्र हो । हामीलाई यस्तो धर्म होइन नैतिकता, अध्यात्म हैन वैज्ञानिकता, ईश्वरको पूजा हैन मनुष्यको सेवा चाहिएको छ । धर्म शोषकहरूको बलियो हतियार हो जसले हाम्रो आत्मालाई लुलो, लङ्गडो र अन्धो बनाएर हामीमा नैतिक र मानसिक दुर्बलता ल्याइदिएको छ । धर्म परलोकी छ, त्यसैले यो जीवनदायिनी हुन सक्दैन । परलोक असत्य र काल्पनिक भएकोले नै परलोकवादीहरूको विश्वास र धारणा अनेकौं र परस्परविरोधी छन् । धर्मले कहिल्यै धर्मात्मा जन्माउन सक्दैन । धर्म मान्ने जनताहरूले बरु निरङ्कुश दैवी अधिकार प्राप्त राजा र दुराचारी कुकर्मी पण्डितहरू जन्माएका छन् । धर्मले साम्प्रदायिकता, दासत्व, आपसी युद्ध र अशान्ति उत्पन्न गरेको छ । हाम्रा आँखा अगाडि भारतमा भएका हिन्दु–मुसलमान मारकाट यसको छर्लङ्ग उदाहरण छ । युरोपको इतिहास धार्मिक युद्धहरूले भिन्नभिन्न भयो । त्यसैले हामीले एक धर्मवाद ल्याउने प्रयास (जस्तै स्वामी दयानन्दको हिन्दु साम्राज्यवाद र मुसलमानहरूको इस्लामी साम्राज्यवाद आदि) भन्दा धर्मनिरपेक्षताको प्रचार गर्नुपरेको छ किनभने एक धर्मवाद या धार्मिक एकता ल्याउने विचार सर्वथा अव्यावहारिक कल्पना हो । हामीले अँगालेको धर्म राष्ट्रिय एकता र सामाजिक एकरूपता र विश्वभ्रातृत्व भावनाको ठूलो तगारो भएको छ ।

धर्मसँग जोडिएका अरू दुई शब्द छन् जो हाम्रो देशमा सबैका जिब्राका टुप्पामा झन्डिएका छन्, 'ईश्वर' र 'अध्यात्मवाद'। यिनको आधार पनि धर्मझैं निरर्थक र अस्पष्ट छ। दुःखको कुरा के छ भने अध्यात्मवाद वा ईश्वरवाद छ भने पनि यसले व्यक्तिगत लाभ वा वैयक्तिक मोक्षमात्रै दिनसक्ला, समाज वा राष्ट्रलाई मुक्ति दिने शक्ति यसमा छैन। बरु इतिहासबाट हामी थाहा पाउँछौं, अनेकौं मानिसहरू र अनेकौं राष्ट्र पनि यसको भ्रमजालमा परेर जीवनभरि भ्रममै रहेर झन अगतिशील हालतमा मरे। अध्यात्मवादीहरू आँखा चिम्लेर काल्पनिक सत्यका पछि लागि यस संसारलाई र हाम्रा वैज्ञानिक भौतिक प्रगतिलाई सराप्छन्। उनीहरू भन्छन्, भौतिकवादले संसारमा अशान्ति र भ्रष्टाचार ल्याएको हुन्छ, धर्मको नाश गरेको छ आदि। तर, घोरिएर हेर्ने हो भने अध्यात्मवादीहरूको तर्क परस्परविरोधी छन्। सबैमा एकै आत्मा छ भने, जातिवाद र छुवाछुतको पाखण्ड किन ? अध्यात्मवाद मानसिक कमजोरी हो। भौतिकवादबाट हामी कहिल्यै अलग हुन सक्दैनौं। मरेपछि आध्यात्मिक भए पनि बाँचुन्जेल त कुनै न कुनै रूपमा भौतिक जगतसँग हाम्रो सम्बन्ध रहन्छ। त्यसैले संसार शून्य होइन। त्यसैले नकारात्मक हैन, सकारात्मक जीवनदर्शन चाहिएको छ। अध्यात्मवादले हामीलाई भौतिक र वैज्ञानिक उन्नतिबाट उदासीन बनाउँछ तर उतातिर के दिन्छ ? के अध्यात्मवादी भएर अरू भौतिक मुलुकहरूभन्दा हामी शुद्धआत्मा, नैतिक र आदर्शवान छौं ? के हाम्रो व्यवहार–जगतबाट बेग्लै हुनु नै अध्यात्मवाद हो भने त्यस्तो अध्यात्मवाद हामीलाई चाहिँदैन बरु हामीलाई सुखसुविधा दिने वैज्ञानिक भौतिकवाद नै चाहिएको छ। भौतिक तत्त्वमै आधारित भए के हामीहरू कहिल्यै भौतिकवादलाई त्याग्न सक्छौं ? बरु *'हामी न अध्यात्मवादका अनुसार नै पवित्र हुन सक्यौं न भौतिक उन्नति पाएरै सुखी !'*

अध्यात्म सामूहिक र समष्टिरूपमा मनुष्यजातिमा व्याप्त हुन सक्दैन। अध्यात्मवादी भएकोले के हामीमा साँच्चिकै मानवता वा सबैमा एकै आत्मा छ भन्ने भावना आएको छ ? के हाम्रो समाजमा फैलिएको अज्ञानता, गरिबी र मारामार नै अध्यात्मवादको शान्तिदेन हो ' ? अध्यात्मवादले मान्छेलाई बाटो देखाइदिनुभन्दा झन अल्मलाइदिएर भौतिक जगतमा पनि यता न उताको बनाइदिएको छ। वैज्ञानिक साधन र भौतिक सिद्धिलाई हामी समस्त समाजको सेवामा लगाउन सक्छौं' त्यसैले यी व्यावहारिक र अनुकरणीय छन्। *'अध्यात्मवाद कुनै वियोगिनी या वियोगीको वियोग शान्त गर्ने उपायमात्र हो, अनाथ अथवा असहाय व्यक्तिहरूले आफ्नो पुत्र वा पति निधनको वेदना बिर्सने उपायमात्र हो र संसारका दुःखदरिद्रताबाट डराएर पलायन गर्ने र यहाँका सुखदुःखमा रुची नलिने बैरागी प्रवृत्ति भएका दुईचार जोगीहरूको खुट्टा टेक्ने आधारमात्र हो।'* हामीहरूकहाँ वेदन्ती गफीहरूको कमी छैन। उनीहरू जगन्मिथ्यावादको झूटो प्रचार गरेर जनतालाई भाँडिरहेका छन्। वास्तवमा यस प्रकारको विचारधाराले हामीलाई मानसिक रूपबाट नपुंसक बनाइदिएको छ। हामीकहाँ पण्डित हुनाको अर्थ संसारलाई झुट्टा भनेर गाली गर्नु हो र पण्डित्याइँको अर्थ यस्तै कसैले नबुझ्ने सनकी कुरा काट्नु। खास गरेर हाम्रो शिक्षित अशिक्षित दुवै समाजमा 'ब्रम्ह सत्यम जगन्मिथ्यावाद' भन्ने एक किसिमको थेगो चलिसकेको छ। यसले हामीलाई स्वतन्त्र चिन्तन र भौतिक उन्नति गर्न कहिले दिनेछैन। त्यसैले हामीले यो अन्धसंस्कारलाई नै जरो खनेर उखेल्नुपरेको छ। वेदान्तको बितन्डवाद हामीलाई चाहिँदैन किनभने जिन्दगीलाई निरर्थक सम्झिने र हामीलाई रहस्यमा भुलाएर आफ्नो स्वार्थसिद्ध गर्ने पुराणपन्थीहरूको बकबकलाई हामीहरू निकम्मा ठान्छौं। यो भयानक सङ्क्रामक रोगझैं फैलिएको छ जसलाई हामी वैज्ञानिक र स्वतन्त्र शिक्षाबाट उन्मूलन गर्न सक्छौं, अरु कुनै बाटो छैन। अध्यात्म पनि सम्माननीय हुनसक्छ, *'यदि अध्यात्मको सम्बन्ध ईश्वर, परलोक र पारलौकिक मोक्षलाई छोडेर जीवनलाई उज्ज्वल र सुखी बनाउने नैतिकता र जीवनमा सत्यम शिवम सुन्दरम ल्याउने प्रेम, दया, करुणा, ममता, समता र अहिंसासँग प्रतिष्ठित छ'* भने, जस्तै गान्धी र बुद्धको विचार छ। अध्यात्मवाद एक–दुई योगीहरूको जिज्ञासाको विषय हुनसक्छ र ज्ञानका रूपमा यसको आफ्नो स्थान रहन सक्ला। तर, यसलाई सहर्ष स्वीकार नगरेर बरु खोजेको विषयका रूपमा यसलाई लिन सक्छौं। हामीहरू सामाजिक प्राणी हौं र हाम्रा सामाजिक गाह्राखाँचाहरूलाई वेदान्त वा अध्यात्मले कहिल्यै पूरा गर्न सक्दैन। हाम्रा आर्थिक समस्याहरू भौतिकवाद (विज्ञान) ले मात्र पूरा गर्नसक्छ। अध्यात्मवाद नकारात्मक छ र विज्ञान सकारात्मक।

अब लिऊँ ईश्वर ! ईश्वर कल्पना हो। संस्कारिक विश्वासमात्र। मानसिक अड्कल। तर, युगौंदेखि यो कति बलियो रूपले हामीभित्र भिजिसकेको छ भने ठूलठूला अन्वेषक र विचारहरू पनि यसलाई छाड्न अन्कनाउँछन्। कार्यकारणवादलाई ईश्वरको प्रमाण मान्ने प्रशस्त पाइन्छन्। तर, यो तर्कमात्र हो, वास्तविकता हैन। आजसम्म बयान गरेअनुसार ईश्वर कहाँ पाइयो ? यो प्रमाणमा हैन, कल्पना या असाधारण मानसिक अनुभूतिमा (त्यो पनि स्पष्ट र बोधगम्य छैन) निर्भर छ। त्यसैले यो दिवास्वप्न या मनोवैज्ञानिक छायामात्र हो। फेरि तर्ककै आधारमा लिने हो भने पनि ईश्वरजस्तो अनजान र असम्बन्धित वस्तुमा प्रेम या भक्ति हुनु असम्भव छ। फेरि उहाँले ईश्वरवादीहरूसँग केही महत्त्वपूर्ण प्रश्न सोध्नुभएको छ– के मान्छेको स्थान ईश्वरका दृष्टिमा प्रयोजनहीन र व्यर्थ छ ? नत्र के ईश्वर स्रष्टामात्रै हो, पालक

हैन ? आज संसारमा भइरहेका अराजकता र अन्यायलाई हेर्दाहेर्दै पनि ईश्वर किन तटस्थ छ ? के ऊ बाजिगर या चटके हो ? यदि ईश्वरले धर्मात्मालाई स्वर्ग र पापीलाई नर्क दिन्छ भने अर्काको घाँटी काट्ने, रगत चुस्ने, दुनियाँ अन्यायी शोषक र शासकहरू जो आज महल र राजदरबारमा बस्छन् र भोगबिलासीको अत्तरे नदीमा पौडी खेल्छन्, धर्मात्मा हुन् ? के सामाजिक, राजनीतिक अन्यायविरुद्ध क्रान्ति गर्ने हाम्रो नैतिक अधिकार केही छैन ? के पुराणको ईश्वरले आफ्नो कर्तव्य र जिम्मेवारी बिर्सिसक्यो ? कि ऊ निर्धो अथवा बूढो भयो ? भयले ईश्वरको जन्म दियो र भय देखाउँदै बाठाहरू लाटामाथि उसको धाक जनाइरहेका छन। जब दुनियाँमा गुन्ड्याइँ र मनपरि हुँदाहुँदै पनि उसले केही गर्दैन भने ऊ भएरै हामीलाई के लाभ ? किन हामीले आफै कम्मर नकस्ने अन्यायका विरुद्ध खुकुरी उठाउन ? सृष्टिको अनादर गर्ने ईश्वरवाद कस्तो हो र मानवआत्माको अपमान-अपहेलना गर्ने आत्माको सिद्धान्तको के अर्थ हो ? मानिसको मानहानी गर्ने र शोषण बढाउने कर्मको आवश्यकता नै के छ ? खाली ईश्वर छ भनेर मात्रै सन्तोष गर्ने हो भने, पुलिसमात्र भएर के संसारमा चोरी, डकैती बन्द हुन्छ ? उहाँ दुःख मान्दै भन्नुहुन्छ– *'साँच्ची नै कति राम्रो हुने थियो यदि पुराणमा वर्णन गरेको ईश्वरले संसारमा जति बैमनस्यता र पारस्परिक भेदभाव बढाएको छ, त्यति कुनै चीजले छैन। हाम्रा केटाकेटीहरू बिनाईश्वरको पनि सुखी र उन्नतिशील रहन सक्नेछन् ।'*

गीतालाई उहाँ विवचेनशील र मननयोग्य ग्रथ मान्नुहुन्छ। तर, हामीले त्यसलाई आलोचनात्मक रूपले पढ्ने र बुझ्ने प्रयत्न गर्नुपर्छ। गीताको अवतारवाद झुट्टा सान्तोवनाझैं छ। कृष्ण मनुष्यको रूपमा अवश्य महापुरुष हुन् तर मनुष्यभन्दा माथि उठेर जब उनी ईश्वर हुन खोज्छन् तब दार्शनिक दासता आउन थाल्छ। गीतालाई स्वयम् भगवान कृष्णको अकाट्य प्रवचन भनेर *'यसमा आलोचनाको सवालै छैन'* भन्ने अन्धविश्वास कति जनाले प्रकट गरेका छन्। तर, गीताले सामन्तवादको प्रोत्साहन र वर्णजातिभेदको प्रचार गरेको छ। 'नाराणम च नराधिपम्' भन्ने दैवीअधिकारको सिद्धान्त स्थापित गरेर निरङ्कुश राजतन्त्रको व्याख्या गीताले गरेको छ। एकै ईश्वरको सृष्टिमा ईश्वरीय नियम नीति विधान आदिमा विभिन्नता पाइएको कारण के ईश्वरको असमर्थता या शासनकुशलताको कमीले गर्दा हो ? सामन्तवाद, पुरोहितवाद र पुँजीवादको समर्थन गर्ने गीतालाई हामीले आँखा चिम्लेर पाठ गर्नु कहाँसम्म उचित छ ? ईश्वर भेट्न परलोक जानुपर्छ भने इन्द्रलोकमा बसेर हामीले उसलाई भजी के पाउँला ? त्यसैले अध्यात्मवाद, ईश्वरवाद, आत्मावाद, धर्मवाद आदिको प्रपञ्चमा नपरेर हामीले एउटा कुरा सम्झिराख्नुपर्छ –त्यो हो मानवताले नै मनुष्यलाई सच्चा मनुष्य बनाउन सक्छ र यसद्वारा नै मनुष्यलाई सुख शान्ति र सफलता प्राप्त हुन सक्छ। मानवता नै परममोक्ष र कल्याणको विषय हो 'मनुष्यत्व बाँचेन भने मनुष्य पनि मर्नेछ'। त्यसैले भौतिकवादलाई गाली गर्ने फटाहा अध्यात्मवादीहरूसँग केही प्रमाण छैन। अध्यात्मवादमा अनेकौं परस्पर विरोधी तत्त्वहरू छन्। त्यसैले अब यो बाँच्नसक्दैन। अध्यात्मवादले बाँच्ने हो भने भौतिकवादकै आधारमा उभिनुपर्छ, त्यसै निराधार भएर कल्पनाबाट नै मनुष्यलाई यसले सुख र शान्ति कदापि दिन सक्दैन। विज्ञानले जीवनको उच्चस्तर बढाउँछ, अध्यात्मवाद माग्ने भएर रामनाम सिकाउँछ।

राजनीतिक चेतनाबारे उहाँ भन्नुहुन्छ, *हरेक मानिसमा यो चेतना हुनु आवश्यक छ। सामाजिक र राजनीतिक चेतनाबिना समाज, कला, सम्पदा र संस्कृति पङ्गु हुन जान्छन्। रस्सियाली र चिनियाँ क्रान्तिहरूले हाम्रो युगमा विश्वराजनीतिमाथि चीरकालीन प्रभाव पारेका छन्। क्रान्ति वर्गस्वार्थको प्रतिक्रिया हो। भारतीय क्रान्तिको पनि महत्त्व छ। नेपालबाट राणाशाही उखाली फाल्न यी सबै चेतनाहरूले हामीलाई निकै मद्दत गरेका हुन्। राजनीतिक चेतनाले हामीलाई भाग्यवादबाट मुक्त गराएर आफ्नो भाग्य आफ्नै हातमा भन्ने स्वावलम्बी टेक दिन्छ र राजनीतिक चेतनाको अर्थ राजनीतिक उच्छृङ्खलता होइन बरु शोषण र अन्यायप्रति विद्रोहको प्रवृत्ति हो। त्यसैले राजनीति जनताको विषय पनि हो, पुरोहित राजा-महाराजाहरूको मात्र होइन। दुनियाँमा बढ्दो राजनीतिक चेतना मानवमुक्तिको अनन्त आशावादी चित्र खडा गर्छ। उहाँका विचारमा अहिल्यै विश्वसरकारको स्थापना सम्भव नभए पनि संयुक्त राष्ट्र सङ्घ त्यस दिशामा महत्त्वपूर्ण खुड्किलो हो।*

नारी स्वतन्त्रता र सम्मानको उहाँ अघोर पक्षपाती हुनुहुन्छ। *नारीमा मातृरूप छ। नारी शिक्षा त्यसैले हाम्रो सामाजिक क्रान्तिको मूल अङ्ग भएको छ। नारीलाई कामवासनाको साधन ठानेर व्यवहार गर्नु उनको व्यक्तिमाथि कुठाराघात गर्नु हो। पुरुषहरूले गरेका नासमझी अविवेकपूर्ण र एकलकाँटे व्यवहारले उनीहरूलाई दयनीय तुल्याइदिएको छ। उनीहरू सहनशील हुन्छन् भनेर हामीले त्यसको फाइदा उठाउनु अनुचित हो। 'रुखमा बसेर फेद काट्ने अधिनायकत्वको अधिकारलिप्सा' लाई हामीले छाड्नुपर्छ र नारीप्रति समानताको वैज्ञानिक दृष्टिकोण लिनुपर्छ। नारीजातिले सधैँ पुरुषको अधीनमा रहनुपरेको छ। विवाह नहुञ्जेल पिताको अधीनमा, विवाह भएपछि पतिको अधिनायकत्व र निर्भरतामा, विधुवा भए छोराको, हाम्रो समाजका पाखन्डीहरूको दोधारे नीति पनि गज्जबको छ। नारी सम्मानको कुरा आयो भने देवीपुराण, भागवतजस्ता पुस्तकहरू देखाएर हाम्रो धर्ममा नारीको स्थान*

*उच्च देखाउनेछन्। तर, व्यवहारमा भने उनीहरूलाई कोपरा फाल्ने, कुचो लाउने, भाँडा माझ्ने चिरदासी बनाएर आफ्ना गोडा मिचाएका छन्। नारी मानवसमाजकी संरक्षिका हुन् र मानवीय गुणहरूकी साक्षात मूर्ति। त्यसैले हाम्रो कर्तव्य हो- उनको उचित सम्मान गर्नु, उनको सहयोग र सहायता लिएर संसारलाई झन् संस्कृत बनाउने। हाम्रो समाजका पाखण्डीहरूको दोधारे नीतिको हामीले विरोध गर्नुपरेको छ। हाम्रो समाजले युवकयुवतीहरूको कुसंसर्ग हुने भयले बालविवाहको चलन चलायो, तर त्यो चलन पछि गएर हाम्रा निम्ति एक अर्कै किसिमको जटिल समस्या हुन गयो। अनमेल विवाह, बालविवाह आदि कुचलनहरूलाई, जो हाम्रो समाजका कलङ्क र नारीजातिका अभिशाप हुन्, हामीले चाँडै मिल्काउनुपरेको छ।*

समाजका अरू अगतिशील तत्त्वहरू जस्तै- वर्णव्यवस्था, जातिवाद इत्यादि कुसंस्कारहरूलाई हामीले निर्मूल पारेर नवीन समाजको स्थापना गर्न सामाजिक क्रान्ति गर्नुपरेको छ। होटेल, यातायात र सहशिक्षा प्रणालीका साथै वैज्ञानिक आविष्कारहरूले हाम्रा आँखा खोल्दैछन्। विस्तारै-विस्तारै मानिसहरूमा स्वयं चेतना आउँदैछ जो खुसी लाग्दो कुरा हो। यस विषयमा सहशिक्षा र प्रेमविवाहसम्बन्धी उहाँका विचारहरू आफ्नै किसिमका र अनौठा छन्। उहाँ भन्नुहुन्छ, *वर्णशङ्करको उत्पत्तिले नयाँ जातिपाती, धर्महीन समाजको स्थापना गर्नेछ जो कतैतिर नलागेर विश्व समानता र एकताको पक्षपाती हुनेछ। त्यसैगरी प्रेमविवाहको प्रचारले जातिभेद, वर्णभेद, धर्मभेद आदि मेटिनेछन् र मनुष्यलाई एकअर्कासँग बेग्ल्याउने समाजका अनेकौँ बाधा अप्ठ्याराहरू आफैँ समाप्त हुनेछन्। त्यसैले हामीले विवाहसम्बन्धी स्वतन्त्रतामा कुनै प्रकारको अवरोध उत्पन्न गर्नुहुँदैन किनभने यो नवीन समाजको स्थापना गर्ने अत्यन्त उपयोगी साधन हो। हो, विवाह महत्त्वपूर्ण वस्तु भएकाले हामीले आफ्नो जीवनसाथी रोज्दा खुब विचार गर्नुपर्दछ, त्यो यसै हतार या अविववेकपूर्ण निर्णय या उच्छृङ्खलतामा लागेर गलत रोजाई गर्ने होइन।*

यी सबै विषयहरूमाथि उहाँका दृष्टिकोण जानेपछि, अब उहाँको साहित्यबारेका विचार पनि पठनीय छन् जो उहाँले **'साहित्य : एक दृष्टिकोण'** भन्ने पुस्तकमा व्यक्त गर्नुभएको छ। *साहित्य 'सत्यम शिवम सुन्दरम्' को अद्वितीय समन्वय हो जसको उद्देश्य मानवकल्याणको चेष्टा गर्दै उसलाई सौन्दर्यानुभूतिको माध्यमबाट सत्यको दर्शन गराउनु हो। तर, साहित्यले नग्न रूपमा शिवम्को प्रतिष्ठापन गर्नु ठीक छैन, किनभने यसले गर्दा यो थोत्रो उपदेशमात्र रहन जानेछ। साहित्यमा प्रभुवाक्य सकेसम्म नरहून्। शिवम फूलमा सुगन्ध अदृश्य रहेझैँ रहनुपर्छ। तबमात्र यसमा सुग्राह्यताको चरम आकर्षक रूप बाँच्न सक्नेछ। साहित्य भावुकतामात्र हैन, न यो कोरा उपदेश या नाराबाजी हो। यसको लक्ष्य महान् छ र यसको सौन्दर्यको सुसंस्कृत रूप भएर साहित्यमा कला र कल्याण दुवै मिलेको हुनुपर्छ।*

कला (साहित्य उत्कृष्ट र विशेष कला हो) को प्रयोजन या उद्देश्यबारे अनेकौँ मतमतान्तर साहित्यशास्त्रमा प्रचलित छन्। जस्तै, कला आनन्द या मनोरञ्जनका निम्ति या कला सृजनप्रवृत्तिको पूर्तिको निम्ति या जीवनका निम्ति या कला कलाकै निम्ति या कला जीवनका वास्तविकताबाट बाँच्नका निम्ति आदि आदि। यीमध्ये अरू विचारहरूको सापेक्ष महत्त्व हुनसक्छ तर 'कला जीवनको बास्तविकताबाट बाँच्नका निम्ति' भन्ने मत एकदम अवाञ्छनीय र त्याज्य छ किनभने 'जीवनदेखि कलाको अप्रयोजनीयता कहिल्यै सिद्ध हुनसक्दैन। कुनै न कुनै रूपमा कला र जीवनको सम्पर्क र सुसान्निध्य अवश्य छ, तत्त्वतः कला कलाका लागि र कला जीवनका लागि भन्ने दुई मतमा उहाँको विचारले केही विभिन्नता देख्दैन। साहित्यको सङ्गममा कला र जीवनको आत्मसात होस्। *'साहित्य वा काव्यको अमरताका निम्ति कला र जीवन न्यायी तत्त्व हुन्। कला र जीवन एक अर्काका पूरक हुन् र दुवैमा अन्योन्याश्रित सम्बन्ध छ। कला के कुनै कुरा पनि जीवनबाट अलग्ग हुन सक्दैन।'*

फेरि अर्को विवादस्पद प्रश्न छ, आदर्शवाद र यथार्थवादको। हृदयचन्द्रज्यूले यहाँ पनि समन्वयात्मक दृष्टिकोण लिनुभएको छ। साहित्यमा वादविवादको केही महत्त्व या स्थान छैन। आदर्शवादी र यथार्थवादी दुवै पक्षका मानिसहरू अतिवादी भएकाले त्यहाँ निरपक्षेताको दोष आइरहन्छ। आदर्शवाद र यथार्थवादी दुवैको परस्पर मेलबाट सच्चा र चिरस्थायी साहित्यको जन्म हुन्छ। सत्य निरपेक्षतामा होइन, समन्वयमा छ। यथार्थवाद र आदर्शवाद दुवै सत्यका विभिन्न पक्ष हुन्। तिनलाई कलात्मक रूप दिएर जनआत्मालाई ज्योति र अमृत प्रदान गर्दै उच्चस्तरमा लैजानु साहित्यको श्रेयस्कर सन्देश हो। साहित्यले संस्कृतिको हृदयलाई आप्लावित गरेर मानववादको भावना प्रसारित गर्नुपर्छ। संस्कृतिमा आधारित साहित्य या कलाले नै जनतालाई प्रभावित गर्न सक्छ। संस्कृति जनभावनाको द्योतक हुन्छ। सुन्दर हृदय नै सुन्दर हुनसक्छ। सुन्दर हृदय अर्थात संस्कृत व्यक्तित्व नै मानवकलाको केन्द्रबिन्दु हो। 'यस्तै संस्कृतिमा मुछिएको साहित्यले हृदयलाई परितुष्ट गर्दै त्यसलाई विराट, विशाल, विभु र आनन्दमग्न तुल्याउँछ। कला र साहित्यले व्यक्तिगत स्वार्थभन्दा जनरुचिलाई हेर्नु उचित छ किनभने सत्यम शिवम या सौन्दर्यमा व्यक्तितगत स्वार्थ या सम्पर्कता केही पाइन्न। संस्कृतिलाई उहाँ *'शिवत्व तथा शुभ आकांक्षाको प्रकाशपुञ्ज र सभ्यताको सारभूत*

*तत्त्व'* मान्नुहुन्छ। यसरी संस्कृति र साहित्यमा, व्यष्टिबाट समष्टिसम्म फैलिने गुण हुन्छ।

*'वस्तुत : कला र संस्कृतिको एकाकार नै हो– सभ्यताको चरम अवस्था। कला र सभ्यताको त्यो एकाकारतालाई मानवताको मापदण्ड पनि भन्न सकिन्छ।'* सुन्दर मनोवृत्ति (शिवत्वको भावना) नै सभ्यता, संस्कृति या मानवता हो र त्यो साहित्यबाटै आउन सक्छ। यो भावना मानवआत्माको तीव्र अनुभूतिबाट मात्र प्राप्त हुनसक्छ। व्यक्तित्वलाई कलङ्कित पार्ने बुद्धिको भर्त्सना उहाँले खुब गर्नुभएको छ किनभने बुद्धिवादले हाम्रो संस्कृतिमाथि कुठाराघात गरेर हामीलाई कृत्रिम, पलायनवादी र जीवनलाई चिनाउने, संस्कृति र सभ्यतालाई रसाप्लावित गर्ने सत्साहित्यको निर्माणमा उदात्त सौन्दर्य र शिवम भावनाको प्रधानता हुन्छ। किन आजका साहित्यकार जनताका हृदयलाई छुन सक्दैनन् ? किनभने आज उनीहरू ज्यादै बुद्धिवादी र अग्राह्य हुने व्यङ्ग्य रच्दछन्। तर, यो अहंवाद हो। *'बुझ्नै नसकिने पार्नु गम्भिरता हैन, अर्थहीन भएपछि पनि बुझिँदैन।'* शब्दजाल र क्लिष्टता (आजको नक्कली बुद्धिवादको प्रभाव) ले कोही ठूलो गनिँदैन। तुलसीदास र भानुभक्त सरल भएर पनि सर्वश्रेष्ठ छन्। बुद्धिवादमा अनुभूतिशीलता हुँदैन जो सत्साहित्यको अन्तरात्मा हो। जुन रचनाले हाम्रो हृदय छुनसक्छ त्यही महान् रचना हो। आजका च्याउँकिरी र कलपुर्जे कविहरूले काव्यको आत्मालाई दूषित पारिदिएका छन्। त्यसैले कविता आज जनसाधारणको दृष्टिबाट लुप्त प्राय:हुँदैछ तर कविताको आवश्यकता सधैँ रहनेछ किनभने काव्य मनुष्यहृदयको अभिन्न माग हो। साहित्य पानसुपारी हैन, यो हाम्रो मानवअस्तित्वका लागि अत्यन्त आवश्यक खुराक हो। त्यसैले सत्साहित्यको सिर्जनाको जिम्मेवारी सच्चा संवेदनशील लेखकमाथि आइपरेको छ। त्यसै कारणले लेखक देश, जनता र आफ्नो प्रगतिप्रति उत्तरदायी हुन्छ।

सङ्क्षेपमा यही हो, हृदयचन्द्रको विचार र दृष्टिकोण। हृदयचन्द्रले केवल ध्वसंकारी आलोचनामात्र गर्नुभएको छैन, रचनात्मक र मौलिक सुझाउहरू पनि दिनुभएको छ। उहाँ ईश्वर, धर्म या अध्यात्मवादलाई हटाएर हाम्रो समाजमा नैतिक या सांस्कृतिक अराजकता ल्याउन चाहनुहुन्न। उहाँले बरु सारा कुराको सट्टा एक कुराको प्रतिस्थापना गर्ने इच्छा प्रकट गर्नुभएको छ, 'मानववाद'। उहाँ यथार्थवादी ख्याल राख्दै आदर्शवादतिर औँल्याउनुहुन्छ। उहाँको दृष्टिकोण समन्वयात्मक र सापेक्षवादी छ। यद्यपि समन्वयवाद कहीँकहीँ ज्यादै अव्यावहारिक र आदर्शमूलक हुन जान्छ, जस्तै : साहित्यमा सबै वादविवाद मेटेर समन्यवाद स्थापना गर्ने उहाँको प्रस्ताव। उहाँ साहित्यका विभिन्न वाद, जस्तै कलावाद, उपयोगितावाद, आदर्शवाद, यथार्थवाद आदिलाई साहित्यका वाद नमानेर विभिन्न शैली, तन्त्र, तत्त्व वा सङ्घमात्र मान्नुहुन्छ किनभने सुख र सौन्दर्यको ध्येय सबै साहित्यको उद्देश्य हो र मानवहृदय सबै देशमा एकै छ। वास्तवमा हुनु त त्यस्तै पर्ने हो, तर साध्य र साधनको द्वन्द्वझैँ साहित्यमा वादविवाद चल्नु स्वाभाविक र अनिवार्य छ। विश्वसाहित्यवाद र आदर्शवाद मानववाद उहाँका लक्ष्य हुन्, तर ती कहाँसम्म ग्राह्य छन् ? फेरि उहाँले बुद्धिलाई मानवताको अभिशाप मान्नु पनि एकतर्फी दृष्टिकोण हो। एकातिर हृदयचन्द्र बुद्धि र चिन्तन स्वतन्त्रतालाई सभ्यता र प्रगतिको ठूलो उत्पादन मान्नुहुन्छ। अर्कातिर त्यसैलाई मानवताका लागि श्रापस्वरूप। यसरी बुद्धिबारे उहाँको विचारमा विरोधाभास पाइन्छ। बुद्धिको विभाजन नैतिक या वैज्ञानिक रूपमा गरेर एकअर्काको पक्षी–विपक्षी हुने हो भने पनि बिल्कुल भिन्न रूपमा विभाजन न सैद्धान्तिकरूपमा न व्यवहारमा नै साध्य छ। बुद्धि स्वयंमा एक बरदान हो। त्यसको व्यापार या व्यवहार अनुचित या अकल्याणकारी हुनसक्छ। त्यस्तै वर्णशङ्कर र सहशिक्षा वा प्रेमविवाहका माध्यमबाट समानतामा आधारित र जातिपातिहीन नयाँ समाजको निर्माण गर्न उहाँको सुझाउ जो उद्देश्यका दृष्टिले प्रशंसनीय भए पनि व्यवहारका दृष्टिबाट प्रयोग गर्न गाऱ्हो छ। तर जे होस्, उहाँ एक संवेदनशील, जीवन, जनता र जगतसित प्रेम गर्ने र समाजको निर्माण अन्याय र अस्वाभाविक संस्कार र तर्कहीन मान्यताहरूका कुट आलोचना गर्ने मानवतावादी लेखक हुनुहुन्थ्यो। उहाँको विचारधारा स्वतन्त्र, प्रगतिशील, आशावादी र वैज्ञानिक छ र उहाँको हृदय आदर्श भावना र विश्वबन्धुत्वको शुभेच्छाले परिपूर्ण। जीवन र जगतलाई उहाँले प्रगतिशील दृष्टिकोणबाट हेर्नुभएको छ र यसका दुर्बलता र दुराचारको खुब संयमित र सूक्ष्मरूपबाट विवेचना गर्ने सफल प्रयत्न गर्नुभएको छ। लेखकको जिम्मेवारी स्वतन्त्र र निर्भीक रूपबाट समाजको विश्लेषण गर्दै आफ्नो बुद्धिभर अरूलाई बाटो देखाउनुभएको छ। मानवजीवन र विश्वलाई स्वर्ग बनाउने हो भने उहाँको दृष्टिकोणमा हामीले सत्यम, शिवम र सुन्दरम्को पूर्ण एवम् सुसन्तुलित समन्वय गर्ने चेष्टा स्वत: गर्नुपर्छ। आफूलाई सभ्य, सुखी र सांस्कृतिक तुल्याउने हो भने हामीले तिनै सिद्धिलाई समानरूपमा प्राप्त गर्नुपर्छ र मानिसलाई केवल खोक्रो सौन्दर्यले केही दिँदैन न असत्यता र कुरूपतामा आधारित देखावटी बाहिर कल्याणको भावनाले न कटु र नाङ्गो सत्यले मात्रै। सत्यलाई अँगाल्दै सुखी र सन्तुष्ट भएको सुन्दर जीवन नै सबभन्दा पूर्ण र साध्य जीवन हो। हुन पनि हो, पूर्णता समन्वयमा नै छ किनभने सत्य एकाङ्गी र पक्षपाती कहिल्यै हुनसक्दैन।

स्रोत : गोविन्द भट्टका समालोचना

# नेमकिपाको आठौँ अधिवेशनपछिको पहिलो केन्द्रीय परिषद्

## युवा-विद्यार्थी र जनतालाई सुसंस्कृत समाज निर्माणबारे शिक्षित गर्नु जरुरी




नेपाल मजदुर किसान पार्टीको आठौँ अधिवेशनपछिको पहिलो (३७ औँ) केन्द्रीय परिषद् पुस १८ गते भक्तपुरमा भयो ।

परिषद्मा पार्टी अध्यक्ष नारायणमान बिजुक्छेँले नेता र कार्यकर्ताहरूले संसारका मुख्य–मुख्य आन्दोलन र सङ्घर्षका इतिहास तथा क्रान्तिकारी नेताहरूको जीवनी र उहाँहरूको जीवन सङ्घर्षबाट सिक्न आवश्यक छ भन्नुभयो ।

फ्रान्सेली राज्य क्रान्तिको १० वर्षमा ४ ओटा संविधान बनेको उल्लेख गर्नुहुँदै उहाँले देश र जनताको हितमा काम नगरेका नेपोलियन परिवारलाई फ्रान्सको चुनावमा उम्मेदवार हुन नदिने व्यवस्थासमेत गरेको बताउनुभयो ।

सन् १९१७ को अक्टोबर समाजवादी क्रान्तिबारे जानकारी दिनुहुँदै अध्यक्ष बिजुक्छेँले भन्नुभयो, 'रुसका बोल्शेभिक सांसदहरू जनताको सङ्गठन र सङ्घर्षमा समर्पित भएर लागेका थिए । त्यसबेला एक जना गुप्तचर पनि बोल्शेभिक सांसद भए । उनले पार्टी र जनतालाई धोका दिएको हुँदा क्रान्तिपछि अदालतबाट उनलाई ज्यान सजाय भयो ।'

नेपालमा पनि देश र जनतालाई विश्वासघात गर्ने सांसद र मन्त्रीहरूलाई क्रान्तिपछि सजाय हुने धारणा अध्यक्ष बिजुक्छेँले व्यक्त गर्नुभयो ।

उहाँले भन्नुभयो, 'भदौ २३ र २४ गतेको घटनामार्फत नेका र एमालेको दुईतिहाइको सरकारलाई तासको घरजस्तै ढलायो । त्यसबेला नेका र एमालेका समर्थक दाबी गरेका शिक्षक–कर्मचारीहरूबाटै सरकारलाई सहयोग भएन । शासकहरूले ती शिक्षक र कर्मचारीहरूलाई आ–आफ्नो सुविधा बढाउन काठमाडौँमा आन्दोलन मात्र गराए । इतिहासमा विध्वंसको घटना हुँदा ठूलठूला प्रतिरोध आन्दोलन भएका उदाहरणहरू छन् । नेपालमा शासक दलका नेता र कार्यकर्ताहरू आफ्नै दलको सरकार ढालिँदा पनि मौन बसे ।'

अध्यक्ष बिजुक्छेँले थप्नुभयो, 'शिक्षक र कर्मचारीहरूले विद्यार्थी, युवा र सर्वसाधारण जनतालाई सुसंस्कृत समाज निर्माणबारे शिक्षित गर्नु जरुरी छ ।'

पार्टी कार्यमा घर छोडेर कति दिन खटिएँ, नयाँ कार्यकर्ताहरू कति जना तयार गरेँलगायत विषयमा कार्यकर्ताहरूले आत्ममूल्याङ्कन गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

अध्यक्ष बिजुक्छेँले भन्नुभयो, 'शासक दलहरूले कार्यकर्तालाई जागीर, ठेक्का, वैदेशिक रोजगारीको लोभ देखाउने, अपराधको निम्ति दण्ड सजायबाटसमेत मुक्त गरिदिने आश्वासन दिइरहेका छन् । नेमकिपाले कार्यकर्तालाई सुरुदेखि नै देश र जनताको निःस्वार्थ सेवा गर्न सिकाउनुपर्दछ । पार्टी कार्यकर्ताले पार्टीको अडान बोल्ने हो, व्यक्तिगत फाइदा खोज्ने होइन ।'

चुनावमा बहुमत आएर समाजवाद नआउने स्पष्ट पार्नुहुँदै अध्यक्ष बिजुक्छेँले शासक दलहरूले चुनावमा सामान र पैसा बाँडेर दुईतिहाइ पुऱ्याएको र सरकारमा गएर भ्रष्टाचार गरेको हुँदा सरकार ढालिए पनि तिनका नेता र कार्यकर्ता कोही बचाउन निस्कन नसकेको बताउनुभयो ।

सोभियत समाजवादको विघटनबारे चर्चा गर्नुहुँदै उहाँले भन्नुभयो, 'साम्राज्यवादीहरूले समाजवादविरुद्ध मनोवैज्ञानिकरूपमा भित्रभित्रै जनतालाई भड्काउने शीत युद्ध चलाए । यसकारण पनि सोभियत सङ्घ विघटन भयो र १५ ओटा पूँजीवादी देशमा विभाजन भयो ।'

प्रतिक्रियावादीहरूले देश र जनताको निःस्वार्थ सेवा गर्नेहरूलाई बाधा अवरोध तेर्स्याउनेतर्फ सचेत हुनुपर्ने आवश्यकता औँल्याउनुहुँदै अध्यक्ष बिजुक्छेँले पञ्चायती निरङ्कुश सरकारले नेमकिपाका नेता र कार्यकर्ताहरूविरुद्ध झूटा ज्यान मुद्दा चलाएको उल्लेख गर्नुभयो ।

उहाँले भन्नुभयो, 'मजदुर वर्गको राज्य मागेर संसारमा कहाँ दिइएको छ ? जनताको हित हुने बन्दोबस्तको लागि सङ्घर्ष गर्नैपर्दछ । सङ्घर्षको लागि जनताबिच सङ्गठन गर्नैपर्दछ ।"

अध्यक्ष बिजुक्छेँले भन्नुभयो, 'मुख्य मुख्य पदमा बसेर देश र जनताको सेवा नगर्नेहरू इतिहासमा दोषी साबित हुनेछन् । जनताको सेवामा लागिरहेकाहरूसमेत सङ्कट आउनासाथ 'राजनीति नगर्ने' भनी कागज गरेर प्रतिक्रियावादीहरूसँग झुकेका छन् । देश र जनताविरोधीहरूसँग लड्न नसके कार्यकर्ताहरू जीउँदो लासजस्तै हुनेछन् । नेमकिपाको

उद्देश्य देश र जनताको नि:स्वार्थ सेवाबाहेक अर्को छैन ।'

परिषद्को बैठकमा सचिव प्रेम सुवालले पार्टी केन्द्रीय समितिको प्रतिवेदन प्रस्तुत गर्नुभयो । सचिव सुवालले प्रस्तुत गर्नुभएको प्रतिवेदनमाथि समूहगत छलफल गरिएको छ ।

उक्त बैठकमा केही पार्टी जिल्ला समिति प्रतिवेदन, वर्गीय सङ्गठन र पेसागत सङ्गठनका प्रतिवेदनहरू प्रस्तुत गरियो ।

## जनतामा लडाकु भावना भएसम्म समाजवादी आन्दोलन नहार्ने



नेपाल मजदुर किसान पार्टीको आठौँ अधिवेशनपछिको केन्द्रीय परिषद् पुस १९ गते भक्तपुरमा सम्पन्न भयो ।

परिषद्को दोस्रो दिनको बैठकमा अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले स्रष्टा समाज नेपालले प्रकाशन गरेको थोमस मोरको *'कल्पनालोक'* पुस्तकको भावानुवाद सार्वजनिक गर्नुभयो ।

बैठक सञ्चालन गर्नुहुँदै पार्टी अध्यक्ष **बिजुक्छेँ**ले भन्नुभयो, 'बेलायतको सामन्तवादी व्यवस्थामा पूँजीपतिवर्गले समेत टाउको उठाएर हिंड्न पाउँदैनथ्यो । सामन्तवर्गले पूँजीपतिवर्गसँग कर बढाउँदै लगेपछि पूँजीपतिवर्गले मजदुरवर्ग समेतको सहयोगमा संसारमा पहिलोपटक बेलायतको राजतन्त्रलाई समाप्त पारेको थियो । यसपछि बेलायतका सामन्त र पूँजीपतिवर्ग मिलेर मजदुरवर्गलाई दबाउन थाले । यो प्रतिक्रान्तिलाई बेलायतको गौरवपूर्ण क्रान्ति भनियो । त्यो भनाइ झूटो हो ।'

उहाँले भन्नुभयो, 'प्रतिक्रियावादीहरूले कलाकार, खेलाडी, व्यवसायी समेतलाई दूत बनाएर आफ्नो स्वार्थ पूरा गर्ने गर्छन् । विद्यार्थीलाई परीक्षाबिना उत्तीर्ण गराउने, विदेशीलाई नेपाली नागरिकता दिने, नेपालीलाई भुटानी शरणार्थी बनाएर विदेश पठाउने सरकारहरू देशद्रोही र प्रतिक्रियावादी हुन् ।'

कार्यकर्ताहरू बौद्धिकरूपमा अघि बढ्नु जरुरी रहेको उल्लेख गर्नुहुँदै अध्यक्ष बिजुक्छेँले सुविधालाई होइन देश र जनतालाई प्राथमिकतामा राख्नुपर्ने र जस्तोसुकै कठिनाइ सामना गर्न पनि कार्यकर्ताहरू तयार हुनुपर्नेमा जोड दिनुभयो ।

पदमा बसेकाहरू जिम्मेवारी बिर्सेर भाग्नु अपराध स्वीकार गर्नुजस्तै हुनेतर्फ सचेत गराउनुहुँदै अध्यक्ष बिजुक्छेँले भेनेजुयलामाथि भएको अमेरिकी साम्राज्यवादको आक्रमणको विश्वव्यापी भर्त्सना भइरहेको छ, नेपाली जनताले पनि निन्दा गर्नेछन् भन्नुभयो ।

अक्टोबर समाजवादी क्रान्तिपछि सोभियत सङ्घले रुसको तीव्र विकास गरेको उल्लेख गर्दै चीन र प्रजग कोरिया, क्युवाको साम्राज्यवादविरोधी सङ्घर्षमा ऐक्यबद्धता जनाउँदै अघि बढ्नुपर्नेमा अध्यक्ष बिजुक्छेँले जोड दिनुभयो ।

उहाँले जनतामा लडाकु भावना भएसम्म जनताको समाजवादी आन्दोलन नहार्ने उल्लेख गर्नुहुँदै पार्टी कार्यकर्ताहरू देश र जनताको तत्काल र दीर्घकालको हितमा समर्पित भएर लाग्नुपर्नेमा जोड दिनुभयो ।

अध्यक्ष बिजुक्छेँले भन्नुभयो, 'पुस्तकालयमा बस्ने कर्मचारीहरू पुस्तक अध्ययन गर्न आउनेदेखि दिक्क मान्नुहुँदैन । आफूले पनि पुस्तक अध्ययन गरेर समाजको सेवा गर्नु जरुरी छ ।'

परिषद्ले पार्टीको ५२ औँ स्थापना दिवस माघ १० गतेको अवसरमा माघ महिनाभरि क्रान्तिकारी नेताहरूको जीवनी र कृति, संसारका मुख्य मुख्य मजदुर र कम्युनिस्ट आन्दोलन तथा पार्टी प्रकाशनहरूबारे अध्ययन एवम् अन्तरक्रिया गर्ने निर्णय गऱ्यो ।

परिषद्मा फागुन २१ गते हुने प्रतिनिधिसभाको निर्वाचनको लागि अध्यक्ष बिजुक्छेँको अध्यक्षतामा घोषणापत्र तयारी समिति र पार्टी सचिव प्रेम सुवालको संयोजकत्वमा केन्द्रीय चुनाव प्रचारप्रसार समिति गठन गर्ने निर्णय भयो ।

परिषद्मा पेस भएका राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रस्तावहरूलाई अन्तिम रूप दिने जिम्मेवारी पार्टी केन्द्रीय सचिवालयलाई दिइएको छ ।

बैठकमा पार्टी केन्द्रीय सदस्य, जिल्ला समिति र वर्गीय तथा पेसागत सङ्गठनको प्रतिवेदनहरू पेस गरिएका थिए ।

# नेमकिपाको प्रेस विज्ञप्ति

## राष्ट्रपति मादुरो दम्पतीलाई सकुशल फिर्ता गर !

## भेनेजुयला र ल्याटिन अमेरिकामा ट्रम्प प्रशासनको आक्रमण तत्काल बन्द गर !

*भेनेजुयलामाथि संरा अमेरिकाले गरेको कायरतापूर्ण हमलाको विरोध र राष्ट्रपति मादुरो र उहाँकी श्रीमतीको सकुशल फिर्ताको माग गर्दै नेपाल मजदुर किसान पार्टीले पुस २० गते प्रेस विज्ञप्ति प्रकाशित गरेको छ । पार्टी सचिव प्रेम सुवालको हस्ताक्षरमा प्रकाशित विज्ञप्तिमा उल्लेख छ –*

'संरा अमेरिकी साम्राज्यवादले दक्षिण अमेरिकी स्वतन्त्र मुलुक भेनेजुयलामाथि जनवरी ३ मा (स्थानीय समयअनुसार राति २:०० बजे) कायरतापूर्ण एवम् बर्बरतापूर्ण सैनिक हमला गरेकोमा नेपाल मजदुर किसान पार्टी विरोध एवम् भर्त्सना गर्दछ । यही पुस १८ र १९ गते सम्पन्न नेमकिपाको केन्द्रीय परिषद्ले भेनेजुयलामाथि अमेरिकी हमलाको विरोध गरी राष्ट्रपति मादुरो र उहाँकी श्रीमतीको सकुशल फिर्ताको माग गऱ्यो ।

सन् १९९९ मा ह्युगो चाभेज राष्ट्रपति निर्वाचित भएयता भेनेजुयलामा बोलिभारियाली समाजवादी क्रान्ति अगाडि बढ्दै आएको हो । संसारका ठूला तेल खानीमध्ये भेनेजुयला पनि एक हो । भेनेजुयलाको तेल खानी तथा खनिज कब्जा गर्न जननिर्वाचित राष्ट्रपति निकोलस मादुरोलाई सत्ताच्युत गर्ने षड्यन्त्रमा अमेरिकी राष्ट्रपति ट्रम्प प्रशासन लागिरहेको हो ।

अमेरिकी साम्राज्यवादले सन् २०११ देखि भेनेजुयलामाथि आर्थिक तथा व्यापारिक नाकाबन्दी लगाउँदै आएको छ । अमेरिकी राष्ट्रपति ट्रम्पले भेनेजुयाली जनतालाई खाद्यान्न तथा स्वास्थ्य उपचारबाट वञ्चित गर्ने थप कदम चलाउँदै छन् । अमेरिकी सरकारले राष्ट्रपति मादुरोमाथि लगाएको लागूपदार्थ ओसारपसारको आरोप झूटा र कपोलकल्पित हो । आफ्नो हैकम स्वीकार नगर्ने देशहरूमाथि हस्तक्षेप र आक्रमण गर्ने अमेरिकी साम्राज्यवादको नीति निन्दनीय छ । राष्ट्रपति मादुरोलाई बलपूर्वक गरिएको अपहरण अमेरिकी सरकारको मुनरो नीतिको सिलसिला हो ।

नेमकिपा भेनेजुयलाको सार्वभौमिकतामाथि हस्तक्षेप तुरुन्त बन्द गर्न ट्रम्प प्रशासनलाई सचेत गराउँदछ; राष्ट्रपति मादुरो र उहाँकी पत्नीलाई सकुशल फिर्ता गरी भेनेजुयाली जनताको स्वतन्त्रताको सम्मान, अन्तर्राष्ट्रिय कानुनको पालना तथा संयुक्त राष्ट्र सङ्घको बडापत्रको कदर गर्न आह्वान गर्दछ ।

भेनेजुयाली जनताको साम्राज्यवादविरोधी सङ्घर्षमा विश्वका जनतासँग नेमकिपा ऐक्यबद्धता व्यक्त गर्दछ । भेनेजुयला र क्यारिबियाली क्षेत्रमा युद्ध होइन शान्ति आवश्यक भएको पार्टीको दृढ अडान पुनः दोहोऱ्याउँछ । अमेरिकी प्रशासनले संसारका अन्य देशको सार्वभौमिकता र आन्तरिक मामिलामा हस्तक्षेप गर्न अविलम्ब रोक्न जरुरी छ । भेनेजुयला र ल्याटिन अमेरिकामा अमेरिकी हस्तक्षेप र आक्रमण तत्काल बन्द गर्न नेमकिपा अपिल गर्दछ ।'



नेपाल मजदुर किसान पार्टी

केन्द्रीय समिति

गोल्मढी, भक्तपुर – ७

फोन : ६६१०९७४
६६१००२६

इ–मेल : nwpp@ntc.net.np

च.नं.

मिति: २०८२ पुस २० गते

प्रेस वक्तव्य

संरा अमेरिकी साम्राज्यवादले दक्षिण अमेरिकी स्वतन्त्र मुलुक भेनेजुयलामाथि जनवरी ३ मा (स्थानीय समयअनुसार राति २:०० बजे) कायरतापूर्ण एवम् बर्बरतापूर्ण सैनिक हमला गरेकोमा नेपाल मजदुर किसान पार्टी विरोध एवम् भर्त्सना गर्दछ । यही पुस १८ र १९ गते सम्पन्न नेमकिपाको केन्द्रीय परिषद्ले भेनेजुयलामाथि अमेरिकी हमलाको विरोध गरी राष्ट्रपति मादुरो र उहाँकी श्रीमतीको सकुशल फिर्ताको माग गऱ्यो ।

सन् १९९९ मा ह्युगो चाभेज राष्ट्रपति निर्वाचित भएयता भेनेजुयलामा बोलिभारियाली समाजवादी क्रान्ति अगाडि बढ्दै आएको हो । संसारका ठुला तेल खानीमध्ये भेनेजुयला पनि एक हो । भेनेजुयलाको तेल खानी तथा खनिज कब्जा गर्न जननिर्वाचित राष्ट्रपति निकोलस मादुरोलाई सत्ताच्युत गर्ने षड्यन्त्रमा अमेरिकी राष्ट्रपति ट्रम्प प्रशासन लागिरहेको हो ।

अमेरिकी साम्राज्यवादले सन् २०११ देखि भेनेजुयलामाथि आर्थिक तथा व्यापारिक नाकाबन्दी लगाउँदै छ । अमेरिकी राष्ट्रपति ट्रम्पले भेनेजुयाली जनतालाई खाद्यान्न तथा स्वास्थ्य उपचारबाट वञ्चित गर्ने थप कदम चलाउँदै छन् । अमेरिकी सरकारले राष्ट्रपति मादुरोमाथि लगाएको लागूपदार्थ ओसारपसारको आरोप झूटा र कपोलकल्पित हो । आफ्नो हैकम स्वीकार नगर्ने देशहरूमाथि हस्तक्षेप र आक्रमण गर्ने अमेरिकी साम्राज्यवादको नीति निन्दनीय छ । राष्ट्रपति मादुरोलाई बलपूर्वक गरिएको अपहरण अमेरिकी सरकारको मुनरो नीतिको सिलसिला हो ।

नेमकिपा भेनेजुयलाको सार्वभौमिकतामाथि हस्तक्षेप तुरुन्त बन्द गर्न ट्रम्प प्रशासनलाई सचेत गराउँदछ; राष्ट्रपति मादुरो र उहाँकी पत्नीलाई सकुशल फिर्ता गरी भेनेजुयाली जनताको स्वतन्त्रताको सम्मान, अन्तर्राष्ट्रिय कानुनको पालना तथा संयुक्त राष्ट्र सङ्घको बडापत्रको कदर गर्न आह्वान गर्दछ ।

भेनेजुयाली जनताको साम्राज्यवादविरोधी सङ्घर्षमा विश्वका जनतासँग नेमकिपा ऐक्यबद्धता व्यक्त गर्दछ । भेनेजुयला र क्यारिबियाली क्षेत्रमा युद्ध होइन शान्ति आवश्यक भएको पार्टीको दृढ अडान पुनः दोहोऱ्याउँछ । अमेरिकी प्रशासनले संसारका अन्य देशको सार्वभौमिकता र आन्तरिक मामिलामा हस्तक्षेप गर्न अविलम्ब रोक्न जरुरी छ । भेनेजुयला र ल्याटिन अमेरिकामा अमेरिकी हस्तक्षेप र आक्रमण तत्काल बन्द गर्न नेमकिपा अपिल गर्दछ ।

२०८२/९/२०

प्रेम सुवाल

सचिव

# भेनेजुयलामाथि अमेरिकी साम्राज्यवादको बर्बरतापूर्ण हमलाको विरोधमा जुलुस प्रदर्शन तथा सभा




दक्षिण अमेरिकी सार्वभौम र स्वतन्त्र मुलुक भेनेजुयलामाथि संरा अमेरिकी सेनाले गरेको कायरतापूर्ण एवम् बर्बर हमला गरी भेनेजुयलाका जननिर्वाचित राष्ट्रपति निकोलस मादुरो र प्रथम महिला सिलिया फ्लोरेसलाई राजधानी काराकासबाट बलजफ्ती अपहरण गरी संरा अमेरिका लगेर झूटा मुद्दा चलाएको विरोधमा नेपाल मजदुर किसान पार्टीको जनवर्गीय सङ्गठन नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ र नेपाल क्रान्तिकारी युवा सङ्घको आयोजनामा पुस २५ गते विरोध प्रदर्शन भयो ।

काठमाडौँको रत्नपार्कमा भएको सभामा नेपाल मजदुर किसान पार्टीका सचिव **प्रेम सुवाल**ले भन्नुभयो, ‘संरा अमेरिकाको ट्रम्प प्रशासनले पुस १९ गते भेनेजुयलामा बम वर्षा गरी त्यहाँका राष्ट्रपति मादुरो र उहाँकी पत्नीलाई अपहरण गरेर अमेरिकी अदालतमा लागुपदार्थ तस्करीको आरोपमा मुद्दा चलायो । नेमकिपाले पुस २० गते भेनेजुयला र ल्याटिन अमेरिकामा ट्रम्प प्रशासनको विरोध गरी मादुरो दम्पतीको सकुशल फिर्ताको लागि आह्वान गऱ्यो ।’

नेपाली कामदारवर्ग र अमेरिकी कामदारवर्ग मित्र भएको र नेपाली जनताको विरोध संरा अमेरिकी साम्राज्यवादको भएको स्पष्ट पार्नुहुँदै सचिव सुवालले भन्नुभयो, ‘ट्रम्प प्रशासनको जङ्गली शासनको विरोधमा संरा अमेरिकी जनताले मिनियापोलिसमा झन्डा जलाए भने ग्रीसको एथेन्समा पनि संरा अमेरिकी झन्डा जलाइयो ।’



संयुक्त राष्ट्र सङ्घको बडापत्रमा संसारमा युद्ध रोक्ने, मानव अधिकारको प्रत्याभूत गर्ने, अन्तर्राष्ट्रिय कानुनको पालना गराउने, सामाजिक उन्नति र स्वतन्त्रतासहितको जीवन बनाउने, शान्ति सुरक्षा प्रत्याभूत गर्ने, अन्तर्राष्ट्रिय कानुनको पालना गराउने, हतियार र बल प्रयोग गर्न नदिने, साझा हित हेर्ने उल्लेख छ, सचिव सुवालले उल्लेख गर्नुभयो ।

‘संरा अमेरिकाको ट्रम्प प्रशासनको भेनेजुयलामा आक्रमण र ल्याटिन अमेरिकामा धम्की संयुक्त राष्ट्र सङ्घको बडापत्र र अन्तर्राष्ट्रिय कानुनको ठाडो उल्लङ्घन हो । अन्तर्राष्ट्रिय विवाद समाधान गर्ने संरा सङ्घअन्तर्गतको निकाय अन्तर्राष्ट्रिय अदालत हो, ट्रम्प प्रशासन होइन’, उहाँले स्पष्ट गर्नुभयो ।



सचिव सुवालले भन्नुभयो, ‘संरा सङ्घको सुरक्षा परिषद्मा फ्रान्स, रूस र चीनले भेनेजुयलामाथि ट्रम्प प्रशासनको हमलाको निन्दा गर्दै राष्ट्रपति मादुरो दम्पतीको तत्काल रिहा गर्न जोड दिए । त्यही समयमा संरा अमेरिकी विदेशमन्त्री मार्को रुबियोले संरा सङ्घको निर्णयबारे आफूलाई चासो नभएको अहङ्कार व्यक्त गरे ।’

उहाँले थप्नुभयो, ‘ट्रम्प प्रशासनको राष्ट्रिय सुरक्षा नीति २०२५ नोभेम्बरमा संसारमा संरा अमेरिका पहिलो हुने, नाटो देशहरूलाई कुल गार्हस्थ उत्पादन (जीडीपी) को




५ प्रतिशत बजेट राख्न लगाएको, संरा अमेरिकी डलरलाई विश्वमा आरक्षित मुद्रा बनाउने दाबी गरिएको छ। सो नीतिमा अन्य देशलाई आफूभन्दा बलियो हुन नदिने र सन् १९९० मा युरोपेली देशको विश्वव्यापी जीडीपीमा २५ प्रतिशत हिस्सा पुगेको तर अहिले १४ प्रतिशतमा झरेको उल्लेख छ ।'

सचिव सुवालले भन्नुभयो, 'ट्रम्प प्रशासनले भेनेजुयलामा आक्रमण अघि बिजुली निभाएर अँध्यारो पारेको थियो। सार्क विद्युत् ग्रीड सम्झौताको नाममा शासक दलहरूले नेपालको बिजुली बाल्ने र निभाउने स्वीच दिल्लीमा राख्ने उल्लेख गरेको खारेज हुनुपर्छ।'

सभामा नेमकिपाका **नन्दबहादुर शाही**, **रवीन्द्र ज्याख्व**, **सिर्जना सैंजू**, **हरिसुन्दर बासी** र **रमेश डंगोल**ले पनि बोल्नुभएको थियो।

सभामा नेमकिपाका केन्द्रीय सदस्य **सरोजराज गोसाईले** अमेरिकी राजदूतावासमा बुझाइएको विरोधपत्र वाचन गर्नुभएको थियो।

नेक्राविसङ्घ काठमाडौंका अध्यक्ष **रोजित महर्जन**ले भेनेजुयलामाथि संरा अमेरिकाले गरेको हस्तक्षेपको विरोधमा नेक्रायुसङ्घ र नेक्राविसङ्घले प्रकाशित गरेको अपिल वाचन गर्नुभएको थियो।

नेमकिपाका केन्द्रीय सदस्य सरोजराज गोसाईको नेतृत्वमा गएको टोलीले भेनेजुयलामाथि अमेरिकी साम्राज्यवादको बर्बरतापूर्ण हमलाको विरोधमा आयोजकको विरोधपत्र महाराजगञ्जस्थित संरा अमेरिकी राजदूतावासमा बुझाएको थियो।

सभाअघि रत्नपार्कबाट सुरू भएको विरोध जुलुस, भोटाहिटी, असन, त्यौड, बाङ्गेमुडा, जुद्ध सालिक, न्युरोड हुँदै पुनः रत्नपार्कमा पुगी सभामा परिणत भएको थियो ।

जुलुस सुरू हुनुअघि नेमकिपाका केन्द्रीय सदस्य **नारायण महर्जन**ले अमेरिकी दबाबमा एमसीसी सम्झौता गराएर नेपालको भूमिमा गुप्तचरहरूलाई चलखेल गर्ने अवसर दिएको उल्लेख गर्नुहुँदै जेनजीका युवा विद्यार्थीहरू आमूल परिवर्तनको निम्ति समाजवादी आन्दोलनमा लाग्नुपर्ने बताउनुभयो।

## अमेरिकी राष्ट्रपतिको नाममा लेखिएको विरोधपत्र

**Jan 9th 2026**
**Kathmandu, Nepal.**

**Honorable Donald J. Trump**
**President of the United States of America**
1600 Pennsylvania Avenue NW
Washington, D.C. 20500

C/O,
**The U.S. Embassy, Kathmandu**
P.O. Box 295
**Kathmandu, Nepal**

Nepal Revolutionary Students' Union and Nepal Revolutionary Youth Union, the sister organizations of Nepal Workers & Peasants' Party (NWPP), representing all the peace-loving and working-class Nepalese students and youth, strongly condemn the criminal military aggression in Venezuela and the kidnapping of democratically elected president of Venezuela, Nicholus Maduro and the first lady Cilia Flores by United States of America's Trump administration on 3rd January night. The brutal bombing and military attack killing more than a hundred civilians and security personnel and causing devastation in physical infrastructures is a terrorist act. It is an attack on sovereignty and complete violation of international law. Whatever the name has been given by the US, the sole objective of this attack is to seize the oil and minerals of Venezuela ultimately seizing the independence, freedom and sovereignty of the Venezuelan people.

The US has been continuously attacking the Bolivarian Republic of Venezuela since two decades and the January 3rd attack is the naked attempt aiming at re-implementing the outdated and most notorious Monroe Doctrine. The recent threat by Trump Administration on Cuba, Mexico, Colombia, Greenland(Denmark) and few other countries is the striking evidence of it. This is a war-mongering announcement and is the violation of the UN Charter. Hence, we, the anti-imperialist students and youths gathered in the street of Kathmandu, unanimously denounce the imperialist acts of the Trump Administration and strongly urge to stop every action of aggression. We demand the US government to honor the sovereignty of Venezuela and the freedom of the Venezuelan people. The US must ensure peace and stability in the Caribbean and Latin America strictly abiding by the international law and once again truly declaring non-aggression in any part of the world. The first step of it must be the immediate and unconditional release of Venezuelan President Mr. Maduro and his wife Mrs. Flores.

We, the justice-loving Nepalese students and youths, would like to request Trump Administration to learn historical lesson from the rise and end of the British colony in the world. It's quite inevitable that those who don't learn from history will never be excused and must encounter the same tragedy.

As the world stands together with the Venezuelan people in their suffering and difficult time, we would like to express our strong solidarity with Venezuela and request the world community to stand unitedly for the cause of world peace and the common cause of humanity.

Thank you.

Ramesh Dangol
Nepal Revolutionary Youth Union (NRYU)

Rojit Maharjan
Nepal Revolutionary Students' Union (NRSU)

# अपिल

## सार्वभौम र स्वतन्त्र देश भेनेजयुलामाथि अमेरिकी साम्राज्यवादको बर्बरतापूर्ण हमलाको विरोध गरौं !



संरा अमेरिकी सेनाले दक्षिण अमेरिकी सार्वभौम र स्वतन्त्र मुलुक भेनेजुयलामाथि जनवरी ३ मा (स्थानीय समयअनुसार राति) कायरतापूर्ण एवम् बर्बरतापूर्ण हमला गऱ्यो। जननिर्वाचित लोकप्रिय राष्ट्रपति निकोलस मादुरो र प्रथम महिला सिलिया फ्लोरेसलाई राजधानी काराकासबाट बलजफ्ती अपहरण गरी आफ्नो देशमा लगेर झूटा मुद्दा चलाइयो।

संरा अमेरिकाका न्यायप्रेमी जनतासमेत ट्रम्प प्रशासनको यो कदमको विरोधमा प्रदर्शन गर्दै छन्। अन्तर्राष्ट्रिय कानुन र संयुक्त राष्ट्र सङ्घको बडापत्रको हाकाहाकी उल्लङ्घन गर्ने संरा अमेरिकी साम्राज्यवादीविरुद्ध भेनेजुयाली जनता देशभरि प्रदर्शन गर्दै छन्। भेनेजुयलामाथि संरा अमेरिकी सैन्य आक्रमणलाई विश्वका विभिन्न मुलुकले विरोध र निन्दा गरेका छन्। फ्रान्स, बेलायत, इटाली, भारत, कोलम्बिया, कोस्टारिका, स्वीजरलैन्ड, स्पेन, क्युवा, दक्षिण अफ्रिकालगायत देशमा भेनेजुयलाका राष्ट्रपति मादुरो दम्पती अपहरणको निन्दा गर्दै अविलम्ब फिर्ताको माग राखी प्रदर्शन भएका छन्।

दक्षिण अमेरिका र क्यारिबियाली देशहरूलाई आफ्नो 'करेसाबारी' ठान्ने संरा अमेरिकाको मुनरो नीतिका कारण भेनेजुयलाको इतिहासमा बारम्बार संरा अमेरिकी साम्राज्यवादको हस्तक्षेप भइरह्यो। अमेरिकी महादेशबाट युरोपेली उपनिवेशवादीहरूलाई फिर्ता पठाउने सिलसिलामा संरा अमेरिकाका पाँचौं राष्ट्रपति जेम्स मुनरोले सन् १८२३ मा 'अमेरिका अमेरिकीहरूको मात्र हो' भन्दै त्यस क्षेत्रमा आफ्नो साम्राज्यवादी नीति फैलाए। त्यही नीतिलाई मुनरो नीति भनिन्छ। दक्षिण अमेरिकी स्वाधीनता आन्दोलनका नेता सिमोन बोलिभार (भेनेजुयला) ले संरा अमेरिकाको सो नीतिलाई अस्वीकार गर्दै साम्राज्यवादविरुद्ध सङ्घर्ष सुरु गर्नुभयो।

संयुक्त राष्ट्र सङ्घको सुरक्षा परिषद्को हालै भएको बैठकमा फ्रान्स, रुस, चीनलगायत देशले राष्ट्रपति मादुरो दम्पतीको अपहरणको निन्दा गर्दै तत्काल फिर्ता गर्न जोड दिए। ठीक यही समयमा ट्रम्प प्रशासनका विदेश मन्त्री मार्को रुबियोले संयुक्त राष्ट्र सङ्घको भनाइबारे आफूलाई चासो नभएको ठाडो अहङ्कार देखाए। ट्रम्प प्रशासनले मेक्सिको, कोलोम्बिया, डेनमार्क (ग्रीनल्याड), क्युवालगायत देशहरूलाई पनि आक्रमणको धम्की दिँदै छ। यसअघि क्यानाडालाई पनि संरा अमेरिकाको एकाउन्न राज्य बनाउने धम्की दिएको थियो।

सन् १९९८ मा पहिलो पटक राष्ट्रपति निर्वाचित समाजवादी नेता ह्युगो चाभेजको सरकारले संरा अमेरिकी कम्पनीहरूलाई समेत हटाउँदै बोलिभारियाली समाजवादी क्रान्तिकारी प्रक्रिया थालनी गर्नुभयो। चाभेजले अमेरिकी साम्राज्यवादी नीतिबाट पीडित ल्याटिन अमेरिकी देशहरूको एकताको लागि अल्बा-टिसिपी र सेलाकजस्ता क्षेत्रीय सङ्गठनहरू निर्माण गर्नुभयो। संरा अमेरिकी साम्राज्यवादले भेनेजुयलाको अर्थतन्त्र तहसनहस पार्न सन् २०११ देखि आर्थिक प्रतिबन्धहरू लगाएको हो।

सन् २०१३ मार्च ५ का दिन क्यान्सरका कारण लोकप्रिय नेता चाभेजको अल्पायुमै निधन भयो र उहाँका उत्तराधिकारी अर्का समाजवादी नेता निकोलस मादुरोले भेनेजुयलाको सरकार सम्हाल्नुभयो। सन् २०१३, २०१८ र २०२४ को निर्वाचनमा अत्यधिक बहुमतसहित राष्ट्रपति निर्वाचित भएका मादुरोले बोलिभारियाली समाजवादी प्रक्रियालाई निरन्तरता दिनुभयो। तर, मादुरोको समाजवादी विकासमा पनि संरा अमेरिकी साम्राज्यवाद र भेनेजुयलाकै दक्षिणपन्थीहरूले अवरोध गरे।

सन् २०१८ मा संरा अमेरिकी ट्रम्प प्रशासनले भेनेजुयलाको संसद्का विपक्षी नेता हवाँ ग्वाइडोलाई सडकबाटै राष्ट्रपति घोषणा गर्न सघायो। सन् २०२४ को ➲

## पार्टी स्थापना दिवसको अवसरमा पुस्तक सार्वजनिकीकरण

# नि:स्वार्थभावले देश सेवामा समर्पित बनाउन नयाँ पुस्तालाई उत्साहित गर्नुपर्ने





नेपाल मजदुर किसान पार्टी भक्तपुर जिल्ला समितिको आयोजनामा पार्टीको ५२ औँ स्थापना दिवसको अवसरमा माघ १० गते पुस्तक सार्वजनिकीकरण तथा विचार गोष्ठी सम्पन्न भयो ।

पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) को प्रमुख आतिथ्यमा भएको उक्त कार्यक्रममा 'श्रमिक' साप्ताहिकको 'सम्पादकीय सङ्कलन दोस्रो खण्ड' र हरिबहादुर श्रेष्ठको कवितासङ्ग्रह 'ए, मेरा रातहरू' पुस्तक पनि विमोचन गरिएको थियो ।

कार्यक्रममा अध्यक्ष **बिजुक्छेँ**ले स्वार्थी भावनाबाट देश नबन्ने शिक्षा नयाँ पुस्तालाई दिनुपर्ने प्रसङ्ग कोट्याउनुहुँदै यसमा शिक्षक र अभिभावकको भूमिका महत्त्वपूर्ण हुनुपर्ने बताउनुभयो ।

दस वर्षको प्रवासपछि देशमा नयाँ साथीहरूबाट सङ्गठन विस्तारमा लागेको उल्लेख गर्नुहुँदै उहाँले देश पराइको भरमा नभई आफ्नै बलबुतामा बनाउने कोसिस गर्नुपर्छ भन्नुभयो ।

समाजवादमा उत्पादनका मुख्य मुख्य साधनहरू सामाजिकीकरण हुने, योग्यताअनुसारको काम र कामअनुसारको ज्यालाको बन्दोबस्त हुने चर्चा गर्नुहुँदै उहाँले त्यहाँ कोही बेरोजगार भएर बस्न नपर्ने प्रस्ट पार्नुभयो । उहाँले साम्यवादी समाज वर्गविहीन र राज्यविहीन हुने र त्यहाँ मानिसको आवश्यकता समाजले पूरा गर्ने हुँदा सेना प्रहरीसमेत आवश्यक नहुने उल्लेख गर्नुभयो ।

साम्यवादमा गाउँ र सहर तथा शारीरिक र बौद्धिक श्रमको भेद नहुने चर्चा गर्नुहुँदै उहाँले मजदुर र किसानको पनि भेद नहुने बताउनुभयो ।

'उपनिवेशमा कस्तो दुःख हुन्छ भन्ने विषय नेपालीले व्यहोरेका छैनन् । २००७, २०१७, २०४६ र ०६३ सालको सबै घटनामा बत्ती बाल्नेहरू देखिए, नयाँ पुस्तालाई नसिकाइएसम्म तन, मन, धनले देशको सेवा गर्ने समर्पणको भावना हुँदैन ।', उहाँले भन्नुभयो । उहाँले भन्नुभयो, 'संसद् भवन, सिंहदरबार,

---

➲ निर्वाचनमा हार हुने स्पष्ट भएपछि भेनेजुयलाका दक्षिणपन्थीहरूले संरा अमेरिकी सरकारको उक्साहटमा धाँधली भएको झूटो आरोप लगाए र तिनीहरू मतगणनाबाट बाहिरिए । त्यहाँको संवैधानिक अदालतले मादुरो राष्ट्रपति पदमा पुनः निर्वाचित भएको घोषणा गऱ्यो । संरा अमेरिकी साम्राज्यवादले मादुरोमाथि अमेरिकामा लागुपदार्थ तस्करी गरेको आरोप लगाउँदै युद्धको धम्की दियो र जनवरी ३ का दिन राति ट्रम्प प्रशासनले सैनिक आक्रमण गरी भेनेजुयाली राष्ट्रपति मादुरो दम्पतीलाई बलपूर्वक अपहरण गऱ्यो ।

ट्रम्प प्रशासनको यो कदमविरुद्ध नेपाल मजदुर किसान पार्टीले पुस २० गते आइतबार प्रेस विज्ञप्ति प्रकाशित गरी राष्ट्रपति मादुरो दम्पतीको अपहरणको विरोध गऱ्यो र उहाँहरूको सकुशल फिर्ताको माग गऱ्यो । भेनेजुयाली जनताको साम्राज्यवादविरोधी सङ्घर्षमा विश्वका जनतासँगै नेपाली जनताको तर्फबाट नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ र नेपाल क्रान्तिकारी युवा सङ्घ ऐक्यबद्धता व्यक्त गर्दछ ।

ट्रम्प प्रशासनलाई भेनेजुयाली जनताको सार्वभौमिकता र स्वतन्त्रताको सम्मान, अन्तर्राष्ट्रिय कानुनको पालना तथा संयुक्त राष्ट्र सङ्घको बडापत्रको कदर गर्न हामी आह्वान गर्दछौँ । साम्राज्यवादविरोधी सङ्घर्षमा संसारका न्यायप्रेमी जनतासँगै सम्पूर्ण नेपाली जनतालाई हामी एक हुन अनुरोध गर्दछौँ ।

नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ
नेपाल क्रान्तिकारी युवा सङ्घ
२०८२ पुस २५, शुक्रबार

सर्वोच्च अदालतलगायतमा आगजनी हुँदा सम्बन्धित कर्मचारीहरूले पनि रोक्नुपर्ने थियो। पुरातत्त्व विभागका कर्मचारीहरूले रोकेकै कारण त्यो भवन सुरक्षित भयो।'

'नेमकिपा नेपालको कम्युनिस्ट आन्दोलनलाई बाटो बिराउन नदिने प्रकाशस्तम्भको रूपमा स्थापना भएको हो; प्रकाशस्तम्भले समुद्रका जहाजलाई ठूल्ठूला चट्टानमा ठोकिन रोकेजस्तै नेमकिपाले सही बाटो देखाउँदै आएको छ' उहाँले भन्नुभयो।

'किसान आन्दोलनलाई जोड दिन, भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवादविरुद्ध सङ्घर्ष गर्न नेमकिपा स्थापना भएको हो। त्यसबेला नेमकिपाले पञ्चायती चुनावको उपयोग र भूमिसुधारको समर्थन गर्दा राजावादीको आरोप लगाइयो। त्यो उत्तिबेलै असत्य साबित भएको हो।', उहाँले भन्नुभयो।

उहाँले नेमकिपाले सुरुदेखि व्यक्तिहत्याको विरोध गर्दै व्यापक जनतालाई राजनीतिक रूपले सचेत गर्नुपर्ने विषयमा जोड दिँदै आएको बताउनुभयो। मार्क्स, एङ्गेल्सले क्रान्ति चुनावबाट होइन, सशस्त्र सङ्घर्षले नै हुने निष्कर्ष निकाल्नुभएको चर्चा गर्नुहुँदै उहाँले भन्नुभयो, 'सोभियत सङ्घमा स्तालिनको मृत्युपछि आएको नेतृत्वले चुनावबाट समाजवाद आउने बताइयो। त्यो संशोधनवादी नीतिको हामीले विरोध गऱ्याैं।'

कार्यक्रममा पार्टीका सचिव **प्रेम सुवाल**ले माघ महिनाभरि नै पार्टी प्रकाशनको अध्ययन-अन्तरक्रिया गरी पार्टी स्थापना दिवस मनाउने हालै सम्पन्न परिषद्को निर्णय सुनाउनुहुँदै त्यहीअनुसार जिल्ला जिल्लामा कार्यक्रम भइरहेको उल्लेख गर्नुभयो।

उहाँले भन्नुभयो, '३५ वर्ष यताका सरकारहरूले देश र जनताको समस्या समयमा समाधान गर्न नसकेको र सम्भावित दुर्घटनाबारे पूर्वअनुमान गर्न नसकेको हुँदा गत भदौ २३ र २४ गतेको घटना भएको नेपालको राष्ट्रिय मानव अधिकार आयोगले सार्वजनिक गरेको छ।'

पार्टीले सडक र सदन दुवैतिर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विषयमा आवाज उठाउँदै आएको बताउनुहुँदै उहाँले सचेत र सङ्गठित जनशक्तिबिना देशमा आमूल परिवर्तन नहुने प्रस्ट्याउनुभयो। उहाँले पार्टीले अराजकतावादको खण्डन गर्दै आएको प्रस्ट पार्नुभयो।

देशमा एनजीओ तथा आईएनजीओसँग देशको राष्ट्रिय बजेटभन्दा बाहिर अर्बौं खर्बौं रहेको तथ्य बाहिर आएको चर्चा गर्नुहुँदै उहाँले त्यस्तै बजेटबाट सञ्चालित संस्थाहरूले जनतालाई देशको विरुद्ध जासुसी गराउनेतर्फ सचेत हुनुपर्ने बताउनुभयो।

ट्रम्प प्रशासनका एनईडी र आईआरआईमार्फत खर्चेर देशमा विध्वंस मच्चाएको कुरा अमेरिकाबाटै सूचना प्रकाशमा आएको तथ्यमाथि प्रकाश पार्नुहुँदै उहाँले संरा अमेरिकी राष्ट्रपति ट्रम्पको जङ्गली शासनविरुद्ध अमेरिकी जनताले आवाज उठाइरहेको उल्लेख गर्नुभयो।

विमोचित पुस्तक 'ए, मेरा रातहरू' को बारेमा कार्यक्रमका सभापति एवं आयोजक समितिका अध्यक्ष **सुरेन्द्रराज गोसाईं**ले भन्नुभयो, 'पार्टीले महाधिवेशन, परिषद् र अहिले स्थापना दिवसमा छुट्टाछुट्टै पुस्तकहरू प्रकाशित गरेर एउटा नयाँ संस्कृति बसाउन खोजेको छ।'

उहाँले २०४२ सालमा 'आकाश बाँधिएको छैन' पछि २०८२ सालमा 'ए, मेरा रातहरू' पढ्न पाएको उल्लेख गर्नुहुँदै कविता सरल भाषा तर गहन भाव अभिव्यक्त भएको पाइन्छ भन्नुभयो। अनुभवको गहिराइमा डुबुल्की मारेर रचिएको कवितामा मौलिक बिम्ब र प्रतीकहरू रहेको उहाँले भन्नुभयो।

उहाँले प्रकाशित पुस्तकहरूको नियमित अध्ययन र अन्तरक्रिया भइरहेको बताउनुभयो।

विमोचित अर्को पुस्तक 'सम्पादकीय सङ्कलन दोस्रो खण्ड' बारे स्रष्टा समाजका अध्यक्ष **लक्ष्मण जोशी**ले कुनै पनि पत्रिकाको सम्पादकीय त्यो पत्रिकाको मुटु हुन्छ, त्यसमा पत्रिकाको दृष्टिकोण, मूल्य मान्यतासमेत प्रस्ट उल्लेख हुने हुँदा त्यसको विशेष महत्त्व हुन्छ तर धेरै पाठकहरू समाचारमात्र पढ्ने गर्छन् भनी गुनासो गर्नुभयो।

कार्यक्रममा वाग्मती प्रदेशसभाका सांसद **सिर्जना सैंजू**ले नेपालको राजनीतिमा नेमकिपाले खेल्दै आएको भूमिकामाथि प्रस्ट पार्नुभएको थियो।

# नेमकिपा स्थापनाका आधार पुस्तकहरूबारे सङ्क्षिप्त चर्चा

– सगा

नेपाल मजदुर किसान पार्टीले सङ्घर्षका गौरवपूर्ण ५१ वर्ष पार गऱ्यो। यही माघ १० को दिन ५२ औँ स्थापना दिवस मनाउँदै छ। नेपालको कम्युनिस्ट आन्दोलनमा देखापरेका खोटा विचारविरुद्धको सङ्घर्षले नेपालको

राजनीतिक डबलीमा नेमकिपाको जन्म गरायो। ५ दशक कम्युनिस्ट आन्दोलनको एउटा प्रकाशस्तम्भ बनेर उभियो। कम्युनिस्ट सिद्धान्त, इमान, निष्ठा र सेवाको राजनीति हुर्कायो। सदैव कामगरी खाने वर्गको आवाज बन्यो नेमकिपा। किसान सङ्घर्ष, सरसफाइ आन्दोलन, शैक्षिक र सांस्कृतिक आन्दोलन, भ्रष्टाचारविरोधी आन्दोलनलगायतका सङ्घर्षहरू नेमकिपाको इतिहासका केही अध्याय हुन्। साम्राज्यवाद र विस्तारवादविरुद्ध नेमकिपाको सङ्घर्ष स्थापनाकालदेखि उत्तिकै सशक्त जारी छ।

नेमकिपाले मार्क्सवादी साहित्य प्रकाशन र प्रचारमा जोड दियो। पार्टी स्थापनाको दशकदेखि मार्क्सवादी साहित्यको प्रचारप्रसार अधि बढायो।

नेपालको तात्कालीन समाजमा यो अगुवाइ नवीन र कठीन कार्य थियो। नेपाल विभिन्न जातजाति, भाषाभाषी, संस्कृतिको साझा देश। मार्क्सवादजस्तो अत्यन्त बौद्धिक विषय बुझाउन गाह्रो हुनु स्वाभाविक हो। नेपाली भाषामा समेत मार्क्सवादी साहित्य निकै कम मात्र भेटिने समयमा सर्वसाधारण जनताले बुझ्ने भाषामा अर्थात् सरलीकृत रूपमा मार्क्सवादी विचार प्रचार नेमकिपाले गऱ्यो। पार्टी एउटा चिन्तनको चौतारी बनेर अघि बढ्यो। नेपालका विश्वविद्यालयमा पढाइ नहुने विश्व इतिहास, राजनीति, सभ्यता, अर्थशास्त्र, भूगोल, कूटनीतिका कक्षा पार्टीले सञ्चालन गऱ्यो। नेपालमा सबैभन्दा बढी पुस्तक, बुलेटिन, पत्रपत्रिका प्रकाशन गर्ने र अन्तर्राष्ट्रिय विषयमा जनतालाई सुसूचित गर्ने दलको रूपमा नेमकिपा परिचित छ। त्यतिमात्र होइन नेमकिपाले गरिबहरूको बिचमा, पहुँच नभएको ठाउँसमेतमा पत्रपत्रिका पुऱ्यायो। पार्टी कार्यकर्ताबाटै जनताको घरदैलोसम्म 'श्रमिक' र 'मजदुर' पुऱ्याउने पार्टी संस्कृति हुर्कायो। अन्तरक्रिया, छलफल र अध्ययनको संस्कृति बसाल्यो। नयाँ पुस्तालाई सैद्धान्तिक रूपले तयार गऱ्यो। अरू दल र नेमकिपाबिचको ठूलो भिन्नता यही त होला। नेपालको राजनीति भ्रष्टीकरणतिर जानुको कारण शासक दलहरू विचार, सिद्धान्तमा चिप्लिनु नै त हो।

वैचारिक सङ्घर्षको पृष्ठभूमिमै नेमकिपाको जन्म भएको हो। पार्टीका श्रद्धेय अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले गर्नुभएको सैद्धान्तिक सङ्घर्षका दस्तावेजहरूमा नेमकिपा स्थापनाका आधार भेटिन्छन्। नेपाल कम्युनिस्ट पार्टीमा बुझाइएका ती दस्तावेजहरू पछि पुस्तक आकारमा प्रकाशित गरिए। यी पुस्तकले नेपाली कम्युनिस्ट आन्दोलनको इतिहासलाई हेर्ने मार्क्सवादी दृष्टिकोण प्रदान गर्दछ।

पुस्तक *'नेपालको कम्युनिस्ट आन्दोलनमा देखापरेका खोटा विचारहरूको खण्डन'* एउटा महत्त्वपूर्ण राजनीतिक दस्तावेज हो। यो पुस्तक आजभन्दा ४९ वर्षअघि वि.सं २०३३ सालमा पहिलो पटक पुस्तकाकारमा प्रकाशित भयो। पुस्तक त्यो समयको कम्युनिस्ट आन्दोलनमा देखापरेका खोटा विचारहरूमाथि सैद्धान्तिक सङ्घर्षको निचोड थियो। यस पुस्तकले नेपालको कम्युनिस्ट आन्दोलनमा व्यापक चर्चा पायो। राजनीतिक विश्लेषकहरू भन्छन् –'नेपालको कम्युनिस्ट आन्दोलनको विकासक्रम बुझ्न आवश्यक सामग्रीमध्ये एक हो यो पुस्तक।' तत्कालीन समयमा कम्युनिस्ट आन्दोलन कुन दिशातर्फ लाने भन्ने अलमल थियो। कम्युनिस्ट पार्टीभित्र देखापरेका वामपन्थी र दक्षिणपन्थी अवसरवाद, संशोधनवादले कम्युनिस्ट आन्दोलन सङ्कटमा पर्ने देखिएपछि का. रोहितले 'बाटो देखाउने बत्ती' को भूमिका निर्वाह गर्नुभयो। कम्युनिस्ट आन्दोलनका खोटा विचारहरू पन्छाएर आन्दोलनलाई गतिशील र व्यापक बनाउने व्यावहारिक प्रयासको राजनीतिक प्रमाण हो यो पुस्तक। त्यसकारण, पार्टी स्थापना र सङ्घर्षका पृष्ठहरू पल्टाउँदा फेरि पनि यो पुस्तकको चर्चा



जरुरी लाग्छ, सामयिक लाग्छ ।

तत्कालीन राजनीतिक वृत्तमा नेपाली जनताका शत्रु को हुन् र मित्र को हुन् भन्ने प्रश्न उठ्यो । कम्युनिस्ट पार्टीले कुन शत्रुविरुद्ध सङ्घर्षलाई केन्द्रित गर्ने भन्ने प्रश्न क्रान्तिको निम्ति अत्यन्त महत्त्वपूर्ण प्रश्न थियो । शत्रु र मित्र चिन्न नसकेपछि सङ्घर्ष विफल बन्छ, क्रान्ति सम्भव हुँदैन । वास्तविक शत्रु मित्र चिन्ने आधार वर्ग, व्यवस्था र उत्पादन सम्बन्ध हो भन्ने बुझ्न नेपाली राजनीतिमा पनि धेरै वर्ष लागेन । कम्युनिस्ट पार्टीभित्रै कसैले मुख्य दुश्मन 'राजा' हो भने, कसैले काङ्ग्रेसलाई मुख्य दुश्मन माने । काङ्ग्रेसलाई भारतीय उपनिवेशवाद र विस्तारवादको दलाल मानेर मुख्य दुश्मन घोषणा गरे । पुस्तकमा लेखिएको छ, *'राजा महेन्द्र मुख्य दुश्मन भन्ने ठम्याइ राजनैतिकरूपले सही भएको भए राजा महेन्द्र मरेपछि सामन्तवाद खत्तम भइसक्नुपर्ने थियो । त्यसकारण, मुख्य दुश्मन राजा हो भन्नु भावुक र असैद्धान्तिक वाक्यांशमात्रै हो ।'* त्यसरी नै काङ्ग्रेस मात्रलाई मुख्य दुश्मन मान्दा ८० प्रतिशत जनतालाई चुसिरहने सामन्त र जमिनदार छुट्छन्, बेलायती र अमेरिकी साम्राज्यवादका दलालहरू छुट्छन् । नेता बिजुक्छेँले भन्नुभएको थियो,




कम्युनिस्ट आन्दोलनले भित्री र बाहिरी शत्रुलाई चिन्न सक्नुपर्छ । तत्कालीन समयमा राजा, काङ्ग्रेस, भारतीय विस्तारवाद र एकाधिकार पूँजी तीन वटा टाउको भएको घाँटी जोडिएको सर्प हो । त्यो सर्प नै जनताको शत्रु हो । भित्री रूपले सामन्तवादी समाजमा राजतन्त्र र सिङ्गो सामन्तवादी उत्पादन सम्बन्ध जनताको शत्रु थियो भने बाहिरबाट देशको राजनीति अस्थिर बनाउन उक्साइएको तत्त्वसँगै भारतीय विस्तारवाद र एकाधिकार पूँजी, अमेरिकी र बेलायती साम्राज्यवाद जनताका मुख्य शत्रु हुन् भन्ने स्पष्ट विचार राखिएको थियो ।

पुष्पलाल नेतृत्वको कम्युनिस्ट पार्टीभित्र विचारको स्खलन देखापरेपछि नेता बिजुक्छेँले कम्युनिस्ट विचारको पक्षमा अटल रहने अडान लिनु राजनीतिक इतिहासमा महत्त्वपूर्ण कदम या निर्णय साबित भयो । नेमकिपाले कम्युनिस्ट आन्दोलनको शत्रुमात्र पहिचान गरेन बरु एकचोटि एउटा शत्रुविरुद्ध मात्र जाइलाग्नुपर्छ भन्ने खोटो विचारको खण्डन गऱ्यो । विश्व राजनीतिको इतिहास केलाउँदै उहाँले एकपटकमा एउटा मात्र होइन जनताका शत्रुहरूसँगै एकै पटकमा सङ्घर्ष गर्न सकिने मार्ग बताउनुभयो । राजा, भारतीय विस्तारवादका दलाल र हस्तक्षेपकारी विदेशी शक्तिहरूसँग समानान्तर लड्न सकिने तथ्य बताउनुभयो । जसरी चीनमा सामन्तवादी व्यवस्थाविरुद्ध लड्दा लड्दै जापानी उपनिवेशविरुद्ध मुक्ति सङ्घर्ष चलेको थियो, जसरी भियतनाममा राष्ट्रिय शत्रुसँग लड्दालड्दै अमेरिकी साम्राज्यवादविरुद्ध सङ्घर्षको ज्वारभाटा उठेको थियो त्यसरी नै नेपालको सन्दर्भमा सामन्तवादी व्यवस्थाविरुद्धको सङ्घर्षसँगै वैदेशिक हस्तक्षेपबाट मुक्तिको सङ्घर्ष सम्भव छ भन्ने मार्ग प्रस्ट पार्नुभएको थियो । यो विचार आज पनि सान्दर्भिक छ ।

कम्युनिस्टहरूले राष्ट्रिय मुद्दामात्र उठाउनुपर्छ भन्ने खोटो विचारविरुद्ध लड्दै अन्तर्राष्ट्रिय राजनीतिक इतिहास, सङ्घर्षबाट सिक्दै राष्ट्रिय राजनीतिलाई मार्गदर्शन गर्नुपर्छ भन्ने ठम्याइ उहाँले राख्नुभयो । नेमकिपा अन्तर्राष्ट्रिय कुरामात्र गर्छ भन्दै वैदेशिक हस्तक्षेपविरुद्ध चूँ पनि नबोल्नेहरूको आज पनि कमी छैन ।

कम्युनिस्टहरू पूँजीवादी चुनावलाई जनताको चेतनास्तर उकास्ने अवसर या विश्वविद्यालयको रूपमा उपयोग गर्छन् । तर, विडम्बना नेपालमा आफूलाई कम्युनिस्ट भन्नेहरू हिजो 'चुनावमा भाग नलिने' खोटा विचार राख्थे भने आज चुनाव जसरी पनि जित्ने र सत्तामा पुग्ने, बहुमत प्राप्त भएन भने सत्ताको भागबन्डा गर्ने व्यवहार देखाउँछन् । आज

कम्युनिस्ट आन्दोलन दक्षिणपन्थी अवसरवादको भड्खालोमा पुगेको छ। संशोधनवाद कम्युनिस्ट आन्दोलनमा महारोग हो भन्ने अध्यक्ष रोहितको भनाइ आजको राजनीतिक परिदृश्यले पनि पुष्टि गर्छ। चुनाव या संसद्बाट समाजवाद आउँछ, सशस्त्र क्रान्ति आवश्यक छैन भन्ने विचार आज पनि उत्तिकै खोटो छ।

नेता नारायणमान बिजुक्छेँले पुष्पलाल नेतृत्वको नेकपामा प्रस्तुत गर्नुभएको अर्को राजनीतिक दस्तावेज–*'रुसी संशोधनवाद सामाजिक साम्राज्यवादमा पतन'* हो। सोभियत कम्युनिस्ट पार्टीको धोखेबाज नेतृत्व गुटले एक समाजवादी देशलाई विस्तारै कसरी एक सामाजिक साम्राज्यवादी देशमा पतन गरायो भन्ने इतिहासको शब्दचित्र पुस्तकमा छ। रुसमा कम्युनिस्ट आन्दोलनभित्रकै बर्नस्टिन, त्राट्स्की, खुश्चेभ र ब्रेझ्नेभहरू संशोधनवादी विचार राख्थे। त्यही संशोधनवादी विचारका कारण पछि साम्राज्यवादीसामु घुँडा टेक्न पऱ्यो, देश १५/१६ टुक्रामा विभाजन भएको देख्न पऱ्यो। तिनले लेनिन र स्तालिन नेतृत्वको अक्टोबर समाजवादी क्रान्तिमाथि मात्र धोखा दिएनन् बरु सम्पूर्ण सर्वहारा जनता र सोभियत रुसबाट प्रेरणा लिइरहेका विश्वका समाजवादी आन्दोलनहरूमाथि पनि घात गरे। रुसी कम्युनिस्ट पार्टी र तिनले सर्वहारा क्रान्तिको ठाउँमा 'शान्तिपूर्ण सङ्क्रमण' को सिद्धान्त अगाडि सारे। सर्वहारावर्गको हुकुमलाई अस्वीकार गरी 'सारा जनताको पार्टी र सारा जनताको राज्य' को सिद्धान्तको वकालत गरे। मार्क्सवाद र लेनिनवादविरोधी उक्त सिद्धान्तले दबिएका र लुकेका पूँजीवादी तत्त्वहरूलाई रुसको भूमिमा उठ्न र फेरि सत्तामा आउने मौका दिए र सँगै रुसी मजदुरवर्ग र संसारका सबै कामदारवर्गलाई धोखा दिन २० वर्षभित्र साम्यवाद निर्माण गर्ने खोटो विचार अघि सारे। नेपालमा पनि आफूलाई कम्युनिस्ट भन्नेहरूले सोभियत रुसको इतिहासबाट सिकेनन् बरु बर्नस्टिनदेखि ब्रेझ्नेभसम्म बन्ने होडबाजी चलिरह्यो। सशस्त्र क्रान्तिबाट सर्वहारावर्गले राज्यसत्तालाई कब्जा गर्नु र सर्वहारावर्गको हुकुम चलाएर पूँजीवादी वर्गलाई दबाएर समाजवादको निर्माण गर्नु नै मार्क्सवादको सार हो, पुस्तकले यही भन्छ। तर संशोधनवाद भन्छ, 'पूँजीवादी व्यवस्थालाई ध्वस्त पार्नु पर्दैन बरु बढी विकास गर्नुपर्छ'। पेरिस कम्युनले सिकाएको छ, 'पूँजीवादी व्यवस्थाले ठिक्क पारेको राज्यसत्तामा पुगेर मात्र क्रान्ति हुँदैन त्यसलाई बदल्न जरुरी छ नत्र समाजवादी क्रान्तिपछि पनि पूँजीवादको पुनर्स्थापना हुनसक्छ।' नेपाली कम्युनिस्ट आन्दोलनले पेरिस कम्युनमार्फत मार्क्सले देखाएको बाटो पनि हिँड्न नमानेपछि नेता रोहित सत्य र कम्युनिस्ट सिद्धान्तको पक्षमा एक्लै हिँड्नुभयो। एक्लो पर्दा धेरैले एक्लो बृहस्पति झूटा भन्दै खिसितिउरी गर्न हतार पनि गरे तर राजनैतिक विकासक्रमका हरेक चरणमा राजनैतिक र कम्युनिस्ट आन्दोलनले नेमकिपा खोज्यो, नेता नारायणमान बिजुक्छेँको विचार र अभिभावकत्व खोज्यो। उहाँले ५१ वर्षअघि भन्नुभएका र बोल्नुभएका विषयवस्तुहरू आज पनि उत्तिकै सामयिक छन्। कम्युनिस्ट आन्दोलन दूषित र कमजोर नबनोस् भनेर उहाँले लिनुभएको अडानले नै आज पनि राजनीतिक डबलीमा मार्गदर्शन गरिरहेको छ। 'चुनाव, जुलुस र यसै प्रकारको दबाबले पनि पूँजीवादी व्यवस्थामा सुधार गर्न सकिन्छ। बल प्रयोग, रगत बगाएर सत्ता हातमा लिने र हुकुमको कुनै आवश्यकता छैन' भन्ने विचार सोभियतकालीन रुसमा पनि खोटो थियो, यहाँ आजको सन्दर्भमा पनि खोटो छ।

रुसी संशोधनवादका कारण छोटो समयमा निर्माण भएको सोभियत रुसको आर्थिक, सामाजिक, सांस्कृतिक तथा राजनीतिक रूपले समृद्ध घर तासको घरझैँ ढल्न समय लागेन। जनमुखी, सेवामुखी व्यवस्थाबाट शोषणयुक्त



बन्दोबस्तमा फेरिन समय लागेन । मुठीभर समुदाय रातारात लखपति, करोडपति बन्दा बहुसङ्ख्यक जनतालाई छाक टार्न मुस्किल समय पनि आयो । त्यतिमात्र होइन शासकहरूले अन्य देशहरूमा बजार स्थापनाको नाममा हस्तक्षेप बढाए । रुमानिया, पोल्यान्ड, बुल्गेरिया, चेकोस्लाभिया, मङ्गोलिया, हङ्गेरीजस्ता देशहरूलाई सस्तो कच्चा पदार्थ आयात गर्ने र अन्तर्राष्ट्रिय मूल्यमा किन्दा महँगोमा निर्यात गर्ने र आफ्नै मात्र मालसामानको प्रभुत्व कायम गर्ने अभद्र अभ्यासहरू गर्न थाले । पूर्वी युरोप, अफ्रिका, एसियाली मुलुकहरू र तेस्रो मुलुकहरूको अर्थतन्त्रलाई रुसको अर्थतन्त्र वरपर नचाउन थाले । अर्थतन्त्रमा ग्लास्नोस्ट र पेरेस्ट्रोइकाको नीति आफै संशोधनवादी नीति थियो भन्ने पछि प्रमाणित भयो ।

अन्तर्राष्ट्रिय सहायता, अन्धराष्ट्रवाद र भाइचारा सहकारिताको नाममा आर्थिक शोषण र थिचोमिचोमात्र बढाएन प्यालेस्टिनमा राजनीतिक, सैनिक दबाबसमेत दिन थाल्यो । सन् १९६८ मा त चेकोस्लोभाकियामाथि नाङ्गो हस्तक्षेप नै भयो । सन् १९६९ मा चीनको चेन्पाउ टापुमाथि जबरजस्ती हमला गरियो । जापानका कुरिल टापुहरू कब्जा भयो । १९७० मा भारतीय विस्तारवादलाई धाप दिएर पाकिस्तानमाथि आक्रमण गर्न दिइयो र पाकिस्तानलाई अङ्गभङ्ग गराउन मद्दत गरियो । सन् १९७४ मा भारतलाई सिक्किममा आक्रमण गर्न र कब्जा गर्न सघाइयो । जारहरूले असमान सन्धि थोपरेर खाएको चीनको १५ लाख वर्ग किमि भूमिमाथि कब्जा गरे । यसरी संशोधनवाद सामाजिक साम्राज्यवादमा पतन भइरहँदा पनि नेपालको कम्युनिस्ट आन्दोलन अन्धो बन्नु खोटपूर्ण थियो । त्यसकारण, अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा देखापरेको संशोधनवाद, अवसरवादजस्तो खोटो विचारबारे सङ्केत गर्दै उहाँले नेपालको कम्युनिस्ट आन्दोलनलाई बाटो देखाउनुभयो ।

अर्को पुस्तक *'नेपाल-भारत सम्बन्ध र भारत'* पार्टी स्थापनाको अर्को राजनीतिक दस्तावेज हो । जसले पार्टीको सङ्घर्षलाई अगाडि बढाउन सदैब ऊर्जा प्रदान गऱ्यो । नेपाल र भारत देशबिचको सम्बन्ध इतिहासभन्दा पुरानो हो । नेपाली जनताले भारतीय जनताप्रति कहिल्यै द्वेष राखेनन् । तर, भारतीय विस्तारवाद र एकाधिकार पूँजीले थोपेको दमन र अत्याचारको इतिहास या वर्तमान नेपाली जनतालाई कहिल्यै मन्जुर भएन । भारतमाथिको आर्थिक निर्भरता र राजनीतिक निर्भरता नेपाली जनता र नेपाली राजनीतिको निम्ति अभिशाप सिद्ध भयो । आज पनि भारतीय विस्तारवाद र एकाधिकार पूँजीलाई प्रमुख दुश्मन मान्न नेपालका शासक दल तयार छैनन् । २०७२ मै पनि नेपालको संविधान अस्वीकार्य छ भन्दै भारतले नाकाबन्दी लगायो तर शासक दलहरूले चुँ पनि बोल्न सकेनन् । देशको सार्वभौमिकता दिन प्रतिदिन सङ्कटमा पुऱ्याइँदै छ । एकाधिकार पूँजीले सम्पूर्ण बजारमात्र होइन अर्थतन्त्र कब्जा गरिसकेको स्थिति छ । यो परिवेशमा अध्यक्ष रोहितको विचार अझ सान्दर्भिक लाग्छ ।

वर्गीय समाजको वास्तविक स्थिति लुकाउन या देशमा भइरहेको वर्गसङ्घर्ष फुटाउन शासकहरू जातीय र साम्प्रदायिक मुद्दा उछाल्छन् । कुनै क्षेत्र या समुदायको कुरा पनि कामदारवर्ग उपेक्षित र अपहेलित हुन्छन् । राजनीतिमा क्षेत्रीय, जातीय मुद्दाले फासीवादको जन्म दिन्छ । कामदार जनताको भलो गर्न वर्गीय मुद्दा र सङ्घर्ष आवश्यक छ भन्ने विचार अध्यक्ष रोहितको हो ।

नेपाल-भारत सम्बन्धमा देखापरेका गलत समझदारीहरू र सही समाधानका उपाय पुस्तकले दिन्छ । भारत बेलायती साम्राज्यवादबाट स्वतन्त्र भएको सात दशक नाघिसक्दा पनि दक्षिण एसियामा भारतको औपनिवेशिक र विस्तारवादी मानसिकता उही छ । पुस्तक लेख्छ, *'सुगौली सन्धि र गोर्खा भर्ती नै नेपाली राष्ट्रको मुटुको किला हो । तर, बेलायती साम्राज्यवाद भारतबाट गइसक्दा पनि 'स्वतन्त्र भारत' का शासकवर्गले आफ्नो छिमेकी देशहरूमाथि बेलायती उपनिवेशवादी नीतिलाई नै लागू गर्दै गयो ।'*

थुप्रै असमान सन्धि सम्झौता नेपाल र नेपाली जनताका निम्ति अभिशाप सिद्ध भएका छन् । भारतीय शासकवर्गको थिचोमिचो, उपनिवेशवादी मानसिकताविरुद्ध उठेका सङ्घर्षलाई जात विशेषको असन्तुष्टि ठान्नु सङ्कीर्णताको पराकाष्ठा नै हो । भारतका नेपालविद् श्रीमद् नारायणको यस्तै सङ्कीर्ण विचारविरुद्ध पुस्तक लेख्छ – *'नेपाली जनताको भारतीय एकाधिकार पूँजीविरोधी सङ्घर्ष जातिवादी होइन बरु उपनिवेशवादविरोधी सङ्घर्षकै एक रूप हो जसको मुख्य कारण जाति विशेष होइन, आर्थिक र राजनीतिक हो ।'* पुस्तक थप लेख्छ, *'नेपालमा कम्युनिस्ट पार्टी स्थापना हुनुमा चीनको भन्दा भारतीय कम्युनिस्ट पार्टीको बढी हात छ ।'* नेपालमा माओवादीहरूको गतिविधिलाई चीनको उक्साहट देख्नु गलतमात्र होइन ढोङ्गी पनि हो । भारत दक्षिण एसियामा साँढे गोरुजस्तै बसेको छ । एसिया कब्जा गर्ने उसको नियत साम्राज्यवादी नीति हो । अन्य कमजोर देशमाथि दमन गर्ने र साम्राज्यवादतर्फ लम्किरहेको भारत नेपाली र दक्षिण एसियाली जनताको शत्रु हो भन्नेमा अब कुनै सन्देह छैन ।

# नेमकिपाले केही गर्दैन !

- एसआर

तिमीले ठिक भन्यौ
नेमकिपाले केही गर्दैन !
नेमकिपा झूट बोल्दैन
नेमकिपा बेइमानी गर्दैन
नेमकिपा विश्वासघात गर्दैन
नेमकिपा भ्रष्टाचार गर्दैन
नेमकिपा ठगीकर्म गर्दैन
नेमकिपा अपराध गर्दैन
अपराधलाई राजनीति र राजनीतिलाई अपराध मान्दैन ।
भ्रष्टाचार, ठगी, अपराध गर्नेलाई बाँकी राख्दैन ।

तिमीले ठिक भन्यौ
नेमकिपाले केही गर्दैन !
नेमकिपाले विश्वासघात गर्दैन
नेमकिपाले देशघात गर्दैन
नेमकिपाले जनघात गर्दैन
नेमकिपाले मित्रघात गर्दैन ।
देशघात र जनघात गर्ने जहाँ लुक्न गए पनि छोड्दै छोड्दैन ।

तिमीले ठिक भन्यौ
नेमकिपाले केही गर्दैन !
नेमकिपाले गलत गर्दैन, गलत बोल्दैन ।
गलतलाई सही भन्दैन
सहीलाई गलत देख्दैन ।
पद–पैसाका निम्ति इज्जत बेच्दैन ।
पैसा बाँडेर चुनाव जित्दैन ।
विदेशीको भक्ति गर्दैन
विदेशीको दलाली गर्दैन
देशका नदी, भूमि विदेशीलाई दिँदैन
विदेशी धम्कीसामु झुक्दैन
विदेशी दलाललाई छोड्दै छोड्दैन ।

तिमीले ठिक भन्यौ
नेमकिपाले केही गर्दैन !
संसद्मा गएर सुत्दैन
संसद्मा गयल नै गयल हुँदैन
बैठक छोडेर स्टार होटलको डिनर खान हिँड्दैन
हरेक प्रस्तावमा 'हुन्छ...' भन्दैन
आँखा चिम्लेर समर्थन गर्दैन
संसद्लाई सरकारी रबरस्टाम्प बन्न दिँदैन
प्रखर प्रतिपक्ष बन्न पटक्कै डराउँदैन ।
संसद्लाई सुनसान मसानघाट बन्न दिँदैन
संसद्लाई विचारशून्य लास बन्न दिँदैन ।
चीरहरण हुँदा आँखामा पट्टी बाँधर बस्दैन
रामलाई बनवास पठाइँदा मुखमा लडडु कोचेर बस्ने विद्वान् बाहुन बन्दैन
संसद्लाई विभीषण, लेण्डुप दोर्जे, जेलेन्स्कीहरूको 'बर्थिङ सेन्टर' बन्न दिँदैन ।

तिमीले ठिक भन्यौ
नेमकिपाले केही गर्दैन !
नेमकिपाले यो देशलाई अर्को गाजापट्टी बन्न दिँदैन,
एसियाली युक्रेन बन्न दिँदैन
दोस्रो फिजी बन्न दिँदैन
सिक्किम त कुनै हालतमा बन्नै दिँदैन
यो देशलाई 'स्प्रिङ बोर्ड' बन्न दिँदैन
नेपालबाहेक यो देशलाई अरू केही बन्नै दिँदैन ।

(अनलाइन मजदुरबाट)

# जहाँ सत्ता हैन सिद्धान्त जित्नेगर्छ

- विद्रोही राम

यदि
हल्लाको हैन
सिद्धान्तको राजनिति हुन्छ भने साँच्चै-
भक्तपुर यस्तो उज्यालो हो
जहाँ सत्ता आउँछ–जान्छ
तर इमानको ढुङ्गा
हल्लिँदैन ।

यहाँ
भोट मागदा
सपना बेचिँदैन,
कसम खाइन्छ–
मन्त्री बन्न हैन
सेवा गर्न
र यही

जनताको सबैभन्दा ठूलो विश्वास बन्छ।

नेतृत्व यहाँ
कुर्सीमा होइन,
गल्ली–गल्लीमा हिँड्छ
थाकेको शरीरमा
सङ्घर्षको अनुभव बोकेर।
८६ वर्षको उमेर पनि
यहाँ अवरोध होइन,
सेवाको प्रमाण हो–
किनकी राजनीति
उमेरले होइन
नियतले मापन हुन्छ।

प्राडो–पजेरोको आवाजभन्दा
मादलको ताल ठूलो लाग्छ यहाँ,
किनकी यो ताल
विदेशी इशारामा होइन
माटोको मुटुबाट बज्छ।

जेनजी उठ्दा सहर काँप्छन्
तर भक्तपुर स्थिर रहन्छ,
किनकी यहाँ आन्दोलन
फेसबुकबाट होइन
इतिहासबाट बग्छ।
जल्नेहरू
जलिरहन्छ
तर नेमकिपा
चलिरहन्छ–
किनकी यो पार्टी,
एक अभ्यास हो
इमानदारीको।

र जबसम्म
जनताको पक्षमा
लड्ने आँट बाँकी छ,
त्यसदिनसम्म
यहाँ सत्ता होइन,
सिद्धान्त जितिरहन्छ।
यदि हल्लाको हैन
सिद्धान्तको राजनिति हुन्छ भने साँच्चै–
प्रिय भक्तपुर तिमीलाई सलाम छ !
प्रिय नेमकिपा तिमीलाई सलाम छ !

(फेसबुकबाट)

**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
नगर शिक्षा शाखा

## आधारभूत तह (कक्षा ८) उत्तीर्ण परीक्षा-२०८२ सम्बन्धी भक्तपुर नगरपालिकाको सूचना

**प्रकाशित मिति २०८२।१०।०८ गते**

यस भक्तपुर नगरपालिकाभित्र रहेका सम्पूर्ण विद्यालयहरूमा अध्ययनरत कक्षा ८ का विद्यार्थीहरूको लागि भक्तपुर नगरपालिकाद्वारा सञ्चालन हुने आधारभूत तह (कक्षा ८) उत्तीर्ण परीक्षा-२०८२ तपसिलबमोजिम सञ्चालन हुने सूचना प्रकाशन गरिएको छ।

**परीक्षा कार्यतालिका**

**समय** : दिउँसो १:०० बजेदेखि

| क्र.सं. | मिति | बार | विषय |
|---|---|---|---|
| १. | २०८२।१२।०५ | बिहीबार | अङ्ग्रेजी |
| २. | २०८२।१२।०६ | शुक्रबार | नेपाली |
| ३. | २०८२।१२।०८ | आइतबार | गणित |
| ४. | २०८२।१२।०९ | सोमबार | विज्ञान तथा प्रविधि |
| ५. | २०८२।१२।१० | मङ्गलबार | सामाजिक अध्ययन र मानव मूल्य शिक्षा |
| ६. | २०८२।१२।११ | बुधबार | स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला |
| ७. | २०८२।१२।१२ | बिहीबार | ख्वपको पहिचान |

क) कक्षा ८ को आवेदन फारामका लागि मिति २०८२ साल फागुन १० गतेसम्म कक्षाकोठामा नियमितरूपमा हाजिरी भएको र IEMIS मा अद्यावधिक भएको व्यहोरा प्रधानाध्यापक वा प्रिन्सिपलले प्रमाणीत गरी नगर शिक्षा शाखामा अनिवार्य बुझाउनुपर्नेछ। प्रवेशपत्रका लागि सिम्बोल नम्बर कायम गरिसकेपछि पुन: डाउनलोड गरी शिक्षा शाखामा प्रमाणीत गराउनुपर्नेछ।
ख) आन्तरिक मूल्याङ्कनको प्राप्ताङ्क IEMIS मा प्रविष्ट गरी सोको प्रमाणित प्रतिलिपि नगर शिक्षा शाखाले तयार पारेको ढाँचामा तयार गरी २०८२ फागुन १५ गते शुक्रबारभित्र नगर शिक्षा शाखामा बुझाउनुपर्नेछ। तोकिएको मितिपश्चात् अनलाइन प्रविष्टि गर्न नसकिने व्यहोरा जानकारी गराइन्छ।
ग) विशेष कारणवस उल्लिखित परीक्षाको कार्यतालिका र समय तालिकामा हेरफेर गर्नुपर्ने भएमा परीक्षा समितिको निर्णयबमोजिम हुनेछ।

**भक्तपुर नगरपालिका**
शिक्षा शाखा
०१-६६१०११६

**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
नगर शिक्षा शाखा

## कक्षा ५ को वार्षिक परीक्षा तालिका संशोधनसम्बन्धी सूचना

**प्रकाशित मिति २०८२।१०।२५ गते**

यस भक्तपुर नगरपालिकाभित्र रहेका सम्पूर्ण विद्यालयहरूमा अध्ययनरत कक्षा ५ का विद्यार्थीहरूको भक्तपुर नगरपालिकाद्वारा सञ्चालन हुने **कक्षा ५ को वार्षिक परीक्षा-२०८२** तपसिलबमोजिम सञ्चालन हुने भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**परीक्षा कार्यतालिका**

**समय** : बिहान ११:०० बजेदेखि

| क्र.सं. | मिति | बार | विषय |
|---|---|---|---|
| १. | २०८२।१२।११ | बुधबार | नेपाली |
| २. | २०८२।१२।१२ | बिहीबार | गणित |
| ३. | २०८२।१२।१३ | शुक्रबार | अङ्ग्रेजी |
| ४. | २०८२।१२।१५ | आइतबार | विज्ञान तथा प्रविधि |
| ५. | २०८२।१२।१६ | सोमबार | सामाजिक अध्ययन र मानव मूल्य शिक्षा |
| ६. | २०८२।१२।१७ | मङ्गलबार | स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला |
| ७. | २०८२।१२।१८ | बुधबार | ख्वपको पहिचान |

(क) आधारभूत तहको पाठ्यक्रम २०७८ मा आधारित भई विशिष्टीकरण तालिकामा उल्लेख भएअनुसारका क्रियाकलापसहित प्रयोगात्मक परीक्षा लिनुपर्ने विषयहरूको प्रयोगात्मक परीक्षा विद्यालय आफैंले २०८२ फागुन मसान्तसम्म सञ्चालन गरी इमिसमा तोकिएको ढाँचामा २०८२।१२।१५ गतेभित्र प्रविष्टि गर्नुपर्नेछ। साथै सैद्धान्तिक परीक्षाको प्राप्ताङ्क विद्यालय स्तर एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (इमिस) मा २०८२ चैत २५ गतेभित्र प्रविष्टि गरिसक्नुपर्नेछ।
ख) विगत वर्षहरूमा जसरी यस वर्ष कक्षा ५ को लागि आवेदन फाराम भर्न नपर्ने।
ग) परीक्षाको प्रश्नपत्र नगरपालिकाले विद्यालयमा उपलब्ध गराउनेछ। विशेष कारणवस उल्लिखित परीक्षाको कार्यतालिका र समय तालिकामा हेरफेर गर्नुपर्ने भएमा परीक्षा समितिको निर्णयबमोजिम हुनेछ।

**भक्तपुर नगरपालिका**
शिक्षा शाखा
०१-६६१०११६

# आगामी निर्वाचन र नेमकिपाको निर्वाचन उपयोग नीति

**विवेक**

नेपाल मजदुर किसान पार्टीको आठौँ महाधिवेशनपछिको पहिलो केन्द्रीय परिषद् पुस १८ र १९ गते सम्पन्न भयो। परिषद्मा पार्टी केन्द्रीय सदस्यहरू, जनवर्गीय र पेशागत सङ्गठनका प्रमुखहरूबाट सङ्गठनात्मक प्रतिवेदनहरू प्रस्तुत गरियो। पार्टी सचिव का. प्रेम सुवालद्वारा प्रस्तुत पार्टी प्रतिवेदनमाथि समूहगत छलफल गरी सुझावसहित पारित गरियो। प्रतिवेदनमा देशको राजनीतिक अवस्था, अन्तर्राष्ट्रिय परिस्थितिको साथै वर्तमान सरकारले घोषणा गरेको निर्वाचनलाई उपयोग गर्ने विषय पनि उल्लेख गरिएको छ। परिषद्ले घोषणापत्र तयारी समिति र निर्वाचन प्रचारप्रसार समिति पनि गठन गरेको छ।

यतिबेला आगामी फागुन २१ गते घोषित निर्वाचनलाई लिएर विभिन्न राजनैतिक दलहरू प्रचार प्रसारमा सकृय छन्। कतिपय दलहरू गठनबन्धनमा चुनाव लड्ने तयारी पनि गर्दै छन्। दलहरूबिच पार्टी एकता, संयुक्त मोर्चा र निर्वाचन गठबन्धनका प्रक्रियाहरू भइरहेका समाचारहरू पनि आइरहेका छन्। यस अघि नेपाली काङ्ग्रेस, एमाले र माओवादीहरू गठबन्धनमा चुनाव लडेको भनी सत्तोसराप गर्ने रास्वपा पनि यतिबेला विभिन्न पार्टीहरूसित समायोजन सभा, पार्टी भित्र्याउने र अन्य समूहसित एकीकरणको अभियानमा व्यस्त देखिन्छ। निर्वाचनको सँघारमा बसेको नेमकिपाको केन्द्रीय परिषद्मा भने देश र जनताको इमानदारीपूर्वक सेवामा पार्टी कार्यकर्ताहरू लाग्नु पर्नेमा जोड दिनेबाहेक चुनावबारे त्यति चर्चा नै भएन।

## नेमकिपाले चुनावमा किन भाग लिन्छ ?

नेपाल मजदुर किसान पार्टी वैज्ञानिक समाजवादमा विश्वास गर्ने एउटा कम्युनिष्ट पार्टी हो। कम्युनिष्टहरूले कहिल्यै पनि निर्वाचनबाट समाजवाद स्थापना हुने विश्वास गर्दैनन्। बरु निर्वाचनलाई जनताको राजनैतिक स्तर उठाउन एउटा विश्वविद्यालयको रूपमा मात्र उपयोग गर्छन्। नेपाल मजदुर किसान पार्टीले त्यही काम गर्दै आइरहेको छ। पार्टी स्थापनाकालदेखि हालसम्म प्रतिक्रियावादी सङ्घ संस्थामा गएर जनताको सेवा गर्ने उद्देश्यले मात्रै निर्वाचनलाई प्रयोग गर्दै आएको हो। चुनावमा जितेर सरकारमा जाने, शासक बन्ने र अकुत सम्पत्ति आर्जन गर्ने जस्ता कुनै पनि गलत मनसाय नेमकिपाका नेता कार्यकर्ताहरूले राखेका छैनन्।

देशको विभिन्न चरणमा भएको राजनैतिक आन्दोलन र परिवर्तनमा महत्त्वपूर्ण योगदान गर्दै आएको नेमकिपा अहिलेसम्म पूँजीवादी सरकारमा सहभागी भएको छैन। पार्टीको सिद्धान्त र विचारमा अविचलित रहेर पूँजीवादको विरुद्ध पार्टी निरन्तर सङ्घर्षरत छ। त्यस क्रममा नेमकिपाका नेताहरूलाई प्रधानमन्त्री, उपप्रधानमन्त्री र मन्त्री बन्नका लागि आमन्त्रण नगरिएको पनि होइन। तर निर्वाचनको बेला जनतालाई दिएको वचनअनुसार समाजवादी विचारको निरन्तर प्रचार प्रसार गर्दै प्रखर प्रतिपक्षको भूमिका निर्वाह गर्दै आएको छ। पार्टीहरू सरकारमा जानका लागिमात्र होइन निर्वाचनलाई वैचारिक सङ्घर्षको रूपमा पनि भाग लिन सक्छन् भन्ने नेमकिपा एक उदाहरण हो। कुनै स्वार्थ नलिई देश र जनताको सेवामा समर्पित भएर काम गर्नु नै राजनीति हो भन्ने मान्यता पनि नेमकिपाले स्थापित गरेको छ।

भदौ २३ र २४ गते युवाहरूको विध्वंसात्मक प्रदर्शनपछि नेपालमा अप्रत्यासित ढङ्गले सरकार परिवर्तन भयो। दुई दिनको प्रदर्शनीमा खर्बौँको भौतिक क्षति र ७६ जनाको ज्यान गयो। विदेशी तत्त्वहरू नेपालका युवाहरूबिच भित्र भित्र काम गरिरहेको हाम्रा शासक दलहरूले कुनै सुइँकोसम्म पाएनन्। त्यो योजनाबद्ध ढङ्गले नेपालको सरकार परिवर्तन गराइएको भन्ने कुरा बारबरा फाउन्डेसन, अमेरिकी युथ काउन्सिल, तिब्बती शुद्ध रगत (टिओबी) जस्ता संस्थाहरू सतहमा आएपछि मात्र प्रष्ट भयो। यो विभिन्न देशहरूमा साम्राज्यवादीहरूले गर्दै आएका रङ्गीन क्रान्तिको सिलसिला मात्र भएकोमा अब कुनै भ्रम रहेन।

अहिले सरकार संविधानभन्दा बाहिरबाट बनेको छ। दलीय शासन व्यवस्थामा निर्दलीय चरित्रको सरकार छ। यो सङ्क्रमणकालीन समय जति लम्बिन्छ, त्यति नै देश र जनता थप सङ्कटमा पर्दै जानेछन्। त्यसैले यो राजनैतिक अस्थिरताको अन्त्य छिटो गरिनु आवश्यक छ। त्यसैले फागुन २१ गते हुने निर्वाचनलाई पनि नेपाल मजदुर किसान पार्टीले उपयोग गर्ने नीति लिएको हो।

पार्टी स्थापनाकालदेखि नै नेमकिपाले निर्वाचनलाई प्रतिक्रियावादी शासकहरूले गर्दै आएको जनविरोधी क्रियाकलापहरूलाई नङ्ग्याउने, जनतालाई राजनैतिक रूपले सचेत पार्ने र समाजवादी विचार प्रचार गर्ने मञ्चको रूपमा उपयोग गर्दै आएको हो। निर्वाचनको बेला तुलनात्मक रूपमा जनताले राजनीतिप्रति चासो राख्ने हुनाले त्यो अवसरलाई नेमकिपाले उपयोग गर्दै आएको हो।

बाली काट्ने आन्दोलन, भर्पाई आन्दोलन,

भ्रष्टाचारविरोधी आन्दोलन, महँगीविरोधी आन्दोलनजस्ता जनताको जनजीविकाको सवाललाई लिएर समय समयमा गरेको आन्दोलन र साम्राज्यवादी देशले अर्का कमजोर देशमाथि गर्ने थिचोमिचो, हस्तक्षेप र आक्रमणको विरोधमा हुने सङ्घर्ष जस्तै नेपाल मजदुर किसान पार्टीले निर्वाचनलाई पनि एउटा वर्ग सङ्घर्ष र राजनैतिक सङ्घर्षको रूपमा अगाडि बढाउँदै छ ।

## संसद् पनि वर्ग सङ्घर्ष र राजनैतिक सङ्घर्षको थलो

नेमकिपा संसद्लाई एक बौद्धिक अभ्यासको थलो बनाउनुपर्छ भन्ने मान्यता राख्छ । तर, संसद् संसद् जस्तै रहेन । नेका, एमाले र माओवादी पालैपालो सरकारमा गए पनि उनीहरूले व्यापक जनताको हितमा काम गरेनन् । देशका सारा उद्योगधन्दाहरू निजीकरण गर्ने उद्देश्यले प्रस्तुत लगानी बोर्ड विधेयक, विदेशीहरूले समेत नेपालमा असीमित घर जग्गा राख्न पाउने गरी प्रस्तुत घरजग्गा कारोबार विधेयक, एनजीओ र आइएनजीओका प्रतिनिधिहरू सञ्चालकमा रहने ग्रामीण खानेपानी विधेयक, विदेशीहरूको शत प्रतिशत लगानीमा नेपालमा बैङ्क खोल्न पाउने बैङ्क तथा वित्तीय संस्था सम्बन्धी विधेयक संसद्मा प्रस्तुत हुँदा नेमकिपाका सांसदहरूले विरोध गर्नुभयो । ती विधेयकहरू पारित भएपछिको परिणाम के भयो सारा नेपाली जनतासामु छर्लङ्ग छ ।

देशघाती एमसीसी सम्झौता र विदेशी नागरिकलाई सहज नेपाली नागरिकता प्रदान गर्ने उद्देश्यले प्रस्तुत देशघाती नागरिकता विधेयकलगायत थुप्रै विधेयक र सन्धि सम्झौताहरूको पनि नेमकिपाका सांसदहरूले चर्को रूपमा विरोध गर्नु भएको थियो ।

२०४६ सालपछि बनेको सरकारले सांसदहरूलाई पनि पेन्सन सुविधा सम्बन्धी प्रस्ताव, प्राडो पजेरो सुविधाजस्ता प्रस्तावहरूको नेमकिपाले सदनमा चर्को विरोध गरेर सबैलाई सचेत पारेको थियो । यसरी नेमकिपाले व्यवस्थापिका संसद्मा निर्वाचित भएर सेवा सुविधामा रमाउन होइन देश र जनताको इमानदारीपूर्वक सेवा गर्न सबैलाई पाठ सिकाएको छ । नेपालको राजनैतिक पार्टीहरूमा नेमकिपाले एक छुट्टै पहिचान कायम गर्न सफल भएको छ ।

नेपालको संविधान निर्माणको बेला पनि संविधानसभामा रहेर देश र जनताको हितमा संविधान निर्माण गर्न सभासद्हरूले महत्त्वपूर्ण योगदान गर्नुभयो । शिक्षा, स्वास्थ्य उपचार निःशुल्क, रोजगारीका सुनिश्चितता, उद्योगहरूको सामाजिकीकरण, सम्पत्तिमा सिमाङ्कन, विदेशमा सम्पत्ति राख्न नपाउने व्यवस्थाको लागि नेमकिपाका सांसदहरूले संविधानसभामा निरन्तर जोड दिनुभयो । तर नेका, एमाले र माओवादीहरूको अत्यधिक बहुमत भएको त्यस सभाले नेमकिपाले अगाडि सारेका ती प्रस्तावहरूलाई ध्यान दिएन । परिणाम आज दैनिक हजारौँ युवाहरू रोजगारीको निम्ति विदेश जान बाध्य भए भने वर्षको लाखौँ विद्यार्थीहरू उच्च शिक्षाको लागि विदेश जानुपर्ने वातावरण बन्यो ।

अझ संविधान सभामा माओवादीहरूले जातीय राज्य र आत्मनिर्णयको अधिकारको प्रस्ताव राख्दा नेमकिपाले त्यसको सशक्त विरोध गरेको थियो । देश आत्मनिर्णयसहितको जातीय राज्यमा गएको भए आज नेपालको अवस्थामा के हुन्थ्यो ? अहिले संसारका विभिन्न देशहरूमा भइरहेको जातीय द्वन्द्वहरूबाट नेपालीहरूले त्यसबारे बुझेको हुनुपर्छ ।

यसर्थ, नेपाल मजदुर किसान पार्टीले संसद् र संविधानसभामा गएर जनताको हितमा कानुन निर्माण गर्न जोड दिने, प्रतिगामी विधेयकहरू र सम्झौताहरूको विरोध गर्ने नीतिलाई व्यवहारमा उपयोग गर्दै आएको छ ।

## सांसद किनबेचनको फोहोरी खेलबाट टाढा

संसदीय व्यवस्थामा सांसद किनबेचको फोहोरी खेल हुनु अस्वभाविक होइन । जनताबिच राजनीति गरेको आधारमा होइन कि पैसाको बलमा सांसद हुनेहरू बढी देखिएका छन् । अहिले संसद्मा शासन सत्ता पल्टाउन  जेलनेलको पर्वाह नगरी सम्पूर्ण जीवन पार्टीमा समर्पित भएर लागेका इमानदार कार्यकर्ताहरूभन्दा करोडौँ रुपैयाँ पार्टीलाई 'चन्दा' सहयोग गर्न सक्ने धनाढ्य व्यापारीहरू, ठेकेदारहरू, तस्कर र भ्रष्टाचारीहरूको बोलवाला हुन थालेका छन् । विनोद चौधरी, राज्यलक्ष्मी गोल्छा, राजेन्द्र खेतानजस्ता व्यक्तिहरू पार्टीलाई करोडौँको सहयोग दिएर सांसद र संविधासभा सदस्य बनेका छन् । यसले संसद् प्रतिक्रियावादीहरूको लागि आवश्यकताअनुसार नयाँ नयाँ कानुन निर्माण गर्ने सञ्चालक समितिमात्र साबित गरेको छ । नेपाल मजदुर किसान पार्टी संसद्लाई समाजवादी क्रान्तिको वातावरण निर्माण गर्न आन्दोलन गर्ने एक थलोको रूपमा मात्र लिन्छ अर्थात् पार्टीले क्रान्तिकारी संसद्वादको अभ्यास गर्दैछ ।

नेपाल मजदुर किसान पार्टीले निर्वाचनको बेला जनतालाई दिएको वचनअनुसार सङ्घ, प्रदेश र स्थानीय तहमा घोषणापत्रअनुसार काम गर्दैछ । कति शासक दलहरूले आफू निर्वाचित भएपछि घोषणापत्रलाई पल्टाएर हेर्नेसम्म गर्दैनन् । तर नेमकिपा भने जनतालाई दिएको वचन अक्षरसः पालना गर्दै अगाडि बढ्दैछ ।

संसदीय चुनावलाई प्रतिकृयावादीहरूलाई नङ्ग्याउने र जनतालाई समाजवादी विचारबारे प्रष्ट पार्ने एक अभियानको रूपमा सिद्धान्त र विचारमा अविचलित रही नेमकिपा सङ्घर्षरत छ । नेमकिपा नेपालको कम्युनिष्ट आन्दोलनको एक 'प्रकाश स्तम्भ'को रूपमा नेपालको राजनीतिमा उदाएको छ ।

# भक्तपुर नगरपालिकाको शिचाङ (तिब्बत) को शाननान सहरसँगको भगिनी सम्बन्ध र यालोङ महोत्सव



रजनी जोशी, उपप्रमुख, भनपा

कुनै पनि देशको विकास र त्यहाँको समाजको गतिविधिको मापन उक्त देशको राजनैतिक नीतिमा निर्भर हुन्छ। देशलाई सही दिशानिर्देश गर्ने सिद्धान्त तथा इमानदार र दत्तचित राजनीतिक नेताहरूको पहलले देशको विकास (भौतिक/सामाजिक) अवश्यम्भावी छ भन्दा अतिशयुक्ति नहोला। समाजवादी व्यवस्थाबाट साम्यवादतर्फ उन्मुख हुन सकेमात्र देशको दिगो विकासको सुनिश्चितता हुन्छ। यसको लागि आफूभन्दा पहिले अरूलाई बनाउनु जरुरी हुन्छ भन्ने भावना राख्नुपर्दछ।




यस्तै समाजवादी व्यवस्था, समाज उत्थानका काम तथा भौतिक-सामाजिक विकासतर्फ लम्किरहेको चीनको शिचाङ (तिब्बत) को एक सहर हो 'शाननान'। यो सहर यालोङ नदी किनाराको तिब्बती पठारमा अवस्थित छ। भक्तपुर नगर र भगिनी सहर शाननान हजारौं पर्वत र नदीबाट छुट्टिएका छन्। तथापि, भगिनी सम्बन्ध स्थापित भइसकेपछि दुई सहर सांस्कृतिक, व्यापारिक, स्वास्थ्य र पर्यटनजस्तो क्षेत्रमा एक आपसमा नजिकिँदै गएको छ। अब विचार र अनुभव आदानप्रदानबाट दुई सहरबिचको सम्बन्ध सुदृढ हुँदै गएको महसुस हुन्छ।

सन् २०२५ नेपाल र चीनबिच कूटनीतिक सम्बन्धको ७० वर्ष र भक्तपुर नगर र शाननान सहरबिचको भगिनी सम्बन्धको नवौं वर्ष हो। यालोङ यस स्थानको महत्त्वपूर्ण नदी हो। तिब्बतको यालोङ नदी भारत र बङ्गलादेश पुगेपछि ब्रह्मपुत्र नदीको नामले चिनिन्छ। यही वर्ष यालोङ सांस्कृतिक तथा पर्यटन महोत्सवको आयोजना गरी भगिनी सहरबिचको सम्बन्ध नवीकरण/स्वास्थ्य उपकरण सहायता सामग्री हस्तान्तरण गर्ने कार्यक्रमका लागि भक्तपुर नगरपालिकाका प्रतिनिधिमण्डललाई आमन्त्रण गरिएको थियो। यस निमन्त्रणालाई सार्थकता दिन भक्तपुर नगरपालिका कार्यपालिकाबाट उपप्रमुखको नेतृत्वमा आठ सदस्यीय टोली शाननानमा आयोजित उक्त महोत्सवमा भाग लिने निर्णय भएको थियो। सो टोली असोज ३ गते शाननान सहरको लागि काठमाडौँबाट प्रस्थान गऱ्यो।

ल्हासा विमानस्थलमा जहाज अवतरण गर्ने क्रममा आकाशबाट देखिएको शाननान सहर अत्यन्तै व्यवस्थित देखियो। विमानस्थलको व्यवस्थापन, सुरक्षा व्यवस्था तथा अन्य कुराहरू पनि व्यवस्थित देखियो। विमानस्थलको आगमन कक्षमा शाननान सहरका विदेश विभाग निर्देशक सि लुओ (Xi Luo), विदेश विभाग अधिकृत अउ चु माऊ चिङ (Ou Zhee zing) लगायतका प्रतिनिधिहरूबाट हाम्रो टोलीको आत्मीय र भव्य स्वागत भयो। भक्तपुर नगरको भगिनी सम्बन्ध रहेको सहर शाननान सहर र शिचाङको (तिब्बत) राजधानी ल्हासाको पाँचदिने भ्रमण र विभिन्न उद्योग/ कृषि/ विद्यालय/ अस्पतालको अवलोकनको अवसरमा प्राप्त विभिन्न जानकारीबाट चीन समाजवादी सिद्धान्तका आधारमा साम्यवादउन्मुख देशको रूपमा अघि बढेको देश हो भन्ने महसुस हुन्छ। किनभने भक्तपुरमा राजनैतिक सचेतनाका कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका अध्यक्षलगायतका अग्रज नेताहरूबाट समाजवादी व्यवस्थाका सिद्धान्तबारे कक्षा सञ्चालन हुँदा व्यक्त विचारलाई समाजवादी व्यवस्थाको कल्पनामा मात्र हुने तर त्यस्तो व्यवस्थाबारे कमैमात्र अनुभूत हुन्थ्यो। यस ठाउँको अवलोकन भ्रमणबाट समाजवादी बन्दोबस्तको हामीले प्रत्यक्ष अनुभव गर्न पायौं। यसका केही उदाहरणहरूको बुँदागत रूपमा उल्लेख गर्न सकिन्छ :

## उत्पादनका साधनहरू राज्यको स्वामित्व हुनुपर्ने

शाननान जाने क्रममा समुद्री सतहबाट ३७५० मि. उचाइमा रहेको Dwarf स्याउ बगैंचा भ्रमण गर्दा स्याउ खेतीको लागि सरकारको ६० प्रतिशत लगानी र ४० प्रतिशत निजी लगानीमा सञ्चालित रहेको जानकारी पायौं। सरकार र निजी दुवैको अपनत्व, मिहिनेतमा प्रतिबोट (सानो जातको) मा नै १५ किलोसम्म स्याउ फल्ने जानकारी पायौं। चीनमा भूमिको स्वामित्व राज्यअन्तर्गत रहेको सिद्धान्त राज्यअन्तर्गत

नहुनुपर्ने थियो। सोहीअनुरूप सबैजसो उद्योग, कलकारखाना सञ्चालन सरकारी स्वामित्वको जग्गामा नै हुने गरेको छ। दोस्रो दिन कुखुरापालन र अण्डा उत्पादन कारखाना भ्रमण गर्दा पनि सरकारी जग्गामा सरकारको ६० प्रतिशत लगानीमा दैनिक लाखभन्दा बढी अण्डा उत्पादन भइरहेको र त्यहाँबाट चीनको भित्री वा मुख्य भूभागमा (Main Land China) समेत निर्यात भइरहेको जानकारी प्राप्त गऱ्यौँ।

तेस्रो दिन अंगुर खेती र वाइन (Wine) उत्पादन केन्द्रको अवलोकन भ्रमण गऱ्यौँ। खोलाको बगरमा गरिएको अंगुर खेतीको उत्पादन राम्रो र आकर्षक देखिन्थ्यो। उक्त अंगुर खेतीमध्ये विश्वकै अग्लो भागमा खेती गरिएको कारण यस बागबानी गिनीज वर्ल्ड रेकर्डमा सूचिकृत रहेको जानकारी पायौँ। उक्त बागबानीको केही माथि अंगुरको वाइन उत्पादन केन्द्र स्थापना गरिएको र यहाँबाट उत्पादित वाइन चीनका अन्य प्रान्तमा समेत बिक्री वितरण हुने साथै यस कम्पनीमा पनि सरकारको ४० प्रतिशत लगानी र ६० प्रतिशत कम्पनीको लगानीमा सञ्चालन भइरहेको जानकारी पायौँ। यसरी सबै उत्पादनमा राज्यको लगानी भइरहेको जानकारी पायौँ।

वाइन उद्योगबाट अक्सिजन उत्पादन गर्ने विभिन्न किसिमका आधुनिक विद्युतीय उपकरण उत्पादन गर्ने ठाउँको अवलोकन भ्रमण गर्यौं। तिब्बत सिचाङ क्षेत्रको उचाइ ३५०० मि. भन्दा माथि (High attitude) पर्ने भएकोले मानिसलाई अक्सिजनको कमी भइरहने भएको कारणले यो कम्पनी स्थापना भएको बुझिन्छ। यो कम्पनी पनि सरकारी कम्पनीको साझेदारीमा सञ्चालन भइरहेको जानकारी पायौँ भने यहाँका कर्मचारीहरूको लागि जनशक्ति मैत्री वातावरणयुक्त पुस्तकालय, भवनभित्रको हरियाली बगैँचासहितको खेलकुद कक्ष तथा चमेनागृहको व्यवस्था रहेको कारण यो उद्योग श्रमिकमैत्री भएको पायौँ।

त्यसपछि Quinje countey आधुनिक हरित गृह (Greenhouse Farming), कृषि उत्पादन केन्द्रको पनि अवलोकन गऱ्यौँ। यो केन्द्र पनि सरकार र निजी कम्पनीको लागत साझेदारीमा सञ्चालित रहेको पायौँ। यस हरितगृह अत्याधुनिक (Drip Irrigations) र सोहीअनुरूपको थोपा सिँचाइको (Drip Irrigations) व्यवस्था गरिएको थियो। उक्त हरित गृहबाट उत्पादित सलादको रूपमा प्रयोग हुने विभिन्न किसिम र रङ्गको गोलभेडा, काँक्रोलगायत तरकारी, सागसब्जी र फलफूलहरूको माग स्थानीय बजारमा उच्च रहेको जानकारी प्राप्त भयो। यस प्रकारले शाननान सहरको भ्रमणको क्रममा यस सहर कृषिमा आत्मनिर्भर रहन थालेको र केही उत्पादनहरू भित्री चीन वा मुख्यभूमि (Inland China) र छिमेकी देशहरूमा पनि निर्यात हुन थालेको जानकारी पायौँ।

शाननान सहर सिचाङ (तिब्बत) प्रान्तलगायतका क्षेत्रमा चिनियाँ सरकारले विकासका पूर्वाधारहरूको निर्माण र उद्योगधन्दाको विकास गर्दा वातावरणीय पक्षलाई अति महत्त्व दिएको पाइन्छ। जस्तै : अंगुर खेती भ्रमण गर्ने क्रममा यार्लुङ्ग नदी (ब्रह्मपुत्र) नदीपारि सिमेन्ट कारखाना देख्यौँ, उहाँहरूको भनाइअनुसार चीनको नीतिअनुसार त्यहाँको प्रकृति र वातावरणको सुरक्षा गर्न उक्त सिमेन्ट कारखानाले प्रयोग गर्ने आवश्यक माटो अगाडि प्रयोग गर्नको लागि पहाड फोडेर निकालिएकोमा हाल त्यस कार्यलाई रोकेर आवश्यक कच्चा पदार्थ अन्य स्थानबाट ल्याई सिमेन्ट उत्पादन भइरहेको जानकारी पायौँ। यसबाट चीन सरकारलगायत शाननान सहरको स्थानीय सरकार पनि प्रकृति र वातावरण जोगाउने कार्यमा सचेत र संवेदनशील रहेको पायौँ।

समाजवादी देशले शिक्षा र स्वास्थ्यजस्ता आधारभूत आवश्यकताका लागि व्यवस्था गरिएको हुन्छ। भ्रमणको तेस्रो दिन शाननान सहरको एक उच्च मावि Second Senior High School अवलोकन गर्ने अवसर मिल्यो। सिचाङ (तिब्बत) क्षेत्र शिक्षामा चीनका अन्य प्रान्तहरूमा जस्तै विस्तार र विकास गर्न नि:शुल्क र अनिवार्य शिक्षा (उच्च मा.वि.) सम्म लागु गरिएको जानकारी पायौँ। उक्त विद्यालयमा २५०० भन्दा बढी विद्यार्थीहरू अध्ययनरत रहेको कक्षा कोठामा स्मार्टबोर्डमा पढाइने र सबै विद्यार्थीहरूको आ-आफ्नै ल्यापटप, ट्याबलेट प्रयोग गर्छन् भन्ने जानकारी प्राप्त भयो। हामीले सोहीअनुसारको व्यवस्था कक्षाकोठामा देख्यौँ पनि। विद्यार्थीहरूले कक्षा कार्य र गृहकार्य कक्षाकोठामै गर्ने व्यवस्था रहेको पायौँ। सबै विद्यार्थी छात्रावासमा बस्ने व्यवस्थाको साथै खाना र पोशाकको व्यवस्था मिलाइएको र केही रकम पकेट खर्चको व्यवस्था पनि भएको जानकारी प्राप्त भयो। त्यसैगरी सिचाङका जनताको स्वास्थ्यलाई प्राथमिकतामा राखी स्वच्छ वातावरण, व्यायाम, स्वाथ्यवर्द्धक ताजा भोजनलाई महत्त्वका साथ उपलब्ध गराइरहेको र बिरामी परेको अवस्थामा त्यहाँका जनताको उपचारको लागि अत्याधुनिक शाननान पब्लिक अस्पताल खोली सेवा प्रदान गर्दै आएको अवलोकन गऱ्यौँ। उक्त अस्पताल ६०० शय्याको रहेको, MRI, CT Scan, मुटु रोगसम्बन्धी उपकरणहरूबाट सेवा गर्दै आएको पायौँ। त्यसैगरी बिरामी आफैले अथवा बिरामीको परिवारले कृतिम बुद्धिमत्ता (एआई) मार्फत रजिस्ट्रेसन र सेवासम्बन्धी जानकारी प्राप्त गर्ने व्यवस्था मिलाइएको पायौँ। यस्तो व्यवस्थाले अस्पतालमा मानिसहरूको भीड अत्यन्तै न्यून रहेको पायौँ। यहाँ ५०० जनशक्तिबाट सेवा प्रदान गर्दै आइरहेको र त्यसको एकतिहाइ जनशक्ति चिकित्सकहरू रहेको जानकारी पायौँ। यस अस्पताललाई आर्थिक, भौतिक, विशेषज्ञ सहयोग चीनको आन्हुई प्रान्तबाट प्राप्त भइरहेको जानकारी पायौँ। यो चीनको सबल पक्ष र असल अभ्यासको रूपमा लिन सक्छौँ। यसरी विकसित प्रान्तले कम विकसित प्रान्तलाई माथि उठाउन सहयोग गर्ने नीतिले सन्तुलित विकासमा योगदान पुगेको पायौँ। यसकारणले सिचाङ प्रान्तको हरेक पक्षको विकास तीव्रगतिमा भइरहेको महसुस गऱ्यौँ।

भौतिक पूर्वाधार विकासतर्फ सिचाङ (तिब्बत) तीव्र रूपमा अघि बढिरहेको महसुस गर्न सकिन्छ । हवाईजहाजबाट ल्हासा विमानस्थलमा अवतरण गर्नुअघि माथिबाट शाननान सहरको व्यवस्थित भौतिक संरचना – बाटोघाटो, एक County को पूर्ण संरचना (रङ्गशालासहित), हरेक पहाडको टुप्पोमा विद्युतीय संरचना, केही होचो पहाडमा तल्लो भागबाट पानी सङ्कलन केन्द्रहरूबाट प्रस्ट रूपमा देखिन्छ । यसप्रकारले सिचाङ (तिब्बत) जस्तो सुख्खा पठार क्षेत्रमा समेत वातावरण सुधार गर्न हरियाली व्यवस्था गर्ने कार्य र योजनाहरू तीव्र रूपमा अगाडि बढिरहेको पायौँ ।

ल्हासा एयरपोर्टमा अवतरण गरिसकेपछि भन्सार प्रक्रिया पनि अत्यन्तै व्यवस्थित, सरल तर कडाइका साथ भइरहेको र त्यति धेरै चहल पहल नभएको महसुस भयो । तथापि, एयरपोर्टबाट बाहिर निस्कनेबित्तिकै एयरपोर्टको संरचना अत्याधुनिक र Modern Architecture Style मा निर्मित हालसाल मात्र निर्माण सम्पन्न भएको देखिन्छ ।

एयरपोर्टबाट गन्तव्य जाने क्रममा बाटाहरू चौडा र सुरक्षित, दायाँ बायाँ हरियाली देख्न सकिन्थ्यो र प्राप्त जानकारीअनुसार चीनका सरकारी कर्मचारीहरू वर्षमा एक पटक यस प्रान्तमा यालोङ (ब्रह्मपुत्र) नदी किनारमा रुख रोप्नुपर्ने र समय समयमा आएर आफूले रोपेका रुखहरू बाँचेको हुर्केको छ छैन हेर्न आउनुपर्ने र यस अवसरमा शाननान सहर घुम्न सकिने व्यवस्था गरी आन्तरिक पर्यटन प्रवर्द्धन गरिरहेको पायौँ । जुन अनुसरण गर्न योग्य देखिन्छ ।

समाजको लागि आवश्यक बन्दोबस्तसहितको बस्तीको विकास भइरहेको जानकारी प्राप्त भयो । आधारभूत शिक्षा, कक्षा १२ सम्मको अनिवार्य र निःशुल्क शिक्षा हासिल गर्न सकिएपछि चीनका अन्य प्रान्तहरूमा उच्च शिक्षाको व्यवस्था रहेको जानकारी भयो ।

ल्हासा जाने क्रममा तिब्बतको केन्द्र भएको कारणले चहलपहल शाननान सहरको दाँजोमा बढी देखिएको महसुस भयो । यहाँ पनि बाटाघाटा सफा व्यवस्थित र सहरभित्रै चौडाचौडा बाटा र बिचमा बगैँचा विभिन्न यामका फूलहरूले सजिएको अत्यन्तै रमणीय वातावरण रहेको थियो । हिँड्नेहरूको लागि पनि फराकिला चौडा फुटपाथ र ठाउँ ठाउँमा फूल र हरियाली बोटले अझ सुन्दर बनाएको थियो ।

नगरका घरहरू स्वरूप फरक फरक अर्थमा थियो कि हरेक घर तिब्बतको मौलिकता झल्किएको र सरकारको भवन निर्माण संहिता, मापदण्ड हरेक घर, भवनले पालना गरेको कारणले गर्दा यहाँको चोक, गल्ली बजार अझ विशेष रहेका थिए । जसरी भक्तपुर आउँदा पर्यटकहरूले भक्तपुर फरक र विशेष लाग्छ भन्ने गर्दथे त्यसरी नै ल्हासा सहर हाम्रो लागि विशेष रह्यो ।

सिचाङ (तिब्बत) को सम्पदा र संस्कृतिमा तिब्बतीहरू अत्यन्तै गर्व गर्छन् । हामीले पनि त्यहाँको मौलिक कला, संस्कृति, रीतिरिवाज अवलोकन गर्ने अवसर पायौँ । नेपालका भृकुटीले त्यहाँका ३३ औँ राजा स्रङचङ गम्पोसँग विवाह गरी तिब्बत जाँदा आफूसँगै लगेका शिल्पकार, डकर्मी आदिबाट त्यहाँ भव्य मन्दिर तथा बुद्धको मूर्तिसमेत स्थापना गरेको विश्वास गरिन्छ ।

तिब्बतलाई चिनियाँ सरकारले एक सांस्कृतिक महत्त्व रहेको सहरका रूपमा प्राथमिकतामा राखेको पायौँ । यार्लोङ महोत्सवमा भक्तपुर नगरपालिकाको सहभागिताले यो महोत्सव अन्तर्राष्ट्रिय महोत्सव बनेकोमा उहाँहरू प्रभावित हुनुभएको थियो । हामीले पनि गर्व महसुस गऱ्यौं ।

## उपसंहार

मित्रराष्ट्र चीनको स्वशासित क्षेत्र सिचाङ (तिब्बत) को शाननान र ल्हासाको भ्रमणबाट हामीले देशको तीव्र सामाजिक, आर्थिक र भौतिक विकासमा राजनीतिक व्यवस्था वा समाजवादी व्यवस्थाको भूमिका हुने प्रत्यक्ष अनुभव गऱ्यौँ । सन्तुलित विकासको लागि समाजवादी बन्दोबस्ती अत्यन्त प्रभावकारी रहेको हामीले बुझ्न पायौँ । प्राकृतिक स्रोत र साधनको उचित सदुपयोग गर्दै पर्यावरणीय प्रभावलाई समेत सन्तुलनमा राखेको पायौँ । दिगो विकासको उपाय पनि राज्यको स्वामित्व र नियन्त्रणमा सञ्चालन हुने विकास निर्माणले नै व्यवस्थित गर्नसक्ने अनुभव गर्ने अवसर प्राप्त भयो । प्राकृतिक विविधता र वैभवताले सुसज्जित नेपालमा संविधानले समाजवादउन्मुख राज्य व्यवस्था हुने गरे तापनि व्यवहारमा लागु हुन नसक्दा देशको सन्तुलित र तीव्र विकासमा बाधा पुगिरहेको हामी सबैले अनुभव गरेकै हौँ ।

केही दशक अगाडिसम्म विकासको लागि सङ्घर्षरत सिचाङ (तिब्बत) ले केही दशकभित्र गरेको विकासको बन्दोबस्तको श्रेय त्यहाँको समाजवादी व्यवस्था नै रहेको प्रस्टसँग बुझ्ने अवसर ६ दिनको यो भ्रमणले हामीलाई प्रदान गऱ्यो । यसले हामीलाई इमानदारीका साथ देश र जनताको सेवा गर्ने, सिद्धान्तमा अविचलित रही व्यक्तिगत विकासलाई भन्दा समाज र देशको विकास गरी आफ्नो समेत भलो गर्न उद्देश्यका साथ समाजवादउन्मुख राज्य स्थापनाको लागि सबैको ध्यान जानुपर्ने महसुस भयो । देशका सबै राजनीतिक दल र दलका नेताहरूबाट संविधानको भावनाअनुसार समाजवादउन्मुख राज्य निर्माणको लागि विकास निर्माण, उत्पादन र व्यापार व्यवसायमा समेत राज्यको पहुँच पुऱ्याई सन्तुलित विकासको लागि आजैदेखि लाग्नुपर्ने देखिन्छ । भगिनी सम्बन्ध भएको चीनको स्वशासित क्षेत्र सिचाङ (तिब्बत) को शाननान सहर र ल्हासा सहरको भ्रमणबाट देश र जनताको इमानदारीपूर्वक सेवा गर्न राजनैतिक प्रणाली, इमानदार नेता, कार्यकर्ता र कर्तव्यनिष्ठ जनता भए देश र समाजको विकास अत्यन्तै तीव्रगतिमा हुने अनुभव भयो । सोको लागि भगिनी सहर शाननान र त्यहाँका जनताप्रति कृतज्ञता व्यक्त गर्दछौँ ।

# केही काल्पनिक समाजवादीहरू र हामी

नसीम


टोमाजो काम्पानेला

सभ्यतामा अघि बढेका समाजहरूमा चिन्तकको अभाव हुन्न। चिन्तनको दरिद्रता पिछडिएको समाजको पहिचान हो। यस हिसाबले पश्चिमी समाज धेरै अगाडि बढिसकेका छन्। विशेषगरी समाजवादी चिन्तकहरूको परम्परा युरोपको चिन्तन परम्पराकै गौरवशाली अध्याय हो। उनीहरूको विचारको व्यापकता हेर्दा उनीहरूलाई समग्र मानव जातिकै धरोहर मान्दा फरक पर्दैन। **कार्ल मार्क्स, फ्रेडरिक एङ्गेल्स, लेनिन, स्तालिन**जस्ता हस्तीहरू यही परम्पराका सुयोग्य सन्तान हुनुहुन्थ्यो। कार्ल मार्क्सको पुस्ता फ्रान्सेली प्रबोधन युगबाट धेरै प्रभावित थियो भन्ने कुरालाई जति प्रचार गर्नुपर्ने हो, त्यो देखिन्न। यो छोटो लेखमा हामी समाजवादी परम्पराका केही विचारक र तिनका विचारको सङ्क्षिप्त चर्चा गर्नेछौँ।

फ्रान्सभन्दा अगाडि हामी इटाली जान्छौँ। त्यहाँ सन् १५६८ मा टोमाजो काम्पानेला (Tommaso Campanella, Italian, 1568- 1639) को जन्म भएको थियो। उनी एक सार्की परिवारमा जन्मेका र पादरी शिक्षामा दीक्षित भएका अत्यन्त अध्ययनशील चिन्तक थिए। आफ्नो समयका उनी क्रान्तिकारी विचारक थिए। महान् वैज्ञानिक ग्यालिलियो उनकै समकालीन थिए। आफ्ना परिवर्तनकारी विचारको निम्ति २७ वर्ष धार्मिक कैदमा बिताएका काम्पानेलाले कैदमा छँदा एउटा छोटो रचना तयार पारे। *'घमाइलो सहर'* नामक त्यो सानो तर विचार एवम् कल्पनाले खचाखच भरिएको पुस्तकमा शासनकलाबारे धेरै सूक्ष्म विचार पाइन्छ। चिनियाँ राष्ट्रपति सी चिनफिङले प्लेटोको *'गणतन्त्र'* र थोमस मुरको *'कल्पनालोक'* सँगै *'घमाइलो सहर'* लाई पनि पढ्नैपर्ने पुस्तकको सूचीमा राख्नुभएको छ।

*'घमाइलो सहर'* मा काम्पानेलाले आफ्नो चिन्तनको सार राखेका छन्। उनी प्राचीन चिन्तन परम्पराका गम्भीर अध्येता थिए। वार्तालापको शैलीमा काम्पानेलाले गम्भीर विषयलाई सरल तुल्याएर पस्केका छन्। *'घमाइलो सहर'* मा एकजना जहाजी कप्तान र आरामगृहका प्रमुखबिच वार्तालाप हुन्छ। जहाजी कप्तान भर्खरै एउटा टापुबाट फर्केको हुन्छ। उसले प्रमुखलाई त्यस सभ्य टापुको परिपाटीबारे बताउँदै जान्छ। जिज्ञासु प्रमुखले त्यहाँका शासक, शासन प्रणाली र जनताको जीवन एवम् चिन्तनशैलीबारे प्रश्न गर्दै जाँदा वार्तालाप गहकिलो बन्दै जान्छ।

घमाइलो सहरका प्रधानको नाम होह हो। उनी दार्शनिक, पुजारी र ज्ञानी व्यक्ति हुन्। उनको मातहत तीनजना प्रमुख छन्। पोन (शक्ति), सिन (विवेक) र मोर (प्रेम) पनि आफ्ना सहयोगीहरूमार्फत काम गर्छन्। पोनले राज्यको दण्डविधान हेर्छन्। राज्य, सेना, युद्धजस्ता विषय उनले हेर्नुपर्छ। विवेकमातहत १३ जनाभन्दा बढी विशेषज्ञहरू हुन्छन्। ती वैज्ञानिकहरूले आफ्नो ज्ञान जनताले बुझ्ने भाषामा लेख्नु र सुनाउनुपर्छ। उनीहरूको कला घमाइलो सहरका भित्ताभित्तामा देख्न सकिन्छ। मोरले प्रेमको विषय हेर्छन्। जनताबिचको आपसी स्नेह, प्रेम, बिहेवारी तथा घरजमको बन्दोबस्त मिलाउनु उनको जिम्मेवारी हो।

घमाइलो सहरमा जनतालाई शिक्षित पार्न बिछट्टै राम्रो परिपाटी छ। सहरलाई पर्खालको ६ वटा घेराले घेरेको छ। बाहिर निस्किने चारवटा सिधा सडक छन्। सहरबाहिर खेतीपातीको काम हुन्छ। पर्खालहरूलाई जनता शिक्षित पार्ने पुस्तकको रूपमा झिलिमिली पारिएको छ। पहिलो पर्खालमा संसारका विभिन्न जाति र संस्कृतिको समग्र जानकारी दिने चित्र छन्। दोस्रो पर्खालमा रसायन, खनिज र भूगर्भको ज्ञान दिने सामग्री कोरिएका छन्। तेस्रोमा जीवविज्ञानको ज्ञान छ। चौथोमा चरा, सरिसृप र मेरुदण्डहीन जीवहरूको जानकारी छ। पाँचौँ पर्खालमा स्तनधारी जीव र छैटौँमा प्रविधि र इतिहासको ज्ञान झल्किने सामग्री छन्। यिनको व्याख्या गर्न प्रत्येक पर्खालमा

कर्मचारीहरू खटिएका हुन्छन् । प्रत्येक विद्यार्थी १० वर्षको उमेरसम्म पुग्दानपुग्दै यी पर्खालरूपी किताब पढेर दीक्षित भइसकेको हुन्छ । विद्यार्थीहरू जुम्सोपनबाट मुक्त छन् किनभने त्यहाँ कुनै कुरा बढ्ता घोटाइन्न ।

समाज निकै व्यवस्थित छ । सबैजना 'दार्शनिक' जीवन व्यतीत गर्छन् । समाज आपसी मित्रतामा आधारित छ । कला, स्वाभिमान र आनन्द साझा छ । निजी सम्पत्तिको अधिकार छैन । दासको व्यवस्था छैन । सबैले श्रम गर्छन् । हाम्रो समाजमा जस्तो काम नगर्ने र अरूलाई कज्याउने मान्छेलाई त्यहाँ ठूलो मानिन्न । त्यहाँ लुटपाट, हत्याहिंसा, तडकभडक, दुराचार, व्यभिचार र अन्य अपराधको नामनिसान छैन । झूटो बोल्नुलाई सबैभन्दा ठूलो पाप ठानिन्छ ।

घमाइलो सहरमा महिला र पुरुषलाई समान शिक्षा दिइन्छ । गाह्रोसारो काम पुरुषले गर्छन् । २२ वर्ष नाघेका सम्पूर्ण पुरुषलाई बाबु भन्नुपर्छ भने त्यसमुनिका सबैलाई छोराछोरी भन्नुपर्छ । विद्यार्थीहरूको शिक्षादीक्षामा कुनै कसर बाँकी राखिन्न । उनीहरूलाई पेसागत, शारीरिक र सैद्धान्तिक ज्ञान दिइन्छ । एकाध वर्षसम्म नियमित अध्ययन गराएर उनीहरूलाई विज्ञ बनाइन्छ । हामीकहाँजस्तो तिनलाई एकाध दशक विद्यालयमा घोटाइन्न । विदेशी भाषा सिक्नमा उनीहरूलाई प्रेरित गरिन्छ । एउटा विद्यालयमा अनेक भाषा बोल्ने विद्यार्थी भेटिन्छन् । व्यक्तिलाई शारीरिक विशेषताअनुसार नाम दिइन्छ र तिनले जीवनमा आर्जन गर्ने ज्ञान र कौशलअनुसार थर दिइन्छ ।

बालबालिका समाजको भलाइको लागि जन्माइन्छ । तिनलाई समाजले नै हुर्काउँछ । उनीहरूलाई कुरूपता भन्ने थाहा हुन्न । कोही बिलासी बन्न चाहन्न । प्रेमलाई विशेष मित्रता मानिन्छ । श्रमलाई सबैले अनुशासन ठान्छन् । श्रमलाई अपमान गर्दा नै संसारमा दुर्गुणहरू जन्मिन्छन् भन्ने घमाइलो सहरवासीको मान्यता छ । प्रत्येक विद्यार्थीले जीवनको एक चरण खेतीपाती गरेकै हुन्छ । खेतीपाती नगरेको कुनै जमिन पाइँदैन । खानामा कसैले कञ्जुसी गर्नुपर्दैन । बुढापाकाले दैनिक तीन छाक, औसत मानिसले दुई छाक र बालबालिकाले दैनिक तीन छाक खाना खान पाउँछन् ।

घमाइलो सहरमा कोही व्यक्तिपुजा चल्दैन । त्यहाँ नेतालाई घृणा गरिन्न किनभने नेताले समस्त समाजको अभिभावकको भूमिका खेल्ने हुन्छ । कविहरू चाकडी गर्दैनन्, बनावटी कुरा गर्दैनन् । त्यहाँ जेलखाना छैन । कसैलाई सजाय दिनुपर्‍यो भने उसलाई सुधार्ने हिसाबले सजाय दिइन्छ । मानिसहरू आत्मसम्मानलाई ठूलो महत्त्व दिन्छन् । सम्मान कमाउन नै उनीहरू जीवन समर्पित गर्छन् । उनीहरू विदेशी संस्कृतिबाट सिक्न आफ्ना नागरिकहरूलाई पैसा दिएर विदेश पठाउँछन् । त्यहाँबाट फर्केर ती नागरिकले आफ्नो समाजलाई अझ सभ्य बनाउन मद्दत गर्छन् । विदेशी संस्कृतिमा उनीहरूको मोह छैन, बरु जीवन अझ उन्नत बनाउनमा उनीहरू केन्द्रित हुन्छन् ।

घमाइलो सहरमा धनीगरिबको नामनिसान छैन । निजी धन हुने मानिस उद्दण्ड, घमन्डी, अज्ञानी, विश्वासघाती, जानीटोपल्ने, ठग, गफाडी, निर्मोही, निन्दक हुने र धनी नहुने मानिस कपटी, चेपारे, चोर, घुसघुसे, आवारा, झूटबोलुवा, झूटो साक्षी बन्ने गरेको त्यहाँका बासिन्दाले विदेशी समाजबाट थाहा पाएका हुन्छन् । धनीगरिबको परिभाषा यस्तो छ – उनीहरू धनी छन् किनभने उनीहरूलाई केही चाहिँदैन । उनीहरू गरिब छन् किनभने उनीहरूसँग केही छैन । त्यसैले उनीहरू परिस्थितिका दास होइनन् तर परिस्थितिले नै उनीहरूको सेवा गर्छ ।

विचारहीन नेता र कार्यकर्ता देख्दै र भोग्दै आएको समकालीन पूँजीवादी समाजमा काम्पानेला काल्पनिक चिन्तक लाग्नु स्वाभाविक हो । आज देशको परिस्थिति हेर्दा कुनै भिजन वा कल्पनाशीलता नै नभएका तथा कल्पनामा पनि नोटका बिटामात्र देख्ने जवान र बुढा राजनीतिक नेताको भारले देश थिचिँदै र च्यापिँदै गएको देखिन्छ । तर, एक सभ्य समाज काम्पानेलाले देखाएकै बाटोमा लाग्नुपर्छ भन्नेमा दुईमत नहोला ।



ज्याँ मेल्ये

अब हामी फ्रान्सतिर लागौँ । त्यहाँ हामी **ज्याँ मेल्ये** (Jean Meslier,1664-1729) र **मोरेली** (Étienne Gabriel Morelly, 1717-1778) लाई भेट्छौँ ।

ज्याँ मेल्ये सन् १६६४ मा फ्रान्समा जन्मेका एक गाउँले पादरी थिए । एक दशकअघि नेपाल हिन्दू राज्य भएझैँ तिनताका फ्रान्स क्याथोलिक राज्य थियो । ज्याँ मेल्ये धनीहरूका आचरणबाट आजीत थिए । यद्यपि, गरिबप्रति उनको करुणा आजन्म रह्यो । मृत्युपछि आफ्नो सिरिखुरी गरिबलाई नै बाँड्नु भन्ने उनको इच्छा थियो । धार्मिक अनुशासनअनुसार उनी आजीवन अविवाहित रहे । यद्यपि, उनले धर्मका रुढीलाई कहिल्यै सहेनन् । त्यसैले मर्नुभन्दा १० वर्षअघि ५५ वर्षको उमेरमा उनले धर्म र धर्मग्रन्थका विरोधाभाषालाई छ्याँस्दै पुस्तक लेख्न बसे ।

ज्याँ मेल्येले आफ्नो झन्डै हजार पृष्ठ लामो र ९९ पाठमा विभाजित पुस्तक *'मेरो इच्छापत्र'* मा धर्मको खण्डनमा ८ वटा सशक्त तर्क पेस गरेका छन् । **पहिलो तर्क,** धर्मधर्मबिच ठूलो बाझाबाझ छ । ईश्वर एउटै भए उनीहरूले अर्काको देवताको निन्दा गर्दै रगत नबगाउनुपर्ने थियो । **दोस्रो तर्क,** सबै धर्मको आधार 'अन्धभक्ति' हो । सबै धर्मका ईश्वरलाई वस्तुसङ्गत ज्ञानसँग डराउँछन् । **तेस्रो तर्क,** धर्मग्रन्थमा देवताले भनेका वचनहरू पागलप्रलाप मात्र हुन् । धर्मको नाममा धेरै घिनलाग्दा बलि चढाइएका छन् । **चौथो तर्क,** धर्मग्रन्थमा भनिएका कुनै भविष्यवाणी पूरा भएका छैनन् । **पाँचौँ तर्क,** नैतिकता खस्किनुमा धर्मले बन्देज लगाएका व्यवहारहरू दोषी छन् । धर्मले नै अनैतिकतालाई मलजल गरेको छ । **छैटौँ तर्क,** धर्मले राजनीतिक निरङ्कुशतालाई बढावा दिन्छ । **सातौँ,** ईश्वरको अस्तित्व छैन । प्रकृति नै परिपूर्ण छ । **आठौँ,** आत्मा आध्यात्मिक र अजम्बरी छैन । प्राणी मरेपछि उसको आत्मा पनि मर्छ ।

ज्याँ मेल्येका विचार कति शक्तिशाली थिए भने उनको पुस्तक उनी मरेपछि विदेशमा लगेर प्रकाशित गरिएको थियो । **भोल्टायर**ले समेत उनका कतिपय विचार लुकाएर किताब छाप्नुपरेको थियो । उनको पुस्तकका धेरै प्रति पछि सोभियत सङ्घमा छापिएका थिए । अङ्ग्रेजीमा सन् २००९ मा मात्र उनको पुस्तक अनुदित भयो । उनी राजामहाराजाको पोल खोल्ने पहिलो गुरु थिए । नेपालमा यस्ता गुरूपुरोहित देखापरेका छैनन् भन्दा हुन्छ । यस मानेमा नेपाललाई पिछडिएको मान्दा कसैले नाक नखुम्चाए हुन्छ ।

ज्याँ मेल्येले धर्मको विशद् खण्डन मात्र गरेनन् । उनले नयाँ समाज कस्तो हुनुपर्छ भनेर पुस्तकमा अलग्गै अध्याय लेखेका थिए । त्यसमा अभिव्यक्त उनको विचारलाई सारमा यसरी राख्न सकिन्छ :

धर्तीमा प्रचुर प्राकृतिक सम्पदा छ । यसको न्यायपूर्ण वितरणले धर्तीका सबैलाई पुगिसरी हुन्छ । यसको लागि शारीरिक र मानसिक श्रम गर्नुपर्छ । उचित र साझा उपभोग तथा बुद्धिमत्तापूर्ण व्यवस्थापनको आवश्यकता छ । समाजमा सबैले अरूलाई आफ्नो दाजुभाइ तथा दिदीबहिनी देख्नुपर्छ । वैवाहिक सम्बन्ध बाध्यात्मक हुनुहुँदैन । छोराछोरीलाई एकै प्रकारको लालनपालन र शिक्षा हुनुपर्छ । सबैको हुर्काइ सामाजिक हुनुपर्छ । कसैलाई घरानाअनुसार भेदभाव गर्नुहुन्न । सबैले एउटा न एउटा काम गर्नुपर्छ । काम नगरे व्यक्तित्वमा अनेक विकार उत्पन्न हुन्छ । निजी सम्पत्ति नै सबै भेदभाव, युद्ध तथा मुद्दामामिलाको मुहान हो ।

ज्याँ मेल्येको विचारमा गम खानु हिजोभन्दा आज अझ बढी सान्दर्भिक हुन्छ । प्रकृति नै उल्टिरहेको वर्तमान घडीमा ज्याँ मेल्येको विचारलाई एउटा देशमा मात्र होइन, विश्वकै चिन्तनधारा बनाउनु ढिलो भइसकेको छ ।

अक्टोबर क्रान्ति हुनुभन्दा ठीक २०० वर्षअघि सन् १७१७ मा फ्रान्समै जन्मेका **एटियन ग्याब्रियल मोरेली**को



एटियन ग्याब्रियल मोरेली

विचारलाई एङ्गेल्सले ठूलो महत्त्व दिनुभएको छ । मोरेलीले प्रकृतिसुहाउँदो समाजको विधान नै लेखे । उनको पुस्तकलाई *'प्रकृतिको विधान'* भनिन्छ । उनको पुस्तकलाई नयाँ समाजसम्बन्धी प्रथम पुस्तक भनिन्छ । पुस्तकमा उनले आफ्नो अवधारणालाई दार्शनिक जग पनि दिएका छन् । उनी लोभलाई नै संसारका सबै मनोविकारको मुहान मान्छन् । उनी लेख्छन् – ब्रह्माण्डमा मैले देखेको एउटै खोट भनेको लोभ हो । अरू सबै दुर्गुणहरू थोरैधेरै मात्रामा यसकै फरक रूप हुन् । लालच नै सम्पूर्ण मानवीय दुर्गुणहरूको उत्प्रेरक, अग्रदूत, आधार र वाहन हो । अहङ्कार, मूर्खता, घमण्ड, महत्वाकाङ्क्षा, दोहोरो चरित्र, पाखण्ड, बेइमानी आदिलाई केलाउनुस् । हाम्रा सारा मिथ्या आचरणहरूलाई स–साना टुक्रामा टुक्र्याउनुस् । ती सबै दोष एउटै मसिनो र घातक तत्त्वमा गएर टुङ्गिन्छ । त्यो दोष हो आफ्नो बनाउने भोक । रुचिहीनता वा उदासिनताको जरामा समेत तपाईँले यही दोष भेट्नुहुनेछ । त्यसैले मोरेली जोड दिँदै लेख्छन् – सम्पत्ति नै नरहने हो भने यसका कुनै पनि घातक असरहरू बाँच्न सक्नेछैनन् ।

मोरेलीलाई समाजवादका अघिल्ला प्रतिनिधि मानिन्छ । उनले आफ्नो विधानमा तीन नियमलाई मूलभूत भनेका छन् । **एक,** निजी सम्पत्तिको रूपमा केही पनि चीजको किनबेच गर्न नपाइने । **दुई,** प्रत्येक नागरिक सार्वजनिक व्यक्ति हुने, उसको पालनपोषण सार्वजनिक खर्चबाट हुनुपर्ने । **तीन,** प्रत्येक नागरिकले आफ्नो क्षमता, प्रतिभा र उमेर अनुसार निश्चित योगदान गर्नैपर्ने । यसबाहेक मोरेलीले वितरण, आर्थिक, निर्माण, कृषि, मितव्ययिता, निरङ्कुशता रोक्ने, प्रशासन र सरकार चलाउनेलगायत अन्य १० वटा कानुनको खाका कोरेका छन् ।

मोरेलीको *'प्रकृतिको विधान'* को उद्देश्य सारमा यसप्रकारको समाज निर्माण गर्नु हो : समाजबाट निजी सम्पत्तिको उन्मूलन गर्नुपर्छ । समाजका प्रत्येक एक सदस्य सबैका लागि, सबै एकका लागि हुनुपर्छ । हरेकले आफ्नो योग्यताअनुसार काम गर्नुपर्छ र प्रत्येकले आफ्नो आवश्यकताअनुसार पाउनुपर्छ । फजुल उत्पादन गर्नुहुँदैन । प्रत्येक वस्तु टिकाउ हुनुपर्छ । मोरेलीको विचार पछ्याउँदै फ्रान्समा **चार्ल्स फ्युरिए** देखापरे भने बेलायतमा **रोबर्ट ओवेन** देखापरे । ओवेन फ्रान्सेली प्रबोधन युगबाट अत्यन्त प्रभावित थिए । फ्युरिएले पूँजीवादी समाजको आलोचनामा द्वन्द्ववादको प्रयोग गरेर **हेगेल**भन्दा एक पाइला अघि बढेको पाइन्छ । फ्युरिएले व्यक्तिलाई सामाजिक तुल्याउन बाल्यकालको सामाजिकीकरण गर्नुपर्ने कुरामा ठूलो जोड दिएका छन् । आमाबाबुको लाडप्यारले धनीमानीका छोराछोरी सामाजिक सरोकारका विषयमा असंवेदनशील हुने र समाजलाई कामै नलाग्ने बन्ने गरेकोमा उनी निकै आक्रोशित थिए । अर्कोतिर ओवेनले संसाधनको उचित व्यवस्थापन गरेर आर्थिक मन्दीको बेला पनि आफ्ना कामदारहरूबिच ज्यालाको समुचित वितरण गर्न सफल भएका थिए ।

हामी नेपाली इतिहासलाई २५ सय वर्षअघि तन्क्याएर 'बुद्ध नेपालमा जन्मेका थिए' भन्ने नारा भट्याउँदा औधी हौसिन्छौँ । तर, बुद्धले कल्पना गरेको समाजमा धेरैको चासो हुन्न । अति बाहुनवादीले समेत आफ्नो आस्थाविपरीत 'महान् बुद्धको देश' भनी छाती तन्काउन सक्ने पाखण्ड हामीकहाँ छ ।

माथि चर्चा गरिएका समाजवादी चिन्तकहरूको आलोकमा नेपाली समाजलाई पर्गेल्ने हो भने हामीले आफ्ना सामाजिक समस्याहरू सर्वत्र देख्नेछौँ र जानुपर्ने मार्ग पनि पहिल्याउनेछौँ । चिन्तनमा समृद्ध वर्गसङ्घर्षले मात्र नेपाली समाजलाई आफ्नो विकासक्रमको उन्नत खुड्किलोमा प्रवेश गराउनेछ ।

स्रोत : मजदुर दैनिक, पुस २०, २०८२

# हाम्रा पुराना मूर्ति



**उमाशङ्कर (१९ औं शताब्दी)**

स्रोत : राष्ट्रिय चित्र सङ्ग्रहालय, भक्तपुरको प्रदर्शनी

# नेपालमा अमेरिकाको सत्तापलट : एक खुलासा



जिम नौरेकास

नेपालको सरकारलाई हटाउने गरी सन् २०२५ सेप्टेम्बरमा हिंस्रक सत्तापलट भयो। घटना हुनुभन्दा अगाडि अमेरिकी संस्था 'NED' (प्रजातन्त्रका लागि राष्ट्रिय सशक्तीकरण, नेड) ले नेपालका दर्जनौँ युवालाई 'जुलुस र विरोध प्रदर्शन आयोजना गर्ने सीप र रणनीति' बारे तालिम दिएको थियो। त्यसको लागि 'नेड' ले लाखौँ अमेरिकी डलर खर्च गरेको थियो। हालै चुहिएका गुप्त दस्तावेजबाट यो कुरा पुष्टि हुन्छ।




'अमेरिकाले पैरवी गरिरहेको सुधार' लाई बढावा दिँदै युवा अभियन्ता

ती दस्तावेजबाट 'नेड'को एउटा शाखा 'IRI' (अन्तर्राष्ट्रिय रिपब्लिकन संस्थान) ले एउटा भूमिगत अभियान नै चलाएको खुल्न आएको छ। 'IRI' ले नेपालमा जवान राजनीतिक अभियन्ताहरूको 'सञ्जाल' लाई हुर्काउन खोज्यो। 'अमेरिकी स्वार्थलाई टेवा दिने महत्त्वपूर्ण शक्ति बनाउने' गरी यो 'सञ्जाल' लाई मलजल गरिएको थियो। ती दस्तावेजअनुसार 'IRI' को कार्यक्रमले 'जाँगरिला युवा र राजनीतिक नेताहरूलाई जोड्छ' र 'समर्थन अभियान तथा विरोध प्रदर्शन कसरी सञ्चालन गर्ने भनी विस्तृत तालिम दिन्छ'।

'NED' को छातामुनि आयोजना गरिने विरोध प्रदर्शनको 'मुद्दा छनोट 'IRI' र उसका स्थानीय साझेदारले गर्छन्। यसरी 'नेपालको लोकतन्त्रप्रति अमेरिकी चासोलाई समाधान गरिने' लोकतन्त्रप्रति अमेरिकी चासोलाई समाधान गरिन] 'IRI' को प्रतिवेदनमा उल्लेख छ। 'द ग्रेजोन' को रिपोर्टअनुसार बङ्लादेशमा 'IRI' ले यसै प्रकारको प्रयास गर्दा त्यहाँ सन् २०२४ अगस्टमा सत्तापलटको सूत्रपात भएको थियो।

गत सेप्टेम्बरमा नेपाल तथाकथित 'जेनजी' आन्दोलनले थर्कमान भयो। सरकारले फेसबुक, युट्युब र ट्वीटर/एक्स लगायत सामाजिक सञ्जालका प्ल्याटफर्म बन्द गरेपछि यो आन्दोलन उठेको थियो। यी कम्पनीले नेपाल सरकारले दर्ता प्रक्रियाका लागि अघि सारेका सर्त मान्न अस्वीकार गरेपछि सरकारले तिनलाई बन्द गरेको थियो। आन्दोलनको हिंसामा कम्तीमा ७६ जनाको मृत्यु भयो। तीमध्ये केही प्रहरी अधिकारी छन्। हिंसा भड्केको केही दिनमै 'कम्युनिस्ट' प्रधानमन्त्री केपी शर्मा ओलीले राजनामा दिनुपरेको थियो।

केही दिनपछि उनको स्थानमा एक अन्तरिम नेता छनोट भइन्। यसको लागि एक अज्ञात निर्वाचन घोषणा गरियो। डिस्कर्ड अकाउन्टहरूबाट १० हजारभन्दा पनि कम मतले अन्तरिम नेता छनोट भइन्।

उपद्रोलाई पश्चिमा मिडियाले स्वेच्छाचारी सरकारविरुद्ध शान्तिपूर्ण र प्रजातान्त्रिक जनउभार भनी प्रचार गरे। तर, बाहिर आएका भिडियोहरू हेर्दा प्रदर्शनकारीहरूले अर्धस्वचालित राइफल बोकेर सहरभरि आगो सल्काउँदै हिंडेको देखिन्छ। सर्वत्र चर्चित एनिमी रिसिज 'वान पिस' को 'जोली रोजर' झन्डा बरोबर देखियो। फिलिपिन्स, इन्डोनेसिया र मेक्सिकोमा भएका पछिल्ला सरकारविरोधी 'जेनजी' विद्रोहमा पनि यही झन्डाको प्रयोग भएको थियो। चीन वा अमेरिकानिर रहेका यी देशलाई पनि ठूलो अन्तर्राष्ट्रिय भूराजनीतिक चेस बोर्डका महत्त्वपूर्ण गोटी देश मानिन्छ।

बाहिरिएको 'IRI' को दस्तावेजमा नेपालको विशेष महत्त्व उल्लेख छ। यसले नेपाललाई चीन र भारतबिच रहेको 'सामरिक महत्त्वको भूभाग' भनिएको छ। यसकारण, नेपाल वासिङ्टनको 'हिन्द-प्रशान्त' महत्त्वाकाङ्क्षाको लागि 'भित्री देश' बनेको दस्तावेजमा उल्लेख छ। चीनलाई वरिपरिबाट अस्थिर सरकारहरू र सैन्य अखडाहरूले घेर्नु नै अमेरिकाको 'हिन्द-प्रशान्त' महत्त्वाकाङ्क्षा हो। 'IRI' ले काठमाडौँ का युवाहरूलाई 'नीतिगत हस्तक्षेपका लागि आफ्नो शक्ति प्रयोग गर्न' र 'राष्ट्रिय नीति निर्माण' लाई प्रभावित गर्न लिएको पहल एउटा दूरगामी कदम थियो। 'IRI' को चालू परियोजनाको 'म्याद नाघिसकेपछि' पनि असर गर्ने गरी तालिम सञ्चालन गरिएको थियो। तालिममा सहभागीहरूले पछि गएर सडकमा तहसनहस ल्याएर मात्र पुग्दैनथ्यो। उनीहरूलाई पछि राजनीतिक दल स्थापना गर्ने र विभिन्न पदका लागि उम्मेदवारको रूपमा पनि तयार पारिएको थियो।




'वान पिस' को 'जोली रोजर' झन्डा

बाहिरिएका दस्तावेजले 'IRI' ले तथाकथित 'अत्ति भयो' (इनफ इज इनफ) आन्दोलनबाट प्रेरणा लिएको देखाउँछ। सरकारको कोभिड नीतिविरुद्ध सन् २०२० को गर्मी याममा नेपालमा यो आन्दोलन चलेको थियो। ती विरोध प्रदर्शनहरू हेरेपछि 'IRI' ले युवाविद्यार्थीले 'नेपाली राजनीतिलाई आकार दिन सक्ने र त्यसमा महत्त्वपूर्ण भूमिका खेल्न सक्ने' र सरकारबाट सहुलियत लिन सक्ने क्षमता देखेको थियो। 'IRI' युवाविद्यार्थीको त्यो क्षमतालाई 'दिगो पार्न' र त्यसबाट 'फाइदा उठाउन' उत्सुक थियो। यसकारण, 'IRI' ले देशका युवाहरूलाई 'अवसर र प्ल्याटफर्म' दिने निर्णय गर्‍यो। यसले 'अमेरिकाको समर्थनमा साझा चासोका मुद्दाको प्रभावकारी पैरवी गर्न र लोकतान्त्रिक परिवर्तनका सफल वाहक बन्न एउटा व्यापक, दिगो सञ्जालको विकास गर्ने' अवसर र प्ल्याटफर्म दिने निधो गर्‍यो।

'NED' को स्थापना सन् १९८३ मा भएको थियो। त्यस यता यो अमेरिकी संस्थाले विश्वभरि यसैखाले गतिविधिमार्फत विभिन्न सरकारलाई सत्ताच्यूत गर्नका लागि गोप्य रूपमा पैसा बाँड्दै आएको छ। यसका एक संस्थापकले खुलेरै धाक लगाएका थिए, 'आज हामी जे गर्छौं यीमध्ये धेरै काम २५ वर्षअघि (अमेरिकी गुप्तचर निकाय) सिआइएले गुप्त रूपमा गर्थ्यो।' दस्तावेजहरूले काठमाडौँमा सेप्टेम्बरमा खेलिएको विध्वंसको खेल नेपालमा 'हिन्द-प्रशान्त रणनीति' अनुकूल राजनीतिक नेतृत्व हुर्काउने वासिङ्टनकै प्रयासको उत्कर्ष भएकोमा जोड दिन्छन्। पछिल्लोपल्ट भारत चीन र रुसतर्फ ढल्किँदै गइरहेको पछिल्लो समय यो क्षेत्र आपसमा झन्झन् जोडिँदै गइरहेको छ। यसकारण, अमेरिकाले भूराजनीतिक रूपमा महत्त्वपूर्ण देश नेपालमा (आफूप्रति) अझ लचिलो सरकार स्थापना हुनुलाई निश्चय नै स्वागत गर्नेछ।

नेपालमा 'IRI' का सबैभन्दा अहम परियोजनामध्ये एक थियो 'युवा नेतृत्व : पारदर्शी नीति' कार्यक्रम। यो कार्यक्रम सन् २०२१ जुलाईदेखि सन् २०२२ जूनसम्म चलेको थियो। यसमा 'IRI' ले सुरुमा साढे ३ लाख डलर खर्च गरेको थियो। यो कार्यक्रममार्फत 'IRI' ले 'उदीयमान नेताहरूलाई युवा आन्दोलनलाई तीव्रतर पार्न र नेपाली राजनीतिका नीति निर्मातालाई दबाब दिन अवसरहरू बढाइदिने' लक्ष्य लिएको थियो – गुप्त दस्तावेजहरूमा उल्लेख छ। यो कार्यक्रमले ६०–७० जना नेपाली युवालाई 'लाभ' दिने अनुमान गरिएको थियो।

दस्तावेज भन्छ– नेपालमा 'युवा अभियन्ता र राजनीतिक नेताहरूको सञ्जाल' हुर्काइनेछ र तिनलाई 'सम्पर्कहरू बनाउन र आफ्ना पीडाहरू सार्वजनिक रूपमै राख्नका लागि सीप, स्रोत र मञ्च' प्रदान गरिनेछ। यसपछि उनीहरूलाई 'राजनीतिक उथलपुथल, सरकारको भ्रष्टाचार र राष्ट्रिय नीति निर्माणमा सार्वजनिक चासोका विषयको पैरवी गर्न' तालिम दिइनेछ। यसपछि, वासिङ्टनको चासोलाई 'पैरवी अभियान र विरोध प्रदर्शनहरू' बाट सम्बोधन गरिनेछ।

सरकारलाई आफूहरूका मुद्दामा बढी ध्यान दिन र अमेरिकाले पैरवी गरेको लोकतान्त्रिक सुधारलाई बढावा दिन भनिनेछ।

अमेरिकी 'मूल्यमान्यता' लाई 'अनुमोदन र पैरवी' गर्ने पर्याप्त नेपाली 'युवा नेताहरू' लाई हुर्काएपछि तिनलाई 'अमेरिकाको चासो सम्बोधन हुने नेपाली मुद्दामा समर्थन अभियान छेड्न' परिचालन गर्न सकिन्छ। आफ्नो परियोजनालाई सबल पार्न 'IRI' ले 'उदीयमान अगुवा एकेडेमी' ('ELA') नामक संस्था सञ्चालन गर्ने वचन दियो। यो 'एकेडेमी युवा नागरिक अगुवा र राजनीतिक नेताहरूलाई सँगै ल्याउने र तिनलाई तिनका समुदायमा सकारात्मक परिवर्तन थाल्न चाहिने सीप, मञ्च र स्रोत उपलब्ध गराउने 'IRI' को कार्यक्रम हुनेछ।'

'IRI' ले श्रीलङ्का र इन्डोनेसियाजस्ता 'एसियाका अन्य देश' मा 'ELA' कार्यक्रम चलाइरहेको छ। ती कार्यक्रमले छनोट गरेका युवा अभियन्ताहरू 'आआफ्ना समुदाय र दलभित्र

नेतृत्वदायी स्थानमा उक्लिन सफल' भएकोमा 'IRI' गर्व गर्छ । 'IRI' ले आफ्ना नेपाली 'ELA' तयार पार्नका लागि 'विशेषतः राजनीतिक दल, नागरिक समाज र मिडियालगायत विविध क्षेत्रका युवा सहभागीहरूबाट आवेदन माग्ने' प्रतिबद्धता जनायो । यी 'युवा नेताहरू' लाई 'भविष्यमा तिनका अभियान र विरोध प्रदर्शनहरूलाई प्रभावकारी र दिगो बनाउने सीप र ज्ञान' प्रदान गर्ने र यसले अमेरिकाले अनुमोदन गरेको राजनीतिक गतिविधिमा झन् बढी मानिस सहभागी हुन हौसिने प्रतिवेदनमा उल्लेख छ ।

एकपल्ट उनीहरू दैनिक जीवनमा फर्केपछि 'IRI' ले 'तालिमेहरूलाई तिनका राजनीतिक दलहरूमा उच्च पदमा पुग्न उत्साहित र सहयोग दिनेछ' ।

नेपालमा 'राष्ट्रिय नीति निर्माणमा आफ्नो कुरा स्थापित गर्न सक्ने युवा सञ्जाल' निर्माण गर्नेमा 'IRI' विश्वस्त छ । 'IRI' ले छनोट गरेका युवा उपध्याहाहरूले 'समर्थन अभियान र विरोध प्रदर्शनका सन्देश प्रभावकारी ढङ्गले प्रसार गर्ने विधि' सिक्नेछन् – दस्तावेज भन्छ । खासगरी 'सामाजिक सञ्जाल र अन्य वेबमा आधारित टुल वा उपकरण' प्रयोग गरेर प्रचारप्रसार गर्न सिकाइनेछ । दस्तावेजको अन्त्यमा 'IRI' भविष्यवाणी गर्छ – 'समर्थन अभियान र विरोध प्रदर्शनले परिणाममुखी हुने कुरा युवाहरूले झन्झन् बुझ्दै जानेछन् र यसमा सहभागी हुन उनीहरू झन् उत्सुक हुनेछन्' । सन् २०२१ अगस्तमा 'IRI' ले एउटा स्थानीय 'युवा नागरिक शिक्षा परियोजना' का लागि ५ हजार डलर खर्च गर्न खोज्यो । यसका लागि उसले एक आन्तरिक अध्ययनको परिणामलाई तर्कको रूपमा अघि सारेको थियो । सो तथ्याङ्कअनुसार ९० प्रतिशत नेपाली युवा 'राजनीतिमा चासो राख्दैनन्' । ४० प्रतिशत नेपाली युवा छन् । यसकारण तिनलाई भावी नागरिक र राजनीतिक अगुवाको रूपमा तालिम दिनुलाई महत्त्वपूर्ण ठानियो । तिनलाई 'अमेरिकाको हिन्द–प्रशान्त रणनीतिका लागि महत्त्वपूर्ण हुने दिगो बलियो सङ्घीय राष्ट्रको विकासमा सहयोग गर्ने' तालिम दिनुपर्ने आवश्यकता बोध गरियो । यो लक्ष्यलाई टेवा दिन 'IRI' ले 'नागरिक समाज र राजनीतिक सम्पर्कहरूलाई प्रयोग गर्न आफू तम्तयार रहेको' मा फुर्ती गरेको छ । यी बजेट अनुमोदन भए/भएनन् भन्ने अज्ञात छ ।

## अमेरिकाको 'सत्ता उल्ट्याने समूह' ले नेपाली युवालाई 'विरोध प्रदर्शन आयोजना गर्न' सिकायो

बाहिर चुहिएको अर्को एक दस्तावेजमा 'IRI' ले कसरी 'युवा सशक्तीकरण वर्कशपको तालिम दिने नियम पुस्तिका (गाइड) नै' विकास गऱ्यो भनी लेखिएको छ । 'युवा नेतृत्व : पारदर्शी नीति' र 'NED' को स्थानीय 'ELA' शाखाका उद्देश्य परिपूर्ति गर्न यो 'गाइड' तयार गरिएको थियो । देशभरिका युवा नेपालीहरूको ध्यान तान्न यी कार्यक्रम गरिएको थियो । 'सकारात्मक परिवर्तनका लागि राजनीतिमा आबद्ध भएका वा नभएका युवाको क्षमता बढाउन र तिनको नेतृत्व क्षमता विकास गर्न' यी कार्यक्रम गरिएका थिए । सहभागीहरूको 'वाक कला, रणनीतिक सन्देश आदानप्रदान, स्रोत परिचालन, समर्थन एवम् विरोध अभियानको व्यवस्थापन र प्रभावकारी सुशासन' क्षमता बढाउनका लागि यी कार्यक्रम गरिएको दस्तावेजमा उल्लेख छ ।

वर्कशपका सहभागीहरूलाई युवा अभियन्ताहरूले कसरी विश्वभरि 'सामाजिक, आर्थिक र राजनीतिक बदलाव' ल्याएका थिए भनेर सिकाइयो । तिनलाई स्थानीय स्तरमा कसरी ती सफल आन्दोलनको नक्कल गर्ने भनेर 'टिप्स' दिइयो । साथै, तिनको 'नेतृत्व क्षमता' को निजी तवरले मूल्याङ्कन गर्दै 'परिवर्तनको नेतृत्व गर्न सक्ने सुसङ्गत, असल र प्रभावकारी नेता बन्न सहभागीहरूलाई उत्प्रेरित' गरिएको थियो । उनीहरूलाई 'युवा नेताहरूले कसरी विरोध प्रदर्शनमार्फत राजनीतिक बदलाव ल्याउन सक्छन्' भन्ने पाठसहित 'नेतृत्वको अभ्यास' गर्न उत्साहित पनि गरिएको थियो ।

अन्तिम तरिका 'सार्वजनिक पद धारक' लाई 'जवाफदेही' बनाउन 'सहभागीहरूको ज्ञान र सीप बढाउने' । यसको लागि तालिमेहरूलाई 'तथ्य सङ्कलन गर्न, सम्बन्धित समुदायलाई पछ्याउन र अनलाइन अभियानमार्फत सार्वजनिक चासोका मुद्दा उठाउनका निम्ति आधुनिक प्रविधिको प्रयोग' गर्न सिकाइयो । 'IRI' को 'डिजिटल डिमोक्रेसी' मा कार्यरत प्राविधिकहरूले डिजिटल टूलहरूको प्रयोग गर्न सिकाए ।

'IRI' को गोप्य पाठ्यक्रम अनुसार 'स्थानीय, प्रान्तीय र राष्ट्रिय' राजनीतिलाई प्रभावित गर्न विरोध प्रदर्शन र जुलुसको आयोजना गर्ने रणनीति र सीप' का पाठ पनि सिकाइन्छ । यसबिच, 'IRI' ले सन् २०२२ फेब्रुअरीदेखि अप्रिलसम्म ठूला युवा समूहहरू गठन गर्न काठमाडौँमा रहेको 'सल्युसन्स कन्सल्टेन्ट' को मद्दत लियो । 'राजनीतिक प्रक्रियामा भाग लिनबाट नेपाली युवाहरूलाई रोकिरहेका तगाराहरूको पहिचान र जाँचबुझ गर्न' सो संस्थाले 'IRI' लाई सघाएको थियो ।

यसको लागि सो संस्थाले सातवटा फोकस समूह बनाउनुपर्थ्यो । 'प्रत्येक समूहमा ८–१० जना सशरीर सहभागी हुन्थे र अनलाइनमा ५–७ जना सहभागी हुन्थे । सुरुका सहभागी अनुपस्थित हुन सक्ने हुनाले विकल्पमा २–३ सहभागी राख्नुपर्थ्यौं ।' यो कार्यक्रमको खर्च ९ हजार १ सय ३५ डलर थियो । नेपाली 'युवा सशक्तीकरण' अपरेसनमा 'IRI' ले वार्षिक रूपमा गर्ने साढे ३ लाख डलर खर्च हेर्दा कार्यक्रमको खर्च नगन्य थियो । यसबाट स्थानीय स्तरमा कति धेरै सर्वेक्षण भयो होला भनी सहजै अनुमान लगाउन सकिन्छ । तर, यी कार्यक्रमबाट कति जना युवाको दिमाग भाँडिन्थ्यो भन्ने प्रस्ट छैन ।

'IRI' का कर्मचारीहरूले 'फोकस समूहमा हुने छलफललाई टाढै बसेर हेर्न र प्रत्येक व्यक्तिका कुरा बुझ्न' चाहे। यसको लागि उनीहरूले 'सल्यूसन्स कन्सल्टेन्ट' सँग बैठकको भिडियो 'उच्च गुणस्तरको हुनुपर्ने', 'आवाज प्रस्ट सुनिनुपर्ने', 'बोलेका सबथोकको अङ्ग्रेजी लिप्यान्तरण गरिनुपर्ने' माग गरेको थियो। 'IRI' को माग थियो 'प्रत्येक सहभागी वक्ता' लाई उसको 'नम्बर वा पहिलो नाम' बाट चिन्न सक्नुपर्छ, तिनका टिप्पणीहरूलाई 'तिनको उमेर, शैक्षिक स्तर, सहर वा पेशा' सँग जोड्न सक्नुपर्छ। सहभागीहरू '१८ देखि ३५ वर्ष उमेर समूहका थिए। प्रत्येक समूहमा युवायुवतीको सङ्ख्या प्रायः बराबर थियो'।

'IRI' ले घोषणा गर्‍यो, 'यी युवा राजनीतिक नेता र अभियन्ता बन्नेछन्। यिनीहरू कुनै दलविशेषको युवा समूहमा मात्र सीमित रहनेछैनन्। बरु राजनीतिमा नलागेका अभियन्ता र नागरिक समाजमा पनि उनीहरू नै हुनेछन्। सार्वजनिक जीवनबाहिर पनि यी युवा हुनेछन्।' 'IRI' ले आफ्नो प्रश्नको जवाफ लिन 'नागरिक समाजका अभियन्ता र राजनीतिक नेता' बिच पनि 'मुख्य सूचनादाता' खोज्यो। 'सल्युशन कन्सल्टेन्ट' लाई 'सम्भावित सूचनादाता' सँग सम्पर्क बनाउने जिम्मा दिइयो। यी 'सूचनादाता' लाई 'IRI' ले 'कुराकानी गर्ने र/वा थप सूचनादाताको नाम सुझाउने उद्देश्यले भर्ती गर्‍यो'।

## राजतन्त्र फर्काउन बाटो बन्ने प्रयास

'IRI' ले फोकस समूहमा हुने छलफलका सहजकर्ताहरूलाई सिधै निर्देशन दियो उनीहरूले 'सहभागीहरूलाई खुलेर मनमा लागेका सबथोक बोल्न दिनुपर्छ र सहभागीहरूले 'आफ्नो सकारात्मक र नकारात्मक दुवैथरी टिप्पणीले राजनीतिमा पूर्ण रूपमा सहभागी हुनबाट युवाहरूलाई रोक्ने छेकबार के हो भनी बुझ्नमा योगदान पुग्नेछ भनी बुझेको हुनुपर्छ'। आफ्नो 'गाइड' को वर्णन गर्दै 'IRI' ले यसबाट 'हामीले चाहेको मुद्दा सम्बोधन होस् भनेर सहजकर्तालाई आवश्यक प्रश्न र विषयवस्तुसँग परिचित गराइने' लेख्छ।

'IRI' ले छनोट गरेको विषयमा केन्द्रित हुँदासम्म सहजकर्ताहरू 'प्रश्नलाई जोड्न, प्रश्न बदल्न, काम नलाग्ने प्रश्न हटाउन र रोचक लाग्ने खालका प्रश्न थप्न स्वतन्त्र' थिए।

अन्तिम प्रतिवेदनको शीर्षक थियो 'नेपाली राजनीतिमा युवा सहभागिताको गुणात्मक अध्ययन'। यसले नेपालमा स्थानीय राजनीतिमा युवा सहभागिताका तगाराहरूको मसिनो विश्लेषण गरेको छ। बिब्ल्याँटो कुरा के छ भने धेरै उत्तरदाताले स्थापित राजनीतिक दलहरूले आफ्नै मुद्दा अघि बढाउने र युवाहरूलाई 'प्रायः दुरूपयोग गरेको वा लत्याएको' मा खिन्नता पोखेका थिए। २४ वर्षका एक अज्ञात युवाले नेपाली कांग्रेसले आवश्यक पर्दा काठमाडौँमा 'प्रायः युवाहरूलाई प्रदर्शनमा उतारेको' अनि पछि ती युवा र तिनका मुद्दालाई बेवास्ता गरेको बताए। दलहरूले यी प्रदर्शनकारीहरूलाई पैसा दिएरै हिंसा गर्न उक्साउने गरेको उत्तरदाताहरूले सङ्केत गरे।

एक सहभागीले भने, 'सरकारले नीति बनाउँछ र युवाले त्यसको विरोध गर्छन्।' विपक्षी विवेकशील साझा पार्टीका एक अज्ञात उत्तरदाताले भने, 'सक्षम युवाहरूलाई सार्थक राजनीतिबाट टाढा राखिन्छ र धेरै त युवालाई विरोध गर्न र दङ्गा भड्काउन प्रयोग गरिन्छ। विद्यमान सरकारविरुद्ध 'परम्परागत दल' को नीति यस्तै हुन्छ।' एक सूचनादाताले दुखेसो पोखे, 'युवा अभियन्ताहरूलाई सडकमा लड्न र नेताहरूको सुरक्षामा प्रयोग गरिन्छ तर देशको विकास कसरी गर्ने भन्ने विषयमा उनीहरूको कुरा सुनिँदैन।' यही खेल केही वर्षपछि सडकमा छताछुल्ल भयो। सरकारी नीतिविरुद्ध युवा अभियन्ताहरूले आन्दोलन गरे र नेपाली राजनीतिमा आँधी ल्याए। 'जेनजी' आन्दोलनले नेपालको निर्वाचित सरकारलाई सत्ताच्यूत गर्‍यो। यो भाँडभैलोको झिल्को तिनै मुद्दाबाट बालिएको थियो जसबाट 'IRI' ले फाइदा लिन खोजेको थियो। तसर्थ, यो आन्दोलन अमेरिकी सरकारको हस्तक्षेपकारी अभियानबाटै जन्मेको त थिएन भन्ने प्रश्न उठ्नु जायज छ।

सेप्टेम्बर १५ को 'न्यूयोर्क टाइम्स' को सम्पादकीयमा लेखियो– 'सबै क्षेत्रका नेपालीहरू दसौँ वर्ष लडेर स्थापित गरेको व्यवस्थालाई खारेज गर्न तयार भए।' उनीहरूलाई 'अब के हुन्छ भन्ने कुराको हेक्का थिएन।' यही रिक्ततामा नेपालमा राजसंस्था पुनःस्थापित गर्न लालायित शक्तिले मुन्टो उठाएको छ। गणतन्त्रवादी शक्तिहरूले दसकौँ लामो राजनीतिक प्रतिरोध गरेर अन्ततः सन् २००८ मा नेपालबाट राजसंस्थालाई सत्ताच्यूत गरेका थिए।

आगजनी गर्नेहरूले 'द टाइम्स' पत्रिकाले लेख्यो संसद् भवन, पार्टी कार्यालयहरू, गृहमन्त्रीको घरलगायत 'राज्यसत्ताको सबैजसो मुकाम' लाई तारो बनाए। सैन्य संस्थान र पूर्वराजा ज्ञानेन्द्र शाहको दरबारलाई भने केही गरिएन। पूर्वराजाले 'जेनजी' विद्रोहप्रति समर्थन जनाए। विद्रोह भए यता सेनाले राजावादी व्यक्तिहरूलाई सबल बनाउन सक्रिय देखियो। आन्दोलनकारी नेताहरूसँगै भावी सरकारमा सामेल गराउन सेनाले राजावादीहरूलाई पनि बैठकमा बोलाएको थियो।

'IRI' ले दिएको तालिमले नेपालको सेप्टेम्बर सत्तापलटमा योगदान दिएको हो भने अमेरिकाले आफूले भने जस्तो गर्ने नेतालाई सत्तासीन बनाउने बाटो साफ गर्दै जानेछ। त्यो नेताले अमेरिकाको साम्राज्यवादी स्वार्थ पूरा गर्नेछ। तर, इन्टरनेट-प्रेरित युवाहरूको विद्रोही भावना वा सुन्दर अराजकताको खोलले उसको सक्कली अनुहार लुकाइनेछ।

(स्रोत : एमआर अनलाइन/मजदुर। सम्यक)

# पाइथागोरस : प्राचीन ग्रीक गणितज्ञ र दार्शनिक



राजेन्द्र बहादुर कायष्ठ



पाइथागोरस

**विषय प्रवेश** : गणित दैनिक जीवनमा निरन्तर प्रयोग भइरहने विषय हो। गणितलाई मानव सभ्यतासँगै विकास भएको विषय मानिन्छ। यसको शुरुवात प्राचीनकालमा गणना, मापन र व्यापारबाट भएको मानिन्छ। ई.पू. ३००० देखि मेसोपोटामिया (बेबिलोन, हाल इराक) र इजिप्ट देशहरू, अङ्कगणित, ज्यामिति र बीजगणितको आधार बनेको थियो। बेबिलोनियालीहरूले सङ्ख्या पद्धतिको विकास गरे। ई.पू. १५०० देखि भारतमा **आर्यभट्ट**ले (सन् ४७६-५५०) शून्यको (0) को आविष्कार गरे। **ब्रम्हगुप्त**ले (सन् ५९८-६६८) शून्यलाई पूर्ण अङ्क बनाए। यही समयमा चीनमा पनि दशमलव पद्धति र ज्यामितिको विकास भयो। **युक्लिड** (ईपू ३००) र **आर्किमिडिज (ईपू २८७-२१२)** ले प्रमाणित ज्यामिति र तर्कपूर्ण गणितको विकास गरे। युक्लिडको 'एलिमेन्ट्स' पुस्तक गणितको ग्रन्थ बन्यो। **अल-ख्वारिज्मी** (सन् ७८०-८५०)ले बीजगणितको आविष्कार गरे। **रेने डेस्कार्टस** (सन् १५९६-१६५०)ले एनालिटिकल ज्यामिति, **न्युटन** (सन् १६४३-१७२७) र **लाइब्निज** (सन् १६४६-१७१६)ले क्यालकुलसको आविष्कार गरे। २० औँ शताब्दीमा कम्प्युटर र सेट थ्योरीले गणितलाई नयाँ उचाइमा पुऱ्यायो।

यसै क्रममा आधुनिक ज्यामितिको जग बसाउने एक महान गणितज्ञ हुन **पाइथागोरस** (Pythagoras of Samos, 570-495 BC)। उनी ग्रीसका नागरिक थिए। उनले प्रमाणित गरेको ज्यामितीय खोजलाई आजपनि विश्वभरि पाइथागोरस साध्यको (Pythagoras Theorem) नामले चिनिन्छ र आज पनि विद्यालयमा अध्यापन गराइन्छ। पाइथागोरसको सिद्धान्तले जति प्रसिद्धि गणितका कुनै पनि मौलिक नियमले पाएको छैन। यो सिद्धान्त ज्यामिति, इन्जिनियरिङ, निर्माण, नेभिगेसन र विभिन्न वैज्ञानिक क्षेत्रहरूमा दूरी र कोणहरूको गणना गर्न प्रयोग गरिन्छ। पाइथागोरसको यो सिद्धान्त गणितको आधारभूत सिद्धान्तहरू मध्ये एक मानिन्छ।

**बाल्यकाल र शिक्षा** : पाइथागोरसको जन्म ई.पू. ५७० को आसपास ग्रीक देशको सामोस टापुमा भएको थियो। उनको पिताको नाम म्नेसार्कस (Mnesarchus) र माताको नाम पाइथाइस (Pythais) थियो। उनका पिता एक व्यापारी थिए। उनको परिवार सम्पन्न थियो जसले गर्दा पाइथागोरसले राम्रो शिक्षा प्राप्त गर्ने अवसर पाए। उनी जन्मेको सामोस टापु ग्रीसको एक समृद्ध व्यापारिक केन्द्र थियो। पाइथागोरसको प्रारम्भिक जीवनको बारेमा धेरै जानकारी निश्चित छैन, किनभने त्यस समयका ऐतिहासिक अभिलेखहरू सीमित छन्। तर प्राप्त सीमित अभिलेख अनुसार बाल्यकालमा उनले सङ्गीत, कविता र गणितमा रुचि देखाएका थिए। उनले सामोसमा प्रारम्भिक शिक्षा प्राप्त गरे। त्यहाँ उनलाई ग्रीक दर्शन, ज्यामिति र खगोलशास्त्रको आधारभूत ज्ञान दिइयो। उनले थेल्स (Thales) र एनाक्सिमान्डर (Anaximander) जस्ता प्रख्यात विद्वानहरूबाट शिक्षा प्राप्त गरे। थेल्सले उनलाई मिश्र (Egypt) मा गएर त्यहाँको गणित र ज्यामितिको अध्ययन गर्न प्रेरित गरे। उनले युवावस्थामा मिश्र, बेबिलोन र सम्भवत भारतसम्म यात्रा गरेर विभिन्न संस्कृति र विद्या सिकेका थिए। मिश्रमा उनले

ज्यामितिको गहिरो अध्ययन गरे। जसबाट उनले प्रसिद्ध पाइथागोरस सिद्धान्तको प्रतिपादन गर्ने आधार बनायो। मिश्रका पुजारीहरूबाट उनले रहस्यमयी र आध्यात्मिक ज्ञान पनि प्राप्त गरे , जुन उनको दार्शनिक विचारमा झल्किन्छ। लगभग ३० वर्षको उमेरमा उनी दक्षिणी इटालीको क्रोटन (Croton) सहरमा बसाइँ सरे। त्यहाँ उनले आफ्नो प्रसिद्ध पाइथागोरियन समुदाय स्थापना गरे। जस्को नाम 'पाइथागोरियन ब्रदरहुड' थियो। यो एक प्रकारको दार्शनिक र वैज्ञानिक समुदाय थियो। यो समुदायले गणित, दर्शन र आध्यात्मिकताको संयोजनमा जोड दियो। उनको प्रारम्भिक जीवनको अनुभव र शिक्षाले उनलाई यस्तो समुदाय बनाउन प्रेरित गऱ्यो। जसले गणितलाई विश्वको रहस्य बुझ्ने माध्यमको रूपमा हेऱ्यो। यो समुदाय एक प्रकारको विद्यालय थियो। यसमा विद्यार्थीहरूलाई कठोर नियमहरू पालना गर्नुपर्थ्यो। जस्तै मौनता, शाकाहारी भोजन र सामुहिक जीवन आदि। यस समुदायमा आवद्ध सदस्यहरू धनीमानी परिवारका कुलिन व्यक्तिहरू थिए। उनीहरूले समुदायको क्रियाकलापहरू गुप्त राख्ने शपथ खाएका थिए। यसको कारण आम जनता यस समुदायका सदस्यहरूलाई शङ्काका दृष्टिले हेर्दथे।

**दर्शन र क्रियाकलाप** : पाइथागोरसको विचारमा मानिसको आत्मा अमर छ र आत्मा बारम्बार पृथ्वीमा आइरहन्छ। आत्माले विभिन्न मानिस र देशमा जन्म लिन्छ। उनको विचारअनुसार मानिसको आत्मा कुनै पशुमा पनि जान सक्छ। यसबाट बच्नको लागि मानिसले सात्विक जीवन विताउनु पर्दछ। उनको यही विश्वासले पाइथागोरियन समुदायको नियममा केही कठोरता थियो। जस्तै सदस्यहरूमा आत्मसंयम, आन्तरिक पवित्रता, मिताहार, आज्ञाकारिता आदि। उक्त समुदायमा गणितज्ञका साथै नक्षत्र विद्याका पारखी, जीवशास्त्री र शरीरशास्त्री पनि थिए। पाइथागोरसको भनाइअनुसार संसारका हरेक वस्तु गणितको सिद्धान्तमा आधारित हुनुपर्दछ। उनका शिष्यहरूले आफ्नो गणित सम्बन्धी ज्ञानलाई सङ्गीतमा पनि उतारे। सङ्गीतको स्वर मुलतः एक शुद्ध कर्णप्रिय ध्वनि हुन्छ। केही तार स्वर यस्ता हुन्छन्, जुन एकसाथ बज्दा मधुर लाग्न थाल्छ भने केही अन्य तारसाथ बज्दा कटु लाग्न सक्छ। पाइथागोरसले यसको कारण खोजे। सितारको तारको लम्बाइ जब एकअर्कामा सरल अनुपातमा हुन्छ तब तिनलाई एकैसाथ बजाउँदा आउने आवाजमा एक प्रकारको मधुर एकरसता हुन्छ। जस्तै यदि एउटा तार अर्को तारभन्दा दुईगुणा लामो छ र दुवैको मोटाइ र तनाव एक समान छ भने त्यसलाई एकसाथ छेड्नाले मधुर ध्वनि निस्कन्छ। यही स्थिति त्यो समयमा पनि रहन्छ जब तारको लम्बाइको अनुपात २:३ वा ४:३ हुन्छ। सङ्गीतको शब्दावलीमा २:१ को अर्थ त्यो अष्टकसँग छ जसले वाद्ययन्त्रको कुञ्जीलाई जोड्छ। ३:२ शुद्ध पञ्चम हो र ४:३ चतुर्थ शुद्ध स्वर हो।



पाइथागोरस समकोण त्रिभुज प्रदर्शन गर्दै

सङ्गीतज्ञले स्वरको यस मेललाई शुद्धतम ध्वनि मान्दछ।

**पाइथागोरस साध्य** : पाइथागोरसले प्रतिपादन गरेको मुख्य नियम पाइथागोरस साध्य हो। जुन समकोण त्रिभुजमा लागु हुन्छ। एउटा कोण ९०° वा समकोण भएको त्रिभुजलाई समकोण त्रिभुज भनिन्छ। यसका तीनवटा भुजाहरूमा समकोण अगाडि वा सम्मुख भुजालाई कर्ण (hypotenuse) भनिन्छ भने बाँकी दुई भुजाहरूलाई क्रमशः लम्ब (perpendicular) र आधार (base) भनिन्छ। यो सिद्धान्तअनुसार कर्ण (h) भुजाको वर्गको मान बाँकी दुई भुजाहरूको (p र b) वर्गको मानको योगफलसित बराबर हुन्छ। यसलाई $h^2 = p^2 + b^2$ लेख्ने गरिन्छ। चित्रमा h = hypotenuse, b = base , p = perpendicular or altitude






अर्को परिभाषा अनुसार

समकोण त्रिभुजको कर्ण (h) मा बनेको वर्गको (square) क्षेत्रफलको मान बाँकी दुईभुजाहरू (p र b) मा बनेको वर्गहरूको (squares) क्षेत्रफलको जोडसित बराबर हुन्छ ।




**विवाह** : पाइथागोरसले थिओनो (Theano) नामकी महिलासँग विवाह गरेका थिए। थिओनो स्वयं पनि एक दार्शनिक र पाइथागोरियन समुदायको सदस्य थिइन्। उनीहरूको वैवाहिक जीवनबारे धेरै विवरण उपलब्ध छैन। तर मानिन्छ उनीहरूको सम्बन्ध बौद्धिक र दार्शनिक विचारहरूमा आधारित थियो। पाइथागोरस र थिओनका केही सन्तान भएको उल्लेख छ। केही स्रोतका अनुसार उनीहरूका छोरा टेलागस (Telauges) र छोरीहरू डमो (Damo), माइया (Myia) र अरिग्नोटे (Arignote) भएको पाइन्छ। यी सन्तानहरूले पनि पाइथोगोरियन दर्शनलाई अगाडि बढाएको विश्वास गरिन्छ। विशेष गरी डमोले आफ्नो पिताको लेखन र शिक्षाहरूलाई संरक्षण गरेको कुरा उल्लेख गरिएको छ।

**पुरस्कार र सम्मान** : पाइथागोरसले आफ्नो जीवनकालमा कुनै पनि पुरस्कार प्राप्त गरेका थिएनन्। उनको समय लगभग ईसापूर्व (५७० -४९५) मा गणितज्ञ वा विद्वानहरूलाई आधुनिक कालमा जस्तो पुरस्कार दिने चलन नै थिएन। उनको सबैभन्दा ठूलो उपलब्धी भनेको पाइथागोरस साध्य हो। तर यसका लागि उनले कुनै पुरस्कार पाएका छैनन्। आधुनिक समयमा उनको नाममा विभिन्न पुरस्कारहरू दिने गरिन्छ।

**क) पाइथागोरस अवार्ड (बुल्गेरिया)** : बुल्गेरियाको शिक्षा तथा विज्ञान मन्त्रालयद्वारा वार्षिक रूपमा प्रदान गरिने पुरस्कार हो। यो बुल्गेरियाका उत्कृष्ट वैज्ञानिकहरूलाई दिने गरिन्छ। यसलाई बुल्गेरियाको नोबेल पुरस्कार जस्तै मानिन्छ र विभिन्न विधाहरूमा दिइने गरिन्छ। यो पुरस्कारको शुरुवात सन् २००८ देखि भएको हो।

**ख) पाइथागोरस अवार्ड (इटाली)** : यो इटालीको क्रोटोन सहर र कलाब्रिया विश्वविद्यालयको तर्फबाट प्रदान गरिने अन्तराष्ट्रिय गणित पुरस्कार हो। यो पुरस्कार गणितमा महत्त्वपूर्ण योगदान दिने गणितज्ञहरूलाई दिने गरिन्छ। विशेष गरी ३० वर्षभन्दा कम उमेरका इटालियाली गणितज्ञहरूलाई दिने गरिन्छ। यो पुरस्कार नगद राशी २०,००० युरो छ। यो पुरस्कार सन् २००४ देखि शुरु भएको हो ।

**ग) पाइथागोरियन प्राइज (स्कुलक्राफट कलेज, अमेरिका)** : अमेरिकाको स्कुलक्राफ्ट कलेजको गणित विभागद्वारा विद्यार्थीहरूलाई प्रदान गरिने यो पुरस्कार हो। यो गणितमा उत्कृष्ट प्रदर्शन गर्ने शीर्ष तीन विद्यार्थीहरूलाई दिइन्छ र यसमा छात्रवृत्ति राशी पनि समावेश हुन्छ।

यी बाहेक उनको नाममा साना वा संस्थागत



पाइथागोरसको एक प्रतिमा

पुरस्कारहरू पनि छन् तर माथिका मुख्य र मान्यता प्राप्त छन् ।

**निष्कर्ष** : पाइथागोरसको जीवन मुख्य रूपमा उनको दार्शनिक र गणितीय कार्यहरूमा केन्द्रित थियो । उनले स्थापना गरेको पाइथागोरियन समुदाय एक प्रकारको बौद्धिक र रहस्यमय समूह थियो, जहाँ समुदायका सदस्यहरूले गणित, दर्शन, सङ्गीत र आध्यात्मिकताको अध्ययन गर्थे । यो समुदायमा उनको परिवारका सदस्यहरू पनि संलग्न भएको अनुमान गरिएको छ । यद्यपि, पाइथागोरसको पारीवारिक जीवनबारे ठोस जानकारी कम छ । उनको बारेमा धेरै कुराहरू किंवदन्ती वा अनुमानमा आधारित छन् । उनको जीवनको मुख्य ध्यान गणितीय सिद्धान्तहरू जस्तै पाइथागोरस साध्य र दार्शनिक विचारमा थियो । ज्यामितिमा पाइथागोरस साध्य यति मनोरञ्जक सिद्ध भएको छ कि त्यसको सत्यताका लागि एक सयभन्दा धेरै प्रमाण दिइएको छ । यो सिद्धान्त समस्त गणितीय विद्याको आधार हो । उनको निधनबारे प्रमाणित स्रोत नभएकोले रहस्यमय नै छ । केही भनाइअनुसार पाइथागोरियन समुदायको क्रियाकलाप रहस्यमय र गोप्य भएकोले ई.पू. ५०० मा उनीलगायत उनका शिष्यहरूलाई भीडले सांघातिक हमला गर्दा मारिए । अर्को कथनअनुसार उनले आत्महत्या गरेका थिए । त्यसरी नै उनी भीडको आक्रमणबाट बच्नको लागि भाग्दा भोकाएर निधन भयो । यी भनाइहरूमा कुनै प्रमाण छैन । उनको निधन जसरी भए पनि उनलाई पाइथागोरस साध्यको आधारमा विश्वले हालसम्म चिन्दै आएका छन् ।

**सन्दर्भ सामग्रीहरू**


१. विश्वका चर्चित वैज्ञानिकहरू : दिलिप श्रेष्ठ/उर्मिला शाही : पाँचपोखरी प्रकाशन गृह

२. आजको विज्ञान : विकास बज्राचार्य : खोजी प्रकाशन गृह



BHAKTAPUR [MONTHLY] मासिक

भक्तपुर नपाको वेबसाइट

bhaktapurmun.gov.np

को 'प्रकाशनहरू' मा पढ्न सक्नुहुनेछ ।


# नेपालमा राहुलको प्रभाव



रत्नसुन्दर शाक्य

भारतका एक सुविख्यात साहित्यकार महापण्डित राहुल सांकृत्यायनको नाम नसुन्ने नेपाली राजनीतिज्ञ, इतिहासकार र साहित्यकारहरू कमै मात्र होलान् । उहाँ बौद्ध एवं साम्यवादी विचारधाराका कथा, कहानी, उपन्यास, नाटक, कोश आदिका मात्र रचनाकार होइनन् हाम्रो नेपालको संस्कृति र इतिहासका अतुलनीय ज्ञाताका साथै संस्कृत र पालीसाहित्यका प्रकाण्ड विद्वान पनि हुनुहुन्थ्यो ।

९ अप्रिल १८९३ का दिन भारतको उत्तरप्रदेशस्थित आजमगढ जिल्लाको पन्दहा नामक गाउँमा एक ब्राह्मण कुलमा जन्मनुभएका उहाँ सन् १९२० को अप्रिलको अन्ततिर एक आर्यसमाजी साधुको रूपमा सर्वप्रथम बुद्धको जन्मस्थल लुम्बिनीमा आउनुभएको थियो । त्यसको ३ वर्षपछि सन् १९२३ को फेब्रुवरी-मार्च (वि.सं. १९७९ सालको शिवरात्री) मा पहिलोपटक कान्तिपुर (काठमाडौँ) आउनुभएको थियो । त्यसपछि सन् १९२९ को मार्च (वि.सं. १९८५ सालको शिवरात्री) मा तिब्बतमा गई बौद्धग्रन्थ खोजविन गर्न जाने हेतु दोस्रोपटक नेपालमा आउनुभएको थियो । यस पश्चात् सन् १९३४ र १९३६ पछि पाँचौँपटक सन् १९५३ को ८ जनवरीका दिन उहाँ आफ्नी पत्नी कमला सांकृत्यायनलाई साथ लिई काठमाडौँ आउनुभएको थियो । यसबेला सुरूमा उहाँहरूलाई रहनको निमित्त जननायक विश्वेश्वरप्रसाद कोइराला (वि.सं.१९७१-२०३९) ले आफ्नो पुतलीसडकको बङ्गलामा प्रबन्ध गरिएको थियो । यसपटकको नेपालयात्रा राहुल सांकृत्यायनले आफ्नो विशाल ग्रन्थ *'नेपाल'* पूरा गर्नको निमित्त थियो, अतः उहाँले कयौँ साहित्यकार, इतिहासकार, राजनीतिज्ञहरूसँग सम्पर्क राखी नयाँ तथ्यता स्पष्ट गर्नुभएको थियो । १० जनवरी १९५३ का दिन राहुल दम्पत्ति नेपालका एक पुरातत्त्वविद् जनकलाल शर्मा (वि.सं. १९८३-२०५६) एवं अन्य केही मित्रहरूसित देवपाटनको विभिन्न पुरातात्त्विक स्थल एवं मूर्तिहरू अवलोकन गर्न जानुभएको थियो । सोही दिन उहाँहरूले महाकवि लक्ष्मीप्रसाद देवकोटा (वि.सं.१९१६-२०१६) सित पनि भेटघाट गरेका थिए । यसको केही दिनपछि १ माघ २००९ का दिन राहुल सांकृत्यायनको सम्मानमा नेपालका साहित्यकारहरूले कान्तिपुरको भेडासिंह (थाय्मदु) टोलमा

एक साहित्यिक गोष्ठी सम्पन्न गरेका थिए जसको प्रसङ्गमा उहाँले उल्लेख गरिराख्नुभएको छ –

'जनवरी १४ की शामको हमारे रहने के स्थान (धर्मरत्न यमि के घर बुरांखेल) से थोडी दूर पर साहित्यकारों की गोष्ठी हुई। जिसमे श्री बाबुराम आचार्य, लक्ष्मीप्रसाद देवकोटा, भीमनिधि तिवारी, बालकृष्ण सम, बालचन्द्र शर्मा, सिद्धिचरण श्रेष्ठ, केदारमान 'व्यथित', महानन्द सापकोटा, चित्तधर उपासक आदि कयौं महान् साहित्यकार उपस्थित थे। गोष्ठी तीनघण्टे तक रही। कवियों ने कविताएँ सुनाई। समजी ने अपने नाटकका कुछ भाग बडे नाटकीय ढङ्ग से दोहराया। मैने भी अन्त में कुछ कहा।'

स्मरणीय छ, उक्त गोष्ठी इतिहासकार बाबुराम आचार्य (वि.सं. १९४४–२०२९) को सभापतित्वमा भएको थियो। सो गोष्ठीमा कविवर चित्तधर 'हृदय' ले आफ्नो मन्तव्य सभापतिको निवेदनअनुरूप नेपालीभाषामा नेपालभाषाको विकासक्रमको एक झलक प्रस्तुत गर्दै 'हृदय कथा' पनि सुनाउनुभएको थियो। महाकवि लक्ष्मीप्रसाद देवकोटाले आफ्नो मन्तव्य अङ्ग्रेजीमा राख्नुभएको थियो। यसरी नै बालकृष्ण सम, भीमनिधि तिवारीले बोल्नुभएपछि इतिहासकार बालचन्द्र शर्माले नेपालीभाषाको विकासक्रमका बारे बोल्नुभएको थियो। सम्मानित व्यक्तित्व राहुल सांकृत्यायनले देशको उत्थानका निम्ति सबै भाषालाई समान हक छ, फेरि शिक्षा पनि जनताले बुझ्ने भाषाका माध्यमले मातृभाषामा नै गर्नुपर्ने कुरा राख्नुभएको थियो। सांकृत्यायनले यसपटकको २४दिने (८–३१ जनवरी १९५३)को यात्राकालभित्र विश्वेश्वरप्रसाद कोइराला, गणेशमानसिंह, डा. डिल्लीमरण रेग्मी आदि राजनीतिज्ञहरू सित भेटघाट गरी विचारविमर्श गर्नुभयो। यस्तै एक नामूद कलाकार एवं म्यूजियमका क्यूरेटर चन्द्रमान मास्के, राजगुरु पण्डित हेमराज शर्मा, ल्हासासाहू धर्ममान तुलाधरको परिवार एवं जनरल केशर शमशेर आदि सित पनि भेटघाट गरी १ फरवरी १९५३ का दिन स्वदेश फर्कनुभएको थियो।

उहाँले यस पाँचौँपटकको नेपालयात्राको विशेष उपलब्धि महाकवि लक्ष्मीप्रसाद देवकोटासँग सम्पर्क राख्न पाएकोलाई लिनुभएको छ। महाकवि देवकोटाको प्रसङ्गमा उहाँ लेख्नुहुन्छ–

'देवकोटाको देखकर तो मुझे बार-बार निराला (सूर्यकान्त त्रिपाठी) जी याद आते थे– वैसा ही अकृत्रिम सौहार्द और वैसी ही काव्य प्रतिभा। गद्य-पद्य, नाटक, निवन्ध, खण्डकाव्य, महाकाव्य सव मे उसकी लेखनी निरबाध साधिकार चलती है। मस्त मौला हैं।'

नेपालयात्रापश्चात् राहुल सांकृत्यायनले 'नेपाली महाकवि देबकोटा' शीर्षक राखी एउटा रचना दिल्लीबाट प्रकाशित हुने 'आजकल' पत्रिकामा प्रकाशित गर्नुभयो। त्यो पत्रिका 'आजकल' मई, १९५३ मा कविता अङ्को रूपमा



प्रकाशित गरिएको थियो।

यस्तै महापण्डित राहुलले सन् १९५३ मै नेपालको यात्राबाट फर्कनुभएपश्चात् देवकोटाको मात्र होइन नेपालका एक क्रान्तिकारी व्यक्तित्व एवं नेपालभाषा र नेपाली साहित्यमा पनि योगदान भएका धर्मरत्न 'यमि' को बारेमा पनि जीवनी लेखी त्यही सालको मई, जून र जुलाई तीन अङ्कमा गरी 'जीवन साहित्य' नामक दिल्लीबाट प्रकाशित हुने एक मासिक पत्रिकामा प्रकाशित गर्नुभएको थियो। यसैलाई 'यमि' का एक जेल मित्र शंकरबहादुर कार्कीले सन् १९५४ मा पहिलो र सन् १९६३ मा दोस्रो संस्करण प्रकाशित गरिएको थियो।

राहुल सांकृत्यायनको धार्मिक, भाषिक र साहित्यिक प्रेरणाबाट प्रेरित एक कवि चित्तधर 'हृदय' पनि थिए। कविवर चित्तधर 'हृदय' ले आफूले रचना गरेको जेलकृति 'सुगत-सौरभ' महाकाव्य पूरा गर्न उहाँको ग्रन्थ 'बुद्ध-चर्या' लाई सहयोग लिनुभएको थियो। राहुल सांकृत्यायनसँग कविवरको सम्पर्क सन् १९३६ देखि नै थियो जुनवेला राहुल सांकृत्यायन स्थविरवादी भिक्षुको रूपमा तेस्रोपटक तिब्बतयात्राको निम्ति दुइ महीना (१८ फेब्रुअरी–१४ अप्रिल १९३६) कान्तिपुरमा रहनु भएको थियो। त्यस समयावधिमा एकदिन उहाँ साहू द्रव्यधर तुलाधर (चित्तधरका बुबा) को घरमा पनि निमन्त्रित भई पुग्नुभएको थियो।

सोही बेला द्रव्यधर पुत्र-चित्तधर तुलाधरले आफ्नो पिताको सङ्ग्रहमा रहेको 'धर्म समुच्चय' नामक ग्रन्थ प्रकाशन

गरौँ कि भनी देखाउनु हुँदा यस्तो ग्रन्थ तीन वर्षअघि आफूले जर्मनमा देखिसकेको कुरा राहुलले बताउनुभएको प्रसङ्ग चित्तधरले उल्लेख गरिराख्नुभएको छ। त्यसको सट्टा राहुलजीले चित्तधरलाई नेपालका नामूद वज्रयानी आचार्यहरूले रचना गरिएका दोहा (चर्यागीत) हरूको एक वृहत् सूची बनाउनु भनी सल्लाह दिनुभएको थियो। तर त्यसबेला चित्तधरले आफूसँग राम्ररी दार्शनिक, देवताहरूको ध्यान, संस्कृत, प्राकृत, अपभ्रंस, बङ्गला, मैथिली भाषाको पूरा ज्ञान नभएकोले कविवरले उक्त काममा हात राख्नु भएन। उक्त कार्य पछि राहुल सांकृत्यायन स्वयंले सिद्ध सरहपाद (आठौं शदीको) को दोहा-कोश हिन्दी छायानुवादसहित सम्पादन गरी सन् १९५७ सालमा 'विहार राष्ट्रभाषा परिषद्-पटना' बाट प्रकाशित गर्नुभएको थियो। यसमा नेपालका केही वज्रयानी आचार्यहरूको चर्यागीतको पनि चर्चा गर्नुभएको थियो साथै चर्यागीत (चचा) को रक्षा गरी राखेकोमा नेपालका बज्राचार्यहरूको प्रशंसा पनि गर्नुभएको थियो ।

यसरी भारतका सुविख्यात साहित्यकार एवं भारतका मार्क्स हुनु भएका राहुल सांकृत्यायनसित नेपालका विविध क्षेत्रका व्यक्तित्वहरूले निकटतम सम्पर्क राख्नुभएको थियो। उहाँको प्रेरणाबाट भारत एवं नेपालका असङ्ख्य शिक्षित व्यक्तिहरू मार्क्सवाद (साम्यवाद) मा लागेका छन् त असङ्ख्य व्यक्तिहरू बुद्ध-धर्ममा प्रेरित भई दीक्षित (भिक्षु) समेत भई बौद्ध साहित्य वृद्धि गर्नमा लागेकाहरू पनि छन्।

राहुल सांकृत्यायनले विभिन्न प्रसङ्गमा सात पटकसम्म नेपालयात्रा गर्नुभएको थियो। वि.सं. २०१३ सालमा नेपाल (काठमाडौँ) मा सम्पन्न चतुर्थ विश्व बौद्ध सम्मेलनमा उहाँ छैटौँ पटकको रूपमा नेपाल आउनुभएको थियो। यसपश्चात् २०१४ सालको चैत्रको सुरूमा (मार्च, १९५८) उहाँ सपरिवार (जहान कमला, छोरी जया र छोरा जेतालाई) लिएर नेपालको यात्रा गर्न आउनुभएको थियो। यो उहाँको अन्तिम यात्रा हुनपुग्यो।

दस दिनको उक्त यात्रा भारतीय दूतावासको अतिथिका रूपमा सांस्कृतिक दूतको रूपमा आउनुभएको थियो। उहाँ नेपालबाट फर्किनुभएको तीन महिनापछि १५ जून १९५८ का दिन पुनः बौद्ध ग्रन्थको अन्वेषणको निम्ति तिब्बत जाने लक्ष्य लिई चीन जानुभएको थियो। तर त्यसबेला तिब्बतमा राजनीतिक गडबडी भइरहेको कारण कोही पनि चीनी नागरिक समेत तिब्बत जान नसकिने स्थितिले गर्दा राहुल सांकृत्यायन चार महीनापछि नै स्वदेश फर्कनुभएको थियो।

चीनबाट फर्कनुभएको वर्षदिनपछि उहाँ सितम्बर, १९५९ मा श्रीलंकाको विद्यालङ्कार विश्वविद्यालयमा दर्शनविभागका प्रमुखको रूपमा केलनिया पुग्नुभयो। उहाँ उक्त विश्वविद्यालयमा दर्शनविभागाध्यक्षको रूपमा सन् १९५९ को सितम्बरदेखि १९६१ को अगष्टसम्म रहनुभयो। श्रीलंकाको विश्वविद्यालयबाट छुट्टीमा आउनुभएका राहुल सांकृत्यायन कलकत्तामा किशोरीदास बाजपेयीको अभिनन्दन समारोहमा उपस्थित भएका उहाँ समारोहस्थलमै ११ डिसम्बर १९६१ का दिन स्मृतिलोपको आघात हुन गएको थियो। अतः यसपश्चात्देखि उहाँको दिमागले काम गर्न छोड्यो। आफ्नो देशको विभिन्न अस्पतालबाट उहाँको पूर्ण उपचार नभएपछि उहाँलाई भारतीय कम्युनिष्ट पार्टीले मास्को अस्पतालमा पुऱ्याए। त्यहाँ सात महिना (१५ जुलाइ १९६२ – १३ मार्च १९६३) सम्म उपचारबाट पनि उहाँ पूर्ण रूपमा निको हुन सकेन। अतः उहाँलाई १३ मार्च १९६३ का दिन मास्कोबाट दिल्ली पुऱ्याइयो। दिल्लीबाट उहाँलाई श्रीमती कमला सांकृत्यायनले २४ मार्चका दिन दार्जीलिङ्गस्थित आफ्नै घरमा पुऱ्याइयो।

९ अप्रिल १९६३ का दिन उहाँको ७० औं जन्मोत्सव थियो। उक्त जन्मोत्सवको निमित्त उहाँको एक गुरुभाइ भिक्षु महानाम 'कोविद' (नेपाली) कलकत्ताबाट दार्जीलिङ्ग आइपुग्नुभएको थियो- अप्रिल ६ का दिन। अफशोच ! ७० औं जन्मोत्सव मनाउनुभएको रातमै राहुल सांकृत्यायन पुनः बेहोश हुनुभयो र ५ दिनको बेहोशी अवस्थामै १४ अप्रिल १९६३ का दिन उहाँले सदाको निमित्त संसार छाड्नुभयो।

उहाँको पार्थिव शरीरलाई भिक्षु महानाम 'कोविद' को विशेष सहायोगले भव्य रूपमा राजकीय सम्मानकासाथ शवयात्रा सम्पन्न गरिएको थियो। उहाँलाई जहाँ दाहसंस्कार गरिएको थियो त्यहीं उहाँको सम्झनामा एउटा स्मारक (चैत्य) पनि निर्माण गराइराख्नुभएको छ। त्यसको मुनि एउटा सङ्गमरमर (Marble) को पत्थरमा निम्नाङ्कित परिचय लेखिएको छ-

महान् पर्यटक, पुरातत्ववेत्ता, बहुभाषिक,
त्रिपिटकाचार्य, साहित्यवाचस्पति

## महापण्डित राहुल सांकृत्यायन

जन्म- आजमगढ- ९ अप्रिल १९८३,

निर्वाण- दार्जिलिङ्ग १४ अप्रिल १९६३

की पुण्यस्मृति में उनकी धर्मपत्नी कमला
सांकृत्यायनने इस स्तुपका निर्माण कराया।

**सहयोग सामग्री**


१. नेपाले राहुल - भिक्षु सुदर्शन, नेपाल भारत सांस्कृतिक केन्द्र, कान्तिपुर, ने.सं.- १०८५
२. अतीत से वर्तमान - राहुल सांकृत्यायन्, विद्यामन्दिर प्रेस प्रा.लि, वाराणशी, सन् १९५६
३. मेरी जीवन यात्रा (५) - राहुल सांकृत्यायन, राजकमल प्रकाशन, दिल्ली-६, सन्- १९६७
४. भिक्खुत्रयी - रत्नसुन्दर शाक्य, धर्मोदय सभा, भक्तपुर शाखा, मुनिविहार, ने.सं.- १११२

# जन्मजात मुटु रोग परीक्षणको विश्लेषण

कृष्ण गारु

नेपाल एक विकासउन्मुख देश हो। आज पनि नेपालमा झाडा-पखाला, किटजन्य रोग, तथा अन्य सङ्क्रामक रोगका कारण अकालमै धेरै बालबालिकाको मृत्यु भइरहेको छ। दिगो विकास लक्ष्य (SDG) २०३० अनुसार नेपालले स्वास्थ्यसँग सम्बन्धित लक्ष्य प्राप्त गर्न नवजात शिशु मृत्युदर १२ प्रति १,००० जीवित जन्म र पाँच वर्षमुनि बाल मृत्युदर २५ प्रति १,००० जीवित जन्ममा झार्नुपर्ने लक्ष्य लिएको छ। नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण (NDHS) २०२२ अनुसार नेपालमा बाल मृत्युदरमा क्रमिक सुधार देखिएता पनि सर्वेक्षणका अनुसार पाँच वर्षमुनि मृत्युदर प्रति १,००० जीवित जन्ममा ३३, शिशु मृत्युदर (IMR) २८, र नवजात शिशु मृत्युदर (NMR) २१ रहेको छ।

यी तथ्याङ्कहरूले शिशु तथा नवजात मृत्युदर अझै पनि कुल बाल मृत्युदरको ठूलो हिस्सा ओगटिरहेको स्पष्ट पार्दछन्। नेपाल सरकार मार्फत मृत्युदर घटाउने उद्देश्यले सङ्क्रामक रोग, किटजन्य रोग तथा श्वासप्रश्वाससम्बन्धी रोगहरूमाथि केन्द्रित कार्यक्रमहरू सञ्चालनमा रहे पनि, जन्मजात रोगहरू, विशेषगरी जन्मजात हृदय रोग (Congenital Heart Disease–CHD) प्रति राज्यको ध्यान पर्याप्त पुगेको देखिँदैन। जन्मजात मुटु रोगले शिशु तथा बाल मृत्युदरमा उल्लेखनीय योगदान पुर्‍याउने गरेको प्रमाणहरू उपलब्ध छन्। समयमै पहिचान र उपचार नहुँदा CHD नवजात तथा शिशु अवस्थामा गम्भीर जटिलता र मृत्युको प्रमुख कारण बन्न सक्छ।

चिनियाँ वैज्ञानिक जियाओलि सु (Jiaoli Xu) को अध्ययनअनुसार सन् १९९० देखि २०२१ सम्म विश्वभर जन्मजात हृदय रोगको प्रसारदर प्रति १,००० जीवित जन्ममा ८ देखि ९ रहेको देखिन्छ। त्यसैगरी, नेपालमा गरिएको ओसन श्रेष्ठको अध्ययनले जन्मजात हृदय रोगको प्रसार दर प्रति १,००० जीवित जन्ममा करिब ७ रहेको देखाएको छ। यी तथ्याङ्कहरूले नेपालमा पनि CHD को बोझ उल्लेखनीय रहेको सङ्केत गर्दछ, यद्यपि यसको पहिचान र व्यवस्थापनमा अझै सीमितता विद्यमान छन्।

त्यसैले, बाल मृत्युदरलाई घटाउन नवजात तथा विद्यालय उमेरका बालबालिकामा जन्मजात हृदय रोगको प्रारम्भिक परीक्षण (स्क्रिनिङ), समयमै रेफरल, तथा गुणस्तरीय उपचार सेवाको पहुँच विस्तार अति आवश्यक देखिन्छ। यस्ता लक्षित हस्तक्षेपहरूले दिगो विकास लक्ष्य २०३० अन्तर्गत बाल मृत्युदर न्यूनीकरण गर्ने राष्ट्रिय लक्ष्य प्राप्तिमा महत्त्वपूर्ण योगदान पुर्‍याउन सक्छ।

चीनको युनानको फुवाइ अन्तर्राष्ट्रिय कार्डियोभास्कुलर अस्पताल, चीनको फुवाइ कार्डियोभास्कुलर अस्पतालको दक्षिण पश्चिम शाखा हो, र यो युनानको ट्रिपल P(AAA), विशिष्टकृत अस्पतालको रूपमा परिचित छ। उक्त अस्पतालले विश्वका विभिन्न देशमा गई निःशुल्क जन्मजात मुटु रोगको प्रारम्भिक परीक्षण गर्ने गर्दछ। त्यसै सिलसिलामा नेपालमा 'Nepal–China 'Love Heart Journey' Congenital Heart Disease screening and treatment project' अन्तर्गत रहेर विद्यालयमा अध्ययनरत विद्यार्थीहरूमा निःशुल्क जन्मजात मुटु रोगको प्रारम्भिक परीक्षणसहित उपचार पनि गर्दै आइरहेको छ। नेपालमा यस संस्थाले जन्मजात मुटु रोगको प्रारम्भिक परीक्षण पोखरा र दोलखामा सन् २०२३ र २०२४ सम्पन्न गरिसकेको छ।

युनान फुवाइ अन्तर्राष्ट्रिय कार्डियोभास्कुलर अस्पताल, सहीद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र, अन्नपूर्ण न्यूरो अस्पताल र ख्वप अस्पतालको प्राविधिक सहयोग र भक्तपुर नगरपालिकाको आयोजनामा यस पटक पुस ८ गतेबाट ११ गतेसम्म भक्तपुर नगरपालिकाका ९० वटा विद्यालयमा ३२,६४३ जना विद्यार्थीमध्ये ३०,६८३ जना (९३.९९ प्रतिशत) को मुटु परीक्षण गरिएको थियो।

उक्त शिविरलाई प्रभावकारी रूपमा व्यवस्थापन गर्न चार दिनको अवधिमा करिब ३२,६४३ विद्यार्थीको मुटु परीक्षण गर्ने उद्देश्यले हामीले १७ वटा केन्द्र तोकेका थियौँ। पहिलो दिन वागीश्वरी मावि, च्यामासिंह र कमलविनायकमा केन्द्र निर्धारण गरेका थियौँ। वागीश्वरी मावि कमलविनायकमा नजिकका १० वटा विद्यालयलाई समेतिएको थियो। त्यसै गरी वागीश्वरी च्यामासिंहमा ६ वटा विद्यालयको केन्द्र थियो, उक्त केन्द्रमा विद्यालयहरूका विद्यार्थीहरूको मुटु परीक्षण पश्चात, दुई टोली पुनः नजिकैको केन्द्र न्यातापोल स्कुल र ख्वप्रिङ स्कुलमा केन्द्र तोकेका थियौँ। उक्त दिन अनुमान गरे अनुसार नै करिव ८,८१७ विद्यार्थीमध्ये ७,७१२ विद्यार्थीको मुटुको प्रारम्भिक परीक्षण भएको थियो।

शिविरको दोस्रो दिन आदर्श आजाद मावि, तारा मावि, सरस्वती विद्यागृह मावि र जेन्युइन सेकेन्डरी स्कुलमा




*(श्रोत : २०८२ पुस ८ देखि११ गतेसम्मको शिविरको तथ्याङ्क)*

केन्द्र निर्धारण गरी करीब ३६ वटा विद्यालयका १०,४२२ विद्यार्थीको मुटु परीक्षण गरिएको थियो। तेस्रो दिन पुस १० गते एभरेष्ट ई. स्कुल, प्रभात ई. स्कुल, बालविकास ई. स्कुल, सैनिक आवासीय मावि, पद्म मावि र शारदा माविमा केन्द्र तोकेर २१ वटा विद्यालयका करिब ८,३३५ जना विद्यार्थीको मुटु परीक्षण गरेका थियौँ। चौथो तथा अन्तिम दिन भनपा वडा कार्यालय, मेधा मावि र आधारभूत स्वास्थ्य केन्द्र, सल्लाघारी केन्द्रमा १३ वटा विद्यालयका करिब ४,२१४ जना विद्यार्थीको मुटु परीक्षण गरिएको थियो।

## कसरी हुन्छ त जन्मजात मुटु रोगको परीक्षण ?

सामान्य बुझाइको भाषामा भन्नुपर्दा जन्मजात मुटु परीक्षण गर्ने विधिमध्ये उत्तम र सरल विधि भनेको स्टेथेस्कोपले (Stethescope) मुटुको धड्कनको गतिको ध्वनि (Heart Murmur/sound) सुन्नु हो, उक्त सुनाइमा मुटुको धड्कन असामान्य सुनिएको अवस्थामा निश्चित निदान (confirmative diagnosis) को लागि फेटल इकोकार्डियोग्राफी मेशिनले बालबालिकाको मुटु परीक्षण गरिन्छ र मुटुको असामान्य अवस्था पहिचान गरिन्छ। सामान्यतया १ जना विद्यार्थीलाई मुटु परीक्षण गर्न करिब ३० सेकेन्ड जति लाग्छ र असामान्य भएको खण्डमा १ मिनेट लाग्छ। फेटल इकोकार्डियोग्राफी मेशिनले ५ देखि १० मिनेटमा मुटुको अवस्थाबारे स्पष्ट चित्र प्रदान गर्छ र मुटुको अवस्थाबारे जानकारी दिन्छ। उक्त जाँचको निम्ति मुटु विशेषज्ञमात्रै योग्य हुन्छ।

यी शिविरमा १५ जना तालिम प्राप्त चिकित्सकहरूले विद्यार्थीको मुटुको धड्कन सुने पश्चात, असामान्य धड्कन भएका विद्यार्थीहरूलाइ थप परीक्षण गर्न चीनको पेचिङ फुवाइ अन्तर्राष्ट्रिय कार्डियोभास्कुलर अस्पताल, नेपालका सहीद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र र ख्वप अस्पतालका मुटु विशेषज्ञद्वारा इको कार्डियोग्राफ गरिएको थियो।

चार दिने प्रारम्भिक मुटु परीक्षणमा ३०,६८३ जना विद्यार्थीहरूमध्ये १,०७६ जना विद्यार्थीमा असामान्य मुटुको

धड्कन मापन भएको थियो र जसमध्ये १४४ जनामा कुनै न कुनै प्रकारको जन्मजात मुटु रोग पहिचान भएको थियो। सबैभन्दा बढी वागीश्वरी मावि केन्द्रमा १८ जना विद्यार्थीमा जन्मजात मुटु रोगका बिरामी पहिचान भयो।

## जन्मजात मुटु रोगको छात्र छात्रा अनुपात




श्रोतः २०८२ पुस ८ देखि ११ गतेसम्मको शिविरको तथ्याङ्क

यस प्रारम्भिक परीक्षण शिविरको तथ्याङ्कले छात्र र छात्रा अनुपात हेर्दा १४४ जनामध्ये ६६ जना छात्रा र ७८ जना छात्र जन्मजात मुटु रोग पहिचान भएको छ।

भक्तपुर नगरपालिका नेवार जाति बाहुल्य क्षेत्र हो। यस प्रारम्भिक परीक्षण शिविरको तथ्याङ्कले पनि यसै सामाजिक संरचनालाई प्रतिबिम्बित गर्दछ, जसअनुसार ५२.८ प्रतिशत जन्मजात मुटु रोगका बिरामीहरू नेवार समुदायका रहेका छन् र दोस्रोमा ब्राह्मण क्षेत्री जाति र तेस्रोमा अन्य जनजाति र पाँचौँमा तामाङ जाति रहेको छ।

| जाति | संख्या | प्रतिशत |
|---|---|---|
| नेवार | ७६ | ५२.८ |
| ब्राह्मण क्षेत्री | २२ | १५.३ |
| जनजाती | १९ | १३.२ |
| तामाङ | १७ | ११.८ |
| दलित | ५ | ३.५ |
| ठकुरी | २ | १.४ |
| मधेसी | २ | १.४ |
| मुस्लिम | १ | ०.७ |
| जम्मा | १४४ | १०० |

जन्मजात मुटु रोगबारे जातिगत विवरण

श्रोतः २०८२ पुस ८ देखि ११ गतेसम्मको शिविरको तथ्याङ्क

यस प्रारम्भिक परीक्षण शिविरको तथ्याङ्कले भक्तपुर नगरपालिकामा जन्मजात हृदयरोगको उमेरगत वितरणमा स्पष्ट प्रवृत्ति देखाएको छ। कुल १४४ जना बिरामीमध्ये ५ देखि १५ वर्षको उमेर समूहले ५८.३ प्रतिशत (८४ जना) ओगटेको छ, जसले विद्यालयीय उमेरका बालबालिकामा यस रोगको प्रसार बढी रहेको सङ्केत गर्दछ। विशेषगरी १४ वर्ष (९.७ प्रतिशत), ७ वर्ष (९.० प्रतिशत) र ६ वर्ष (७.६ प्रतिशत) उमेरका बालबालिकामा सर्वोच्च प्रसार पाइएको छ।

| उमेर | संख्या | प्रतिशत |
|---|---|---|
| ३ महिना | १ | ०.७ |
| २ वर्ष | १ | ०.७ |
| २.५ वर्ष | १ | ०.७ |
| ३ वर्ष | ७ | ४.९ |
| ४ वर्ष | १ | ०.७ |
| ५ वर्ष | १० | ७.९ |
| ६ वर्ष | ११ | ७.६ |
| ७ वर्ष | १३ | ९.० |
| ८ वर्ष | ५ | ३.५ |
| ९ वर्ष | ५ | ३.५ |
| १० वर्ष | ९ | ६.३ |
| ११ वर्ष | ८ | ५.६ |
| १२ वर्ष | ११ | ७.६ |
| १३ वर्ष | १० | ६.९ |
| १४ वर्ष | १४ | ९.७ |
| १५ वर्ष | ७ | ४.९ |
| १६ वर्ष | ४ | २.८ |
| १७ वर्ष | १ | ०.७ |

जन्मजात मुटु रोगबारे उमेर अनुसार तालिका

श्रोतः २०८२ पुस ८ देखि ११ गतेसम्मको शिविरको तथ्याङ्क

यस प्रारम्भिक मुटु परीक्षणबाट १४४ जनामा एक व्यक्तिलाई १ भन्दा बढी बहुप्रकार मुटु रोग हुनसक्छ। यो तथ्याङ्कले भक्तपुर जिल्लाको भक्तपुर नगरपालिकाका विद्यालयमा अध्ययनरत विद्यार्थीहरूमा जन्मजात हृदय रोगको प्रचलित प्रकारहरूको स्पष्ट चित्र प्रस्तुत गर्दछ। एट्रियल सेप्टल डिफेक्ट (ASD) सबैभन्दा प्रचलित प्रकार हो, जसले १६१ पुष्टि भएकामध्ये ६६ (४५.८८ प्रतिशत) जनामा देखिएको छ, र भेन्ट्रिकुलर सेप्टल डिफेक्ट (VSD) २९ (२०.१ प्रतिशत) जनामा सहित दोस्रो स्थानमा देखिएको छ। पेटेन्ट फोरामेन ओभेल (PFO), पेटेन्ट डक्टस आर्टेरियोसस (PDA), क्रमशः रहेका छन्। साथै ९ जनाले मात्र शल्यक्रिया गरेको तथ्याङ्क रहेको छ, जसले यो जनस्वास्थ्य समस्याको अधिकांश भाग निदान र उपचारबाट वञ्चित नै रहेको सङ्केत गर्छ।

यस अध्ययनको लक्ष्य समाजमा लुकेर बसेका जन्मजात मुटु रोगको पहिचान गर्नु हो र उपचार आवश्यक भएको केशलाई समयमा नै उपचारको लागि सिफारिस गर्नु हो।

३ महिनादेखि ४ वर्षसम्मका साना बच्चाहरूमा पनि ६.९ प्रतिशत बिरामी रहेकोले शिशु अवस्थादेखि नै जाँचको आवश्यकता रहेको देखिन्छ। यी तथ्याङ्कहरूले स्कुल–केन्द्रित हृदय स्वास्थ्य जाँच कार्यक्रम र जन्मेदेखि नै नियमित अनुगमनको महत्त्व प्रस्तुत गर्दछ। हामीले केही परिवारका सदस्यहरूलाई अन्तर्वार्ता लिँदा अधिकांश सदस्यहरू यस रोगबारे अनभिज्ञ थिए। यस विषयले हाम्रो देशमा जन्मजात मुटु रोगबारे जनचेतना फैलाउने कार्यक्रम सञ्चालन अति आवश्यक देखिएको छ।

| रोगको प्रकार | संख्या |
|---|---|
| ASD | ६६ |
| VSD | २९ |
| PFO | १३ |
| PDA | ७ |
| Post Operation | ९ |
| BAV | ४ |
| Arrhythmia | १३ |
| Slightly Myxomatous MV Trace | ५ |
| Other | १५ |
| जम्मा | १६१ |

जन्मजात मुटु रोगबारे रोगका प्रकार अनुसार विवरण

श्रोतः २०८२ पुस ८ देखि ११ गतेसम्मको शिविरको तथ्याङ्क

अन्तमा, यस प्रकारको प्रारम्भिक मुटु परीक्षण शिविर नेपालका सम्पूर्ण जिल्लामा आयोजना गरिनु पर्दछ। दिगो विकास लक्ष्य प्राप्तीको निम्ति सरकारले पनि यस विषयलाई विशेष ध्यान दिन जरूरी छ र मुटुको प्रारम्भिक परीक्षण स्वास्थ्य कार्यक्रममा नै समावेश गर्न जरूरी देखिन्छ। सूचना प्रविधिको उच्चतम प्रयोगले रोगको बारे र रोकथामको बारे जानकारी दिनु जरूरी छ। स्वस्थ्य मुटु, स्वस्थ जीवन भविष्यको विकासको निम्ति अतिआवश्यक आधार हो।



## विद्यार्थीको लागि
## कति शब्द बन्छ होला ?

M

R U

S R

T O

दिइएका सात अक्षरबाट कतिवटा अङ्ग्रेजी शब्द बन्छ होला ? (२६ ?) (उत्तर ६२ पृष्ठमा)

# उपत्यकामा पोखरी यसकारण बनाए पुर्खाले

उपत्यकाका १० नगरपालिकामा २३३ पोखरी छन्। कतिपय १६ सय वर्ष पुराना पनि छन्।




भक्तपुरको दुधपाटीमा रहेको बसपार्क छेउछाउ पुग्ने धेरैको एउटा लक्ष्य हुन्छ। त्यहाँको सुन्दर पोखरीमा टहलिने, माछालाई खानेकुरा खुवाउने, सुन्दर पोखरीवरपरको वातावरणमा एकछिन भए पनि थकाइ बिसाउने। दुधपाटी मात्र होइन, भक्तपुर नगरपालिकाभित्रको ३८ वटै पोखरीमा पुगेर मानिसहरू घन्टौँ बिताएर फर्किन्छन्। ती पोखरीको १६०० वर्षसम्मको इतिहास पाइन्छ।




१६00 वर्ष पुरानो सिद्धपोखरी (तव पुखू)

कुनैवेला करिब ३०० वर्षसम्म भक्तपुर नेपालको राजधानी थियो। त्यसैले, राजधानीको पूर्वाधारकै रूपमा पोखरी अनिवार्य रूपमा निर्माण भएको इतिहासविद् प्रा.डा. पुरुषोत्तमलोचन श्रेष्ठ बताउँछन्। 'पोखरी नगरसभ्यताको प्रतीक थियो। पोखरी राजधानीको सौन्दर्यका लागि पनि नभई नहुने थियो। त्यसैले, शोभाको रूपमा मात्र नभई, वर्षभरि गरिने जात्रा चाडपर्वका लागि पनि पोखरीको महत्त्व धेरै थियो,' उनले भने।

भक्तपुरमा भएका धेरै पोखरीमध्ये सिद्धपोखरी (तव पुखू) सबैभन्दा पुरानो र ठूलो हो। यो पोखरी करिब १६०० वर्षअघि नै अस्तित्वमा आएको इतिहासविद् श्रेष्ठ बताउँछन्। २० वर्षअघि नै भक्तपुरका पोखरीबारे अनुसन्धान गरेका उनले यो पोखरी अस्तित्वमा आएको समयबारे केही प्रमाण भेटेका छन्। 'भक्तपुरको सबैभन्दा पुरानो पोखरी सिद्धपोखरी लिच्छविकालतिरै बनेको थियो। पोखरीको पूर्वपट्टि खोपाहरू छन्। त्यहाँ वराहले पृथ्वी मातालाई उद्धार गरेको मूर्ति छ। त्यो लिच्छविकालीन मूर्ति हो। नेपाली साहित्यकार तथा चित्रकार लैनसिंह बाङ्देलले वराहको त्यो मूर्तिलाई पाँचौँ शताब्दीको भएको बताएका थिए। त्यो समय भनेको करिब १६०० वर्षअघि हो,' श्रेष्ठले भने।

त्यही ठाउँमा एउटा शिलालेख पनि भेटिएको छ। तर, त्यो शिलालेख पढ्न सकिने अवस्थामा छैन। मूर्तिको शीर्ष भागमा केही बुट्टा छन्, त्यस आधारमा त्यो शिलालेख १२औँ शताब्दीतिरको भएको देखिन्छ। सिद्धपोखरीलाई पछि पर्खाल, पेटीसहित बनाउने काम नेपाल संवत् २४८ तिर इन्द्रदेव नामका युवराजले बनाउन लगाए। श्रेष्ठका अनुसार पोखरीको आसपासमा बौद्ध चैत्य पनि छ। पूर्वपट्टि शिवलिङ्ग छ। यसले धार्मिक समन्वय र सांस्कृतिक एकता र सद्भावको उदाहरण प्रस्तुत गरेको छ। त्यहीं गुहेश्वरी पीठ छ। भक्तपुरका बज्राचार्य तान्त्रिक विधिद्वारा पूजाआजा गर्न अहिले पनि त्यहाँ जान्छन्। केही पहिलेसम्म स्थानीयले श्राद्धकर्म गर्दा त्यही पोखरीमा पिण्ड सेलाउने काम गर्थे।




कमलपोखरी

सिद्धपोखरीको नजिक रहेको भाजु पोखरी १२औँ शताब्दीमा बन्यो। त्यहाँ देवाली पूजा गर्न अझै स्थानीय जान्छन्। कालदह पुखू हेर्दा सानो तर धार्मिक, सांस्कृतिक जीवनसँग जोडिएको पोखरी हो। जनैपूर्णिमाको दिन पोखरीमा गएर स्नान गर्ने परम्परा छ। पोखरीलाई गोसाइँकुण्डको रूप मानिन्छ। विभिन्न प्रयोजनका लागि बनेका यी पोखरीको आफ्नै धार्मिक, सामाजिक, सांस्कृतिक, वातावरणीय महत्त्व छ। तर, वि.सं. १८२६ मा मल्ल राज्यको पतनपछि भने भक्तपुरमा यस्ता सम्पदा बेवास्तामा परे। 'मल्ल राज्यको पतनपछि भक्तपुर सामान्य जिल्लाका रूपमा मात्र रह्यो। अरू वास्तु कृतिसँगै पोखरीको पनि संरक्षण हुन सकेन। यहाँको विकासमा पूर्णविराम नै लाग्यो भन्नुपर्छ,' श्रेष्ठले भने, 'करिब ४० वर्षअघि भएको सांस्कृतिक पुनर्जागरणपछि भने यहाँको पोखरीलगायत सम्पदा संरक्षणमा समुदाय जुटेका छन्। स्थानीय जनप्रतिनिधि आएपछि उनीहरूले पनि चासो देखाएका छन्। यसले इतिहास ब्युँताउने काम भएको छ।'

## यसकारण पोखरी महत्वपूर्ण

पोखरी कति महत्त्वपूर्ण छ भन्ने जानकारी हासिल गर्न काठमाडौँ उपत्यकाको पानी प्रणालीबारे अध्ययन गरेका अध्येता तथा इन्जिनियर पद्मसुन्दर जोशीको 'हिति प्रणाली' पुस्तक पढ्न उपयुक्त हुन्छ। उनले पुस्तकमा पोखरीको महत्त्व दर्साउन मध्यपुर थिमी नगरपालिकाअन्तर्गत बोडे नगरलाई बलियो उदाहरणका रूपमा पेस गरेका छन्। नगरमा बस्तीभित्र दुई र बस्तीबाहिर चारवटा पोखरी छन्। 'पलेस्वाँ पुखू, खाँसी पुखू र द्योबुं पुखू बस्तीको उत्तरमा रहेको भिरालोको ठिक माथि छन्, जसले बस्तीलाई मनहराको भिरतिर भासिनबाट बचाउँछ। बस्तीबाहिर दक्षिणतिरको क्वयू पुखूले वर्षाको समयमा पानी सङ्कलन गरी यसभन्दा दक्षिणको खेतलाई जोगाउने काम मात्र गर्दैन, वर्षापछि सिँचाइका लागि पानीसमेत उपलब्ध गराउँछ,' उनले पुस्तकमा उल्लेख गरेका छन्।




नःपोखरी

उनका अनुसार नेवाः सभ्यतामा सिरानका पोखरी, बस्तीबिचका पोखरी, बस्ती पुछारका पोखरी र फ्वती वा फ्वंगा थिए। चारै प्रकारका पोखरीको उत्तिकै महत्त्व भए पनि बस्तीबिचका पोखरीबारे जोड दिँदै उनले लेखेका छन्, 'बस्तीबिचका पोखरीले एकातिर निकासका लागि बनाइने बर्खे ढलको आकार सानो बनाइरहेको र त्यसको मर्मत–सम्भारलाई सजिलो पारिरहेका हुन्छन् भने अर्कोतिर घरेलु

उपयोगका कतिपय काम गर्न पानी उपलब्ध गराइरहेका हुन्छन् ।'

## पोखरीलाई पर्यटनसँग जोड्दै

हिजोको अवस्थामा जुन प्रयोजनका लागि पोखरी निर्माण भयो, सोहीअनुसार प्रयोजनमा नआए पनि हाल नगरपालिकाले पोखरीलाई पर्यटनसँग जोडेर काम गरिरहेको छ । पोखरीलाई ऐतिहासिक सम्पदाको रूपमा अङ्गिकार गरेर नगरपालिकाले संरक्षण, संवर्द्धनको काम गरेको छ । करिब ४० वर्षअघिदेखि नै पोखरीको मर्मतसम्भार, संरक्षण हुँदै आए पनि सङ्घीयतापछि आएका जनप्रतिनिधिले पनि पोखरीको मर्मलाई मनन गरेको हो । सोहीअनुसार पोखरीलाई पर्यटनसँग जोडेर आम्दानीसमेत गरिरहेको नगरपालिकाले जनाएको छ ।

भक्तपुर नगरपालिका प्रशासकीय अधिकृत दामोदर सुवालका अनुसार परम्परागत पानीका स्रोत इनार, ढुङ्गेधारा, पोखरी, कुवा पुरानो नेवार सभ्यता हो । 'ऐतिहासिककालमा भक्तपुरका बासिन्दाको दैनिक आवश्यकता जस्तै– घरायसी आवश्यकता, कृषि आवश्यकता, पशुपालनसम्बन्धी आवश्यकता पूरा गर्न र नगरको वातावरणको र पर्यावरणलाई सन्तुलनमा राख्न नगरभरि विभिन्न आकार र क्षेत्रफलका पोखरी निर्माण भएका छन्,' उनले भने, 'ती संरचनाको धेरै पहिलेदेखि समुदायले आफ्नो हित, धर्म, संस्कृति परम्परासँग जोडेर मर्मत सम्भार र संरक्षण गर्दै आएको छ । पछिल्लो जनप्रतिनिधि आएपछि सांस्कृतिक पर्यटनसँग जोडेर जनचेतना फैलाउने र पर्यटन उद्योगसँग जोडेर विभिन्न गतिविधि गर्ने प्रयास भएका छन् ।'




१२ औं शताब्दीमा बनेको भाजु पोखरी

नगरपालिकाभित्र रहेका सिद्धपोखरी, रानीपोखरी, कलविनायक पोखरीलगायगत आन्तरिक र बाह्य पर्यटकका लागि आकर्षणको केन्द्रविन्दु भएको छ । ती पोखरी संरक्षणका लागि नगरपालिकाले दर्जनौं जनशक्तिको समेत व्यवस्था गरेको छ । पोखरी नै हेर्नका लागि आउने पर्यटकको यकिन तथ्याङ्क नभए पनि इतिहास, संस्कृति, जीवनशैली, मौलिक सांस्कृतिक पर्यटनको आधार भएकाले यस्ता परम्परागत पानीका स्रोत पर्यटकको अध्ययन र आकर्षणको केन्द्र भएको छ ।

सुवालले भने, 'केही पोखरी भक्तपुर विकास परियोजना भनेर ८० को दशकमा पश्चिम जर्मन सरकारको सहयोगमा जीर्णोद्धार भयो । केही पोखरीको परम्परागत शैलीमा जीर्णोद्धार नगरी ढलान गरियो, जसमा पानी अडेन । अहिले त्यहाँ पानी अडिने बनाउने काम भइरहेको छ । कति ठाउँमा पोखरी चुहिने, भत्किने, टालिने भएकाले त्यसमा पनि आवश्यकताअनुसार मर्मत–सम्भार, जीर्णोद्धारको काम हुँदै आएको छ ।' नगरपालिकाका अनुसार पोखरीलाई सौन्दर्यीकरण गर्न माछा पाल्ने, फोहोरा हाल्ने, पर्खाल लगाउने, बत्तीको व्यवस्था गर्ने, गमला राखेर फूल रोप्नेलगायत काम भइरहेका छन् । रानीपोखरी, सिद्धपोखरी, भाजुपोखरी, कमलविनायक पोखरीमा माछापालन गरेर आम्दानी गर्नेसमेत काम भएको छ ।

काठमाडौँ उपत्यका खानेपानी विकास बोर्डका अनुसार उपत्यकाका १० नगरपालिकामा भएका पोखरीको सङ्ख्या दुई सय ३३ छन् । सबैभन्दा धेरै ललितपुर नगरपालिकामा ६५ पोखरी छन् । काठमाडौँ महानगरपालिकामा १५, भक्तपुर नगरपालिकामा ३८, मध्यपुर थिमी नगरपालिकामा २०, कीर्तिपुर नगरपालिकामा १०, महालक्ष्मीमा २०, गोदावरी नगरपालिकामा २८, चन्द्रागिरि नगरपालिकामा २०, शंखरापुर नगरपालिकामा १० र टोखा नगरपालिकामा सात पोखरी रहेका छन् । भक्तपुरका ५० पोखरीमध्ये हाल ३८ मात्र अस्तित्वमा रहेका छन् । बाँकी १२ विभिन्न कारणले हराएका छन् । नगरपालिकाका अनुसार तत्कालीन आवश्यकता पूरा गर्न र सुरक्षाका दृष्टिले पोखरी पुरेर संरचना निर्माण भएका ठाउँको पोखरी हराएका हुन् ।

स्रोत : नयाँ पत्रिका, पुस २६

तस्बिर : दिपेन्द्र ढुंगाना

## कति शब्द बन्छ होला ? को उत्तर

**विद्यार्थीको लागि उत्तर-** MORS, MORT, MOST, MOTU, MUST, OUT, ROSTRUM, ROT, ROTS, ROUT, RUM, RUMS, RUST, RUT, RUTS, SORT, SOT, SOUR, STORM, STOUR, SUM, SUMO, TOM, TOMS, TOUR, TOURS

# राष्ट्रिय ब्याडमिन्टन खेलाडी रमा मातां



राजकुमार लघु






युवा खेलाडी रमा मातां युवा ब्याडमिन्टन खेलाडी हुन् । उनको जन्म २०५७ साल भाद्र ३ गते, भक्तपुर इताछेँस्थित किसान परिवारमा भएको थियो । उनको बुबाको नाम श्यामसुन्दर मातां र आमाको नाम रत्नकेशरी मातां हो । आमा गृहणी हुनुहन्छ भने बुवा हिमालयन ग्लोरी ई. सेकेण्डरी स्कूलमा शिक्षक हुनुको साथै भक्तपुर नगरपालिका वडा नं. २ का वडा सदस्य भई जनताको सेवा  र वडाको विकास निर्माण कार्यमा क्रियाशिल हुनुहुन्छ । उनका बुबा भक्तपुर योङ सर्कल र युवा खेलकुद समूहमा रही खेलकुद विकासमा पनि सक्रिय छन् ।

खेलाडी रमा मातांले २०६८ सालमा हिमालयन ग्लोरी ई. सेकेण्डरी स्कूलबाट ब्याडमिन्टन खेलका प्रशिक्षक इन्द्रभक्त पंचबाट प्रारम्भमा प्रशिक्षण लिएका थिए । तिनले २०६९ सालमा राष्ट्रिय खेलकुद प्रतियोगितामा प्रतिस्पर्धाका लागि थप प्रशिक्षण आवश्यक भएकोले भक्तपुर स्पोर्टसका प्रशिक्षक सबिन ढुंगेलबाट Close camp मा बसी प्रशिक्षण लिएका थिए ।

रमा मातांको विद्यालय शिक्षा हिमालयन ग्लोरी ई.सेकेण्डरी स्कुलबाट पूरा गरेका थिए । तिनले २०७३ सालमा जीपीए ३.५ अङ्क ल्याएर एसईई उत्तीर्ण गरेका थिए ।

रमाले प्लस टु ख्वप कलेजबाट विज्ञान विषयमा २०७५ सालमा उत्तीर्ण गरेका थिए । हाल उनी भक्तपुर नपामा आवद्ध छिन् । उनले भक्तपुर नपाबाट सञ्चालित ख्वप ई. कलेजबाट २०८१ सालमा सिभिल ईन्जिनियरिङ विषयमा स्नातक उत्तीर्ण गरेका थिए ।

उनलाई मनपर्ने खेलाडी ब्याडमिन्टनका राष्ट्रिय खेलाडी रशीला महर्जन हुन् । रमा र रशीलाले सँगसँगै राष्ट्रिय प्रतियोगिता खेलेका थिए । राष्ट्रिय खेलाडी रशीलाको खेल खेल्ने शैलीबाट रमा प्रभावित छिन् । उनको रुचि खेल खेल्ने र समाज सेवा गर्ने हो ।

उनले २०६९ सालमा हलचोकमा सम्पन्न ३६ औं राष्ट्रिय ब्याडमिन्टन प्रतियोगितामा लेडिज एकलमा सहभागिता जनाएका थिए साथै सोही वर्ष भ्यालीवाइज ओपन वुमन ब्याडमिन्टन प्रतियोगितामा पनि सहभागी भएका थिए ।

रमा मातांले २०७३,२०७४,२०७५ गरी ३ पटक क्षेत्रीय खेलकुद प्रतियोगिता  हेटौडामा  प्रतिस्पर्धा गरेका थिए ।

उनले भक्तपुर नगरपालिकाबाट निरन्तर आयोजित विद्यालयस्तरीय खेलकुद प्रतियोगितामा कक्षा ६ देखि १० सम्मै (२०६९ सालदेखि २०७३ सम्म) सहभागिता जनाई ब्याडमिन्टन खेलमा  स्वर्ण, रजत र कास्य पदक हात पारेका थिए ।

उनले ख्वप मावि/कलेजद्वारा २०७६ सालमा आयोजित कलेजस्तरीय प्रतियोगितामा पहिलो स्थान प्राप्त गरेका थिए ।

रमा मातां नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ वडा नं. २ इताछैँ एकाई समितिमा अध्यक्षको रूपमा हाल क्रियाशील छिन्। उनी २ वडा खेलकुद समितिमा आवद्ध भई खेल विकासमा पनि सक्रिय छिन्।

ब्याडमिन्टन खेल किन खेल्ने भन्ने प्रश्नमा उनी भन्छिन्, यो शारीरिक तथा मानसिक स्वास्थ्यका लागि खेल्नुपर्छ साथै व्यक्तिमा स्फूर्ति, लचकता विकास गर्न यो खेल खेलिन्छ। यस खेलबाट मित्रता अभिवृद्धि पनि हुन्छ।



ब्याडमिन्टन खेल खेल्नुको फाइदाबारे उनी यस खेलबाट पहिचान बनाउन मद्दत पुग्नुका साथै स्वस्थकर जीवन बिताउन महत्त्वपूर्ण भूमिका खेल्ने बताउँछिन्।

यस खेलको विकासका लागि भावी योजना के छ भन्ने प्रश्नमा रमा मातां भन्छिन्, ब्याडमिन्टन खेलको अम्पाएर बनेर सफल निर्णायक बन्ने योजना छ। यसको लागि तालिम लिन्छु भन्छिन्।

नयाँ पुस्ताका खेलाडीलाई उनी भन्छिन्, खेलकुदलाई महत्त्व दिनुपर्छ। अहिलेको समयमा स्क्रिन टाइम बढिरहेको छ जस्ले गर्दा शारीरिक सक्रियता तथा स्फूर्तिमा कमि देखिएको छ। खेलले शारीरिक स्फूर्ति बढाउने मात्र नभई अनुशासित पनि बनाउँछ। समाजमा घुलमिल हुने वातावरण सिर्जना गर्छ।

## खेल तालिकामा रमा मातां

- क्षेत्रीय र राष्ट्रिय खेलमा सहभागी।
- भक्तपुर नपाद्वारा २०७३ सालमा आयोजित सम्मान कार्यक्रममा उत्कृष्ट महिला खेलाडी घोषित।
- भक्तपुर नपाद्वारा २०७५ सालमा आयोजित सम्मान कार्यक्रममा उत्कृष्ट महिला खेलाडी घोषित।
- भक्तपुर नपाद्वारा २०७६ सालमा आयोजित सम्मान कार्यक्रममा उत्कृष्ट महिला खेलाडी घोषित।
- भक्तपुर नगरपालिका युवा तथा खेलकुद समितिद्वारा २०७४ सालमा आयोजित भक्तपुर नगरव्यापी अन्तर विद्यालय स्तरीय खेलकुद प्रतियोगितामा उत्कृष्ट महिला खेलाडी घोषित।
- भक्तपुर नगरपालिका युवा तथा खेलकुद समितिद्वारा २०७४ सालमा आयोजित भक्तपुर नगरव्यापी अन्तर विद्यालय स्तरीय खेलकुद प्रतियोगितामा छात्रा U-19 तर्फ प्रथम स्थान प्राप्त।
- भक्तपुर नगरपालिका युवा तथा खेलकुद समितिद्वारा २०७४ सालमा आयोजित भक्तपुर नगरव्यापी अन्तर विद्यालय स्तरीय खेलकुद प्रतियोगितामा छात्रा डबलतर्फ प्रथम स्थान प्राप्त।
- भक्तपुर जिल्ला ब्याडमिन्टन सङ्घद्वारा आयोजित भक्तपुर जिल्लाव्यापी अन्तर मा.वि. स्तरीय ब्याडमिन्टन प्रतियोगिता २०६९ मा १२ वर्षमुनि छात्रा एकलमा दोश्रो स्थान।
- भक्तपुर जिल्लाव्यापी तेश्रो रनिङ शील्ड तथा भक्तपुर जिल्लाव्यापी प्रथम विद्यालयस्तरीय छात्रा एकल ब्याडमिन्टन प्रतियोगितामा दोश्रो स्थान।
- Bhaktapur District Level Inter-School Badminton Competition-2075, Girls U-19 Single- First , organised by Bhaktapur District Badminton Association
- Bhaktapur Municipality Inter–School Badmintion Game-2075 ,Girls U-19 First
- Surya Deep English Higher Secondary School बाट आयोजित ISAN Inter–School Badmintion Competition-2072 गर्ल्स सिनियर मा प्रथम
- हिमालयन ग्लोरी ई. स्कूलबाट आयोजित जुनियर गर्ल्स डवल ब्याडमिन्टन प्रतियोगिता २०६९ मा भृकुटी समूहबाट सहभागी, दोश्रोस्थान प्राप्त।
- हिमालयन ग्लोरी ई. स्कूलबाट आयोजित युगल ब्याडमिन्टन प्रतियोगिता २०७३ मा तृतीय स्थान प्राप्त।
- लोकेश्वर साकोसद्वारा २०७३ सालमा आयोजित अन्तर सदस्यीय ब्याडमिन्टन प्रतियोगिता छात्रा एकल ब्याडमिन्टनमा प्रथम।
- हिमालयन ग्लोरी ई स्कूलबाट आयोजित HIGEES Sports Meet –2074 लेडिज सिंगलमा तेश्रोस्थान प्राप्त।
- ख्वप इन्जिनियरिङ कलेजद्वारा आयोजित ब्याडमिन्टन प्रतियोगिता KhEC Sports-2076 मा प्रथम
- Himalayn Glory Ex–students Society (Higess) Inter batch Badmintion cup -2082 मा दोश्रो।

लघुकथा

# ट्रम्पको पनि दिन अवश्य आउँछ !

रसिक

'मादुरो दम्पत्तिलाई तत्काल रिहा गर !'

'अमेरिकी साम्राज्यवाद-मूर्दावाद !'

'भेनेजुयलाको सार्वभौमिकता रक्षा गरौँ !'

कलेजका विद्यार्थीहरूसँगै काठमाडौँमा जुलुसमा सहभागी भई फर्केका अनुप घरमा पुगेपछि बुबासँग सोध्दै थिए, 'आजको जुलुमा हजारौँ युवा विद्यार्थीहरू सहभागी थिए। तर मैले नबुझेको नि बुबा। हामीले काठमाडौँमा आन्दोलन गरेर भेनेजुयलाका राष्ट्रपति दम्पत्ति रिहा होलान् त ? काठमाडौँमा हामीले चर्को नारा लगाएको संरा अमेरिकी राष्ट्रपतिसम्म कसरी पुग्छ ?'

साथीहरूसँगै आफ्नो छोरा पनि साम्राज्यवादविरोधी आन्दोलनमा सहभागी भएको सुनेर बुबाले गर्वानुभूति गर्दै विस्तारै भन्न थाल्नुभयो, 'छोरा अनुप, संसारभरका न्यायप्रेमी जनताहरू साम्राज्यवादी हस्तक्षेपको विरोधमा प्रदर्शन गर्दैछन्। संरा अमेरिकाभित्रै पनि न्यूयोर्क, शिकागो, सान फ्रान्सिस्को, फिलाडेल्फियालगायतका प्रमुख सहरहरूमा प्रदर्शनहरू भइरहेको सामाजिक सञ्जालमा देखिन्छ। तिमीहरूले काठमाडौँमा गरेको प्रदर्शन पनि सामाजिक सञ्जालमार्फत संसारभर तुरुन्तै फैलिन्छ। एउटा टोलीले त अमेरिकी राजदूतावासमा विरोध पत्र पनि त बुझाएको छ भन्ने सुनेको छु। त्यो पत्र दूतावासमार्फत अमेरिकी राष्ट्रपतिसम्म पुऱ्याइनुपर्छ।'

'अनि बुबा, ट्रम्प प्रशासनले हाम्रो कुरा सुन्छ त ?' छोराको जिज्ञासालाई मेट्ने प्रयास गर्दै बुबाले भन्नुभयो, 'तिमीले समाचार सुनेको हौला नि अनुप, बहुलाएको जङ्गली हात्ती जङ्गल छोडेर मानव बस्तीमा पस्दा उसले बस्तीका घर, टहरा र छाप्राहरू सबै भत्काउँछ। त्यहाँ रहेका महिला, बालवालिका तथा ज्येष्ठ नागरिकहरूमाथि आक्रमण गर्छ। तर बस्तीका युवाहरू एकजुट भई हात्तीलाई चारैतिरबाट घेरेर एकजना कुशल माउते बुद्धि पुऱ्याएर हात्तीमा चढ्छ र लठ्ठीले हात्तीको टाउकोमा हानेपछि हात्ती शक्तिहीन भई माउतेको निर्देशनमा पुनः जङ्गल पस्छ।'

'हो, सुनेको छु। यस्तो खबर त तराईको जङ्गलमा बारम्बार सुनिन्छ।' बुबाको कुरा ध्यान दिएर सुनिरहेका अनुपले टाउको हल्लाउँदै भने।

छोराको कौतुहलता मेटाउँदै बुबाले आफ्नो भनाइलाई निरन्तरता दिनुभयो, 'त्यसैगरी अहिले ट्रम्पले हतियार र सत्ताले मात्तिएर भेनेजुयलामाथि आक्रमण गरेको छ। अझै मेक्सिको, ग्रीनल्याण्ड, क्युवा, कोलम्बिया, इरानलगायतका देशहरूमा सैन्य आक्रमणको धम्की दिइरहेको छ। अरू देशमा भएका खनिज पदार्थमाथि कब्जा गर्न ट्रम्प बहुलाझैँ सबैतिर मिसाइल तेर्साइरहेको छ। ऊ संयुक्त राष्ट्र सङ्घलाई पनि मान्दिनँ भन्छ।'

'चीन, ब्राजिल, रुस, इरान, डेनमार्क, कोलम्बिया, मेक्सिकोलगायत धेरै देशहरूले भेनेजुयलाको सार्वभौमिकतामाथि अमेरिकी साम्राज्यवादको नाङ्गो हमलाको कडा विरोध गरिरहेका छन्। विश्वका न्यायप्रेमी जनताहरू साम्राज्यवादी आक्रमणको विरोधमा छन्। हात्ती त जनावर भएकोले जङ्गलमै फिर्ता पठाइन्छ, ट्रम्पलाई जङ्गल पठाइँदैन, अस्तित्व नै नामेट पारिदिन्छ। त्यो समय पक्कै आउनेछ, साम्राज्यवादलाई विश्वका न्यायप्रेमी जनता र सार्वभौम देशहरूले एक्लो पारी समाप्त पार्नेछन्।'

'त्यो दिन आउँछ र बुबा ?'

'अवश्य आउँछ। अहिले नै संसारभरका जनताहरू जाग्दैछन्। साम्राज्यवादविरोधी मोर्चामा एकतावद्ध हुँदैछन्। हिटलर र मुसोलिनी जस्ता फासीवादी तानाशाहहरू त हार सहन नसकेर आत्महत्या गर्न बाध्य भए भने ट्रम्पको पनि दिन अवश्य आउँछ !'

## Word Search

The American Revolution

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| B | B | F | A | C | M | D | G | I | L | S | C |
| U | O | D | O | O | O | R | R | N | O | E | Y |
| N | S | D | Y | L | D | O | I | D | C | V | V |
| K | T | B | T | O | E | C | E | E | K | E | A |
| E | O | R | R | N | E | N | V | P | E | N | L |
| R | N | I | A | I | R | O | A | E | P | Y | L |
| H | M | T | P | E | F | C | N | N | R | E | E |
| I | A | I | A | S | E | E | C | D | E | A | Y |
| L | S | S | E | E | C | A | E | E | A | R | F |
| L | S | H | T | A | F | C | S | N | M | S | O |
| W | A | L | E | H | T | E | N | C | B | W | R |
| V | C | P | E | R | E | R | D | E | L | A | G |
| F | R | E | N | C | H | H | A | E | E | R | E |
| E | E | B | L | E | X | I | N | G | T | O | N |

INDEPENDENCE
DEFEAT
BUNKER HILL
PEACE
PREAMBLE
VALLEY FORGE
SEVEN YEARS WA
FREEDOM
GRIEVANCES
COLONIES
LEXINGTON
BOSTON MASSACI
LOCKE
BRITISH
CONCORD
TEA PARTY
FRENCH
LAW

(दायाँ-बायाँ-तल-माथि-तेर्सो-ठाडो-छडके-सुल्टो-उल्टोबाट छेउका मिल्दो शब्दहरू खोज्नुहोस्।)

## वडाध्यक्षको डायरीबाट

# साँचो कुरा तीतो त हुने भइहाल्यो !

**कुशल**

शुक्रबारको दिन थियो। त्यस दिन वडा कार्यालय तीन बजेनै बन्द हुन्छ। करिब दुई बजेतिर एक जना मीस वडामा आउनु भयो। वहाँको पहिरनबाटनै मैले वहाँ कुनै एउटा स्कूलको शिक्षिका भएको अनुमान लगाएँ किनकी वहाँ सारी लगाएर घाँटीमा स्कुलको परिचय पत्र लगाएर आउनु भएको थियो। वडा कार्यालयमा सेवाग्राही कोही पनि थिएन। त्यसैले म भक्तपुर मासिक पत्रिका अध्ययन गर्दै थिएँ। मीसको अनुहारले उहाँ भर्खरकै उमेरको जस्तो लाग्यो। वहाँको अनुहारमा अलि डर र अप्ठ्यारोपन झल्किन्थ्यो। सायद उनी प्रथम पटक वडा कार्यालयमा आउनु भएको अनुमान लगाएँ। वहाँले वडा कार्यालय छिर्ने वित्तिकै अलि असहज किसिमले नमस्कार गर्नुभयो। वहाँको बोलीमा अलि डर र लज्जाको भाव भएको आभास मलाई भयो। मैले मीसलाई सोफामा बस्न अनुरोध गरेँ। वहाँ अप्ठ्यारो मान्दै सोफामा बस्नुभयो। वहाँ सोफामा बस्ने वित्तिकै मैले सोधि हालेँ, 'तपाईं के कति कामले वडा कार्यालयमा आउनु भयो ? केही समस्या आइपऱ्यो कि ? तपाईंलाई म कसरी सहयोग गर्नु सक्छु ?'

प्रतिउत्तरमा वहाँले भन्नुभयो, 'तपाईंले सायद मलाई चिन्नु हुन्न होला। म पनि यस वडाको बासिन्दा हुँ। मेरो नाम सानु मैया कोजु (परिवर्तित नाम) हो। मेरो माईती छालिङमा हो। तर मेरो विवाह यही वडामा भएको हो। मेरो श्रीमान्‌को नाम कृष्ण कोजु (परिवर्तित नाम) हो। सायद तपाईंले मेरो श्रीमान्‌लाई पनि चिन्नु हुन्न होला  किनकी मेरो परिवार यस वडामा नबसेको वि.सं. २०२८ सालबाट हो। मेरो ससुराको नाम राजेन्द्र कोजु (परिवर्तित नाम) हो। सासु आमाको नाम रश्मि कोजु (परिवर्तित नाम) हो। वहाँहरूलाई पनि तपाईं चिन्नु हुन्न होला। तर तपाईंले राम कोजु, श्याम कोजु, सीता कोजु र राजन कोजुलाई त अवश्य चिन्नु हुन्छ होला नि। मेरो ससुरा बाजेका तीन छोरा र अविवाहित दुई जना छोरी छन्। मेरो ससुरा बा जेठो छोरा हो। मेरो परिवार वि.सं. २०२८ सालबाट भाडाको कोठामा बस्दै आएका छौं। मेरो ससुरा बाले अन्तरजातीय विवाह गरेकोले त्यसवेलानै घरबाट निकाली दिएको रहेछ। त्यसवेलादेखि मेरो परिवारलाई घरमा बोलाएको पनि छैन। घरमा बस्न गयो भने गाली गलौज गरेर पठाउँछ। सम्पत्ति पनि बाँडेर दिएको छैन। नगरभित्रको घरमाा अविवाहित दुई छोरीहरू मात्र बस्छन्। अरू दुई जना छोराहरू पनि भाडामा बसिरहेका छन्। सरले मेरो परिवारलाई न्याय दिनुपऱ्यो। मेरो ससुरा बाको भाग भए पनि सम्पत्ति लिई दिनुपऱ्यो। मैले वकिलसँग छलफल गरी मुद्दा हाल्ने कि भनेर परिवार र साथीभाइसँग छलफल गरेँ। तर मेरो स्कुलका मीसहरूले भक्तपुर नगरपालिकामा नेमकिपाले जितेकाले मुद्दा लगाएर सम्पत्ति लिइरहनु पर्दैन। वडाध्यक्षलाई भन्नुभयो भने छलफल गरी सम्पत्ति लिई दिन्छ। तपाईं वडामा गएर वडाध्यक्षसँग सल्लाह गर्नुस्। वडाध्यक्षले अदालत जानु भनेमात्र अदालत जानु पर्ला। नेमकिपाको तर्फबाट जितेको वडाध्यक्षले अवश्यनै सम्पत्ति लिनलाई र न्याय दिनलाई सहयोग गर्छ। वडा कार्यालयमा गएर वडाध्यक्षलाई भेट्नुस् भनी सल्लाह दिएकोले यहाँ आएकी हुँ। सरले म र मेरो परिवारलाई न्याय दिलाई दिनुपऱ्यो। भाडामा कति मात्र बस्ने सर ? मेरो श्रीमान् पनि एउटा वर्क सपमा काम गर्नुहुन्छ। कमाई राम्रो छैन। म पनि प्राईभेट स्कुलमा शिक्षिका भएर काम गरिरहेकी छु। थोरै तलव दिन्छ। सासु ससुरा र दुई छोरीहरूको खर्च अनि कोठा भाडा तिर्दा र खानपानको लागि खर्च गर्दा पैसा जोगाउन सकिएको छैन। सरले सम्पत्ति दिलाएर आफ्नो जग्गामा सानो एउटा टहरामात्र बनाउन पाए मेरो परिवारलाई निकै सहयोग मिल्छ।'

म ध्यानपूर्वक मीसको कुरा सुनिरहेको थिएँ। साथै वहाँको कुराले मलाई कुन परिवारको कुरा भइरहेको भन्ने कुरा सहजै अनुमान लगाएँ। मीसले नयाँ कुरा पनि बताइरहनु भएको थियो। मीसले मेरै घरसँग टाँसिएको कोजु परिवारको कुरा गरिरहनु भएको थियो। साथै त्यस परिवारमा दुई छोरा र दुई अविवाहित छोरीमात्र भएको मलाई ज्ञान थियो। तर आज वहाँले तीन छोरा भएको जानकारी दिँदा मलाई अचम्म लाग्यो। हुनत म जन्मनु भँदा अगाडि नै मीसको ससुराबालाई परिवारले निकालेको हुनाले पनि मलाई थाहा नभएको हुनसक्छ। तर पनि घरसँगै जोडिएकोले र पारिवारिक सम्बन्ध राम्रो भएकोले मलाई सबै कुरा थाहा थियो। तर जेठो छोरा पनि भएको र वि.सं. २०२८ सालबाट बाहिर बस्दै आएको थाहा थिएन। मैले प्रत्तिउत्तरमा मीसलाई जवाफ दिँदै भनेँ, 'मीसको ससुरा बा जेठो छोरा भएको थाहा भएन। तर मेरो घर र तपाईंको घर जोडिएकै हो। अहिले पनि म तपाईंको घरसँग बस्दै आएको छु। तर पनि मलाई तीन दाजुभाइ भएको थाहा छैन। तपाईंको र मेरो परिवारको बिचमा राम्रो सम्बन्ध छ। साथै तपाईंको परिवार पनि सुसंस्कृत परिवार हो। म एकपटक तपाईंको परिवारका सदस्यलाई भनी हेर्छु। तर तपाईंले एउटा लिखितरूपमा वडाबाट सम्पत्ति भागवण्डा गरी दिनुपऱ्यो भनी निवेदन दिनु पर्छ। त्यसपछि म अनौपचारिक कुरा गरी हेर्छु। तपाईंले वडा कार्यालयलाई विश्वास गरेर यहाँ आउनु भएकोमा

खुसी लाग्यो। तपाईँको विश्वासमा म कतिसम्म खरो उत्रनु सक्छु एक पटक परीक्षण गरेर आफैलाई पनि हेर्छु।' त्यसपछि मैले मीसलाई चिया बिस्कुट खुवाएँ। वहाँले चिया खाँदै आफ्नो ससुराबाको अन्तरजातीय विवाह गर्दा पाउनु भएको दुःख र पीडा सुनाउनु भयो। वि.सं. २०२८ सालमा ससुरा बाले अन्तरजातीय विवाह गर्दा परिवारले र समाजले पनि नस्वीकारेको हुँदा अभिभावक र टोलवासीले घरबाट निकाला गरेको हुँदा पचास वर्षसम्म भाडाको कोठामा बस्दै आएको दुःखेसो सुनाउनु भयो। ससुरा बा र आफ्नो श्रीमान्‌समेत पारिवारिक मामिलामा बोल्न नसकेको हुँदा सम्पत्ति लिन नसकेको र अरूको घरमा बस्नु परेको पीडा सुनाउनु भयो। धेरै समयसम्म वहाँको पीडादायक पारिवारिक कहानी मैले सुनिरहेँ। त्यसपछि उहाँ वडाबाट विदा लिनुभयो।

त्यसपछिका केही दिनहरूमा वहाँसँग मेरो सर्म्पक भएन। करिब एक महिनापछि वहाँले सम्पत्ति बाँडफाँड गरी दिनको लागि एउटा सामान्य निवेदन दिनुभयो। त्यसपछि मैले राम दाईको परिवारसँग कुराकानी गर्ने सोच बनाएँ। तर मैले धेरै दिनसम्म त्यस निवदेनको विषयमा कुराकानी गर्न सकिनँ। यस विषयमा कुराकानी गर्दा कति हदसम्म पारिवारिक सम्बन्धमा असर गर्ला भनेर सोच्न बाध्य भएँ। तर पनि म एक जना वडाध्यक्ष र वडाको अभिभावक भएको नाताले कुरा गर्नै पर्ने बाध्यता हुन्छ। यस कुरालाई मनन गरी मैले एक दिन सीता दिदीलाई यसबारे कुरा उठाएँ। त्यस दिन म वडामा जान बाहिर निस्कँदा सीता दिदी बाहिरनै भेट भयो। मैले तपाईँको जेठो दाइ राजेन्द्र कोजु हो कि होइन भनी प्रश्न गरे। वहाँको अनुहार मेरो मुखबाट राजेन्द्र दाइको नाम सुन्ने वित्तिकै रातो पिरो देखियो। सीता दिदीले मलाई भन्नुभयो, 'भाइलाई मेरो दाइको विषयमा कसरी थाहा भयो ?' मैलाई तपाईँको बुहारी सानु मैया कोजुले जानकारी दिएको र उजुरी पनि दिएको जानकारी गराएँ। त्यसपछि वहाँको अनुहार अँध्यारो देखियो। वडा कार्यालय जानै लाग्दा एकपटक वडा कार्यालयमा आउन पनि अनुरोध गरेँ। तर वहाँले रिसाएर भन्नुभयो, 'मेरो फुर्सद पनि छैन। म बिरामी छु। वडामा आएर कुरा गर्नु परे एक हप्तापछि आउँछु।' दिदीको कुराले मसँग रिसाएको प्रस्ट झल्किन्थ्यो। मैले सहज भाषामा उत्तर दिँदै भनेँ, 'कुरालाई बढी किन फैलाउने दिदी। वडामा गएर नै छलफल गरी मिलाउनु पर्ला। आफ्नै दाइ भएपछि सम्पत्ति दिनु पर्ला। घर भाडामा बस्दा बस्दा गाह्रो भयो भन्छन्। वडाध्यक्ष भएपछि सबैको कुरा सुन्नै पर्‍यो। जायज कुरा भए न्याय पनि दिनुपर्‍यो। त्यसैले एक हप्ताभएपछि पनि वडामा आउनुस्।' वहाँले फेरि रिसाएर भन्नुभयो, 'म कुनै पनि हालतमा वडामा आउँदिन। मेरो फुर्सद पनि छैन। सन्चो पनि छैन।' मलाई आफ्नै घर टाँसिएको दिदीसँग वहाँकै परिवारको विषयमा बोल्नु पर्दा अलि नमज्जा लाग्यो। तर के गर्ने ? म त वडाध्यक्ष हुँ। जनताले जिताएको जनप्रतिनिधि भएकोले म कुरा गर्न बाध्य छु र मैले कुरा गर्नै पर्ने हुन्छ। त्यसैले मैले वहाँको रिसलाई मनन गरी सहज र नरम अनि सानो स्वरमा भनेँ, 'दिदी बुहारीले उजुरी दिनु भएको छ। तपाईँको दाइ र भतिजा उजुरी दिन आएको होइन। त्यसैले कुरा धेरै किन अगाडि बढाउने ? बुहारीलाई मायाले गाली गर्न पनि सकिन्छ। आफ्नै बुहारी हो। त्यसैले टोल छिमेकीमा चर्चाको विषय किन बनाउने ? वडामा आएर मिलाउन पाए धेरै राम्रो हुन्छ। बाँकी तपाईँहरूको इच्छाको विषय हो। तर वडामा लिखित उजुरी आएपछि मैले बोल्नु पर्ने हुन्छ। तपाईँ यसरी मसँग नरिसाउनु दिदी।'

प्रथम प्रहरको समय चलिरहेको थियो। वडामा सेवाग्राहीहरूको भीड लागेको थियो। सीता दिदी र वहाँको बहिनी पनि वडामा आउनु भयो। अघि बिहानसम्म सन्चो नभएको मान्छे अहिले वडामा आउनु हुँदा अचम्म लाग्यो। मैले सोफामा बस्न अनुरोध गरेँ र एकछिन पर्खनको लागि अनुरोध पनि गरेँ। करिब आधा घण्टाजति म अरू सेवाग्राहीहरूसँग छलफलमा व्यस्त भएँ। त्यसपछि मैले सीता दिदीसँग छलफल सुरु गरेँ। मैले सीता दिदीलाई अनुरोध गर्दै भनेँ, 'मलाई त तपाईँको दाइ बाहिर कोठा भाडामा लिएर बसेको थाहा थिएन। तपाईँको बुहारीले भनेपछि मात्र अहिले थाहा भयो। २०२८ सालबाटै बाहिर बस्नु भएको रहेछ। राजेन्द्र दाइको बुहारी सानु मैया र छोरा कृष्ण आएर सम्पत्ति माग्न आउनु भएको छ। वडामा सम्पत्ति बाँडफाँड गर्न छलफल गरिदिनुस् भनी निवेदन दिनु भएको छ। यस विषयमा तपाईँहरूको धारणा के छ ?'

त्यसपछि सीता दिदीले भन्नुभयो, 'विवाह गरेपछि नै घरबाट निस्कनु भएको थियो। घरमा आफ्नो आम्दानी खर्च गरेर आफ्नो आमा बुबा र भाइ बहिनीहरूलाई खर्च गर्नु पर्ला भनी डराएर बाहिर बस्न गएको हो। राजेन्द्र दाइ बाहिर बस्न गएपछि मैले नै घर परिवार सम्हाल्दै आएको थिएँ। कमाउने मान्छे घरमा नभएपछि हामीले धेरै दुःख झेल्नु पर्‍यो। बुबा बितिसकेको थियो। आमाको कमाई थिएन। मेरो पनि जागिर थिएन। भाइहरू र बहिनी सानै उमेरका थिए। मैले बाध्य भएर जागिर खानुपर्‍यो। घरमा पैसा खर्च गर्नु पर्ला भनेर श्रीमतीको कुरा सुनेर बाहिर बस्न गएको मान्छेलाई सम्पत्ति नदिए पनि हुने हो। न परिवारको मतलव छ ? न आमाको मतलव छ ? आफ्नो श्रीमती एक जना भएपछि पुग्ने मान्छेलाई के को सम्पत्ति दिने हो भाइ ? घरको जेठो छोरा भएपछि परिवार सम्हाल्नु पर्दैन ? घर व्यवहार गर्नु पर्दैन ? भाइ बहिनीलाई हेर्ने र पढाउनु पर्दैन ? आफ्नो श्रीमती एक जना मात्र भए पुग्छ ? त्यस्तो दाइलाई मैले किन सम्पत्ति दिने हुँ ? अहिले पचास वर्षपछि आएर सम्पत्ति खोज्न आउने हो ? पचास वर्षसम्म घर बाहिर बसेर अहिले सम्पत्ति माग्न आउन लाज पनि छैन ? अरू वेला घर व्यवहारमा बोलाउँदा नआउने मान्छे अहिले सम्पत्ति माग्न आउन कति लाज नलागेको होला ? म त कुनै पनि हालतमा सम्पत्ति दिन्न।'

सीता दिदीको स्वर र रीस चर्को थियो। त्यो रिस त मैले बिहानै देखिसकेको थिएँ। दाइ बाहिर बस्न गएपछि घर परिवार र आमा बुबाको व्यवहार गर्दै आउनु पर्दा वहाँलाई रीस उठ्नु स्वभाविक थियो। त्यसैले मैले सम्झाउँदै भनेँ, 'दिदीको कुरा मनासिवनै हो। तर अंशियारलाई तपाईँ र मैले सम्पत्ति नदिने भन्न मिल्दैन किनकी नेपालको कानुनले पैतृक सम्पत्तिमा छोरा छोरीको सम्मान हक लाग्छ। अदालतमा गएर मुद्दा लड्नु परेमा तपाईँ र तपाईँको बहिनीको कमाईले किनेको काठमाडौँको घर र कमलविनायकको आवास योजनामा किनेको जग्गासमेत वण्डा गर्नु पर्ने हुन सक्छ। त्यसैले अलि विचार पुऱ्याएर बोल्नु पर्ला। तपाईँले हामी जनप्रतिनिधिको सल्लाह अनुसार सम्पत्ति पाँच भागमा एक भाग दिनुभयो भने तपाईँहरूको कमाईले किनेको सम्पत्ति बचाउन सकिएला। नत्र भने सबै भाग लाग्न बेर छैन। फेरि तपाईँका भाइहरू र तपाईँ र तपाईँको बहिनीको नाममा बैङ्क ब्यालेन्स र अरू अचल सम्पत्ति पनि भाग भई जान बेर छैन। त्यसैले कुनै पनि हालतमा जनप्रतिनिधिको सल्लाह बेवास्ता गर्नु हुन्न। अन्यथा भोलि तपाईँ र तपाईँको बहिनीको सञ्चय कोषले र तलव बचाएर बनाएको काठमाडौँको घर वण्डा भए भने भोलि मलाई केही नभन्नुस्। हाम्रो नेतृत्वमा वण्डा गर्नु भयो भन्ने तपाईँको पैतृक सम्पत्तिमात्र भाग लगाई दिन्छु। त्यसको जिम्मा हामी जनप्रतिनिधिले लिन तयार छौँ। एकपटक गहिरिएर सोच्नु पर्ला। म वडाध्यक्षमात्र होइन। तपाईँको छिमेकी भाइ पनि हुँ र म एक अधिवक्ता पनि भएकोले कानुनी जानकारी मलाई पनि छ। नभए वकिलसँग पनि तपाईँ सल्लाह लिनुस्। जनप्रतिनिधिको सल्लाह सही हो वा होइन भन्ने बारेमा वकिलसँग पनि सल्लाह गर्नुस्। परिवारका अन्य सदस्यहरूसँग पनि सल्लाह गर्नुस्। अनि तपाईँ दुई दिदी बहिनीमात्र पुर्ख्यौली घरमा बसिरहने र भाइहरू तीनै जना बाहिर भाडामा लिएर बसिरहनु भएको छ। यो त अलि समाजलाई नपचेको कुरा भयो। विवाह नगरेको चेलीले पैतृक हकवाला भाइहरूलाई निकाल्न पाइँदैन। नैतिक हिसावले पनि मिल्दैन। राजेन्द्र दाइ केही भएमा यही घरमा काजकिरिया गर्न आउँछु भन्नु भएको छ। अनि गर्न पनि दिनु पर्छ किनकी भाडाको कोठामा त काजक्रिया गर्न दिँदैन। त्यसैले घरमा काजक्रिया गर्न दिनु पर्ने हुन्छ हामीले पनि तपाईँले पनि। त्यसैले सम्पत्ति दिँदानै उपयुक्त हुन्छ जस्तो लाग्छ।'

मेरो नरम जवाफले सायद सीता दिदीको भित्री मनसम्म छोएको जस्तो लाग्यो। वहाँको मुहार अँध्यारो र रातो देखियो। केही बेरसम्म त बोल्न सक्नु भएन। दुवै दिदी बहिनी चुपचाप बसिरहे। साँचौ कुरा तीतो त हुने भइहाल्यो। अदालतको कुरा गरेपछि सायद सातोपुत्लो गएजस्तो लाग्यो। आफ्नो पसिना बगाएर बनाएको काठमाडौँको घर र जग्गा भाग लाग्ने भएपछि अनुहार रातो त हुने नै भयो। घरमा काजक्रियाको कुरा उठाएपछि झनै तनाव हुनु स्वभाविक हो। सायद त्यसैले दुवै दिदी बहिनी घरमा भाइहरूसँग छलफल गरेर जवाफ दिउँला भनी विदावारि हुनुभयो।

त्यसपछिका दिनमा सीता दिदी सम्पर्कमा आउनु भएन। मैल दिदीलाई फोन गरेँ। साथै बाटोमा भेट्दा पनि वडामा आउन अनुरोध गरेँ। तर वहाँ आउँछु भनेर आउनु भएन।

त्यसपछि केही दिनमै मैले टोलवासी, जनप्रतिनिधि र परिवारका सदस्यहरूको बैठक बोलाएँ। लिखित पत्र गएपछि बल्ल सीता दिदी, उनको भाइ राम, अर्को भाइ र बहिनी पनि वडामा आउनु भयो। साथै वडामा वडाका गन्यमान्य व्यक्तिहरू पनि आउनु भयो। मैले सबैको सामुन्ने राजेन्द्र दाइको परिवारको माग र पारिवारिक पृष्ठभुमिको सम्बन्धमा सबैलाई बताउँदै आ–आफ्नो धारणा राख्न अनुरोध गरेँ। धारणा राख्ने क्रममा एक जना टोलका अगुवाले भन्नुभयो, 'राजेन्द्र दाइ एक अंशियार भएपछि सम्पत्ति दिनै पर्छ। फेरि घर बाहिर धेरै समय बसेको भन्दैमा सम्पत्ति दिनु पर्दैन भन्नु हुँदैन। वडामा निवेदन आएपछि वडाले पनि आधिकारिक धारणा दिनुपर्छ।' त्यसपछिका वक्ताहरूले पनि सम्पत्ति दिनै पर्ने बताउनुभयो। जनप्रतिनिधिहरूले पनि एक भाग भएपनि सम्पत्ति दिनु पर्ने बताउनुभयो। त्यसपछि सीता दिदी, राम दाइ र अर्को दाइ दिदीलाई पनि बोल्न अनुरोध गरेँ। सबैको सामुन्ने उनीहरूले सम्पत्ति दिन्न भन्न सक्नु भएन। कानुनले पैतृक सम्पत्ति भाग लाग्ने भएकोले भागवण्डा गर्न तयार रहेको र नयाँ निजी आयआर्जनले कमाएको घर र जग्गाबाहेक सबै पैतृक सम्पत्ति भागवण्डा गर्न तयार भएको बताउनुभयो। त्यसपछि दाजु भाइ र दिदी बहिनीले कमाएको नयाँ घर, जग्गा र अरू सम्पत्ति तथा अचल सम्पत्ति भागवण्डा नगर्ने र पैतृक सम्पत्तिको लगत लिने र सो अनुसार पुर्ख्यौली सम्पत्ति पाँच भाग गरी एक भाग राजेन्द्र दाइलाई दिने निर्णय भयो। त्यसपछि मैले सबैलाई धन्यवाद दिई बैठक समापन गरेँ।

त्यसपछिका बैठकमा दुवै पक्षले पुर्ख्यौली सम्पत्तिका लगत्त वडामा ल्याई दिनुभयो। दुवै पक्षले पेश गरेको लगत भिडाई अन्तिम रूप दिने कार्य मैले गरेँ। त्यसपछि दुवै पक्षलाई बैठकमा राखी नरमगरम मिलाएर सम्पत्ति पाँच भाग गरी गुच्चा राखियो। स्थानीय भद्रभलादमी र जनप्रतिनिधि तथा सरोकारवाला परिवारका सदस्यबिच गुच्चा राखी सम्पत्ति छुत्याउने कार्य सम्पन्न भयो। केही दिनमा त्यहि निर्णय अनुसार मैले दुवै पक्षलाई सिफारिस दिई पठाएँ।

यसरी स्थानीय टोलवासी, जनप्रतिनिधि तथा सरोकारवाला परिवारबिच व्यापक छलफल गरी सम्पत्ति बाँडफाँड गरेता पनि सीता दिदीसँग मेरो आत्मीय सम्बन्ध रहेन। सायद उनीहरू मसँग निकै रिसाएका हुनु पर्दछ भन्ने अन्दाज गरेँ। घरसँगै भएकोले दिनहुँ भेट हुने भएकोले पहिला बोलचाल भइरहन्थ्यो। तर आजकल भेट्दा पनि नबोल्ने र नदेखेजस्तो गर्ने गरेको अनुभव भयो। तर पनि म एक जना वडाध्यक्ष भएको कारण मैले पीडितलाई न्याय दिलाउँदा अन्यथा गरेजस्तो लागेन।

# ‘नमस्ते’ कि ‘नमस्कार’ ?

## संस्कृत, शिष्टाचार र आधुनिक समाजको बिचमा उभिएको भाषिक द्वन्द्व



भेटघाटको क्रममा हामी ‘नमस्ते’ भन्ने कि ‘नमस्कार’ ? – यो सरल जस्तो देखिने प्रश्नभित्र हजारौँ वर्षको भाषिक र सांस्कृतिक विमर्श लुकेको छ। ‘नमः’ शब्दको मूल अर्थ नै श्रद्धा, नमन र आदर हो – जसमा दुई हात जोडेर शिर निहुराउने संस्कार समावेश छ। त्यसै ‘नमः’ शब्दमा ‘ते’ (अर्थात् ‘तिमीलाई’) जोडिँदा ‘नमस्ते’ बन्छ, जसको शाब्दिक अर्थ हुन्छ – ‘तिमीलाई नमन’। त्यस्तै, जब ‘नमः’मा भावार्थक कार ‘कार’ जोडिन्छ, ‘नमस्कार’ बन्ने गर्छ, जसले पनि नमनकै भाव प्रकट गर्छ।

वेददेखि उपनिषद् र पुराणहरूसम्म ‘नमस्ते’ शब्दको प्रयोग देखिन्छ। शुक्लयजुर्वेदका मन्त्रहरूमा ‘नमस्ते रुद्रमन्यव’ र ‘नमस्ते हरसे शोचिषे’ जस्ता वाक्यांशहरू त्यसको प्रमाण हुन्। तर आश्चर्यको कुरा, ‘नमस्कार’ शब्द त्यति धेरै स्थानमा भेटिँदैन। यही ऐतिहासिकता र वैदिक गहिराइलाई आधार बनाएर आर्यसमाजका विद्वान्हरू ‘नमस्ते’लाई मानव सभ्यताकै सबैभन्दा प्राचीन र श्रेष्ठ अभिवादन ठान्छन्।

तर आधुनिक विद्वत् वर्गको सोच फरक छ। उनीहरूका अनुसार ‘नमस्ते’मा रहेको ‘ते’ (तिमीलाई) भन्ने भावले सम्मान्य व्यक्तिलाई सम्बोधन गर्दा अलिक असजिलो उत्पन्न गर्न सक्छ, किनभने ‘तिमी’ भन्दा पनि ‘तपाईँ’ वा ‘तिमीहरू’ भन्दा अधिक सभ्य र निरपेक्ष सम्बोधन चाहिन्छ। त्यसैले औपचारिक सम्बोधनमा ‘नमस्कार’लाई बढी सात्विक, शुद्ध र शिष्ट मानिन्छ। श्रद्धा, औपचारिकता र दूरीका हिसाबले ‘नमस्कार’ अझ सन्तुलित शब्द ठहरिन्छ।

यद्यपि, जनजीवनमा भने ‘नमस्ते’ नै विजयी भएको छ। रेडियो, टेलिभिजन, विद्यालयदेखि प्लेन र रेस्टुरेन्टसम्म ‘नमस्ते हजुर’ नै सुनिन्छ। यसको कारण पनि सरल छ – ‘नमस्ते’ छोटो, मिठो र सहज उच्चारण हुने शब्द हो। बालकदेखि वृद्धसम्म सहजै उच्चारण गर्न सक्ने यही सहजताले ‘नमस्ते’लाई जनभाषाको हिस्सा बनाएको छ। त्यसका विपरीत ‘नमस्कार’ औपचारिक, लम्बेतान र शास्त्रीय भएकाले सामान्य बोलचालमा पछि परेको देखिन्छ।

विद्वान्हरू भने मान्यता र शुद्धताका कारण ‘नमस्कार’ प्रयोग गर्न आग्रह गर्छन्। उनीहरूको बुझाइमा, शुद्ध उच्चारण र श्रद्धा बिना बोलेको ‘नमस्ते’ले सम्मानको भाव हराउँछ। तर सामान्य जनताका लागि भाषिक शुद्धता होइन, भावनात्मक आदानप्रदान नै प्राथमिक हुन्छ।

सांस्कृतिक दृष्टिले हेर्दा, ‘नमस्ते’ र ‘नमस्कार’ दुवै श्रद्धा, आदर र आत्मीयताको प्रतीक हुन्। तर कुन प्रयोग गर्ने भन्ने कुरा प्रसङ्ग र सम्बन्धमा निर्भर गर्छ। देवता वा अप्रत्यक्ष सम्बोधनमा ‘नमस्ते’ उपयुक्त हुन्छ भने, प्रत्यक्ष रूपमा मान्यजन वा औपचारिक व्यक्ति सामु भने ‘नमस्कार’ नै शिष्ट र उपयुक्त ठहरिन्छ।

अन्ततः, शब्दभन्दा बढी महत्त्व श्रद्धा र भावनाको हुन्छ। हात जोडेर भनिएको ‘नमस्ते’ होस् वा शिर झुकाएर गरिएको ‘नमस्कार’, दुवैको मूल्य तब मात्रै रहन्छ जब त्यसमा अहङ्कार होइन, श्रद्धा मिसिएको हुन्छ।

(नेपाल आज, ४ नोवेम्बर २०२५ बाट)

औषधी, खाद्यसामग्रीलगायतका वस्तु किन्दा म्याद हेर्ने बानी गरौं !

# गोपालराज वंशावली




[धनवज्र बज्राचार्य (विसं १९८८–२०५१) र कमलप्रकाश मल्ल (विसं १९९३–२०७५) को पुस्तक इन्टरनेट अर्काइभबाट साभार–७]

## पत्र ४०

ने.सं. ४१६ (वि.सं. १३५२) मार्ग शुक्ल त्रयोदशी मङ्गलवार अनुराधा नक्षत्र १७ घडी, शूलयोग ३७ घडी भएको वेला श्रीश्रीजयतुङ्गमल्लदेवका जेठा छोरा श्रीश्रीजयरुद्रमल्लदेवको जन्म भयो। तिनका छोरा जयवीरमल्लदेवको मृत्यु ने.सं. ४४२ (वि.सं. १३७८) पौष कृष्ण द्वादशीको दिन भयो।

ने.सं. ४०८ (वि.सं. १३४४) मार्ग शुक्ल प्रतिपदाको दिन श्रीजयसिंह मल्लदेवको अस्त भयो।

ने.सं. ४१० (वि.सं. १३४६) फाल्गुन कृष्ण प्रतिपदाको दिन जयतारि (जितारिमल्ल) आई नुवाकोट दख्खल गरे। बुङ्मतीको देवलमा (राता मछिन्द्रनाथकहाँ) गई कोश चढाए। देउपाटनमा पश्चिम ढोकाबाट पसे। यसपछि अङ्काल (?) दिई फूल चढाइयो। उग्रहाथ (?) पश्चिम द्वारमा राखियो। यसपछि गाउँहरूमा आगो लाइदिए। एक महीनासम्म ललितपुरमा किल्ला जमाई बसे। किल्ला फुटेन।

ने.सं. ४१३ (वि.सं. १३५०) श्रावण शुक्ल त्रयोदशी राति, पलांचोकमा कैदमा परेका जयानन्ददेव आफ्नै बलद्वारा कैदबाट छुटे। पछि जयशक्तिदेव पलांचोकमा पुगी फेरि कैद गरी नेल ठोके।

ने.सं. ४१७ (वि.सं. १३५३) माघ शुक्ल द्वितीया युथुनिमम्का श्रीजयतुङ्गमल्लदेव र बनेपाली जयशक्तिदेव प्वह मिली स्वंखामा लड्न गए। पाँचौं दिनमा खुलाए। लूट गरियो। आगो लाइयो। पाटनले लडाइँलाई रोके।

ने.सं. ४१७ (वि.सं. १३५४) आषाढ शुक्ल पञ्चमीको दिन, श्रीअनन्त मल्लदेवको विजयराज्यमा श्रीपशुपति भट्टारकलाई ध्वजा चढाइयो।

ने.सं. ४१९ (वि.सं. १३५६) भाद्र शुक्ल त्रयोदशी बुधवारको दिन त्रिपुर, देउपाटन र पाटन मिली यंबु यंगल फर्पिङमा ठाना हाली वंप्याछेमा आक्रमण गरियो।

ने.सं. ४२० (वि.सं. १३५६) पौष कृष्ण अमावास्याको दिन राति डोयहरू असनिमंमा लड्न आए। त्यहाँ ठाना हालियो। माघ कृष्ण द्वादशीको दिन डोयहरू लड्दै जित्दै आए; त्रिपुर र असनिमं दखल गरे। फाल्गुन शुक्ल पञ्चमी भरणीनक्षत्र वृहस्पतिवारको दिन

## पत्र ४१

खण्डखरी भन्ने ठाउँबाट खापिंथली कब्जा गरी मितिली कब्जा गर्न डोयहरू लड्दै आए। भोलिपल्ट चुनिगलमा पस्न खोजे; तर खुलेन। वाद्यंनिमं बखुरिबहीमा सातजना डोयहरू काटिए। त्यंखाडोलमा तीनजना काटिए। बलुखा जलधुनी कब्जा गरी (डोयहरू) ब्रह्मपुरमा पनि पसे। यति भएपछि तिपुरले दण्ड तिऱ्यो। मन्द्पालले ... रोपनीपिच्छे ६ द्रम्म, घरपिच्छे ४ द्रम्मको दरले प्रजासँग उठाई (डोयहरूलाई) बुझाइदिए। चैत्र शुक्ल सप्तमीको दिन लड्न आएका डोयहरू फर्के। ... सलछेंका पण्डित जयजु, बनेपाली श्रीजयशक्तिदेव, श्रीअनन्तमल्लदेवद्वारा डोयहरूलाई बोलाएर ल्याउने काम भएको थियो।

ने.सं. ४२३ (वि.सं. १३६०) वैशाख शुक्ल तृतीयाको दिन ड्यमगुंक्वमा ... तिपुर र मनिगलले आक्रमण गरे। ठाकुर नै लड्न गएका थिए। प्रतिरोध गर्नेहरूले दुवै दललाई (तिपुर र मनिगललाई) भङ्ग गरे।

ने.सं. ४२४ (वि.सं. १३६१) चैत्र कृष्ण दशमीको दिन वखाछें किल्लामा विद्रोह भयो। ... लागि पूजा गरियो। क्वाथछेंकी देवीकहाँ बलि दिइयो। ३१ जना गला रेटेर मारिए।

ने.सं. ४२५ (वि.सं. १३६२) आषाढ शुक्ल पञ्चमीको दिन भक्तपुरबाट लडाइँ गर्न प्रस्थान गरियो; आगो लगाएपछि फर्पिङ खुल्यो। यंपमा गढ बनाई बसे। त्रिपुर, मनिगल आदि तीनै देश र नुवाकोट मिली उक्त आक्रमण गरिएको थियो। पाटनले सुन लिई यसको समर्थन गरेको थियो।

ने.सं. ४२५ (वि.सं. १३६२) श्रावण शुक्ल द्वितीयाको दिन बनेपाले चोछेंमा आक्रमण गऱ्यो; विद्यापीठमा त्रिपुरले सो आक्रमणलाई दबायो। बाटो बन्द गरियो; दुवै मिले। अनि बनेपा पछि हट्यो।

ने.सं. ४२७ (वि.सं. १३६३) पौष शुक्ल अष्टमीको दिन वप्याछें किल्लामा विद्रोह भयो। दिनमा श्रीभोन्त (बनेपाली) जयशक्तिदेवले किल्ला खुलाए। जयशक्तिदेव आफैं गई विद्रोहीहरूमध्ये पाँचजनालाई पक्रे। विद्रोह गराउने जयचन्द्र हुन्; उनी फर्पिङ्गबाट आएका थिए। क्वाठनायक (किल्लाका रक्षक) शिरकेश मूलमीलाई बेकारमा नै पक्रनुपऱ्यो। पक्रिएको आठ दिनपछि उनको मृत्यु भयो। पलंगमा राखी उनको शव उठाइयो।

## पत्र ४२

ने.सं. ४२८ (वि.सं. १३६५) चैत्र कृष्ण त्रयोदशी... यो किल्ला पूरा भएको दिन। यस साल त्रिपुरका श्रीजयतुङ्गमल्लदेवले ह्रिप्यक्वाठ, नवलिङ्गक्वाठ र नुवाकोट खुलाए। बनेपा ... खुल्यो।

ने.सं. ४२७ (वि.सं. १३६४) श्रावण शुक्ल सप्तमीको दिन श्रीअनन्तमल्लदेवले आफ्नो प्रभुत्वद्वारा आफ्नो भण्डारका सारा सरसामान झिकी पशुपतिनाथलाई चढाए। तिपुरको देवभण्डार झिकी त्यो पनि पशुपतिनाथलाई चढाई बनेपा गए। यसको एक वर्षपछि (वि.सं. १३६५ श्रावण कृष्ण त्रयोदशीको दिन) उनको मृत्यु भयो। चार दिनसम्म दाहसंस्कार हुन सकेन। अनि ... राजदीपमा लगी दाहसंस्कार गरियो। यसपछि बनेपालीलाई देउपाटन ल्याउन नपाउने भयो।

ने.सं. ४२५ (वि.सं. १३६२) चैत्र कृष्ण चतुर्दशी शुक्रवारको दिन असनिमम् तिपुर आदि तीनै देश एक भई मिली लड्न गए। श्रीजयशक्तिदेवले (दलमुखी भई) काटे। तिपुर लडाइँमा हाऱ्यो। येथोविहार गनण्डमलनदेवका पण्डे भालाई खड्गले काटियो। जम्मा ५० जना मरे। दुंथो योटामलनदेवको छाना (?) भित्र पसी यंल्यको टाउको काटियो।

ने.सं. ४३१ (वि.सं. १३६७) माघ कृष्ण चतुर्दशीको दिन तीन प्रहर जाँदा डोयहरूले ललितपुर खुलाए। ठंठिबिबाट मनिगल (मङ्गलबजारभेकको ठाउँ) सम्म दखल गरे। सुनधारा गजुह्रि देवताको कोप भयो। ब्राह्मणहरू र सारा पात्रहरू (ललितपुरका तात्कालिक शासकहरू) पनि कैद गरिए। किल्ला आदि ठाउँहरू ध्वस्त पारिए। यति भएपछि (डोयहरूले) लड्न आउँदा लागेको खर्च दण्डको रूपमा (प्रजाहरूसँग) उठाए। सम्पूर्ण माङ्यंपाटमा आगो लाइयो। श्रीवेतनदेव, श्रीजयशक्तिदेव, मेघचन्द्र द्वाका राउत यी चारजनालाई डोयहरूले बोलाएर राखे (आश्रय दिए)। श्रीजयशक्तिदेवद्वारा डोयहरूलाई बोलाएर ल्याउने काम भएको थियो।

ने.सं. ४३२ (वि.सं. १३६८) कार्तिक शुक्ल द्वादशी उत्तरभाद्र नक्षत्र आदित्यवारको दिन ... सारा देवालय आदि पनि आगो लाइए। ध्वस्त गरिए। जयशक्तिदेवले यस वेला ... सारा प्रजा डोयहरूलाई

## पत्र ४३

कार्तिक कृष्ण ... को दिन देउपाटनको (पशुपतिनाथको मन्दिरको) सारा कोश एकाइसवटै झिकेर लगे। यसपछि सांगातिर लागे। बनेपादेखि तरी (तराई) सम्मका मानिस (केही) काटिए। फाल्गुन शुक्ल अष्टमीको दिन, डोय भारादारहरू (यहाँ) राज्य गर्न नसकी फर्केर गए।

ने.सं. ४३३ (वि.सं. १३६९) फाल्गुन कृष्ण प्रतिपदाको दिन खस राजा रिपुमल्लले बुङ्मतीमा महास्नान गराई कोष आदि चढाए। देउपाटनका भट्टारक (पशुपतिनाथ) लाई प्रसन्न पारे। कान्तिपुरका चैत्य (स्वयम्भूनाथ) मा पूजा गरी त्यहाँ बहालका ब्रतबन्ध गरे जति जम्मैलाई भोज खुवाए। १८ दिन बसी फर्केर गए।

ने.सं. ४३३ (वि.सं. १३७०) वैशाख शुक्ल नवमी शुक्रवार, डोयहरूलाई धपाई फर्केका श्रीजयरुद्रमल्लदेव ठूलो जात्रा गरी चनिगलमा भित्रिनुभयो। भित्रिएको दशौं दिनमा रावुत जेतराम भारोका छोरा तेजराम भारो यछेंका चोखन भारो, ज्ञान भारो, खनि मन्दात भारो आदि पाँचजना आँखा झिकी मारे। यस कुराको प्रबन्ध गर्ने पसलछेंका ब्राह्मण श्रीराजरहस्पति हुन्।

ने.सं. ४३२ (वि.सं. १३६८) मार्ग शुक्ल तृतीयाको दिन तीन प्रहर जाँदा बनेपाले नाला ... तिपुरले हतियार उठायो। मानिसहरू मारिए। चोछेंका श्रीजन भा, अखराम मूलमी, तेजराम ... मूलमी, जयसिंह आदि जम्मा ६० जना। श्रीजयरुद्रमल्लदेवको विजयराज्यमा उक्त घटना भएको हो ...। आमा श्रीपद्मुलदेवीको पनि।

ने.सं.... माघ शुक्ल त्रयोदशीको शुक्रवार चित्रानक्षत्रको दिन क्वाठछेंको खोवण्ठ सरस्वतीको स्थापना गरियो। यसको जजमान श्रीसयजुकी पत्नी हुन्।

ने.सं. ४३५ (वि.सं. १३७२) वैशाख कृष्ण पञ्चमी बुधवारको दिन वड्कोली भाको विबाह भयो। सोही वैशाख कृष्ण एकादशी बुधवार उत्तरभाद्र नक्षत्रको दिन चोछेंका पात्र जपुटि भाले 'भरी' (पत्नी) तुल्याउने विधान गरेका थिए। ने.सं. ४३५ (वि.सं. १३७२) वैशाख शुक्ल पञ्चमीको दिन श्रीजयरुद्रमल्लदेव गोकर्ण किल्लामा घेरा हाल्न गए। ज्येष्ठ शुक्ल पञ्चमी शुक्रवारको रातिसम्म किल्ला खुलेन।

(क्रमश:)

# नेवाः नां (३)



सङ्कलक :
शान्तराज शाक्य

## मिसा मस्तय्गु नां

| न्हापा | थौंकन्हय् | अर्थ |
|---|---|---|
| बछ्ला | बछ्ला | : ने.स.कथया छगू ला। |
| बानलाक, बानला | बांलाः | : सुन्दर, सुन्दरी। |
| बामिला | बामिला | : अर्धचन्द्र। |
| बिकु | बिकु | : मचा मम्बाना तयेगु नां। |
| बिजकनि, बिचाकनि | बिचकनि | : न्हाय्पनय् सुइगु तिसा। |
| बिरकी | बिरकी | : न्हाय्पंया तिसा। |
| बुलिन | बुलिन | : छता तिसा। |
| बोलना | ब्वलना | : विकास जूगु। |
| बोला | ब्वला | : पलेसा, सत्ता। |
| बोसा | ब्वसा | : ब्वयेगु, प्रदर्शन। |
| भलसा | भलसा | : भरोसा। |
| भागि | भागि | : भागि यायेगु। |
| भालपा | भाःपाः | : भाःपीगु। |
| भिनतु, भिन्तु | भिंतु | : शुभ-चिन्तक। |
| भिंतुना | भिन्तुना | : शुभ-कामना, शुभेच्छा। |
| मईं | मई | : मैयां, नानी। |
| मचालानी | मचालानी | : मचाम्ह रानी। |
| मतजला | मतजला | : मतजः। |
| मतिना | मतिना | : प्रेम, माया। |
| मतेना | मतिना | : प्रेमि। |
| मनसुवा | मनसुवाः | : मनसाय, इच्छा। |
| मनतुना, मन्तु | मन्तुना | : मन तुनेगु, मनतुना। |
| मञ्जुसिरि | मञ्जुश्री | : मञ्जुश्री। |
| मयजु | मय्जु | : मिसातय्त हना धायेगु खँग्वः |
| मयजुलानी | मय्जुरानी | : मय्जुरानी। |
| मयतुल | मयतुली | : नाईटिङ्गल भ्रंगः, जुरेली। |
| मसिनु | मसिनु | : मिहीनगु। |
| मालसिरि | मालश्री | : मोहनीवलय् हालीगु नेवाः मे |
| मनखना | मंखना | : मन खनेगु। |
| मुलसल, मूसल | मूसः | : पीजा कंगु, अयलाः मूसःगु। |
| मुसुकाः | मुसुका | : मुस्कान। |
| मिजला | मिजला | : मिंयागु जः, ताप। |
| मितसि | मिल्सि | : दाख, अंगूर। |
| मिलालू | मिलालू | : तिमिला त्वःगु। |
| मैंजुमति | मय्जुमति | : नारी हृदय। |
| म्हना | म्हना | : म्हनाःच्वंगु। |
| यनला | यंला | : ने.स. कथं भिंछगूगु महीना |
| यमता | यंता | : उत्तर दिशा। |
| यनकुलि | यंकुलि | : दक्षिण पच्छिम दिशा। |
| यवपा | यःपा | : प्रेम, माया। |
| राजामति | राजमति | : छपु नेवाःमेय् च्वम्ह ल्यासे। |
| लकसा | लकसा | : बातावरण। |
| लचना | लचना | : मान-मिजास, हनावना। |
| लना | लना | : प्रतिक्षा। |
| लय्ता | लय्ता | : हर्ष। |
| लसता | लसता | : लय्तायेगु। |
| लसा | लसा | : श्रेष्ठता, महत्वपूर्ण। |
| लस्सा | लस्सा | : लसा दइगु। |
| लसहाना | लसहना | : बढाई, अर्पण। |
| लसिकल | लसिकल | : प्रेमकला। |
| लह्ना | लह्ना, | : हनावना। |
| लह्निा | लह्निा | : पालन पोषण। |
| लानि | लानि | : रानी। |
| लापा | लापा | : पुतली, लाप्चा। |
| लानी मय्जु | लानी मय्जु | : रानी मय्जु। |
| लाय्लामा | लाय्लामा | : इन्द्रेणी। |
| लिकुना | लिकुना | : थात च्वने। |
| लिजला | लिजला | : प्रतिबिम्ब। |
| लिधंसा | लिधंसा | : भरोसा, तिबः। |
| लिसा | लिसा | : पुनः। |
| लुतिअजिमा | लुति | : ईन्द्रायणी। |
| लुदना | लुदना | : सन्तोष। |
| लुदनापु | लुदनापु | : सन्तोष। |
| लुधना | लुधना | : सन्तोष। |
| लुमना | लुमना | : सम्झना। |
| लुमु | लुमु | : लुमुसे च्वंगु भाव। |
| लुँतिसा, लुँति | लुँतिसा | : लुँयागु तिसा। |
| लुँसिन्हल | लुँसिन्हः | : लुँयागु सिन्हः। |
| लुँस्वान | लुँस्वां | : लुँयागु स्वां। |
| लुँबुँ | लुँबुँ | : लुकुमाःद्यः पुज्यायेत माःगु स्वां। |
| वंजला | वंजला | : छगू किसिम यागु पुजा। |
| वंला | वंला | : छगू बुद्धपुजा। |
| सतिका | सतिका | : घनिष्ट। |
| सतिना | सतिना | : निकट। |

(कथहं)

(साभार : 'नेवाः नां', नेसं ११२७ सफुलिं)

# तस्बिरमा केही गतिविधि



भक्तपुर नपाको उन्नाइसौं नगरसभाको दोस्रो बैठकले राष्ट्रपति मादुरो दम्पतिमाथि लगाइएको झूटा मुद्दा फिर्ता लिन र उहाँहरूलाई सकुशल रिहा गरी अन्तर्राष्ट्रिय कानूनको पालना गर्न प्रस्ताव पारित गर्‍यो। पुस २५ गते



विश्वविद्यालय अनुदान आयोगको शैक्षिक गुणस्तर सुनिश्चितता तथा प्रत्यायान परिषद्‌बाट ख्वप कलेज अफ इन्जिनियरिङको गुणस्तर तथा सुनिश्चितता प्रत्यायन (क्यु.ए.ए.) प्रक्रियाअन्तर्गत आयोग र कलेजबिच गुणस्तर परीक्षण भ्रमण प्रतिवेदनमा हस्ताक्षर सम्पन्न भयो। माघ २२ गते

# तस्बिरमा केही गतिविधि



नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानले निजामती सेवामा नवप्रवेशी शाखा अधिकृतहरूको 'आधारभूत प्रशासन प्रशिक्षण' का प्रशिक्षार्थी अधिकृतहरूको टोलीले भक्तपुर नपाका पुरातात्त्विक एवम् सांस्कृतिक सम्पदाहरूको अवलोकन भ्रमण गर्‍यो । पुस २० गते




ख्वप इन्जिनयरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङको आयोजनामा भएको दुई दिने भूकम्प विज्ञान र विपद्पछिको पुनर्निर्माणबारे चौथो अन्तर्राष्ट्रिय सम्मेलनको समापन कार्यक्रम । माघ ६ गते

# तस्बिरमा केही गतिविधि



भक्तपुर नपाबाट सञ्चालित ६ वटा शिशुस्याहार तथा बाल विकास केन्द्रका अभिभावकहरूको भेला । माघ ८ गते



भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले घरदैलो नर्स सेवा र विद्यालय नर्सको मासिक बैठकमा मार्ग निर्देशन गर्नुहुँदै । माघ ५ गते

# तस्बिरमा केही गतिविधि




भक्तपुर नपा ९ नं. वडा कार्यालयको आयोजनामा तुमचो दुगुरे चोखा आवास क्षेत्रको शान्ति सुरक्षाको अवस्थाबारे स्थानीय जनतासँग छलफल कार्यक्रम । पुस २२ गते



भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिबाट भक्तपुर नपाको आयोजनामा भक्तपुर नगरव्यापी विद्यालयस्तरीय राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगिताको उद्घाटन । माघ २ गते

# भक्तपुर नगरपालिका कार्यपालिकाको बैठक निर्णय

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नगर कार्यपालिकाको बैठक भक्तपुर नपा वडा नं. २ ब्यासीस्थित नगरपालिकाको कार्यालय भवनमा विभिन्न मितिमा बसी लिइएका निर्णय जानकारीको लागि दिइएको छ।

## बैठक सङ्ख्या- ९६

## मिति २०८२ कार्तिक १६ गते, आइतबार

**उपस्थिति**

| | |
|---|---|
| १. प्रमुख श्री सुनिल प्रजापति | उपस्थित |
| २. उपप्रमुख श्री रजनी जोशी | ऐ |
| ३. वडाध्यक्ष श्री श्यामकृष्ण खत्री | ऐ |
| ४. वडाध्यक्ष श्री हरिप्रसाद बासुकला | ऐ |
| ५. वडाध्यक्ष श्री राजकृष्ण गोरा | ऐ |
| ६. वडाध्यक्ष श्री उपेन्द्र सुवाल | ऐ |
| ७. वडाध्यक्ष श्री योगेन्द्रमान बिजुक्छें | ऐ |
| ८. वडाध्यक्ष श्री हरिराम सुवाल | ऐ |
| ९. वडाध्यक्ष श्री उकेश कवां | ऐ |
| १०. वडाध्यक्ष श्री कृष्णप्रसाद कोजु | ऐ |
| ११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व | ऐ |
| १२. वडाध्यक्ष श्री लक्ष्मीप्रसाद ह्यौंमिखा | ऐ |
| १३. कार्यपालिका सदस्य श्री रोशनमैया सुवाल | ऐ |
| १४. कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु (प्रजापति) | ऐ |
| १५. कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल) | ऐ |
| १६. कार्यपालिका सदस्य श्री कृष्णप्यारी भुजु | ऐ |
| १७. कार्यपालिका सदस्य श्री रञ्जना त्वाती | ऐ |
| १८. प्रमुख प्रशासकीय अधिकृत श्री बसन्त भट्टराई | ऐ |

## निर्णयहरू

### ढल सम्बन्धी अध्ययन कार्यदल

यस नगरपालिकाको प्रस्तावित ढल सम्बन्धी अध्ययन गर्न देहाय बमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियो:

**कार्यदल**

संयोजक : श्री उकेश कवां, संयोजक, निर्माण समिति
सदस्य : श्री उपेन्द्र सुवाल, वडाअध्यक्ष भनपा ४
सदस्य : श्री गणेशलाल फोजु–कानुन अधिकृत, मुद्दा उपशाखा
सदस्य : श्री कृष्ण न्याईच्याई–योजना ता प्राविधिक शाखा
सदस्य सचिव : श्री विश्वनाथ सुजखु – नक्सा शाखा

### भ्यान खरिद

भ.न.पा. वडा नं. ६, अंचा पोखरीमा सञ्चालन हुने आदर निकेतनको लागि आवश्यक E.V.Van एक वटा खरिद गर्ने निर्णय गरियो।

### प्राविधिक कार्य सम्बन्धी सम्झौता

ख्वप कलेज अफ इन्जिनियरिङसँग भक्तपुर नगरपालिकाको प्राविधिक कार्य गर्ने सम्बन्धी आवश्यक सम्झौता गर्ने निर्णय गरियो।

### राजस्व सङ्कलन प्रविधि मैत्री बनाउन

भक्तपुर नगरपालिकामा समय सापेक्ष राजस्व सङ्कलन कार्यलाई प्रविधि मैत्री र आधुनिक बनाउन हाल जो जसबाट बैङ्क खाता सञ्चालन भइ आएको हो सोही पदाधिकारीहरूको दस्तखतबाटै सञ्चालन हुने गरी वडा नं. १ देखि १० सम्म १० वटा राजस्व खाता र भक्तपुर नगरपालिकामा पार्किङ्ग, व्यवसाय कर, पर्यटन सेवा शुल्क सङ्कलन कार्यलाई समेत प्रयोग हुने गरी प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराई र लेखा प्रमुख रामसुन्दर सुजखुको संयुक्त दस्तखतबाट खाता सञ्चालन हुने गरी दुई वटा राजस्व खाता तथा आवश्यक सङ्ख्यामा टर्मिनल बनाउन मिल्ने र तत्काल व्यवस्थापन (Settlement) हुने राजस्व सङ्कलन कार्य QR र Swip बाट पनि सङ्कलन गर्न मिल्ने खाता खोल्न नेपाल बैङ्क लि. लाई अनुरोध गर्ने निर्णय गरियो।

### चिस्यान केन्द्र सञ्चालन कार्यविधि

भक्तपुर नगरपालिकाको चिस्यान केन्द्र सञ्चालनको लागि आवश्यक कार्यविधि तयार गर्न भक्तपुर नगरपालिका विधायन समितिलाई जिम्मा दिने निर्णय गरियो।

### समितिको निर्णय अनुमोदन

**वातावरण तथा पर्यटन समिति**

**मिति ०८२।७।११ गते**

१. फोहर मैला ढुवानी गर्नको लागि २ वटा हेभी ट्रक खरिद प्रक्रिया अगाडि बढाउने।
२. सरसफाई र फोहरमैला व्यवस्थापनमा कार्यरत कर्मचारीहरू र सफाईकर्मीहरूलाई ३ महिनाको १ पटक नियमित स्वास्थ्य परीक्षण ख्वप अस्पतालमा गराउने व्यवस्था गर्ने र त्यसको लागि कार्ड तयार गर्ने।
३. घरदैलो फोहर संकलन गर्ने ट्राइसाइकल खरिद गरी स्टोरमा दाखिला गर्ने व्यवस्था मिलाउने।

### शिक्षा, संस्कृति तथा स्वास्थ्य समिति

**मिति २०८२।७।१३ गते**

१. यस नगरपालिकाका एम. आई एस. अपरेटर न्हुज किजुले पेस गरेको सामाजिक सुरक्षा भत्ता वितरण र व्यक्तिगत घटना दर्ता कार्यक्रमको सम्बन्धमा विद्यालयस्तरीय अभिमुखीकरण कार्यक्रम सम्बन्धमा पेस गरेको प्रस्तावनाका सम्बन्धमा छलफल गर्दा उक्त अभिमुखीकरण कार्यक्रम वडा कार्यालयको समन्वयमा कक्षा ९ र १० का विद्यार्थी, शिक्षकहरू सहभागी हुने गरी सञ्चालन गर्ने, सोका लागि ब्रोसर ५००० को सङ्ख्यामा छपाई गर्ने निर्णय गरियो ।

२. यस नगरपालिकाका विभिन्न पूवाधार निर्माण, मर्मत तथा विकास योजनाहरूको इन्जिनियरिङ डिजाइन, सुपरीवेक्षण, प्राविधिक परामर्श, नक्सा, लागत अनुमान लगायतका कार्य गर्न नगरपालिकाबाट सञ्चालित ख्वप कलेज अफ इन्जिनियरिङबीच समझदारी पत्रमा हस्ताक्षर गर्ने गरी सम्झौतागर्ने निर्णय गरियो ।

### युवा तथा खेलकुद समिति

**मिति २०८२।७।१२ गते**

१. भक्तपुर नगरपालिकाको आयोजनामा २०८२ कार्तिक १६ गतेदेखि सञ्चालन हुने भक्तपुर नगरभित्रका सामुदायिक एवम् संस्थागत विद्यालयका विद्यार्थीहरू (छात्रा) हरूलाई आत्मरक्षा तालिमको लागि आवश्यक व्यवस्था गर्न रु. ३,८०,०००।–(अक्षेरूपी रु. तीन लाख अस्सी हजार रूपैयाँ) को खर्च विवरण पेस गर्ने निर्णय गरियो ।

२. भक्तपुर नगरपालिकाको आयोजनामा २०८२ कार्तिक १६ गतेदेखि सञ्चालन हुने भक्तपुर नगरभित्रका सामुदायिक एवम् संस्थागत विद्यालयका विद्यार्थीहरू (छात्रा) हरूलाई आत्मरक्षा तालिमको लागि आवश्यक व्यवस्था गर्न समितिका सदस्य श्री ज्ञानबहादुर मानन्धरलाई रु. १,५०,०००।– (अक्षेरूपी रु. एक लाख पचास हजार रूपैयाँ) पेश्की लिन लगाउने निर्णय गरियो ।

### भक्तपुर नगरपालिका आदर निकेतन सेवा सम्बन्धी ऐन बमोजिम गठित सञ्चालन समिति

**मिति २०८२।७।११ गते**

मिति २०८२ कार्तिक १ गतदेखि १२ गतेसम्म भक्तपुर नगरपालिकाबाट सञ्चालन भएको ज्येष्ठ नागरिक हेरचाह तालिममा भएको जम्मा खर्च रु. १,८०,०००।– (अक्षेरूपी एक लाख अस्सी हजार रूपैयाँ) सहारा केयर सेन्टरलाई भुक्तानी दिने निर्णय गरियो ।

### अपाङ्गता भएका व्यक्तिहरूको परिचय पत्र वितरण सम्बन्धी अस्थायी समन्वय समिति

**मिति २०८२।६।२७ गते**

१. भ.न.पा.क्षेत्रभित्र सञ्चालित ६ वटा स्वास्थ्य केन्द्रमा अपाङ्गता भएका व्यक्तिहरूका लागि फिजियो थेरापी तालिमको व्यवस्थापन र सञ्चालन गर्न यस समितिका सदस्य डा.रत्नसुन्दर लासिवालाई जिम्मा दिने निर्णय गरियो ।

२. भ.न.पा. ६ निवासी कृष्ण प्रसाद दुवाललाई 'ग' वर्गको अपाङ्गताको कार्ड दिइएकोमा संशोधन गरी 'ख' वर्गको अपाङ्गताको कार्ड दिने निर्णय गरियो ।

३. वडामा परिचालन भएका वडा नर्सहरूलाई भिजियो थेरापी सम्बन्धी आधारभूत तालिम कार्तिक महिनाको दोश्रो हप्तामा सञ्चालन गर्ने र सोको लागि आवश्यक सामग्री खाजा तथा प्रशिक्षकको लागि पारिश्रमिक व्यवस्था गर्ने ।

### निर्माण समिति

**मिति २०८२/०७/१३ गते**

| क.सं. | योजनाका विवरण | वडा नं. | बजेट शीर्षक | ल.ई.रकम | रि ल.ई./क बोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्याङ्कन रकम | योजना को अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क) ल.ई. स्वीकृति सम्बन्धमा | | | | | | | | | | | | |
| १ | काँलाचा खोलामा रिटेनिंग वाल निर्माण कार्य | ४ | खोला नियन्त्रणका लागि रिटेनिंग वाल निर्माण कार्य | ३,२९८,६१ २।४० | | | | | | | | |
| २ | भ.न.पा. भवनमा चेन गेट निर्माण कार्य | २ | मर्मत | १७१,१८३। २४ | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | ख्वप टेलिभिजन स्टुडियो भवनमा पाखा मर्मत कार्य | ८ | मर्मत | २५,२६८।८५ | | | | | | | | |
| ४ | देगइना गणेश मन्दिर जीर्णोद्धार कार्य | ९ | नपा | ७३५,६७६।१३ | | | | | | | | |
| ५ | बेखाल ज्याखु पाटी पुनः निर्माण कार्य | १० | नपा | २,०३२,९१०।२१ | | | | | | | | |
| ६ | शित भण्डारण गृहको परिसरमा कम्पाउण्ड वाल निर्माण कार्य | ८ | bktmun/NCB/works/03/080/81 | ५,०५३,५९५।२६ | | | | | | | | |
| | | | | | | | | | | | | |
| ख) रि.ल.ई. स्वीकृति सम्बन्धमा | | | | | | | | | | | | |
| १ | तमारीदेखि सुकुलढोका र साकोठाको मूल सडक दायाँ बायाँ बाटो मर्मत कार्य | ५ | मर्मत | १,१७५,१३५।२३ | ८६४,५६६।३६ | | | | | | | |
| २ | तकोकिवा ( नयाँ बसपार्क) मा बहुउद्देश्यीय भवन निर्माण कार्य | १ | नपा | २८,४९८,७८७।५६ | ३,०२,२०,७५७।१७ | | | | | | | |
| | | | | | | | | | | | | |
| ग) पेश्की फछ्र्यौट तथा भुक्तानी सम्बन्धमा | | | | | | | | | | | | |
| १ | नपुखूको पूर्व र उत्तर परिसर ईंटा छपाइ कार्य | २ | सडक स्तारोन्नति | १,८२५,१०७।७० | | ६००,०००।०० | १,४९१,१५५।९६ | ८९१,१५५।९६ | १६,९३,५७५।९५ | सम्पन्न | गणेश भक्त खर्बुजा | रू. ८,९१,१५५।९६ भुक्तानी रकम दिन बाँकी |
| २ | तमारीदेखि सुकुलढोका र साकोठाको मूल सडक दायाँ बायाँ बाटो मर्मत कार्य | ५ | मर्मत | ८६४,५६६।३६ | ८६४,५६६।३६ | ३००,०००।०० | ७२१,३५१।४२ | ४२१,३५१।४२ | ७५८,४६१।६१ | सम्पन्न | जयेन्द्र वैद्य | रू. ४,२१,३५१।४२ भुक्तानी रकम दिन बाँकी |
| ३ | विद्युतीय तथा प्लम्बिङ्ग मर्मत कार्य (१-१० वडा) | १-१० | विद्युत/प्लम्बिङ | ३६,१८०।०० | | | २४,०००।०० | २४,०००।०० | ३७,९९४।३० | सम्पन्न | अनिल गोठे | |
| | | | | | | | | | | | | |
| ग) उपभोक्ता समिति स्वीकृति सम्बन्धमा | | | | | | | | | | | | |
| १ | बेखाल ज्याखु पाटी पुनः निर्माण कार्य | १० | नपा | २,०३२,९१०।२१ | | | उ.स.अ.: श्री उत्तम राजचल<br>अ.स.स.: श्री कृष्णनारायण दुमरू | | | | | |
| २ | तरकारी बजार पूर्वाधार निर्माणको कार्यालय भवन निर्माण (दोस्रो चरण) | ५ | नपा | १,४४६,४८६।९१ | | | उ.स.अ. : श्री राजाराम त्वानाबासु<br>अ.स.स. : श्री नारायणप्रसाद त्वानाबासु | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | ब्रम्हायणी द्योछेंको दक्षिण तर्फको लिवि जाने गल्लीमा ढल निकास सुधार तथा बाटो मर्मत कार्य | ९ | ढल निकास | १,१६०,४० १।७९ | | | उ.स.अ. : श्री महेन्द्र प्रजापति<br>अ.स.स. : श्री इन्द्र बहादुर प्याथ | | |
| ४ | खचा पुखू स्वास्थ्य केन्द्र भवन निर्माण कार्य (अन्तिम चरण) | ७ | नपा | ७,५३५,३२ १।६५ | | | उ.स.अ. : श्री राज कुमार बनमाला<br>अ.स.स. : श्री हेरा ख्याजु | | |
| ५ | मंगलतिर्थ स्नानस्थल निर्माण कार्य | ३ | नपा | २,१४५,९ ८४।३५ | | | उ.स.अ. : श्री मुत्तिराम स्वानेपा<br>अ.स.स. : श्री सुनिता अवाल | | |
| ६ | च्यासीं मण्डप सँगैको ढुङ्गेधारा मर्मत कार्य | ३ | नपा | ७३१,४१०। २२ | | | उ.स.अ. : श्री विन्दिरा शिलाकार<br>अ.स.स. : श्री सुनिता अवाल | | |
| घ) कोटेशन स्वीकृति सम्बन्धमा | | | | | | | | | |
| १ | CCTV प्रणाली मर्मत संभार कार्य : गाईजात्रा रूटमा काटिएका पावर Fiber लगतको सामाग्री | २,३, ५ | सिसि क्यामेरा जडान तथा मर्मत | ९२,५५६।६ ७ | — | गाईजात्रा रूटमा काटिएका पावर Fiber लगतको सामग्री मर्मत संभार गर्न प्राप्त भएका तीन वटा काटेशनहरूमध्ये सबभन्दा कम दररेट भ्याट सहित रू. ८२,८१४।२ (अक्षरेपि बयासी हजार आठ सय चौध रूपैयाँ दुई पैसा मात्र) कबोल गर्ने श्री Thapatech Nepal, Kathmandu को दररेट न्यूनत्तम मूल्याङ्कित सारभूतरूपमा प्रभावग्राही देखिएकोले सो कम्पनीको दरभाउपत्र (कोटेशन) स्वीकृत गर्ने निर्णय गरियो । | | | कोटेशन स्वीकृति गर्ने |
| २ | CCTV surveillance system extend कार्य : (मर्मत उपशाखा बाट स्यानिटेशन उपशाखा) | २ | सिसि क्यामेरा जडान तथा मर्मत | ४९२,११९। ७५ | — | CCTV surveillance system extend कार्य : (मर्मत उपशाखा बाट स्यानिटेशन उपशाखा) मर्मत संभार गर्न प्राप्त भएका तीन वटा काटेशनहरूमध्ये सबभन्दा कम दररेट भ्याट सहित रू. ४,५५,३८५।२१ (अक्षरेपि चार लाख पचपन्न हजार तीन सय पचासी रूपैयाँ एकाईस पैसा मात्र) कबोल गर्ने श्री Times Enterprises, Bankhundhol, Lalitpur को दररेट न्यूनत्तम मूल्याङ्कित सारभूतरूपमा प्रभावग्राही देखिएकोले सो कम्पनीको दरभाउपत्र (कोटेशन) स्वीकृत गर्ने निर्णय गरियो । | | | कोटेशन स्वीकृति गर्ने |
| ङ) निर्णय स्वीकृति सम्बन्धमा | | | | | | | | | |
| १ | तारा मा.वि भवन निर्माण कार्य (ठेक्का नं. bktmun/NCB/works/01/082/83/TARA) को लागि ९ वटा बोलपत्रदाताको प्रस्ताव आएको र ९ वटा प्रस्तावहरूको मूल्याङ्कन गर्दा सबै प्रस्तावहरू पूर्ण रूपमा सफल भएको हुँदा सो बोलपत्रहरूको आर्थिक प्रस्ताव खोल्नको लागि सूचना पठाउने निर्णय गरियो । | | | | | | | | |
| २ | शित भण्डारण भवनका लागि २०० Kva ट्रासफर्मर र जनरेटरको आपूर्ति र जडान कार्य (ठेक्का नं. bktmun/NCB/goods/02/082/83)को ३ वटा सप्लायर्सहरूको बोलपत्र मूल्याङ्कन गर्दा श्री R.M.S International Pvt. Ltd., Subhidhanagar, Kathmandu को प्रस्तावित रकम रू ४६,६१,२५०।०० (अक्षेरूपी : छयालिस लाख एकसठ्ठी हजार दुई सय पचास रूपैया) भ्याट सहितको कवोल अङ्क सारभूत रूपमा प्रभावग्राही भएको हुँदा स्वीकृतीका लागि सिफारिस गर्ने निर्णय गरियो । | | | | | | | | |

## विविध

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो–

क. भक्तपुर नगरपालिका अस्थायी/करारका कर्मचारीहरुको सेवा स्थायी गर्ने कार्यविधि, २०८२ को उपदफा (२) बमोजिमको **पदपूर्ति समिति गठन** गर्न देहाय बमोजिम पदपूर्ति समितिका अध्यक्ष नियुक्ति गर्ने निर्णय गरियो :

१. प्रथम श्रेणी (राजपत्रांकित) सेवाबाट सेवा निवृत्त कर्मचारी श्री रामलाल श्रेष्ठ :अध्यक्ष
२. प्रमुख प्रशासकीय अधिकृत श्री बसन्त भट्टराई : सदस्य
३. प्रशासन शाखा प्रमुख श्री दामोदर सुवाल : सदस्य

ख. यस नगरपालिकाको चालु आ.व. २०८२/०८३ का लागि सङ्घीय सरकार राष्ट्रिय योजना आयोगको स:शर्त अनुदान बजेट शीर्षक तथा यस नगरपालिकाको संयुक्त लगानीबाट व्यहोर्ने गरी भ.न.पा.वडा नं. १ तकोकिवा (नयाँ बस पार्क) मा निर्माण हुने 'बहुउद्देश्यीय भवन निर्माण' का लागि तयार गरिएको लागत अनुमान रकम रु. ३,०२,२०,७५७।१७ भएकोमा यसका लागि विनियोजित रकम रु. १ करोड २५ लाख मात्र रहेकोले नपुग रकमको स्रोत सुनिश्चितता गरी **खरिद प्रक्रिया अगाडि बढाउने** निर्णय गरियो ।

# निर्वाचनको सन्दर्भ

## नेमकिपाले समाजवादी प्रचार अभियानको रूपमा निर्वाचनलाई उपयोग गर्ने




नेपाल मजदुर किसान पार्टीको तर्फबाट प्रतिनिधिसभाको भक्तपुर निर्वाचन क्षेत्र नं. १ मा पार्टीका सचिव प्रेम सुवालले माघ ६ गते उम्मेदवारी दिनुभयो।

उम्मेदवारी दर्तापछि दरबार क्षेत्रमा भएको जनसभामा सचिव **सुवाल**ले नेमकिपा मजदुर, किसान र कामदारवर्गको हित हेर्ने देशभक्तहरूको पार्टी भएको स्पष्ट पार्नुहुँदै पार्टीले समाजवादको प्रचार अभियान अगाडि बढाउन निर्वाचनलाई उपयोग गर्दै आएको बताउनुभयो। उहाँले भन्नुभयो, 'समाजवादी व्यवस्थामा उत्पादनका मुख्य मुख्य साधन र सेवा सामाजिकीकरण, शिक्षा र स्वास्थ्य नि:शुल्क, योग्यताअनुसार काम र कामअनुसारको पारिश्रमिकको बन्दोबस्त हुनेछ भने विदेशमा सम्पत्ति राख्न नपाउने व्यवस्थासहितको करमुक्त व्यवस्था हुनेछ। युवालाई देशभित्र रोजगारीको व्यवस्था हुनुपर्ने विषयलाई पनि नेमकिपाले जोड दिँदै आएको छ।'

सचिव सुवालले थप्नुभयो, 'निर्वाचन जनताको चेतनास्तर नाप्ने ब्यारोमिटरजस्तै हो। नेपालको हितविपरीतका कोसी, गण्डक, महाकाली, माथिल्लो कर्णाली, फुकोट कर्णालीलगायत सन्धि सम्झौता गरी देशलाई नवउपनिवेश बनाउने देशद्रोही पार्टी र उम्मेदवारलाई हराउने एउटा दबु निर्वाचन पनि हो।'

आगामी फागुन २१ गते हुने निर्वाचनमा प्रधानमन्त्री र मन्त्री बन्ने भन्दै जनतालाई पैसा र सामान बाँडेर, भोज खुवाएर, झूटा आश्वासन दिएर जनताको मत किन्नेहरूले भोलि तिनीहरूले नेपाली जनताको घरजग्गा लुट्ने र अन्ततः देश नै बेच्ने खतरा रहेको हुँदा अबको चुनावमा पालैपालो प्रधानमन्त्री, उपप्रधानमन्त्री, मन्त्री बनेका पार्टीहरूदेखि नेपाली जनता सचेत हुनु जरुरी भएको सचिव सुवालले बताउनुभयो।

उहाँले भन्नुभयो, 'देश र जनताको नि:स्वार्थ सेवा गर्न र समाजवादी प्रचार अभियानलाई अगाडि बढाउन आगामी फागुन २१ को प्रतिनिधिसभाको चुनावमा 'मादल' चिह्नमा छाप लगाई नेमकिपाका उम्मेदवारहरूलाई अत्यधिक बहुमतले जिताउनुहुन सम्पूर्ण नेपाली जनतामा हार्दिक अनुरोध गर्दछौँ।'

नेमकिपा भक्तपुर जिल्ला समितिका अध्यक्ष **सुरेन्द्रराज गोसाईं**ले नेमकिपाले संसद्मा जनताको भावनाबमोजिम प्रखर प्रतिपक्षको भूमिका निर्वाह गर्दै आएको चर्चा गर्नुहुँदै देश र जनताको नि:स्वार्थपूर्वक सेवा गर्न नेमकिपा पछि नपर्ने प्रस्ट पार्नुभयो।

उहाँले शासक दलहरूको अकर्मण्यताकै कारण देश पराधीन बन्दै गइरहेको, विदेशी हस्तक्षेप बढेको, आर्थिकरूपमा जर्जर बन्दै गइरहेको उल्लेख गर्नुहुँदै नेपाली कामदार तथा

### भक्तपुर निर्वाचन क्षेत्र १ र २



देशभक्त जनताको एकताबाट मात्र देश जोगिनेछ भन्नुभयो।

नेमकिपाले देशभक्तिपूर्ण आन्दोलनको इमानदारीपूर्वक नेतृत्व गरिरहेकोबारे प्रस्ट पार्नुहुँदै जिल्ला अध्यक्ष गोसाईले सिंहदरबार जलाउनेलाई मात्र होइन सिंहदरबारलाई विदेशी दलालको अखडा बनाउने देशघातीहरूलाई दण्डित गर्न आवश्यक भएको बताउनुभयो।

उम्मेदवारी मनोनयन दर्ता गर्नुपूर्व नेमकिपा कार्यालय गोल्मढीबाट जुलुस अगाडि बढेको थियो।

जुलुसमा सम्पूर्ण 'देशभक्त जनता एक होऔँ !', 'एमसीसीका मतियारहरू होसियार !', 'विदेशी हस्तक्षेप बन्द गर !' लगायतका नारा लगाइएको थियो।

त्यस्तै भक्तपुर निर्वाचन क्षेत्र नं. २ मा नेमकिपाको तर्फबाट रमेश वैद्यले उम्मेदवारी दिनुभएको छ।

उम्मेदवारी दर्तापछि भएको सभामा पार्टीका केन्द्रीय सदस्य **अनुराधा थापामगर**ले नेमकिपाले जनताको गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य, रोजगारीको साथै देशको स्वाधीनता र सार्वभौमसत्ताको विषयमा पनि आवाज उठाउँदै आएको बताउनुभयो।

'नेमकिपा मजदुर, किसान र कामदारवर्गको हित हेर्ने देशभक्तहरूको पार्टी भएकोले फागुन २१ गतेको निर्वाचनमा पार्टीका उम्मेदवार रमेश वैद्यलाई जिताउन मादल चिह्नमा मतदान गर्न अनुरोध गर्दछु', उहाँले भन्नुभयो।

नेमकिपा भक्तपुर निर्वाचन क्षेत्र नं. २ का उम्मेदवार **रमेश वैद्य**ले वर्गविहीन समाज स्थापना गर्न नेमकिपाले जनतालाई राजनीतिकरूपमा सचेत र सङ्गठित गर्दै आएको चर्चा गर्नुहुँदै पार्टीले स्थापनाकालदेखि भारतीय

श्री निर्वाचन आयोग

जिल्ला निर्वाचन कार्यालय, भक्तपुर

प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२

२०८२ पुष १२ गते प्रकाशित अन्तिम मतदाता नामावली

| क्र.सं. | प्रतिनिधि सभा नि.क्षे. | गा.पा/न.पा | वडा | पुरुष | महिला | अन्य | जम्मा | मतदान स्थल संख्या | मतदान केन्द्र संख्या |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | चाँगुनारायण नगरपालिका | १ | २२४८ | २३१८ | ० | ४५६६ | २ | ५ |
| २ | १ | चाँगुनारायण नगरपालिका | २ | २३६९ | २५७० | ० | ४९३९ | २ | ५ |
| ३ | १ | चाँगुनारायण नगरपालिका | ३ | २३२४ | २४५० | ० | ४७७४ | ३ | ६ |
| ४ | १ | चाँगुनारायण नगरपालिका | ४ | २५४० | २६८० | ० | ५२२० | २ | ६ |
| ५ | १ | चाँगुनारायण नगरपालिका | ५ | ३२२१ | ३४४४ | ० | ६६६५ | ३ | ९ |
| ६ | १ | चाँगुनारायण नगरपालिका | ६ | १९०४ | १९८० | ० | ३८८४ | २ | ५ |
| ७ | १ | चाँगुनारायण नगरपालिका | ७ | २३३२ | २३६७ | ० | ४६९९ | ३ | ६ |
| ८ | १ | चाँगुनारायण नगरपालिका | ८ | ३४६० | ३३८६ | ० | ६८४६ | ३ | ८ |
| ९ | १ | चाँगुनारायण नगरपालिका | ९ | २४१३ | २५०९ | ० | ४९२२ | १ | ५ |
| १० | १ | भक्तपुर नगरपालिका | १ | २३९८ | २६७५ | ० | ५०७३ | १ | ५ |
| ११ | १ | भक्तपुर नगरपालिका | २ | ३४२४ | ३६५३ | ० | ७०७७ | २ | ८ |
| १२ | १ | भक्तपुर नगरपालिका | ३ | २६४२ | २८९८ | ० | ५५४० | २ | ६ |
| १३ | १ | भक्तपुर नगरपालिका | ४ | ३५४६ | ३७४३ | ० | ७२८९ | २ | ८ |
| १४ | १ | भक्तपुर नगरपालिका | ५ | २९१४ | ३१८० | ० | ६०९४ | २ | ७ |
| १५ | १ | भक्तपुर नगरपालिका | ६ | ३०९१ | ३३०६ | ० | ६३९७ | १ | ६ |
| १६ | १ | भक्तपुर नगरपालिका | ७ | ३३६२ | ३५१५ | ० | ६८७७ | २ | ७ |
| १७ | १ | भक्तपुर नगरपालिका | ८ | १७४८ | १८३२ | ० | ३५८० | १ | ४ |
| १८ | १ | भक्तपुर नगरपालिका | ९ | ३६५८ | ३८७० | ० | ७५२८ | २ | ८ |
| १९ | १ | भक्तपुर नगरपालिका | १० | २४७२ | २६१२ | ० | ५०८४ | १ | ५ |
| प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. १ जम्मा | | | | ५२०६६ | ५४९८८ | ० | १०७०५४ | ३७ | ११९ |
| २० | २ | मध्यपुर थिमी नगरपालिका | १ | २६२३ | २८०५ | ० | ५४२८ | १ | ६ |
| २१ | २ | मध्यपुर थिमी नगरपालिका | २ | १७१७ | १८३४ | ० | ३५५१ | १ | ४ |
| २२ | २ | मध्यपुर थिमी नगरपालिका | ३ | २८७५ | ३०८३ | ० | ५९५८ | १ | ६ |
| २३ | २ | मध्यपुर थिमी नगरपालिका | ४ | ३०९२ | ३१९४ | ० | ६२८६ | २ | ७ |
| २४ | २ | मध्यपुर थिमी नगरपालिका | ५ | ३१५७ | ३१९४ | १ | ६३५२ | ३ | ८ |
| २५ | २ | मध्यपुर थिमी नगरपालिका | ६ | २१७२ | २१८५ | १ | ४३५८ | २ | ५ |
| २६ | २ | मध्यपुर थिमी नगरपालिका | ७ | २३९६ | २३९६ | ० | ४७९२ | ३ | ७ |
| २७ | २ | मध्यपुर थिमी नगरपालिका | ८ | १९६१ | २०७७ | ० | ४०३८ | २ | ५ |
| २८ | २ | मध्यपुर थिमी नगरपालिका | ९ | १९०६ | १९७८ | १ | ३८८५ | १ | ४ |
| २९ | २ | सूर्यविनायक नगरपालिका | १ | २९१७ | ३००६ | ० | ५९२३ | ३ | ७ |
| ३० | २ | सूर्यविनायक नगरपालिका | २ | २७८२ | २९६३ | ० | ५७४५ | २ | ७ |
| ३१ | २ | सूर्यविनायक नगरपालिका | ३ | १९५८ | २०९५ | १ | ४०५४ | १ | ४ |
| ३२ | २ | सूर्यविनायक नगरपालिका | ४ | ३३९९ | ३६२२ | ० | ७०२१ | ३ | ८ |
| ३३ | २ | सूर्यविनायक नगरपालिका | ५ | ३८६५ | ४११९ | ० | ७९८४ | २ | ९ |
| ३४ | २ | सूर्यविनायक नगरपालिका | ६ | १२५७ | १२९० | ० | २५४७ | १ | ३ |
| ३५ | २ | सूर्यविनायक नगरपालिका | ७ | २४३१ | २६६७ | ० | ५०९८ | २ | ६ |
| ३६ | २ | सूर्यविनायक नगरपालिका | ८ | २९२१ | २९९० | १ | ५९१२ | ३ | ७ |
| ३७ | २ | सूर्यविनायक नगरपालिका | ९ | २३१५ | २३५९ | ० | ४६७४ | ३ | ५ |
| ३८ | २ | सूर्यविनायक नगरपालिका | १० | २३३० | २४२० | ० | ४७५० | ३ | ६ |
| प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. २ जम्मा | | | | ४८०७४ | ५०२७७ | ५ | ९८३५६ | ३९ | ११४ |
| जिल्लाको जम्मा | | | | १००१४० | १०५२६५ | ५ | २०५४१० | ७६ | २३३ |

विस्तारवाद र अमेरिकी साम्राज्यवादविरूद्ध सङ्घर्ष गर्दै आएको बताउनुभयो ।

मादल चिह्नमा मतदान गरी आफूलाई निर्वाचित गर्न अनुरोध गर्नुहुँदै उहाँले आफ्नो उम्मेदवारी शोषण, अन्याय र अत्याचारको विरोध गर्नु रहेको बताउनुभयो ।

कार्यक्रममा नेमकिपा मध्यपुरथिमि नगर समितिका उपाध्यक्ष **वीरकृष्ण प्रजापति**ले पनि बोल्नुभएको थियो ।

## राष्ट्रिय सभाको निर्वाचन

निर्वाचन आयोगको कार्यतालिकाअनुसार राष्ट्रिय सभाको रिक्त १८ स्थानको निर्वाचन माघ ११ भयो ।

निर्वाचनबाट नेकाका ९, एमालेका ८ र जसपाका १ जना निर्वाचित भएका छन् ।

उक्त निर्वाचनमा वाग्मती प्रदेशको लागि नेपाल मजदुर किसान पार्टीको तर्फबाट विक्रम ढुकुछु र कविता महर्जनले उम्मेदवारी दिनुभएको थियो ।

## बन्दसूचीमा तीन हजार १३५ उम्मेदवार

निर्वाचन आयोगले फागुन २१ मा हुने प्रतिनिधिसभा सदस्य निर्वाचन, समानुपातिकतर्फको अन्तिम बन्दसूची सार्वजनिक गरेको छ । आयोगले माघ २० गते प्रकाशित गरेको उम्मेदवारको अन्तिम सूचीमा ६३ राजनीतिक दलबाट ५७ निर्वाचन चिह्न कायम भएका कुल तीन हजार १३५ उम्मेदवार रहेका छन् । प्रकाशित बन्द सूचीमा एक हजार ७७२ महिला र एक हजार ३६३ पुरुष उम्मेदवार रहेका आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईद्वारा जारी विज्ञप्तिमा जनाइएको छ ।

समानुपातिकतर्फको बन्द सूचीमा तीन हजार २१३ उम्मेदवारी परेको थियो ।

## प्रतिनिधिसभा निर्वाचनमा ३,४०६ जना उम्मेदवार कायम

प्रतिनिधिसभा निर्वाचनका लागि ३,४८७ जनाले मनोनयन दर्ता गराए पनि उम्मेदवारी फिर्ता र रद्द भएपछि ३,४०६ उम्मेदवार कायम भएको छ । ७२ जनाले उम्मेदवारी फिर्ता लिए भने ९ जनाको रद्द भएको छ ।

त्यसमा ३ हजार १७ पुरुष, ३ सय ८८ महिला र अन्य समूहका १ जना छन् ।

१६५ वटै निर्वाचन क्षेत्रमा ६८ राजनीतिक दल र स्वतन्त्र उम्मेदवारले मनोनयन दर्ता गराएका छन् ।

निर्वाचन आयोगका अनुसार १ सय ६५ निर्वाचन क्षेत्रमा दर्ता भएको ३ हजार ४ सय ८७ उम्मेदवारीमध्ये दलहरूबाट र स्वतन्त्र गरी जम्मा ३ सय ८८ जना मात्रै महिला उम्मेदवार छन् ।

नेकाले ११ जना, एमालेले १० जना, नेकपाले ११ जना र राप्रपाले १० जना महिला उम्मेदवार बनाएको छ । नेमकिपाले ५४ जना (४५ प्रतिशत) उम्मेदवार बनाएको छ ।

## नेमकिपाको ५९ जिल्लाका १२१ निर्वाचन क्षेत्रमा उम्मेदवारी

आगामी फागुन २१ गते हुने प्रतिनिधि सभाको निर्वाचनका लागि नेपाल मजदुर किसान पार्टी (नेमकिपा)ले ५९ जिल्लाका १२१ निर्वाचन क्षेत्रमा आफ्नो उम्मेदवारी दिएको छ ।

पार्टीका केन्द्रीय सचिव प्रेम सुवाललाई भक्तपुर क्षेत्र नं १ बाट उम्मेदवार बनाएको छ । त्यस्तै क्षेत्र नं. २ बाट रमेश वैद्यलाई उम्मेदवार बनाएको छ ।

नेमकिपाले वाग्मती प्रदेशका १३ जिल्लामध्ये रसुवाबाहेक १२ जिल्लामा उम्मेदवारी दिएको छ । १२ जिल्लाको ३२ निर्वाचन क्षेत्रमा २० महिला र १२ पुरुषलाई उम्मेदवार बनाएको छ ।

कर्णाली प्रदेशमा सात जिल्लाको नौ निर्वाचन क्षेत्रमा एक महिलासहित नौ जनालाई उम्मेदवार बनाएको छ । कालिकोटमा नन्दबहादुर शाही, जुम्लामा बिर्खबहादुर रावत र दैलेखमा बखतबहादुर थापा, सुर्खेतमा तुलसी खड्कालाई उम्मेदवार बनाइएको छ ।

त्यसैगरी कोशी प्रदेशको १२ जिल्लामा आठ महिला र १३ पुरुष, मधेश प्रदेशका आठ जिल्लामा ६ महिला र १६ पुरुषलाई उम्मेदवार बनाएको छ । लुम्बिनी प्रदेशको १२ जिल्लामध्ये सात जिल्लामा उम्मेदवारी दिएको नेमकिपाले आठ महिला र ६ पुरुषलाई उम्मेदवार बनाएको छ । गण्डकी प्रदेशमा ११ मध्ये पाँच जिल्लामा ६ महिला र दुई पुरुष तथा सुदूरपश्चिम प्रदेशमा बाजुराबाहेक आठ जिल्लामा पाँच महिला र नौ पुरुषलाई उम्मेदवार बनाएको सो पार्टीले जनाएको छ ।

नेमकिपाले कुल १२१ मध्ये ६७ पुरुष र ५४ महिलालाई उम्मेदवार बनाएको छ ।

## भक्तपुर नगरपालिका गतिविधि

# तुमचो दुगुरे चोखा आवास क्षेत्रमा शान्ति सुरक्षाको वर्तमान अवस्थाबारे अन्तरक्रिया




भक्तपुर नगरपालिका ९ नं. वडा कार्यालयको आयोजनामा तुमचो दुगुरे चोखा आवास क्षेत्रको शान्ति सुरक्षाको अवस्थाबारे पुस २२ गते स्थानीय जनतासँग छलफल कार्यक्रम भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले स्थानीय जनताको साथ र सहयोगले भक्तपुरलाई व्यवस्थित, सभ्य र अपराधमुक्त नगर बनाउन पहल भइरहेको बताउनुभयो ।

नगरपालिकाले तुमचो दुगुरे आवास क्षेत्रमा व्यवस्थित आवास योजना सञ्चालन गरेर शिक्षा, स्वास्थ्य उपचार सुविधा र अदालत, मालपोत, नापी कार्यालयहरूमार्फत सरकारी सेवा प्रदानमा सहजता प्रदान गरेको उल्लेख गर्नुहुँदै उहाँले यस क्षेत्रमा स्थायी र अस्थायी बसोबासी सबै नागरिकको सुरक्षित बन्दोबस्तका लागि सबैबाट हातेमालो हुनुपर्नेमा जोड दिनुभयो ।

साथी सङ्गतका कारण लागुपदार्थको दुर्व्यसनी तथा अपराधिक कृयाकलापमा नयाँ पुस्ता संलग्न भइरहेको गुनासाहरू आइरहेको सन्दर्भमा प्रमुख प्रजापतिले अभिभावकहरूलाई आफ्ना छोराछोरीहरूसँग सहज व्यवहार गर्न र तिनको भावना बुझ्ेर काम गर्न अनुरोध गर्नुभयो ।

आन्तरिक एवम् बाह्य पर्यटकहरूका लागि भ्रमणको पहिलो शर्त नै शान्ति सुरक्षा रहने उहाँले बताउनुभयो । प्रमुख प्रजापतिले भन्नुभयो, 'भदौ २३ र २४ गते देशमा भएको आन्दोलन र आगजनीका कारण नेपालको भ्रमण तालिका स्थगित गर्नेहरू धेरै देखिए ।'

उहाँले अपराधमा संलग्न भएकाहरूलाई समयमै अपराध कर्मबाट मुक्त गर्ने उपाय अवलम्बन गर्नुपर्नेमा जोड दिनुहुँदै उनीहरू ढिलो वा चाँडो कानुनी फन्दामा पर्ने निश्चित भएको प्रष्ट पार्नुभयो ।

कार्यक्रममा वडाध्यक्ष **रविन्द्र ज्याख्व**ले विद्यालय, कलेज र अस्पताल क्षेत्र वरपर चुरोट, रक्सीजस्ता लागुपदार्थ र मादक पदार्थ बिक्री वितरण एवम् सेवन गर्न नहुने नियम रहेको चर्चा गर्दै मर्यादित एवम् कानुनी रूपले वैध व्यवसायमात्र गर्न सबैमा अनुरोध गर्नुभयो । नयाँ पुस्ता कुलत र अपराधमा लाग्दा समाज असुरक्षित बन्ने र त्यसले सबैलाई असर पार्ने उहाँको भनाइ थियो ।

स्थानीय जनता, युवा विद्यार्थी र शिक्षक तथा सुरक्षा निकायकसँग पनि समाजलाई सुरक्षित गर्ने विषयमा छलफल भइरहेको उल्लेख गर्नुहुँदै वडाध्यक्ष ज्याख्वले डेरामा बस्ने व्यक्तिहरूको विवरण वडा कार्यालयमा जानकारी दिनुपर्ने र व्यवसाय दर्ता गरेर मात्र सञ्चालन गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

जिल्ला प्रहरी कार्यालय भक्तपुरका **सरस्वती दंगाल**ले लागुपदार्थ दुर्व्यसनी र अन्य अपराधको अवस्थाबारे जानकारी दिनुहुँदै दुर्व्यसनीबाट छुटकारा गराउन अभिभावकहरू सचेत बन्नुपर्ने र यस्ता विषयहरू लुकाउन नहुनेमा जोड दिनुभयो । उहाँले अपराध र दुर्व्यसनी सम्बन्धी कानुनी प्रावधानहरूका बारेमा पनि जानकारी दिनुभयो ।



कार्यपालिका सदस्य छोरीमैया सुजखू (प्रजापति) ले नयाँ बस्तीमा रहनुहुने बासिन्दाहरूबिच आपसी सहयोगको भावना विकास गरी सामाजिक सद्भाव कायम गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले आवास क्षेत्रमा अवाञ्छित कृयाकलाप र सडक दुर्घटना न्यूनीकरण सम्बन्धी नगरपालिकाले गरेका प्रयासहरूका बारेमा जानकारी दिनुभयो ।

# वडानिरीक्षक, ड्राइभर, हेल्पर र सफाइ मजदुरहरूको भेला




भक्तपुर, ३० पुस । भक्तपुर नगरपालिका वातावरण समितिको आयोजनामा नगरपालिकामा कार्यरत वडानिरीक्षक, ड्राइभर, हेल्पर र सफाइ मजदुरहरूको भेला वातावरण समितिका संयोजक एवम् ९ नं. वडाध्यक्ष रविन्द्र ज्याख्वको आतिथ्यमा भनपा सभाकक्षमा पुस ३० गते भयो ।

भेलामा अतिथि **रविन्द्र ज्याख्व**ले सङ्ठनात्मक संरचना भित्र कार्यालय प्रमुखको गुनासो आउने गरी काम गर्नु राम्रो नभएको बताउनुहुँदै गुनासो सुधार नभए कामको नवीकरण नहुने बताउनुभयो । उहाँले सफाइ मजदुर नगरपालिकाको भएकोले उसले गरेको हरेक सकारात्मक र नकारात्मक गतिविधिमा जनताले नगरपालिकालाई गुनासो गर्ने बताउनुहुँदै गुनासोको समीक्षा गर्दै नागरिक प्रति उत्तरदायी भई कमिकमजोरी नगर्ने प्रतिवद्धता आउनुपर्ने बताउनुभयो । उहाँले सानो नगर जनघनत्व बढी भएकोले सरसफाइमा चुनौति बढिरहेको बताउनुहुँदै मानिसहरूको गतिविधिअनुसार फोहोर बढ्ने बताउनुभयो । उहाँले सफाइ कार्य सानो काम नभई सम्मानित काम भएको बताउनुहुँदै जनताको स्वास्थ्य प्रति संवेदनशील भई बढी सफाइ मजदुर भयो भनेता पनि सफाइ कर्मचारीहरूको आर्थिक र सामाजिक स्तर उकास्ने सोचले निजी क्षेत्रलाई सफाइ काम नदिएको बताउनुभयो ।

उहाँले नेपाल मजदुर किसान पार्टीको भावनाअनुसार जनताको सेवा गर्ने काम गर्न निर्देशन दिनुहुँदै सफाइ कर्मचारीहरूको कार्यसम्पादन मूल्याङ्कनबिना नवीकरण र बढुवा नहुने भएकोले बैठक बरोबर बसेर समीक्षा गरेर वडानिरीक्षकहरूले दैनिक काम दिनुपर्ने बताउनुभयो ।

उहाँले सफाइ कर्मचारीहरू सबै नगरपालिकाको परिवार भएकोले कामको समयमा भएको दुर्घटनाको जिम्मेवारी लिई अभिभावकीय भूमिका निभाई सम्पूर्ण उपचार खर्च व्यहोरेको र छोरीको शिक्षा र परिवारलाई जीवन निर्वाह गर्न योग्यताअनुसार काम र काजक्रिया खर्च समेत व्यहोरेको र अब आइन्दा यस्तो दुर्घटना हुन नदिने प्रतिवद्धता गराएको जानकारी दिनुभयो ।

उहाँले कर्मचारीहरूले कार्यालय समय अवधिमा कानुनले वर्जित गरेको कुनैपनि गतिविधि गर्न नहुने बताउनुहुँदै कार्यालय समयमा अतिरिक्त आम्दानी गर्नुपनि भ्रष्टाचार नै भएको बताउनुभयो ।

कार्यक्रममा वातावरण समितिका सदस्य एवम् ४ नं. वडाध्यक्ष **उपेन्द्र सुवाल**ले सुरक्षा मामिलालाई मध्यनजर नगरी काम गर्दा एकजना होनहार नागरिकको मृत्युले नगरपालिकालाई क्षति पुगेको बताउनुहुँदै आफ्नो कर्तव्य इमानदारीका साथ एक आपसमा दोषारोपन नगरी समन्वय गरेर काम गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा वातावरण समितिका सदस्य **मञ्जुमैया लाखाजु**, श्यानिटेशन उपशाखा प्रमुख **दिलिप कुमार सुवाल** र वडानिरीक्षक **रामकृष्ण प्रजापति**ले पनि बोल्नु भएको थियो ।

# पाक्षिक सरसफाइ कार्यक्रम

भक्तपुर नपाको पाक्षिक सरसफाइ कार्यक्रम अन्तरगत माघ १ गते न:पुखू परिसरमा सफाइ गरियो ।

## केही झलक










# राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगिता




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरपालिकाको आयोजनामा माघ २ गते भक्तपुर नगरव्यापी विद्यालयस्तरीय राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगिताको उद्घाटन गर्नुभयो ।

कार्यक्रममा प्रमुख प्रजापतिले खेलकुदलाई मानव जीवनको अभिन्नको अङ्गको रूपमा विकास गर्न समय समयमा खेलकुद प्रतियोगिता, शारीरिक व्यायाम प्रशिक्षण र विद्यालयस्तरमा खेलकुद प्रतियोगिता आयोजना गर्दै आएको बताउनुहुँदै भक्तपुर नपाका खेलाडी तुलनात्मक रूपमा अनुशासित रहेको बताउनुभयो ।

खेलकुद अनुशासन र मित्रता बढाउनको लागि खेल्नुपर्छ भन्नुहुँदै उहाँले खेलकुदमा हारजित स्वाभाविक भएकोले हारबाट सिक्ने भावना हामीमा हुनुपर्छ भन्नुभयो ।

आफूसँग भएको क्षमता समयमा प्रदर्शन गर्न सकिएन भने अगाडि बढ्न बाधा पुग्न सक्छ भन्नुहुँदै उहाँले खेलकुदमा समय व्यवस्थापनले महत्त्वपूर्ण भूमिका खेल्छ भन्नुभयो ।

खेलकुदसँगै आफ्नो शिक्षामा पनि उत्कृष्टता हासिल गर्न प्रेरित गर्नुहुँदै उहाँले खेल जित्नको लागि र सिक्नको लागि खेल्नुपर्छ भन्नुभयो ।

कार्यक्रममा भक्तपुर नपाका उपप्रमुख **रजनी जोशी**ले खेलकुदले शारीरिक र मानसिक रूपमा स्वस्थ बनाउने हुँदा हरेक नागरिक खेलकुदमा सहभागी हुनुपर्ने बताउनुभयो ।

भक्तपुर नपा वडा नं. १ का वडाध्यक्ष **श्यामकृष्ण खत्री**ले माघ २ गतेदेखि ४ गतेसम्म सञ्चालन हुने राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा शहीद स्मृति खेलमैदानमा भलिबल, लिबाली कभर्ड हलमा कबड्डी, भाज्या पोखरी परिसरमा एथ्लेटिक्स, लिबाली कभर्ड हलमा तेक्वान्डो, देकोचा कभर्ड हलमा कराँते र लिबाली कभर्ड हलमा उसु खेल हुने जानकारी गराउनुभयो ।

उक्त कार्यक्रममा भक्तपुर जिल्ला खेलकुद विकास समितिका अध्यक्ष **राजु थापा**, कार्यपालिका सदस्य **सुनिता अवाल** र **रञ्जना त्वाती**ले पनि बोल्नुभएको थियो ।

प्रमुख प्रजापतिले प्रशिक्षक राधेश्याम कवांलाई खेलकुद सामग्री हस्तान्तरण गरी कार्यक्रमको उद्घाटन गर्नुभएको थियो ।

## प्रतियोगिताका केही झलक










## पाक्षिक सरसफाइ



भक्तपुर नगरपालिकाको आयोजनामा नियमित पाक्षिक सरसफाइ कार्यक्रमअन्तर्गत माघ १५ गते हनुमानघाट परिसरमा सरसफाइ कार्यक्रम गरियो।

## eQmk'/ gkfsf]cg'udg

## राममन्दिर र भुलाँचामा



भक्तपुर नगरपालिका अनुगमन समितिका संयोजक राजकृष्ण गोराको नेतृत्वमा राममन्दिर भुलाँचामा १० वटा पसलहरू पुस २९ गते अनुगमन गरियो।

अनुगमनमा धरै पसलहरू दर्ता नभएको र बाटोको मापदण्ड र खोलाको मापदण्ड छोडेको स्थानमा रहेका पसलहरू हटाउन निर्देशन दिइयो।

बिनादर्ता सञ्चालन भएका स्टाण्डर च्वाइस टेलर्स, क्यूब सेभेन, कमला तामाङको किराना पसल, फोटो मेमोरी, मिनि म्याजिक एन पि, ट्वान्टि वान स्टोरीलाई तीन दिनभित्र पसल दर्ता गरी नगरपालिकामा उपस्थित हुन निर्देशन दियो।

राममन्दिर खोला छेउमा राखेको चार पाँच वटा लुगाफाटा पसलहरू हटाउन र बिनादर्ता सञ्चालन भएकोले तीन दिनभित्र पसल दर्ता गरी नगरपालिकामा उपस्थित हुन निर्देशन दियो।

त्यस्तै शेर्पा आउटर प्रा.लि. र जेज्ली स्टाइललाई दर्ता कागजात पसलमा नभएकोले दर्ता कागजातसहित तीन दिनभित्र पसल दर्ता गरी नगरपालिकामा उपस्थित हुन निर्देशन दियो।

मिनिशपा नेपाल प्रा.लि.लाई नवीकरण नभएकोले तीन दिनभित्र नवीकरण गर्न निर्देशन दियो।

अनुगमन टोलीमा समितिका सदस्य वडाध्यक्ष श्यामकृष्ण खत्री, वडा सदस्य ज्ञान बहादुर मानन्धर, रिता फसिकवा, भनपा श्यानिटेशका न.नि. दिलिपकुमार सुवाल, वडानिरीक्षक रामकृष्ण प्रजापति, कर शाखाका मोहन देवी ब्याञ्जु, जिल्ला प्रशासन कार्यालयका नवराज पोखरेल, भक्तपुर उद्योग तथा बाणिज्य सङ्घका विश्वराम दुवाल, घरेलु तथा साना उद्योग सङ्घका सुमित्रा श्रेष्ठको सहभागी थियो।

# शैक्षिक गतिविधि

## ख्वप बहुप्राविधिक अध्ययन संस्थानको वार्षिक उत्सव




भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप बहुप्राविधिक अध्ययन संस्थानको २२ औं वार्षिकोत्सव कार्यक्रम पुस ३० गते एक विशेष समारोहबिच सम्पन्न भयो।

नेमकिपाका अध्यक्ष एवं वरिष्ठ राजनीतिज्ञ **नारायणमान बिजुक्छें (रोहित)** ले समारोहको उद्घाटन गर्नुहुँदै ख्वप बहुप्राविधिक अध्ययन संस्थान स्थापना गर्नुअघि भएका प्रयास र गतिविधिबारे प्रकाश पार्नुभयो।



सरकार आफैले अस्पताल खोलेर जनताको सेवा गर्नुपर्नेमा भक्तपुर नपाले नर्सिङ कलेज स्थापना गर्न माग गर्दा स्वीकृति नदिएर दुःख दिएको उल्लेख गर्नुहुँदै उहाँले सङ्घर्षपछि मात्रै बल्ल ख्वप बहुप्राविधिक अध्ययन संस्थानले स्वीकृति पाएको बताउनुभयो।

संसारभरि नै नर्सिङ सेवाको माग बढिरहेको बेला सरकारले नर्सिङ कलेज सञ्चालनमा बाधा दिने सरकार कसरी जनताको सरकार हुन्छ भनी प्रश्न गर्नुहुँदै उहाँले पूँजीवादी सरकारले बहुसङ्ख्यक कामदारवर्गका जनताको सेवा नगर्ने बताउनुभयो।

जुनसुकै अस्पताल र देशमा गए पनि नर्सहरूले इमानदारीपूर्वक आफ्नो जिम्मेवारी पूरा गर्नुपर्ने सुझाव दिनुहुँदै अध्यक्ष बिजुक्छेँले राम्रो काम गरेर देखाएपछि बाहिरका मान्छेहरू पनि यहाँ आएर सिकेर जाने वातावरण तयार हुनेछ भन्नुभयो।

क्यानडाका डा. नर्मन बेथुनले विभिन्न देशमा गएर गरेको स्वास्थ्य सेवाबाट प्रेरणा लिनुपर्ने विचार व्यक्त गर्नुहुँदै अध्यक्ष बिजुक्छेँले नर्सको गुणस्तरीय सेवाले ठूलठूलो रोग लागेका बिरामीलाई पनि बचाउन सकिन्छ भन्नुभयो।

उहाँले नर्सले साधारण नागरिकदेखि राष्ट्रपतिसम्मको स्वास्थ्य उपचार गरेको आफ्नो अनुभव बताउनुभयो।

आफ्नो नियमित कार्यका अतिरिक्त देश र जनताको पक्षमा हुने आन्दोलनको बेला नर्सहरूले खटेर सहयोग गर्नु जरुरी छ, उहाँले भन्नुभयो।

सेवाको क्रममा आइपर्ने दुःख कष्ट र हन्डर खाएर पनि आफ्नो जिम्मेवारी इमानदारीपूर्वक निर्वाह गर्नुपर्ने र राजनीतिक सचेतता पनि त्यतिकै आवश्यक हुने अध्यक्ष बिजुक्छेँले बताउनुभयो।



भक्तपुर नगरपालिकाका प्रमुख एवं कार्यक्रमका सभापति **सुनिल प्रजापति**ले प्राविधिक अध्ययन संस्थानमा नयाँ नयाँ विषय अध्ययन गराउनेतर्फ प्रयास भइरहेको उल्लेख गर्नुहुँदै नयाँ नयाँ ज्ञान र सीप हासिल गरी विशेषज्ञ बनेर देश र जनताको सेवामा लाग्नुपर्ने बताउनुभयो।

जनताका आधारभूत स्वास्थ्य सेवाको जिम्मेवारी सरकारले लिनुपर्नेमा उल्टै स्वास्थ्य सेवा बीमा बन्द गरेर सर्वसाधारण जनताको स्वास्थ्य सेवामा असर पर्ने काम गरेको उल्लेख गर्नुहुँदै उहाँले भक्तपुर नपाले शिक्षा र स्वास्थ्य क्षेत्रमा विशेष प्राथमिकता दिई काम गरिरहेको छ भन्नुभयो।

वाग्मती प्रदेशसभा सदस्य **सृजना सैंजु**ले नेमकिपाका अग्रजहरूको योगदानकै कारण ख्वप कलेजहरू स्थापना भएको र गुणस्तरीय शिक्षाको केन्द्रको रूपमा भक्तपुर विकास भइरहेको छ भन्नुभयो।

देशमा जनशक्तिको अभावमा स्वास्थ्य क्षेत्र नाजुक भएको स्थितिमा नर्स र डाक्टरहरूको विदेश पलायन भइरहेकोमा चिन्ता व्यक्त गर्नुहुँदै उहाँले क्युवाली सरकारको निर्देशनअनुसार त्यहाँका चिकित्सकहरूले विभिन्न देशमा पुगी स्वास्थ्य सेवा दिइरहेको बताउनुभयो ।

स्वास्थ्योपचारको निम्ति संसारका विभिन्न देशमा घुम्ने मेडिकलको टोलीमा क्युवामा ६० प्रतिशत महिला रहेको उल्लेख गर्नुहुँदै उहाँले आक्रामक देश अमेरिकाको कारण देश र जनता सुरक्षित नभएको बताउनुभयो ।

भक्तपुर नगरपालिकाका उपप्रमुख **रजनी जोशी**ले नपाले हरेक क्षेत्रमा सेवा प्रवाह गरिरहेको चर्चा गर्नुहुँदै 'सय वर्षपछिको भक्तपुर' लाई आधार मानेर मौलिकतालाई जोड दिएर यहाँका सम्पदा संरक्षण गर्दै आइरहेको बताउनुभयो । उहाँले ख्वप विश्वविद्यालय सञ्चालनको निमित प्रयास भइरहेको बताउनुभयो ।

ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य **सुनिल दुवाल**ले आ-आफ्नो पेसाको मर्यादा कायम राखेर स्वदेशमै आफ्नो श्रम, सेवा र अनुभव खर्चिनुपर्नेमा जोड दिनुभयो । पैसाको प्रलोभनमा परेर विदेशमा दासी र कष्टकर जीवन बिताउन बाध्य भएको उल्लेख गर्नुहुँदै उहाँले भक्तपुरलाई ज्ञान विज्ञानको केन्द्र बनाउन सबैको सहयोग र साथ आवश्यक छ भन्नुभयो ।

ख्वप अस्पतालका निमित मेडिकल डाइरेक्टर **मजेशप्रताप मल्ल**ले अग्रजहरूको एक घर एक स्नातक करिब पूरा भएको उल्लेख गर्नुहुँदै गलत सिद्धान्त र विचारले देश बदल्ने छैन भन्नुभयो ।

स्वाभिमानी नेपालीले लडेर बचाएको गुण नयाँ पुस्ताले बिर्सन नहुनेमा जोड दिनुहुँदै उहाँले स्वदेशमै रहेर सेवा गर्नुपर्छ भन्नुभयो ।

ख्वप बहु प्राविधिक अध्ययन संस्थानका प्राचार्य डा. **रत्नसुन्दर लासिवा**ले गुणस्तरीय शिक्षा दिएर जनशक्ति उत्पादनमा लागिरहेको स्पष्ट पार्नुहुँदै सबैको सहयोग र मिहिनेतकै कारण संस्थानले उत्कृष्ट नतिजा ल्याउन सफल भएको बताउनुभयो ।

भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत **वसन्त भट्टराई**ले देशको आवश्यकताअनुसार जनशक्ति तयार गर्नुपर्नेमा जोड दिनुहुँदै शैक्षिक पूर्वाधार तयार गरी सक्षम नागरिक तयार गर्नुपर्ने बताउनुभयो ।

विदेशमा गएर बढीभन्दा बढी तलब पाउने प्रतिस्पर्धाले देश कसरी बन्छ ? उहाँले प्रश्न गर्नुभयो ।

नर्सिङ विभाग प्रमुख **ईश्वरी डङ्गोल**ले नर्सहरू जहाँ गए पनि पुगे पनि सीपको सम्मान गर्दै जिम्मेवारीपूर्वक काम गर्नुपर्ने बताउनुभयो ।

समारोहमा १९ औँ ब्याचका **श्रीया न्हेम्हाफुकी**ले अध्ययनको अनुभवबारे बताउनुभयो ।

उत्कृष्ट विद्यार्थीहरूलाई पुरस्कार तथा मायाको चिनो प्रदान गरिएको सो समारोहमा विद्यार्थी **मञ्जु साह**ले कविता वाचन गर्नुभयो भने **कृष्णा कासुला**ले देशभक्ति गीत गाउनुभयो ।



समारोहमा **मुना लवजु** र **रविना सुवाल**ले कार्यक्रमको आवश्यकताबारे प्रकाश पार्नुभयो ।

## मेरो गर्वका आधार

– मञ्जुकुमारी शाह

भक्तपुरको मनमोहक माटोमा
ख्वप बहु-प्राविधिक संस्थानको स्थापना जहाँ ।
कागजमा होइन
हाम्रो हातमा सीप लेखिन्छ यहाँ,
शब्दमा होइन
कर्ममा भविष्य देखिन्छ यहाँ ।
सेतो एप्रोनको सपनासँग
सेवाको संस्कार बोकेर,
मानवताको बाटोमा
हामीलाई डोऱ्याउने यो घर ।
ख्वप बहु-प्राविधिक संस्थान,
नर्सिङ शिक्षाको उज्यालो पहिचान ।
जहाँ गुण, ज्ञान र सीप
एकै साथ पाउँछन् सम्मान ।
इन्जेक्सनमा साहस
ड्रेसिङमा माया,
नर्स बन्ने यो यात्रा
हो मानवताको छायाँ ।
रोगीको पीडामा
आफ्ना सुख बिर्सन सिकाउने

नर्स बन्ने होइन
असल मान्छे बन्ने कला सिकाइन्छ यहाँ ।
सेवा, सीप र समर्पण ख्वप नर्सिङको पहिचान
हातमा सीप, मनमा करुणा
यसको श्रेय जान्छ
हाम्रा गुरु–गुरुआमालाई सधैँ ।
शिक्षकको मार्गदर्शन
विद्यार्थीको समर्पण
र ख्वप बहु–प्राविधिक संस्थानको पहिचान
यिनै हाम्रो सफलताका आधार हुन् ।
ख्वप बहु–प्राविधिक संस्थान सीपको पहिचान
भक्तपुर नगरपालिका शिक्षाको अभियान ।
शिक्षक–शिक्षिकाको माया र मिहिनेत
नगरपालिकाको दृष्टि र योगदान
मिलेर बनाउँछ उज्यालो भविष्य
यस कलेजको सम्मान ।
शिक्षक–विद्यार्थीको सम्बन्ध सधैँ अमर रहोस्
ख्वप बहु–प्राविधिक संस्थानको गरिमा सधैँ उच्च रहोस् ।

(ख्वप बहुप्राविधिक संस्थानको २२ औँ वार्षिकोत्सवमा वाचित कविता)

# भूकम्प विज्ञान र विपद्पछिको पुनर्निर्माणबारे अन्तर्राष्ट्रिय सम्मेलन



नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) को प्रमुख आतिथ्यमा भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङको आयोजनामा दुई दिने भूकम्प विज्ञान र विपद्पछिको पुनर्निर्माणबारे अन्तर्राष्ट्रिय सम्मेलनको माघ ५ गते आरम्भ भयो ।

कार्यक्रममा **अध्यक्ष बिजुक्छेँ (रोहित)**ले कलेज तथा विश्वविद्यालयहरूको आयोजनामा हुने शोध, अनुसन्धान, सम्मेलनहरू विश्वविद्यालयको नियमित गतिविधिहरू भइरहनुपर्ने बताउनुहुँदै देश–विदेशका सम्बन्धित विशेषज्ञहरूको अनुभव र अनुसन्धानहरूबारे छलफल, विचार विमर्शले नयाँ नयाँ समस्याहरूको समाधानको बाटो खुल्दै जाने बताउनुभयो ।




उहाँले विज्ञहरूको अध्ययन, अनुसन्धान र छलफलले विपद्पछिको पुनःनिर्माणबारे देश–विदेशको अनुभव र अनुसन्धानले निर्माणमा दिगोपनको प्रगतिले अपार जनधनको क्षति र जनतामा फैलिने आतङ्क र पीडालाई समेत कम गर्दै लाने दृष्टिकोणले मानवीय भावनामा टेवा पुग्ने बताउनुभयो ।

हरेक देशको प्राचीन स्मारक र भवनहरूको निर्माण प्रविधिको अध्ययनबाट त्यसका दिगोपनको सुधार र प्रगतिमार्फत नयाँ युगको सेवा गर्ने कार्य अति सान्दर्भिक हुने बताउनुहुँदै अध्यक्ष बिजुक्छेँले प्राचीनता र नवीनता स्वयं नवःनिर्माणको रूपमा स्थापित हुने सम्भावना भएको बताउनुभयो ।

अध्यक्ष बिजुक्छेँले नेपालको हकमा मौलिक प्रविधिको गम्भीर अध्ययन आवश्यक भएको बताउनुहुँदै त्यसको दस्तावेजीकरण ढीलो गर्न नहुने र यसको निम्ति तीनै तहका सरकार र विश्वविद्यालयहरू संयुक्त रूपमा मिलेर निरन्तर लाग्ने कार्यमा तदारुकता अत्यन्त आवश्यक भएको बताउनुभयो ।

भूकम्प हाम्रो हातमा नहुने भएकाले भूकम्प पछि विपद्मा परेका पीडितहरूलाई तत्काल कसरी व्यवस्थापन गर्नेबारे अध्ययन र छलफल आवश्यक छ भन्नुहुँदै उहाँले नयाँ नयाँ बस्ती निर्माण गर्दा खुला क्षेत्रको निर्माणबारे गम्भीर ध्यान पुऱ्याउन सकिएन भने भविष्यमा देशले ठूलो क्षति बेहोर्नु पर्नेछ भन्नुभयो ।

नेपालजस्तो भूकम्पकीय क्षेत्रमा भूकम्पबाट कम क्षति हुने उपायबारे छलफलको निचोडहरू आएमा सम्मेलनको ठूलो उपलब्धी सावित हुने बताउनुहुँदै अध्यक्ष बिजुक्छेँले नयाँ

नयाँ प्रविधि र निर्माणले पनि नयाँ नयाँ राहत र कम क्षति हुने आशा गर्न सक्ने आकलन गर्नुभयो ।




कार्यक्रममा कलेज व्यवस्थापन समितिका अध्यक्ष एवम् भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भूकम्पीय दृष्टिले अत्यन्त जोखिममा रहेको नेपालमा भूकम्पपछिको पुनः निर्माणका लागि नीति निर्माण गर्न यो सम्मेलनले महत्त्वपूर्ण योगदान गर्ने आशा व्यक्त गर्नुभयो ।

नेपालमा २०७२ सालको भूकम्पले विश्व सम्पदा क्षेत्रभित्र पर्ने भक्तपुर दरबार क्षेत्र र टौमढीमा अवस्थित ङातापोल्ह मन्दिर, वत्सला मन्दिर, पशुपतिनाथको मन्दिर, सिलु महादेवको मन्दिरलगायत धेरै महत्त्वपूर्ण सम्पदाहरू भत्केको बताउनुहुँदै उहाँले भक्तपुर नपाले आफ्नै श्रोत, साधन र जनशक्ति प्रयोग गरी सम्पदा पुनःनिर्माणको कामलाई अगाडि बढाउने निधो गरी पुनःनिर्माणको काम अगाडि बढाएको स्मरण गर्नुभयो ।

भूकम्पपश्चात नेपाल सरकार र जर्मनी सरकारबिच भक्तपुरका सम्पदाहरू पुनःनिर्माणको लागि १ करोड युरो (रु.१ अर्ब २० करोड) अनुदान सहयोग सम्झौता भएको तर भक्तपुरका अग्रजहरू र जनप्रतिनिधिहरूबिच व्यापक छलफल गरी विदेशीहरूको सहयोगबिना नै भक्तपुरका सम्पदाहरू पुनःनिर्माणको नीति लिएको उहाँले स्पष्ट पार्नुभयो ।

भूकम्पबाट भएको धनजनको क्षति, चिन्ता र दुःखको त्यो अवधिलाई प्राचीन नगरको मौलिकता फर्काउने अवसरको रूपमा परिणत गरेको बताउनुहुँदै उहाँले सम्पदा संरक्षित सहरको पहिचानसहितको आजको भक्तपुर त्यसैको परिणाम हो भन्नुभयो ।

भक्तपुर नगरपालिकाले मौलिकता जोगाइ राख्न स्थानीय जनताको सहयोगमा २०७२ सालको भूकम्पबाट भत्किएका र अन्यसमेत गरी १७१ वटा सम्पदाहरूको पुनःनिर्माण र जीर्णोद्धार सम्पन्न गरिसकेको बताउनुहुँदै उहाँले निजी घरहरू पनि केही प्राविधिक समस्या भएकाबाहेक अधिकांश पुनःनिर्माण सम्पन्न भइसकेको जानकारी गराउनुभयो ।

वाग्मती प्रदेशसभा सदस्य मा. **सुरेन्द्रराज गोसाईं**ले सम्मेलन पूर्ण सफलताको शुभकामना दिनुहुँदै सम्मेलन नेपालको



सन्दर्भमा अति आवश्यक विषय भएको बताउनुभयो ।

उहाँले २०७२ सालको भूकम्पले धेरै धनजनको क्षति हुनुका साथै नेपाललाई आर्थिक रूपले पछाडि धकेलेको बताउनुहुँदै उहाँले यस किसिमको सम्मेलन आयोजनाले भविष्यमा हुने विपद् न्युनीकरणमा समेत टेवा पुऱ्याउने बताउनुभयो ।



कलेज व्यवस्थापन समितिका उपाध्यक्ष एवम् भक्तपुर नपाका उपप्रमुख **रजनी जोशी**ले भक्तपुर नगरपालिकाबाट सञ्चालित कलेज-हरूले नयाँ नयाँ विषयमा अध्ययन अनुसन्धानमा जोड दिँदै आएको बताउनुहुँदै 'सय वर्षपछिको भक्तपुर' आजको भक्तपुर निर्माणको मार्गदर्शन बनेको बताउनुभयो ।



उक्त कार्यक्रममा त्रिभुवन विश्वविद्यालय इञ्जिनयरिङ संकायका डीन प्रा.डा. **सुशीलबहादुर बज्राचार्य**ले सम्मे-लनका विषयहरू भक्तपुरको लागि मात्र नभई राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरमै महत्त्वपूर्ण विषय भएको बताउनुभयो ।



कार्यक्रममा ख्वप इ. कलेजका प्राचार्य इ. **सुजन माक**ले सम्मेलनको महत्त्व र आवश्यकताबारे प्रष्ट पार्नुभयो ।

मन्तव्य

# शोध, अनुसन्धान, सम्मेलनहरू विश्वविद्यालयको नियमित गतिविधिहरू भइरहनु पर्छ

– नारायणमान बिजुक्छें




ख्वप इञ्जिनयरिङ कलेज र ख्वप कलेज अफ इञ्जिनियरिङमा भूकम्प विज्ञान र विपद् पछिको पुनर्निर्माणबारे भैरहेको यो चौथो अन्तर्राष्ट्रिय सम्मेलनलाई सफलताको शुभकामना व्यक्त गर्न चाहन्छु ।

यसरी नै शोध, अनुसन्धान, सम्मेलनहरू विश्वविद्यालयको नियमित गतिविधिहरू भइरहनु पर्छ । देश–विदेशका सम्बन्धित विशेषज्ञहरूको अनुभव र अनुसन्धानहरूबारे छलफल, विचार विमर्शले नयाँ नयाँ समस्याहरूको समाधानको बाटो खुल्दै जानेछ ।

विज्ञहरूको अध्ययन, अनुसन्धान र छलफलले विपद्पछिको पुन:निर्माणबारे देश–विदेशको अनुभव र अनुसन्धानले, निर्माणमा दिगोपनको प्रगतिले अपार जनधनको क्षति र जनतामा फैलिने आतङ्क र पीडालाई समेत कम गर्दै लाने दृष्टिकोणले निश्चय पनि मानवीय भावनामा टेवा पुग्ने छ ।

हरेक देशको प्राचीन स्मारक र भवनहरूको निर्माण प्रविधिको अध्ययनबाट त्यसका दिगोपनको सुधार र प्रगतिमार्फत नयाँ युगको सेवा गर्ने कार्य अति सान्दर्भिक हुनेछ र प्राचीनता र नवीनता स्वयं एक नव–निर्माणको रूपमा स्थापित हुने सम्भावना छ ।

नेपालको हकमा मौलिक प्रविधिको गम्भीर अध्ययन आवश्यक छ र त्यसको दस्तावेजिकरण ढीलो गर्न नहुने कार्य हो । यसको निम्ति तीनै तहका सरकार र विश्वविद्यालयहरू संयुक्त रूपमा मिलेर निरन्तर लाग्ने कार्यमा तदारुकता अत्यन्त आवश्यक छ ।

भूकम्प हाम्रो हातमा नहुने भएकाले भूकम्पपछि विपद्मा परेका पीडितहरूलाई तत्काल कसरी व्यवस्थापन गर्नेबारे अध्ययन र छलफल आवश्यक छ । नयाँ नयाँ बस्ती निर्माण गर्दा खुला क्षेत्रको निर्माणबारे गम्भीर ध्यान पुऱ्याउन सकिएन भने भविष्यमा देशले ठूलो क्षति बेहोर्नु पर्ने निश्चित छ ।

सरल भाषामा नेपालजस्तो भूकम्पकीय क्षेत्रमा भूकम्पबाट कम क्षति हुने उपायबारे छलफलको निचोडहरू आएमा सम्मेलनको ठूलो उपलब्धी साबित हुने छ । तर नयाँ नयाँ प्रविधि र निर्माणले पनि नयाँ नयाँ राहत र कम क्षति हुने आशा गर्न सक्ने छ ।

*(नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँबाट ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङको आयोजनामा भूकम्प विज्ञान र विपद्पछिको पुनर्निर्माणबारे अन्तर्राष्ट्रिय सम्मेलनको आरम्भमा माघ ५ गते व्यक्त मन्तव्य)*

मन्तव्य

# 'भूकम्पबाट भएको धनजनको क्षति, चिन्ता र दु:खको त्यो अवधिलाई प्राचीन नगरको मौलिकता फर्काउने अवसरको रूपमा परिणत गऱ्यौं'

– सुनिल प्रजापति



भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङको संयुक्त आयोजनामा यसरी अन्तराष्ट्रिय सम्मेलनको आयोजना गर्न पाउँदा हामीलाई खुशी लागेको छ। भूकम्पीय दृष्टिले अत्यन्त जोखिममा रहेको नेपालमा भूकम्प पछिको पुन:निर्माणका लागि नीति निर्माण गर्न यो सम्मेलनले महत्त्वपूर्ण योगदान गर्ने आशा गर्दछु ।

नेपालमा २०७२ सालको भूकम्प गएको अहिले १० वर्ष बित्यो। त्यो दिन सम्झिँदा आज पनि हरेक मानिसको आङ सिरिङ हुन्छ। वैशाख १२ गतेको त्रासदीपूर्ण त्यो भूकम्पले देशका धेरै संरचनाहरूलाई क्षत विक्षत बनायो। गोरखा केन्द्रबिन्दु भई गएको ७.८ रेक्टर स्केलको त्यो शक्तिशाली भूकम्पबाट नेपालमा ९ हजारभन्दा बढीको ज्यान गएको, २२ हजारभन्दा बढी घाइते भएको र सयौँको सङ्ख्यामा बेपत्ता भएको रेकर्ड छ। देशभर ७४ हजारभन्दा बढी घरहरू पूर्ण क्षति भएको र ७ लाख ७६ हजार घरहरूमा ठूलो क्षति भएको अभिलेख छ।

त्यस भूकम्पबाट नराम्ररी प्रभावित १४ जिल्लाहरूमध्ये भक्तपुर जिल्ला पनि एक हो। भक्तपुर जिल्लाका चार पालिकाहरूमध्ये भक्तपुर नगरपालिकाभित्र मात्र पूर्ण र आंशिक गरी करिब ८ हजार घर र १२० भन्दा बढी सम्पदाहरूमा क्षति पुगेको थियो। विश्व सम्पदा क्षेत्रभित्र पर्ने भक्तपुर दरबार क्षेत्र र टौमढीमा अवस्थित ङातापोल्ह मन्दिर, वत्सला मन्दिर, पशुपतिनाथको मन्दिर, सिलु महादेवको मन्दिरलगायत धेरै महत्त्वपूर्ण सम्पदाहरू भत्केका थिए। २०७४ सालमा हामी पहिलो कार्यकालका लागि निर्वाचित हुँदा भक्तपुर नगर भूकम्पको कारण क्षत विक्षत अवस्थामा थियो। हजारौँ जनता टहरामा कष्टपूर्ण जीवन बिताइरहेका थिए। नगरको पुन:निर्माण र पुन:स्थापना हाम्रो ठूलो चुनौती थियो। पुन:निर्माणमा सहयोग गर्न विदेशीहरूले चाहना व्यक्त नगरेका भने होइनन्। हामीले आफ्नै श्रोत, साधन र जनशक्ति प्रयोग गरी पुन:निर्माणको कामलाई अगाडि बढाउने निधो गर्‍यौँ र सोही बमोजिम पुन:निर्माणका काम अगाडि बढायौँ।

भूकम्पपश्चात नै नेपाल सरकार र जर्मनी सरकारबिच भक्तपुरका सम्पदाहरू पुन:निर्माणको लागि १ करोड युरो (रु.१ अर्ब २० करोड) अनुदान सहयोग सम्झौता भएको थियो। यहाँका अग्रजहरू र जन प्रतिनिधिहरूबिच व्यापक छलफल गरी हामीले विदेशीहरूको सहयोगबिना नै भक्तपुरका सम्पदाहरू पुन:निर्माणको नीति लियौँ। अहिले त्यो निर्णय अत्यन्त सही साबित भएको छ। भक्तपुरवासीहरूले गर्व गर्न पाएका छौँ। तर त्यतिबेला भने त्यो निर्णय चुनौतिपूर्ण थियो। त्यतिबेला ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङ नै हामीलाई आँट र साहस दिने बलिया आधार बनेका थिए।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित इन्जिनियरिङ कलेजहरूको प्राविधिक सहयोगमा जनतासँग मिलेर पुन:निर्माण कार्य अगाडि बढायौँ। भूकम्पबाट भएको धनजनको क्षति, चिन्ता र दु:खको त्यो अवधिलाई प्राचीन नगरको मौलिकता फर्काउने अवसरको रूपमा परिणत गर्‍यौँ। सम्पदा संरक्षित सहरको पहिचानसहितको आजको भक्तपुर त्यसैको परिणाम हो।

पुन:निर्माण गर्दा नगरपालिकाले स्थानीय सीप, स्रोत र साधनहरूको अधिकत्तम उपयोगको नीतिलाई जोड दियो। भूकम्प प्रतिरोधी डिजाइन र मापदण्डहरूलाई कडाइका साथ लागू गरियो। परम्परागत शैलीमा निजी घर निर्माण गर्ने घर धनीहरूको लागि आर्थिक अनुदानको व्यवस्था गरियो। यसले भक्तपुर नगरको मौलिकता संरक्षणमा मद्दत पुर्‍यायो।

हरेक संरचना सिमेन्टले नै बनाउनुपर्ने सरकारी मापदण्डको कारण पुन:निर्माण कार्यमा निकै समस्या भोग्नुपर्‍यो। त्यसले एकातिर स्थानीय स्रोत र साधनको प्रयोग भएन भने अर्कोतिर मौलिकता संरक्षणमा आघात पुर्‍यायो। इँटा, माटो र काठले निजी घर र सम्पदा पुन:निर्माणको मापदण्ड नबनाउनु नै समस्याको मुख्य कारण थियो। इँटा र माटो जोडाइमा घर बनाउने निजी घर धनीहरूलाई पुन:निर्माण प्राधिकरणले अनुदान उपलब्ध गराएन। त्यसले धेरै गरिब परिवारहरू सरकारी अनुदान पाउनबाट वञ्चित भए।

भक्तपुर नगरपालिकाले मौलिकता जोगाइ राख्न स्थानीय जनताको सहयोगमा २०७२ सालको भूकम्पबाट भत्किएका र अन्यसमेत गरी १७१ वटा सम्पदाहरूको पुन:निर्माण र जीर्णोद्धार सम्पन्न गरिसकेको छ भने डेढ दर्जन सम्पदाहरूको पुन:निर्माण कार्य भइरहेको छ। निजी घरहरू पनि केही प्राविधिक समस्या भएकाबाहेक अधिकांश पुन:निर्माण सम्पन्न भइसकेका छन्।

सम्पदाहरूको पुन:निर्माण र जीर्णोद्धार गर्दा ठेक्का प्रक्रियाबाट गर्नुहुँदैन भन्नेमा हामी दृढताका साथ लागिरहेका छौँ। सम्पदाको ऐतिहासिक, सांस्कृतिक र धार्मिक महत्त्व नबुझ्नेहरूले त्यसको मौलिकताको संरक्षण गर्न सक्दैनन्। यसबारे सङ्घ, प्रदेश र स्थानीय सरकार तथा प्राविधिकहरू सचेत रहन आवश्यक छ।

समय समयमा मर्मत सम्भार गरेका घर सम्पदाहरूमा कम क्षति पुगेको हाम्रो अनुभव छ। प्राविधिकहरूले स्थानीय

स्रोत, साधनहरूको प्रयोग गर्न मिल्ने गरी राष्ट्रिय पुनःनिर्माण मापदण्ड बनाउनमा जोड दिनु आवश्यक छ। हरेक नागरिकलाई भूकम्पबारे सचेत पार्न विद्यालय र कलेजका पाठ्यक्रममा समेत भूकम्पसम्बन्धी विषय समावेश गर्नु उचित हुनेछ।

अन्त्यमा, भूकम्प प्राकृतिक नियम हो। विश्वका विभिन्न ठाउँहरूमा समय समयमा ठूलठूला भूकम्पहरू गइरहेका छन्। नेपालमा २०८१ सालमा पनि जाजरकोट केन्द्रविन्दु भई भूकम्प गएको थियो। त्यसले पनि धेरै धनजनको क्षति गऱ्यो। भूकम्पलाई रोक्न सक्ने अहिलेसम्म कुनै प्रविधिको विकास भएको छैन। ठूलठूला भूकम्प आए पनि मानवीय र भौतिक क्षति न्युनीकरण भने गर्न सकिन्छ। त्यो प्राविधिकहरूको हातमा छ। यो सम्मेलनले व्यापक छलफल गरी भूकम्प प्रतिरोधी संरचना निर्माणको लागि राष्ट्रिय नीति निर्माणमा सहयोग पुग्ने निष्कर्ष निकाल्ने आशा गर्छु।

*(भक्तपुर नपाबाट सञ्चालित ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङको आयोजनामा माघ ५ गते भएको अन्तर्राष्ट्रिय सम्मेलनमा नगर प्रमुख सुनिल प्रजापतिको मन्तव्य)*

# समापन कार्यक्रम



भूकम्प विज्ञान र विपद्पछिको पुनर्निर्माणबारेको चौथो अन्तर्राष्ट्रिय सम्मेलनको समापन कार्यक्रम माघ ६ गते भयो।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख एवं आयोजक कलेजद्वयका सञ्चालक समितिका अध्यक्ष **सुनिल प्रजापति**ले सम्मेलन सफल पार्न सहयोग गर्नुहुने स्वदेश र विदेशबाट पाल्नुभएका प्राध्यापक, सहभागी मित्रहरूलाई कलेज सञ्चालक समितिको तर्फबाट हार्दिक बधाई र धन्यवाद व्यक्त गर्नुभयो।

उहाँले भन्नुभयो, 'नाचगानको राजधानी, जीवित सङ्ग्रहालय र सांस्कृतिक नगरको रूपमा विश्वमा परिचित यो पालिकाहरूमध्ये एक हो। क्षेत्रफलको हिसाबले भक्तपुर नगरपालिका देशकै सानो सानो भए पनि मूर्त र अमूर्त



सम्पदाहरूमा अत्यन्त धनी र सांस्कृतिक, पुरातात्त्विक तथा ऐतिहासिक दृष्टिले देशकै महत्त्वपूर्ण नगर हो। विश्व सम्पदामा सूचिकृत दरबार क्षेत्र, टौमढीलगायतमा अवस्थित ५५ झ्याल दरबार, ङातापोल्हँ, सुनढोका यहाँका विश्व प्रसिद्ध सम्पदाहरू हुन्। भक्तपुर नगरपालिकाले यहाँका मूर्त र अमूर्त सम्पदाहरूलाई एक एक गरी संरक्षण गर्दै भक्तपुरलाई पर्यटकीय गन्तव्यको रूपमा विकास गर्दै आएको छ। शिशुस्याहार केन्द्रदेखि उच्च शिक्षासम्म प्रदान गर्ने भक्तपुर नेपालको एक मात्र पालिका हो। वडा वडामा शिशुस्याहार केन्द्र सञ्चालनदेखि २ वटा इन्जिनियरिङ कलेजहरूसहित उच्च शिक्षा प्रदान गर्ने ७ वटा शैक्षिक संस्थाहरू छन्। नपाको स्वामित्वमा सञ्चालित यी शैक्षिक संस्थाहरूमा ७ हजारभन्दा बढी विद्यार्थीहरूले विभिन्न विषयमा उच्च शिक्षा अध्ययन गरिरहेका छन्।'

विश्वविद्यालयहरू अनुसन्धानमा केन्द्रित हुनुपर्ने धारणा राख्नुहुँदै उहाँले भन्नुभयो, 'हाम्रा कलेजहरूले ज्ञानको क्षेत्र विस्तार गर्ने प्रयत्न गर्दै छन्। अनुसन्धानहरूले मात्रै त्यो सम्भव हुनेमा हामी विश्वास गर्छौं। हाम्रा सबै कलेजहरूलाई समेटेर ख्वप विश्वविद्यालय सञ्चालन गर्ने तयारीमा हामी लागिरहेका छौं।'



वाग्मती प्रदेशसभाका सदस्य **सृजना सैंजू**ले महिलाहरू शैक्षिक-रूपमा अगाडि बढेजस्तै सामाजिक-रूपमा पनि अगाडि बढ्नु जरुरी रहेको बताउनुभयो।

उहाँले भन्नुभयो, "तीन तहबिचको सरकारसँग सहकार्य गरी सम्पदा पुनः निर्माण गर्नु जरुरी छ। भक्तपुरलाई सुन्दर, आकर्षक र पर्यटकीय गन्तव्यस्थलको रूपमा विकास हुनुमा भक्तपुर नपाको योगदान सराहनीय छ।'



भक्तपुर नपाका उपप्रमुख **रजनी जोशी**ले सांस्कृतिक सहर भक्तपुरमा भूकम्प, विज्ञान र विपद्पछिको पुनः निर्माणबारे भएको अन्तर्राष्ट्रिय सम्मेलनको विशेष अर्थ रहेको बताउनुभयो।



सम्मेलनका मुख्य वक्ता प्रा.डा. **राजेश ढकाल**ले भूकम्पबाट हुने मानवीय र भौतिक क्षति न्यूनीकरण गर्न सम्मेलनले महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभयो।

कार्यक्रममा ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य ई. सुनिल दुवाल र आयोजक समितिका डा. मन्जिप शाक्यले पनि बोल्नुभएको थियो।

# शिशुस्याहार सञ्चालनबाट महिलाहरूको श्रमशक्तिको अधिकत्तम उपयोग



भक्तपुर नगरपालिकाबाट सञ्चालित ६ वटा शिशुस्याहार तथा बाल विकास केन्द्रका अभिभावकहरूको भेला माघ ८ गते भक्तपुर नपाको सभाकक्षमा सम्पन्न भयो। भेलामा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले बालबालिका देशको भविष्य भएकोले भोलिको व्यवस्थित समाज निर्माण गर्ने सिलसिलास्वरूप नपाले व्यवस्थित रूपमा शिशुस्याहार केन्द्रहरू सञ्चालन गर्दै आएको बताउनुभयो।



समाजवादी देशहरूमा शिशुस्याहार केन्द्रहरू 'केटाकेटीको दरबार' को रूपमा सञ्चालन हुने बताउनुहुँदै उहाँले भन्नुभयो, हाम्रा शिशुस्याहार केन्द्रबाट पनि बालबालिकालाई शारीरिक र मानसिक विकासमा उत्कृष्ट सेवा प्रदान गर्दै आएको बताउनुभयो।

शिशुस्याहार केन्द्रका शिक्षिका तथा आया दिदीहरूलाई तालिमप्राप्त गर्ने काम पनि गर्दै आएको बताउनुहुँदै उहाँले वडा नं. १० मा नयाँ शिशुस्याहार केन्द्र सञ्चालन गर्ने तयारी गरिरहेको बताउनुभयो।

महिलाहरूको श्रमशक्तिको अधिकत्तम उपयोगको लागि पनि शिशुस्याहार सञ्चालनले महत्त्वपूर्ण भूमिका खेलेको बताउनुहुँदै उहाँले महिलाहरूको लागि रोजगारी सिर्जना गर्न शिशुस्याहार केन्द्र उपयुक्त माध्यम हो भननुभयो।

उपप्रमुख **रजनी जोशी**ले भक्तपुर नपाले शिशुस्याहार केन्द्रहरूलाई उत्कृष्ट ढङ्गले सञ्चालन गर्ने नीतिमा अगाडि बढिरहेको बताउनुहुँदै अभिभावकहरूको सुझावअनुसार परिमार्जन गर्दै शिशुस्याहार केन्द्र अगाडि बढ्नेछ भन्नुभयो।

उहाँले शिशुस्याहार केन्द्रहरूले शिशुहरूलाई असल संस्कार दिनुका साथै बालबालिकाको सर्वाङ्गीण विकासमा पनि जोड दिँदै आएको बताउनुभयो।

कार्यपालिका सदस्य **रोशनमैंया सुवाल**ले बालबालिकाको मनोविज्ञान र पोषणसँग सम्बन्धित विषय अभिभावकहरूलाई जानकारी गराउने उद्देश्यले भक्तपुर नपाले अभिभावक भेला आयोजना गरेको बताउनुहुँदै भक्तपुर नपाले नेमकिपाको घोषणापत्रको आधारमा २०५६ सालदेखि शिशुस्याहार केन्द्र सञ्चालन गर्दै आएको बताउनुभयो।

कार्यक्रममा बाल मनोविज्ञ **पिताम्बर आचार्य** र पोषणविद् **सुजना बासुकला**ले बालबालिकाहरूको मानसिक

स्वास्थ्य र बालबालिकालाई खुवाउने खानेकुराको पोषणबारे मार्गनिर्देश गर्नुभयो ।

भनपा १ वडाको शिशुस्याहार केन्द्रका इन्चार्ज **नजरमैया बाटी**ले शिशुस्याहार केन्द्रको वार्षिक गतिविधिबारे जानकारी गराउनुभयो ।



शिशुस्याहार तथा बाल विकास केन्द्रका शाखा प्रमुख **दिपेन्द्र प्रजापति**ले २०५६ सालदेखि सञ्चालित यस केन्द्रमा २०८१ साल सम्ममा ५ हजार ३३७ जना बालबालिकाले अध्ययन गरिरहेको र हाल दुधपाटीस्थित शिस्याहार केन्द्रमा ४९ जना, मंगलतीर्थस्थित शिशुस्याहार केन्द्रमा ३२ जना, गोल्मढीस्थित शिशुस्याहार केन्द्रमा ४४ जना, खँचास्थित शिशुस्याहार केन्द्रमा ४४ जना, लिबालीमा ४४ जना र भोलाछँको शिशुस्याहार केन्द्रमा ४२ जना गरी २२५ जना विद्यार्थी रहेको बताउनुभयो ।

## नर्सिङ दोश्रो वर्षको नतिजामा शतप्रतिशत उत्तीर्ण

### नर्सिङ दोश्रो वर्षको नतिजामा ३३ जना विशिष्ट श्रेणीसहित शतप्रतिशत विद्यार्थी उत्तीर्ण

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्ले २०८२ मंसिर महिनामा संचालन गरेको प्रमाणपत्र तह नर्सिङ दोश्रो वर्षको परीक्षाको नतिजा मिति २०८२ माघ १५ गते प्रकाशन गरेको छ ।

प्रकाशित नतिजाअनुसार भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप बहु–प्राविधिक अध्ययन संस्थानका ४० जना विद्यार्थी सम्मिलित भएकोमा सबै विद्यार्थीहरू उत्कृष्ट अङ्कका साथ उत्तीर्ण भएका छन् ।

नतिजामा आयुषा तुकंबन्जारले ९०.३ प्रतिशतसहित उच्चतम अङ्क ल्याउन सफल भएका छन् । परीक्षामा सम्मिलित ४० जना विद्यार्थीहरूमध्ये १ जना विद्यार्थीले ९० प्रतिशतभन्दा माथि, ३२ जनाले ८० प्रतिशतभन्दा माथि र ७ जनाले ७७.३ प्रतिशतभन्दा माथि अङ्क ल्याई उत्तीर्ण भएका छन् ।

## गुणस्तर तथा सुनिश्चितता प्रत्यायन प्रक्रियाको लागि गुणस्तर परीक्षण कार्यक्रम



विश्वविद्यालय अनुदान आयोगको Educational Quality Assurance and Accreditation Council बाट ख्वप कलेज अफ इन्जिनियरिङको गुणस्तर तथा सुनिश्चितता प्रत्यायन (QAA) प्रक्रियाको लागि गठित Peer Review Team को गुणस्तर परीक्षण कार्यक्रम माघ १९ गते भयो । कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले ख्वप इन्जिनियरिङ कलेज स्थानीय तहले पनि कलेजहरू सञ्चालन गर्न सक्छन् भन्ने उदाहरणको रूपमा प्रस्तुत रहेको बताउनुहुँदै भक्तपुर नगरपालिकाको यस कार्य देशका अन्य स्थानीय तहलाई पनि शिक्षाको जिम्मेवारी लिन उत्साहित गर्ने बताउनुभयो ।



शैक्षिक संस्थाहरू नाफा कमाउने व्यापारिक संस्था हुनुहुँदैन भन्नुहुँदै उहाँले यी संस्थाहरू विशुद्ध सेवामूलक संस्था हुनुपर्छ भन्ने ख्वप कलेज अफ इन्जिनियरिङ एक उदाहरण हो भन्नुभयो ।

प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाका महत्त्वपूर्ण योजनाहरूको प्राविधिक सहयोग यसै कलेजबाट प्राप्त भइरहेको बताउनुहुँदै नपाबाट सञ्चालित कलेजहरूलाई अनुसन्धानमा केन्द्रित बनाउन प्राध्यापकहरूलाई उत्साहित गर्दै आएको बताउनुभयो ।

भक्तपुर नपाले ख्वप विश्वविद्यालय सञ्चालन गर्ने

उद्देश्य रहेकोले अझ व्यवस्थितरूपमा कलेजहरू सञ्चालन गर्ने पक्षमा रहेको उल्लेख गर्नुहुँदै उहाँले गुणस्तर तथा सुनिश्चितता प्रत्यायन प्राप्त कलेजहरूले देश विदेशका विभिन्न उच्च प्रतिष्ठित शैक्षिक संस्थाहरू अध्ययन अनुसन्धान गर्न सहज हुने हुँदा ख्वप कलेज अफ इन्जिनियरिङले पनि क्यु.ए.ए.को आवश्यकता महसुस गरी यसको प्रक्रियामा अगाडि बढाएको स्पष्ट पार्नुभयो ।

प्रमुख प्रजापतिले गुणस्तर तथा सुनिश्चितता प्रत्यायन (क्यु.ए.ए.) शैक्षिक संस्थालाई गुणस्तरीयता कायम राख्न अपनाइने एउटा विधि वा प्रक्रिया भएको हुँदा भक्तपुर नपाबाट सञ्चालित सबै कलेजहरूमा गुणस्तर, शैक्षिक प्रतिस्पर्धा र उत्कृष्टता कायम राख्न क्यु.ए.ए.को लागि प्रयासरत रहेको बताउनुभयो ।

विश्वविद्यालय अनुदान आयोगको निर्देशनलाई एकप्रकारको कानुनकै रूपमा लिँदै आएको बताउनुहुँदै उहाँले कानुनको अक्षरसः पालनाले मात्रै गुणस्तरीय र प्रतिस्पर्धी शिक्षा प्रदान गर्न सम्भव हुने बताउनुभयो ।



कार्यक्रममा प्रा. डा. **जीवराज पोखरेल**, प्राचार्य **सुनिल दुवाल** र कलेजका प्रा.डा. **राजुभाइ त्यात**ले पनि बोल्नुभएको थियो ।

# ख्वप कलेज अफ इन्जिनियरिङको गुणस्तर परीक्षण भ्रमण प्रतिवेदनमा हस्ताक्षर सम्पन्न

विश्वविद्यालय अनुदान आयोगको शैक्षिक गुणस्तर सुनिश्चितता तथा प्रत्यायान परिषद्बाट ख्वप कलेज अफ इन्जिनियरिङको गुणस्तर तथा सुनिश्चितता प्रत्यायन (क्यु.ए.ए.) प्रक्रियाअन्तर्गत माघ २२ गते आयोग र कलेजबिच गुणस्तर परीक्षण भ्रमण प्रतिवेदनमा हस्ताक्षर कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा कलेज व्यवस्थापन समितिका अध्यक्ष तथा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप कलेज अफ इन्जिनियरिङ नगरपालिकाद्वारा सञ्चालित कलेज भए पनि देशको लागि आवश्यक जनशक्ति निर्माण गर्ने प्राविधिक शिक्षालयको रूपमा सञ्चालन रहेको बताउनुहुँदै कलेजको उद्देश्य राष्ट्रिय र अन्तर्राष्ट्रिय जगतसँग प्रतिस्पर्धी विद्यार्थीहरू तयार गर्नु हो भन्नुभयो ।

कलेजले पाठ्यपुस्तक अध्ययन गराउने मात्र नभई अनुसन्धानलाई पनि प्राथमिकता दिँदै आएको बताउनुहुँदै उहाँले नेपालमा विश्वविद्यालय शिक्षा बेरोजगारको प्रमाणपत्र वितरण गर्ने केन्द्रमात्र बनिरहेको स्पष्ट पार्नुभयो ।

विदेशी विश्वविद्यालयको सम्बन्धनमा सञ्चालित कलेजहरूमा अध्ययन गर्ने विद्यार्थीहरूको सङ्ख्या बढिरहेको तर नेपालका धेरै कलेजहरू विद्यार्थी अभावमा बन्द हुने अवस्था पुगेको बताउनुहुँदै उहाँले भक्तपुर नपाले सबै युवालाई विश्वविद्यालय शिक्षासँगै हातमा सीप दिनुपर्छ भन्ने भावनाले पनि काम गर्दै आएको बताउनुभयो ।

प्रमुख प्रजापतिले गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्रक्रियाको क्रममा विश्वविद्यालय अनुदान आयोगबाट प्राप्त सुझावलाई सुधार गर्दै कलेज अगाडि बढ्ने प्रतिबद्ध रहेको बताउनुभयो ।

ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य **सुनिल दुवाल**ले विश्वविद्यालय अनुदान आयोगको निर्देशनलाई कलेजले कानुनकै रूपमा अङ्गीकार गरेको बताउँदै क्युएएको प्रतिवेदन कलेजको लागि मार्गदर्शन नै भएको र यसमा



समावेश विषयवस्तु अक्षरशः पालना गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

कार्यक्रममा विश्वविद्यालय अनुदान आयोग Peer review team का संयोजक प्रा.डा. **जीवराज पोखरेल**ले उच्च शिक्षाको गुणस्तर विभिन्न ८ वटा मापकको आधारमा मूल्याङ्कन हुने बताउनुहुँदै कुनै पनि अध्ययन संस्थानको प्राण भनेको अनुसन्धानको पाटो हो भन्नुभयो । भक्तपुर नगरपालिकाद्वारा सञ्चालित कलेजको कार्यसम्पादन उच्च कोटी रहेको बताउनुहुँदै उहाँले कलेजबाट भएका विभिन्न गतिविधिहरूको अनुगमन र मूल्याङ्कनमा पनि कलेजले जोड दिनुपर्छ भन्नुभयो ।

Peer review team का सदस्य प्रा.डा. **हरीदर्शन श्रेष्ठ**ले भक्तपुर नपाबाट सञ्चालित कलेजप्रति विद्यालय व्यवस्थापन समिति, प्राध्यापक, विद्यार्थी, कर्मचारी, जनसमुदायको प्रतिबद्धता उल्लेखनीय रहेको बताउनुहुँदै कलेजका सबै विषयहरूमा विद्यार्थी सङ्ख्या उत्साहजनक रहेको बताउनुभयो ।

अर्का सदस्य प्रा.डा. **रजनी मल्ल**ले कलेजको शैक्षिकलगायतका वातावरण प्रशंसनीय रहेको बताउनुहुँदै कलेजका प्राध्यापकहरूलाई पीएचडी अध्ययनमा जोड दिनुपर्ने बताउनुभयो ।

# जीवन–आचरण

## स्वर्गमा ढुङ्गा लिएर जाने सन्त

एक जना सन्त खोलाको किनारमा बसेर साना साना ढुङ्गाको थुप्रो लगाउँदै थिए । थुप्रो ठुलै भैसकेको थियो र उनी अझै बट्याउँदै थिए । उताबाट एक जना राजा त्यही बाटो आउँदै थिए । राजाले सोधे त्यो ढुङ्गा किन जम्मा गरेको ? सन्तले भने मेरो मर्ने दिन छिट्टै आउँदैछ । परलोकमा महल बनाउनु छ । त्यसैले लैजानको लागी जम्मा गर्दैछु । राजाले हाँस्दै भने परलोकमा त केही पनि साथमा लिएर जान पाइन्न, यहाँका सामान यहीँ छोड्नु पर्छ । सन्त गम्भीर भएर उनले राजालाई नजिकै बसालेर प्रेमपूर्वक भने यदि यो ज्ञान आफूले स्वयं अपनाएको भए त सम्पत्ति जम्मा गर्नुको साटो जीवनलाई त्यो पुण्य परमार्थमा लगाएको भए त त्यो मरेपछि पुण्य लिएर जान पाउँथ्यौ नि !

# स्वास्थ्य सेवा

## १० वडामा हाडजोर्नीको स्वास्थ्य शिविर



भक्तपुर नगरपालिका वडा नं. १० को आयोजनामा हाडजोर्नीको स्वास्थ्य शिविर उपप्रमुख रजनी जोशीको प्रमुख आतिथ्यमा पुस १९ गते बेखाल सहरी स्वास्थ्य केन्द्रमा सम्पन्न भयो ।

प्रमुख अतिथि **रजनी जोशी**ले जनताको आधारभूत आवश्यकतामा नगरपालिकाले प्रथमिकता दिँदै घरदैलो नर्सिङ सेवा र स्वास्थ्य स्वयम् सेविकाहरूको प्रतिवेदनको आधारमा नगरबासीहरूलाई स्वस्थ्य राख्न शिविरको आयोजना गरेको बताउनुहुँदै दीर्घ बाल मुटु रोगको स्वास्थ्य परीक्षण गरी निःशुल्क अपरेशन समेतको लागि व्यवस्थापन गरेको बताउनुभयो । उहाँले देशको लागि जनताले धेरै काम गर्न बाँकी रहेकोले जनता सधैँ स्वस्थ्य र फुर्तिलो बलियो भइरहनु पर्ने बताउनुहुँदै उच्च शिक्षाबाट कोही पनि वञ्चित हुनु नपरोस भनेर शैक्षिक ऋणाको समेत व्यवस्था गरेको बताउनुभयो । उहाँले जनतालाई स्वस्थ बनाउन ठाउँ ठाउँमा कसरतको व्यायामका सामानहरू राखेको र छिकोन व्यायाम समेत प्रशिक्षण दिइरहेको बताउनुहुँदै आदर निकेतनको व्यवस्था र यसै वडामा शिशुस्याहार केन्द्र समेत निर्माण गरिरहेको बताउनुभयो ।

कार्यक्रमका सभापति **वडा नं. १० का अध्यक्ष लक्ष्मी प्रसाद हयौँमिखा**ले नगरबासीहरूलाई रोगबाट मुक्त बनाउन स्वास्थ्य शिविर सञ्चालन र रोगै लाग्न नदिन सरसफाइ, कुहिने र नकुहिने छुट्याई सङ्कलन गरिरहेको बताउनुहुँदै जसरी सवारी साधन सर्भिसिङ गरिरहन्छौँ त्यस्तै

गरी हाम्रो शरीरको पनि स्वास्थ्य परीक्षण गरिरहनु पर्ने बताउनुभयो। उहाँले विदेशी ऋणले विकास गर्नुभन्दा आफ्नै खुट्टामा उभिएर विकास गर्नुपर्ने बताउनुहुँदै विदेशी ऋणले देश परनिर्भर हुँदै गएको बताउनुभयो।

कार्यक्रममा डा.**मनिष प्रधानाङ्ग**, **कृष्णनारायण डुमरु**, **लक्ष्मी प्रसाद चवाल**ले पनि बोल्नु भएको थियो। उक्त स्वास्थ्य शिविरबाट १५० जना वडावासीहरू लाभान्वित भएको थियो

## वडा ३ मा पाठेघरको मुखको क्यान्सर तथा स्तन परीक्षण शिविर




भक्तपुर नगरपालिका वडा नं. ३ को आयोजनामा महिलाहरूको पाठेघरको मुखको क्यान्सर तथा स्तन परीक्षण शिविर पुस २७ गते वंशगोपालमा सम्पन्न भयो।

उक्त कार्यक्रममा नपाका उपप्रमुख **रजनी जोशी**ले नगरवासीहरूलाई समय समयमा विभिन्न रोगहरूको स्वास्थ्य शिविर सञ्चालन गरी रोग पहिचान गरी समयमै उपचार भए मानवीय क्षति हुनबाट बचाउने र धनजनको नोक्सानीबाट बच्ने बताउनु हुँदै स्वस्थ रहनको लागि खानपिनमा ध्यान दिनुपर्ने, व्यायाम निरन्तर रूपमा गर्नुपर्ने बताउनुहुँदै नगरपालिकाले नेमकिपाको घोषणापत्र अनुसार जनताको साथ र सहयोगमा काम भइरहेको प्रष्ट्याउनुभयो।

भनपा ३ का वडाध्यक्ष **राजकृष्ण गोरा**को सभापतित्वमा सम्पन्न भएको उक्त कार्यक्रममा कार्यपालिका सदस्य **सुनिता अवाल**, डा. **एन्जा सुजखु**ले पाठेघर क्यान्सर, स्तन क्यान्सरबो आ-आफ्नो धारणा राख्नुभयो।

उक्त स्वास्थ्य शिविरबाट ११८ जना वडावासीहरू लाभान्वित भएको थियो भने आवश्यकता अनुसार निःशुल्क औषधीसमेत प्रदान गरिएको थियो।

## ख्वप अस्पतालमा सीटी स्क्यान सेवा शुभारम्भ




नेपाल मजदुर किसान पार्टीका अध्यक्ष एवम् वरिष्ठ राजनीतिज्ञ नारायणमान बिजुक्छेँ (रोहित) ले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पतालमा माघ १ गते एक विशेष समारोहबिच सीटी स्क्यान सेवाको शुभारम्भ गर्नुभयो।

उक्त शुभारम्भ समारोहमा वरिष्ठ राजनीतिज्ञ **बिजुक्छेँ (रोहित)** ले ख्वप अस्पतालको सेवा सुविधाबारे विभिन्न कार्यक्रममार्फत टोल-टोलमा प्रचारप्रसार गर्नुपर्ने आवश्यकता औँल्याउनुहुँदै अस्पतालमा प्राप्त स्रोत र साधनको आधारमा जति सक्छ बढी जनताको सेवा गर्नुपर्नेमा जोड दिनुभयो।



अरू देशमा हुनसक्ने स्वास्थ्य सेवा हाम्रो देशमा हुन नसक्नुमा सरकारमा जाने पार्टीहरू नै दोषी रहेको धारणा व्यक्त गर्नुहुँदै उहाँले बिरामीलाई राम्रो सेवा गर्न सके ख्वप अस्पतालबारे देशभरि राम्रो सन्देश जाने बताउनुभयो। अध्यक्ष बिजुक्छेँले गुणस्तरीय स्वास्थ्य सेवा सहज ढङ्गले उपलब्ध गराउन चिकित्सक, स्वास्थ्यकर्मी र कर्मचारीहरूले जिम्मेवारीपूर्वक कर्तव्य निर्वाह गर्नुपर्ने बताउनुभयो।

शासक दलका नेताहरू भ्रष्टाचारी, ठग, ठेकेदारको

वरिपरि घुमिरहेसम्म उनीहरूले सही राजनीति नगर्ने उल्लेख गर्नुहुँदै उहाँले सङ्कट परेको बेला क्युवाली चिकित्सकहरू नेपालमा आएर स्वास्थ्य सेवा उपलब्ध गराएझैँ नेपालका चिकित्सक र नर्सहरू पनि अरू देशमा सङ्कट पर्दा सेवा गर्नको लागि तयार भएर बस्नुपर्ने बताउनुभयो ।

देशमा भइरहेको भ्रष्टाचारमात्र रोक्न सकेको भए देशको बजेटभन्दा बढी रकम जोगिने उल्लेख गर्नुहुँदै अध्यक्ष रोहितले भक्तपुरको शैक्षिक स्तर गुणस्तरीय भएकै कारण अन्य जिल्लाका विद्यार्थीहरू यहाँ अध्ययन गर्न आएका हुन् भन्नुभयो ।




भक्तपुर नगरपालिकाका प्रमुख एवम् समारोहका सभापति **सुनिल प्रजापति**ले ख्वप अस्पतालले भक्तपुरवासीको मात्र होइन देशभरि (७० जिल्ला) का बिरामीलाई राष्ट्रिय स्तरको सेवा प्रदान गरिरहेको बताउनुभयो ।

उहाँले आधारभूत सेवा निःशुल्क हुने संवैधानिक व्यवस्थाविपरीत स्वास्थ्य बीमा सेवा बन्द गर्दा विपन्नवर्गका जनताको स्वास्थ्य सेवामा असर परिरहेको बताउनुभयो ।

पदमा रहे पनि नरहे पनि शिक्षा र स्वास्थ्य क्षेत्रमा जनताको बढीभन्दा बढी सेवा दिने काम गर्नुपर्ने आवश्यकता औँल्याउनुहुँदै उहाँले गुणस्तरीय सेवा दिएर देशकै राम्रो अस्पतालको रूपमा ख्वप अस्पतालले विकास गर्नुपर्छ भन्नुभयो ।

नाफाकेन्द्रित अस्पतालले विपन्न या गरिबवर्गको निम्ति सस्तोमा सेवा नगर्ने हुँदा जनताको अस्पतालले जनताको विश्वास जित्ने उद्देश्यले काम गर्नुपर्नेमा प्रमुख प्रजापतिले जोड दिनुभयो ।

वाग्मती प्रदेशसभाका सदस्य **सुरेन्द्रराज गोसाईं**ले ख्वप अस्पतालले दिनानुदिन सेवा क्षेत्रमा प्रगति गरिरहने विश्वास व्यक्त गर्नुहुँदै भूकम्प र कोभिडजस्तो कठिन परिस्थितिमा पनि बिरामीको सेवा गरेर ख्वप अस्पतालले जनताको विश्वास जित्न सफल भएको बताउनुभयो ।

निःस्वार्थ र इमानदारीपूर्वक जनताको सेवामा जहिले पनि खटिरहनुपर्ने आवश्यकता औँल्याउनुहुँदै उहाँले देशमा एकातिर खराब, बेथितिजस्ता खबर सुनिरहेको बेला अर्कोतिर भक्तपुर नगरपालिकाको गतिविधिले आशाको सञ्चार गरिरहेको बताउनुभयो ।

ख्वप अस्तापलले उदाहरणीय सेवा गर्न सके देशकै निम्ति फाइदा हुने र जस्तोसुकै सङ्कटको बेलामा पनि स्वास्थ्य सेवा दिन सक्ने वातावरण तयार गरिराख्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

भक्तपुर नगरपालिकाका उपप्रमुख **रजनी जोशी**ले नयाँ नयाँ उपकरणसहितको सेवा सुविधा पुऱ्याउने अवसर पनि ठूलो उपलब्धि भएको औँल्याउनुहुँदै समाजवादी व्यवस्थामा मात्रै सबै स्वास्थ्य सेवा सबै ठाउँमा पुग्ने बताउनुभयो ।

'सीटी स्क्यान स्वास्थ्य सेवा उपचारको अर्को भरपर्दो उपचार विधि हो; चीनको शाननान नगरमा समाजवादी सिद्धान्तको मान्यताअनुसार स्वास्थ्य सेवा उपचार भइरहेको छ,' उहाँले भन्नुभयो ।

ख्वप अस्पतालका निमित्त मेडिकल डाइरेक्टर **मजेशप्रताप मल्ल**ले गुणस्तरीय र सर्वसुलभ स्वास्थ्य सेवा दिन सक्नुमा ख्वप अस्पताल, जनप्रतिनिधि, नगरवासी तथा अग्रज सबैको महत्त्वपूर्ण देन भएको बताउनुभयो ।

असल नियत राखी असल काम गरे जनताको



विश्वास जित्न सजिलो हुने विचार व्यक्त गर्नुहुँदै उहाँले सीटी स्क्यान नभएर अन्यत्र पठाइरहेकोमा अब पठाउन नपर्ने बताउनुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत **वसन्त भट्टराई**ले स्थानीय तहमा सबै प्रावधान पूरा गर्न अनेक कठिनाइ हुने चर्चा गर्नुहुँदै हिजोआज ८० प्रतिशत स्वास्थ्य उपचार सेवा मेसिनबाट हुने बताउनुभयो ।

सरकारी अस्पतालमा सामान किनेर पनि उपयोगमा नल्याई थन्क्याउने स्थिति भएकोमा चिन्ता व्यक्त गर्नुहुँदै उहाँले गुणस्तरीय स्वास्थ्य सेवा दिन समय सापेक्ष सुधार हुँदै जाने विश्वास व्यक्त गर्नुभयो ।

समारोहमा भनपा वडा नं. ९ का वडाध्यक्ष **रवीन्द्र ज्याख्व**ले नयाँ सेवा विस्तार गर्ने उद्देश्यअनुरूप सीटी स्क्यान मेसिनको व्यवस्था भएको उल्लेख गर्नुहुँदै प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा ख्वप अस्पतालमा सबैका साथ र सहयोग निरन्तर आवश्यक छ भन्नुभयो ।

## वडा ४ मा हाडजोर्नी तथा नसा रोगसम्बन्धी स्वास्थ्य शिविर



भक्तपुर नपा ४ वडा कार्यालयको आयोजनामा माघ ३ गते हार्डजोर्नी तथा नसा रोगसम्बन्धी स्वास्थ्य शिविर सम्पन्न भयो ।

शिविरमा भक्तपुर नपाका उपप्रमुख **रजनी जोशी**ले नयाँ पुस्तालाई संस्कृति र संस्कारबारे बताउनुहुँदै बाजागाजा, खेलकुदमार्फत योग्य नागरिक तयार पार्न नगरपालिकाले हरसम्भव प्रयास गर्दै आइरहेको जानकारी गराउनुभयो ।

शिक्षा, सरसफाइमा उत्कृष्ट स्थान हासिल गर्न सक्नुमा नगरवासी, जनप्रतिनिधि र कर्मचारीहरूको समन्वयकारी भूमिकाका साथै नेमकिपाको चुनावी घोषणा पत्रबमोजिम काम हुँदै आउनु मुख्य कारण भएको उहाँले स्पष्ट पार्नुभयो ।

उहाँले नागरिकको स्वास्थ्य राम्रो नहुञ्जेल समाज र देशको निम्ति उपयुक्त जनशक्ति निर्माणमा समस्या हुने भएकोले नगरपालिकाले स्वास्थ्य शिविर राख्न जोड दिँदै आइरहेको बताउनुहुँदै भक्तपुर नपाले शिशुस्याहारदेखि कलेजसम्म कम शुल्कमा गुणस्तरीय शिक्षा प्रदान गर्दै आइरहेको र उच्च शिक्षा हासिल गर्न शैक्षिक कर्जाको व्यवस्था गरिएको बताउनुभयो ।

ख्वप अस्पतालका निमित्त निर्देशक डा. **मजेशप्रताप मल्ल**ले कुरकुरे हड्डी बिग्रेर घाउ भई दुख्ने बताउनुहुँदै दुखेको हड्डीको भाग हटाउँदा दुखाइ कम हुने हुनाले घुँडा फेर्न डराउन नहुने सुझाव दिनुभयो ।

सरकारसित २३ करोड रकम बराबरको बीमा सेवा बापतको शुल्क भुक्तानी लिन बाँकी भए पनि बीमा सेवा उपलब्ध गराउने वचनबद्धता व्यक्त गर्नुहुँदै उहाँले बीमा सेवाको कारण बिरामीको चाप बढेको र क्यान्सर, मृगौलाजस्ता रोगका बिरामीले सहज उपचार पाइरहेको चर्चा गर्नुभयो ।

उहाँले अब उपरान्त बिरामीहरूले रिपोर्ट लिन लाइनमा बस्न नपर्ने गरी मेसिन राखिएको र औषधि लिन पनि लामो लाइनमा बस्न नपर्ने गरी कर्मचारी थपेको जानकारी गराउनुभयो ।

भक्तपुर नपा ४ वडाका वडाध्यक्ष **उपेन्द्र सुवाल**को सभापतित्वमा भएको उक्त कार्यक्रममा समाजसेवी **पशुपति प्रजापति**, पूर्वकार्यपालिका सदस्य **कृष्णलक्ष्मी दुवाल**, वडा सदस्य **कृष्णसुन्दर प्रजापति**, वडा नर्स **विनिता प्रजापति**लगायतले शिविर सञ्चालनले वडावासीहरूमा स्वास्थ्यसम्बन्धी जनचेतना जगाउन सकिने र समयमै रोगको उपचार गरी स्वस्थ जीवन जिउन सकिनेबारे बोल्नुभयो ।

## घरदैलो नर्स सेवा र विद्यालय नर्सको बैठक



भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले घरदैलो नर्स सेवा र विद्यालय नर्सको माघ ५ गते बसेको मासिक बैठकमा मार्ग निर्देशन गर्नुहुँदै ।



An Undertaking Of Bhaktapur Municipality

# Khwopa Hospital

## Poush Report, 2082

| Age Group | Number | In Percentage |
|---|---|---|
| 0-9 | 2558 | 9.60 |
| 10-14. | 788 | 2.96 |
| 15-19 | 849 | 3.19 |
| 20-59 | 16482 | 61.89 |
| ≥60 | 5955 | 22.36 |
| Total | 26632 | 100.00 |

| Services | Number | In Percentage |
|---|---|---|
| Emergency | 489 | 1.84 |
| General | 3221 | 12.09 |
| Insurance | 22922 | 86.07 |
| Total | 26632 | 100.00 |

| District | Number | In Percentage |
|---|---|---|
| Bardiya | 1 | 0.01 |
| Kanchanpur | 1 | 0.01 |
| Mahottari | 1 | 0.01 |
| Rukum | 1 | 0.01 |
| Myagdi | 1 | 0.01 |
| Arghakhanchi | 1 | 0.01 |
| Sankhuwasabha | 1 | 0.01 |
| Bajhang | 1 | 0.01 |
| Lamjung | 1 | 0.01 |
| Dolpa | 1 | 0.01 |
| Taplejung | 1 | 0.01 |
| Rasuwa | 1 | 0.01 |
| Chitwan | 2 | 0.01 |
| Kaski | 2 | 0.01 |
| Palpa | 2 | 0.01 |
| Rupandehi | 2 | 0.01 |
| Mustang | 3 | 0.01 |
| Accham | 4 | 0.02 |
| Gorkha | 4 | 0.02 |
| Ilam | 4 | 0.02 |
| Bhojpur | 4 | 0.02 |
| Salyan | 4 | 0.02 |
| Pyuthan | 4 | 0.02 |
| Nuwakot | 5 | 0.02 |
| Surkhet | 5 | 0.02 |
| Dhading | 6 | 0.02 |
| Kalikot | 6 | 0.02 |
| Dang | 7 | 0.03 |
| Saptari | 7 | 0.03 |
| Tanahun | 7 | 0.03 |
| Dhankuta | 7 | 0.03 |
| Sunsari | 8 | 0.03 |
| Bara | 9 | 0.03 |
| Sarlahi | 10 | 0.04 |
| Dailekh | 12 | 0.05 |
| Makwanpur | 13 | 0.05 |
| Morang | 15 | 0.06 |
| Rolpa | 15 | 0.06 |
| Udayapur | 15 | 0.06 |
| Rautahat | 19 | 0.07 |
| Jhapa | 20 | 0.08 |
| Lalitpur | 22 | 0.08 |
| Okhaldhunga | 22 | 0.08 |
| Dolkha | 26 | 0.10 |
| Kailali | 27 | 0.10 |
| Khotang | 29 | 0.11 |
| Sindhuli | 29 | 0.11 |
| Kathmandu | 70 | 0.26 |
| Jumla | 75 | 0.28 |
| Sindhupalchowk | 110 | 0.41 |
| Ramechap | 150 | 0.56 |
| Kavrepalanchok | 449 | 1.69 |
| Bhaktapur | 25390 | 95.34 |
| Total | 26632 | 100.00 |

| | |
|---|---|
| Madhyapur Thimi | 250 |
| Suryabinayak | 1718 |
| Changu | 5372 |
| Bhaktapur | 18050 |
| Total | 25390 |

| Department | Number | In Percentage |
|---|---|---|
| Physiotherapy | 7 | 0.03 |
| Gynaecology | 23 | 0.09 |
| Neuro Surgery | 41 | 0.15 |
| Nephrology | 88 | 0.33 |
| Urology | 158 | 0.59 |
| Cardiologist | 240 | 0.90 |
| Psychiatric | 274 | 1.03 |
| Laboratory | 320 | 1.20 |
| Inpatients (Ward) | 338 | 1.27 |
| Dermatology | 548 | 2.06 |
| MDGP | 698 | 2.62 |
| General Surgery OPD | 1023 | 3.84 |
| ENT | 1228 | 4.61 |
| Emergency Ward | 1251 | 4.70 |
| Internal Medicine | 1288 | 4.84 |
| Dental | 1439 | 5.40 |
| Paediatric | 1791 | 6.72 |
| Obs. & Gynaecology | 2267 | 8.51 |
| Orthopedic | 3871 | 14.54 |
| General OPD | 9739 | 36.57 |
| Total | 26632 | 100.00 |

| | |
|---|---|
| Patient Admitted | 338 |
| Discharge | 309 |
| LAMA | 6 |
| Refer | 15 |

### Eye Program

| | |
|---|---|
| Total Checkup | 2352 |
| Total Cataract Surgery | 58 |

### Operation

| | |
|---|---|
| Major | 168 |
| Minor | 114 |

| Gender | Number | In Percentage |
|---|---|---|
| Female | 15821 | 59.41 |
| Male | 10811 | 40.59 |
| Total | 26632 | 100.00 |

Safe Motherhood Program 66

**भक्तपुर नपाद्वारा सञ्चालित ख्वप अस्पतालको २०८२ पुस महिनाको सेवा प्रगति**

# भेटघाट-अवलोकन

## नवप्रवेशी शाखा अधिकृतहरू सांस्कृतिक सम्पदाहरूको अवलोकनमा



नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानले नेपाल सरकारको निजामती सेवामा प्रवेश गरेका नवप्रवेशी शाखा अधिकृतहरूको ६ महिना अवधिको 'आधारभूत प्रशासन प्रशिक्षण' का प्रशिक्षार्थी अधिकृतहरूको टोलीले पुस २० गते भक्तपुर नगरपालिकाका पुरातात्विक एवम् सांस्कृतिक सम्पदाहरूको अवलोकन भ्रमण गऱ्यो ।

सोही क्रममा नेपाल मजदुर किसान पार्टीका सचिव **प्रेम सुवाल**ले प्रशिक्षार्थी अधिकृतहरूलाई मार्गनिर्देश गर्नुहुँदै भक्तपुर नगरपालिकाले शिक्षा क्षेत्रलाई प्राथमिकतामा राखी शैक्षिक संस्थाहरू सञ्चालन गरेकै कारण आज भक्तपुर ज्ञानविज्ञानको केन्द्रको रूपमा विकास भइरहेको बताउनुभयो ।

उहाँले नपाबाट सञ्चालित उक्त कलेजहरूमा देशका ७७ जिल्लाबाट विद्यार्थीहरू अध्ययन गरिरहेको बताउनुहुँदै २०५६ सालमा ख्वप मावि स्थापनासँगै हाल ख्वप विश्वविद्यालय सञ्चालन गर्ने अवस्थामा नगरपालिका पुगेको बताउनुभयो । उहाँले नेपाल मजदुर किसान पार्टीका जनप्रतिनिधिहरू भक्तपुर नगरपालिकामा निर्वाचित भएर आइसकेपछि 'एक घर एक स्नातक' उद्देश्य पूरा गर्न शैक्षिक संस्थाहरू सञ्चालन गरेको र यसबाट नगरको मात्र नभई देशभरिकै युवाहरूले उच्च शिक्षाका लागि बिदेसिन नपर्ने हुँदा यहाँको सम्पूर्ण जनताको सेवा भइरहेको प्रस्ट पार्नुभयो । नगरपालिकाले सञ्चालन गरेको शैक्षिक संस्था र अस्पतालमार्फत हाल सम्पूर्ण जनताको सेवा भइरहेको पनि बताउनुभयो । नेपाल मजदुर किसान पार्टीको उद्देश्य पनि देश र जनताको नि:स्वार्थ सेवा गर्नु हो भन्नुभयो ।

रुसले समाजवादी व्यवस्था स्थापनापछि २० वर्षमा विश्वकै दोस्रो अर्थतन्त्र बनाउन सफल भएको जानकारी दिनुभयो । तर नेपालमा २०४६ सालको जनआन्दोलनबाट बहुदलीय व्यवस्था प्राप्तपछि ३५ वर्षमा ठूला भनाउँदा पार्टीहरूले देशको विकास भन्दा देशलाई झन्डै २८ खर्ब ऋणको भार बोकाएको छ भन्नुभयो । विदेशी ऋण र विदेशी सहयोग मार्फत देश उपनिवेश हुने खतरा हुनेबारे पनि सचेत हुन जोड दिनुभयो ।

उहाँले भक्तपुर नगरपालिकाले पुर्खाले सिर्जेको सम्पत्ति हाम्रो कला र संस्कृति नारालाई सार्थक बनाउन विदेशी सहयोगको मुख नताकिकन यहाँकै जनताको जनसहभागिता र सहयोगमा यहाँको सम्पदा संरक्षण गर्न सफल भएको बताउनुभयो । सांस्कृतिक सम्पदा संरक्षणमा ठेक्कापत्ताबाट नभई यहाँकै स्थानीयबासीहरूको उपभोक्ता समितिमार्फत काम गर्दा जनसहभागिता तथा जनश्रमदान प्राप्त हुने र यसले अपनत्व प्राप्त भई प्रभावकारी काम हुने पनि बताउनुभयो । पुरानो पुस्ताको सिर्जित सम्पदा संरक्षण, पुन: निर्माण तथा जीर्णोद्धार गरी आफ्नो मौलिक कला र संस्कृतिमार्फत हाम्रो पहिचान देखाई पर्यटन विकास सम्भव भएको हो र यसले नयाँ पुस्ताको सेवा गरिरहेको पनि बताउनुभयो । उहाँले सबै नवप्रवेशी अधिकृतहरूले पनि आगामी दिनमा देश र जनताहरूको नि:स्वार्थ सेवा गर्न शुभकामना दिनुभयो ।




भक्तपुर नगरपालिकाका उपप्रमुख **रजनी जोशी**ले भक्तपुरका जनताको सहयोगबाट २०७२ सालको भूकम्पबाट क्षति पुगेका सम्पदाहरू कुनै पनि विदेशी सहयोगबिना झन्डै ९० प्रतिशत पुन: निर्माण गरिरसकेको र हरेक पुन: निर्माणको आयव्यय पारदर्शी गरेको कुरा बताउनुभयो । उहाँले नवनियुक्त अधिकृत प्रशिक्षार्थीहरूलाई नगरपालिकाका प्रकाशनहरू उपहार स्वरूप प्रदान गर्नुभयो ।

ख्वप अस्पतालका निमित्त मेडिकल डाइरेक्टर डा. **मजेस प्रताप मल्ल**ले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पतालबाट जनताहरूलाई न्यून शुल्कमा नै विशेषज्ञ सेवा प्रदान गरिरहेको जानकारी दिनुभयो । उहाँले नि:शुल्क

अक्सिजन वितरणदेखि ख्वप अस्पतालबाट प्रदान गरिरहेको सेवा प्रवाहबारे जानकारी दिनुभयो ।

अवलोकन भ्रमणको सहजीकरण भक्तपुर पर्यटक सेवा केन्द्रका प्रमुख **गौतमप्रसाद लासिवा**ले गर्नुभई भक्तपुर नगरपालिकाले पर्यटक सेवा शुल्क सङ्कलन गरी यहाँको कला संस्कृति, सम्पदा संरक्षण, शिक्षा, स्वास्थ्य र सरसफाइमा खर्च गरिरेहको र यहाँको सम्पदाहरूबारे पनि विस्तृतमा जानकारी दिनुभयो ।



अवलोकन भ्रमणमा पर्यटक सूचना तथा सेवा केन्द्रका अधिकृत **शरद खत्री** र **मुरज दिदिया**ले सम्पदा अवलोकनमा पथप्रदर्शक भई भक्तपुरको कला संस्कृति र सम्पदाबारे जानकारी दिनुभयो ।

भ्रमणमा प्रतिष्ठानका अधिकृत, नेपाल प्रहरीका प्रशिक्षक र प्रशिक्षकसहित करिब १२० जनाको उपस्थिति थियो ।

## प्रमुख प्रजापति जीराभवानी गापामा



भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिलाई पर्सा जिल्ला जीराभवानी गाउँपालिका १ नं. का वडाध्यक्ष रामशरण खवासलगायत वडावासीहरूले वडा कार्यालय परिसरमा माघ ११ गते स्वागत गर्नुभयो ।

उक्त अवसरमा प्रमुख प्रजापतिले भक्तपुर नपाका प्रकाशनहरू वडाध्यक्ष खवासलाई प्रदान गर्नुभयो ।

## प्रमुख प्रजापतिद्वारा पटेर्वा सुगौली आधारभूत अस्पतालको अवलोकन




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले पर्सा–४ स्थित पटेर्वा सुगौली आधारभूत अस्पतालको माघ ११ गते अवलोकन गर्नुभयो ।

अवलोकनको क्रममा उहाँले भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य र सम्पदा संरक्षणलाई विशेष प्राथमिकतामा राखी कार्य गर्दै आएको बताउनुहुँदै ४० वर्ष अगाडि पीछडिएको भक्तपुर नगरपालिका अहिले शिक्षाको केन्द्र, पर्यटकीय गन्तव्य र सरसफाइमा नमुना नगरको रूपमा अगाडि बढिरहेको चर्चा गर्नुभयो । उहाँले भक्तपुर नगरपालिकाद्वारा ७ वटा कलेजहरू सञ्चालन गर्दै ७७ जिल्लाका ७ हजारभन्दा बढी विद्यार्थीहरूलाई अध्ययन गराइरहेको बताउनुहुँदै १०० बेडको ख्वप अस्पताल सञ्चालन गरी दैनिक ८०० भन्दा बढी बिरामीहरूलाई स्वास्थ्य सेवा प्रदान गर्दै आइरहेको बताउनुभयो ।

भक्तपुर नगरपालिकाले विदेशी दातृ निकायहरूको भर पर्नुभन्दा आत्मनिर्भर भई कार्य गर्दै आएको बताउनुहुँदै उहाँले नगरवासीहरूलाई निःशुल्क अक्सीजन र निःशुल्क रगतको व्यवस्था गर्दै आइरहेको पनि चर्चा गर्नुभयो ।

कार्यक्रममा पटेर्वा सुगौली आधारभूत अस्पतालका

मेडिकल सुपेरिटेण्डेन्ट डा. **कविकान्त चौधरी**ले १५ बेडको अस्पताल सञ्चालन गरी विभिन्न सेवा प्रदान गरिरहेको जानकारी गराउनुभयो ।

## फिक्कल गापाका अध्यक्ष पार्वती सुनुवार भक्तपुरमा



भक्तपुर नगरपालिकाका कार्यबाहक प्रमुख रजनी जोशीसँग सिन्धुलीको फिक्कल गाउँपालिकाका अध्यक्ष पार्वती सुनुवारले माघ १३ गते भेट गर्नुभयो ।

भेटमा उहाँहरूबिच अनुभव आदानप्रदान भयो ।

## हार्दिक श्रद्धाञ्जली



**स्व. सुजन घोला**

**जन्म : २०५२ जेठ ७ | निधन : २०८२ पुस २६**

भक्तपुर नगरपालिकाका कर्मचारी **सुजन घोला**को दुःखद निधन भएकोमा मृतकप्रति श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**भक्तपुर नगरपालिका परिवार**

# सङ्क्षेपमा

## 'हाम्रो प्रहरी' कार्यक्रम

समुदाय – प्रहरी साझेदारीको सिलसिलामा **'हाम्रो प्रहरी'** कार्यक्रम तथा ट्राफिक सप्ताह–२०८२ पुस २८ गते भक्तपुर लायकूमा आयोजना गरियो ।







**सफाइ अरुको लागि होइन हामी आफ्नै लागि हो ।**

# विविध समाचार

## प्रजापति समुदायका गुठीका नाइकेहरूलाई सम्मान




विश्वकर्मा भैल प्याखं खलः तौलाछेँ ९ भक्तपुरको आयोजना माथिल्लो टोलका प्रजापति समुदायका ६ गुठी तःगुठी, चिःगुठी, न्हू गुठी, मारी गुठी, छ्याला चिंला गुठी र खोहे गुठीका नाइकेहरूलाई सम्मान तथा वनभोज कार्यक्रम सुडालको ठूली ब्रह्मायणीमा पुस २६ गते सम्पन्न भयो ।

कार्यक्रमका प्रमुख अतिथि भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले प्रजापति समुदायका ६ वटा गुठीका नाइकेहरूलाई दोसल्ला ओढाई सम्मान गर्नुभयो ।

कार्यक्रममा प्रमुख **प्रजापति**ले दाफा भजनहरू सम्पदा प्रेमी नयाँ पुस्तालाई विद्यालय र विश्वविद्यालयकै रूपमा सञ्चालनमा रहेको बताउनुहुँदै सांस्कृतिक गुरुहरूको सम्मानले उहाँहरूमा उत्साह र हौसला प्रदान गर्ने बताउनुभयो ।

परम्परादेखि चल्दै आएका परम्पराहरूलाई यहाँका जनताले निःस्वार्थ रूपले संरक्षण गर्दै आएको बताउनुहुँदै उहाँले भक्तपुरलाई नाचगानको राजधानी र सांस्कृतिक केन्द्र बनाउन यहाँका संस्कृतिकर्मी र सांस्कृतिक गुरुहरूको विशेष योगदान रहेको बताउनुभयो ।

भक्तपुरका टोल टोलमा विभिन्न बाजाका प्रशिक्षणहरू सञ्चालन हुँदै आएको छ भन्नुहुँदै उहाँले सांस्कृतिक गुरुहरूको सम्मान कार्यक्रमलाई नपाले निरन्तरता दिरूदै वर्षैपिच्छे विभिन्न सांस्कृतिक बाजाहरूको प्रतियोगिता गरी विजेताहरूलाई पुरस्कृत गर्दै नयाँ पुस्तालाई उत्साहित गर्दै आएको बताउनुभयो ।

भक्तपुर नपाले ज्येष्ठ नागरिकहरूलाई लक्षित गरी आदर निकेतन सञ्चालन गर्ने तयारी पनि गरिरहेको बताउनुहुँदै उहाँले मौलिक बाजागाजाहरूलाई व्यवसायीकरण गर्ने विषयमा नपाले विशेष ध्यान दिँदै आएको बताउनुभयो ।

भनपा वडा नं. ९ का वडाध्यक्ष **रविन्द्र ज्याख्व**ले भक्तपुरको संस्कृतिक संरक्षण र नयाँ पुस्तालाई हस्तान्तरण गर्ने अभियानमा नगरपालिका पनि सँगसँगै अगाडि बढिरहेको बताउनुहुँदै अमूर्त सम्पदा संरक्षणले हाम्रो पहिचानलाई जीवन्तता दिने बताउनुभयो ।

उहाँले विश्वकर्मा भैल प्याखं खलःले निरन्तर नयाँ पुस्तालाई भैल प्याखं प्रशिक्षण दिई यसलाई जीवन्तता दिइरहेको प्रशंसनीय भएको बताउनुहुँदै जनताको स्वयम्सेवी भावनाले भक्तपुरका कला र संस्कृतिले पुनःजीवन पाइरहेको हो भन्नुभयो ।

कार्यक्रममा विश्वकर्मा भैल प्याखं खलः का अध्यक्ष **विष्णुप्रसाद प्रजापति**ले खलःको स्थापना र इतिहासमाथि प्रकाश पार्नुहुँदै भक्तपुरको कला र संस्कृति संरक्षणकै सिलसिलास्वरुप विश्वकर्मा भैल प्याखं खलःले नयाँ पुस्तालाई अनवरत रूपमा भैल प्याखं प्रशिक्षण दिँदै आएको बताउनुभयो ।

उक्त कार्यक्रममा तलातुंछी युवा समूहका कोषाध्यक्ष **निरन्जन प्रजापति**ले अग्रजहरूको महत्त्वपूर्ण योगदानले गर्दा नै भैल प्याखं नयाँ पुस्तामाझ हस्तान्तरण भइरहेको बताउनुहुँदै भैल प्याखंलाई बद्लिँदो समयसँगै व्यवसायीकरण गर्दै लानु आजको आवश्यकता हो भन्नुभयो ।



कार्यक्रममा विश्वकर्मा भैल प्याखं खलः का सदस्य विजयराम प्रजापति, सुमन प्रजापति र किरण प्रजापतिले भैल प्याखं खलःको स्थापनाको इतिहास र विविध गतिविधिबारे बोल्नुभएको थियो । कार्यक्रममा भैल प्याखंका गुरु नाइके टेकबहादुर प्रजापतिलाई पनि सम्मान गरिएको थियो ।

## मिनर्वा स्कूलमा सोनाम ल्होछार प्रदर्शनी



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा मिनर्वा इंगलिश स्कूल आयोजनामा सोनाम ल्होछार मन्जुश्री संवत् २८६२ औँ ता (घोडा) अर्थात् घोडा वर्षको अवसरमा भएको सोनाम ल्होछार प्रदर्शनी, एसईई बिदाई तथा सांस्कृतिक कार्यक्रम पुस २६ गते सम्पन्न भयो ।

कार्यक्रममा प्रमुख **प्रजापति**ले भाषा र संस्कृतिक नै आफ्नो पहिचान भएको बताउनुहुँदै भक्तपुर नगरपालिकाले यहाँका मूर्त र अमूर्त सम्पदा संरक्षणमा विशेष प्राथमिकता दिँदै आएको बताउनुभयो ।

सबै जातजाति र भाषाभाषीले आफ्नो इतिहास र परम्परा जोगाउने प्रयास गर्नुपर्ने बताउनुहुँदै उहाँले भक्तपुर नपाले आयोजना गरेको भक्तपुर महोत्सवमार्फत यहाँको कला, संस्कृति र जीवनशैलीलाई प्रदर्शन गरेको स्मरण गर्नुभयो ।

साम्राज्यवादी देश अमेरिकाले स्वतन्त्र र सार्वभौम देश भेनेजुयलामाथि गरेको आक्रमणको न्यायप्रेमी जनताले विरोध र भर्त्सना गर्नुपर्ने बताउनुहुँदै अमेरिकाको अहङ्कार धेरै समय नटिक्ने बताउनुभयो ।

नेपाली भाषा र संस्कृतिमाथि विदेशी संस्कृतिको अतिक्रमणलाई रोक्ने प्रयास गर्नुपर्ने बताउनुहुँदै उहाँले विद्यार्थीहरूलाई सैद्धान्तिक र व्यवहारिक शिक्षा सँगसँगै दिनु आवश्यक भएको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ४ का वडाध्यक्ष **उपेन्द्र सुवाल**ले मिनर्वा स्कूलले शैक्षिक गतिविधि सँगसँगै विद्यार्थीहरूलाई खेलकुद र सांस्कृतिक क्षेत्रमा पनि उल्लेखनीय काम गर्दै आएको बताउनुभयो । उहाँले भक्तपुरलाई ज्ञानविज्ञानको केन्द्र बनाउन यहाँका शैक्षिक संस्थाहरूको उल्लेखनीय भूमिका रहेको बताउनुहुँदै नगरपालिकाका विविध गतिविधिमा मिनर्वा स्कूलको पनि सक्रिय सहभागिता रहँदै आएको बताउनुभयो ।

कार्यक्रममा नेपाल राष्ट्रिय तामाङ सङ्घका महासचिव **प्रबिन बल**ले तामाङ समुदायको नयाँ वर्षको शुभकामना दिनुहुँदै विद्यालयहरूले शैक्षिक गतिविधिसँगै सांस्कृतिक क्षेत्रमा पनि राम्रो काम गर्दै आएको बताउनुभयो ।

कार्यक्रममा विद्यालयका प्रधानाध्यापक **राजेन्द्र दुवाल**ले विद्यार्थीहरूको सर्वाङ्गीण विकासको लागि विद्यालयले विविध गतिविधि गर्दै आएको बताउनुभयो ।

कार्यक्रमका प्रमुख अतिथि सुनिल प्रजापति एसईई उत्तीर्ण विद्यार्थीहरूलाई प्रमाणपत्र र मायाको चिनो वितरण गर्नुभएको थियो भने अतिरिक्त क्रियाकलापका विजेता विद्यार्थीहरूलाई पुरस्कार वितरण गर्नुभयो । सोही क्रममा प्रमुख प्रजापतिले ल्होछार प्रदर्शनीको पनि स्थलगत अवलोकन गर्नुभयो

# तेस्रो जेष्ठ नागरिक कशीमला पाँय् प्रतियोगिता




भक्तपुर नगरपालिका वडा नं ९ स्थित वाकुपति चाँगुनारायण मन्दिर परिसर सहयोग समिति र प्रगति सामुदायिक सिकाइ केन्द्रको संयुक्त आयोजनामा भक्तपुर नगरव्यापी तेस्रो ज्येष्ठ नागरिक कसिमला पाँय् प्रतियोगिता पुस २६ गते मन्दिर परिसरमा सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका उपप्रमुख **रजनी जोशी**ले प्रतियोगिताको उद्घाटन गर्नुहुँदै भक्तपुरको मूर्त अमूर्त सम्पदाको संरक्षण र संवर्द्धन गर्न नगरपालिका निरन्तर लागिरहेको बताउनुभयो । उहाँले राष्ट्रिय सम्पदाको महत्त्वबारे नयाँ पुस्तालाई पनि जानकारी गराउनुपर्ने बताउनुभयो ।

उहाँले ज्येष्ठ नागरिकप्रति समाज र परिवारलाई जिम्मेवार बनाउनुपर्ने जानकारी गराउनुभयो ।

भक्तपुर नगरपालिका वडा नं. ९ का वडाध्यक्ष **रवीन्द्र ज्याख्व**ले स्वस्थ जीवनयापनका लागि शारीरिक एवं मानसिक कसरतलाई निरन्तरता दिनुपर्ने बताउनुभयो ।

उहाँले भेनेजुयलामाथि अमेरिकाले गरेको हस्तक्षेप अत्यन्त निन्दनीय भएको चर्चा गर्नुहुँदै नेपालमा पनि यस्ता समस्या हुनसक्नेबारे सचेत पार्नुभयो ।

२७ जना ज्येष्ठ नागरिकले भाग लिएको उक्त प्रतियोगिताको समापन तथा पुरस्कार वितरण कार्यक्रम सोही दिन नेपाल क्रान्तिकारी किसान सङ्घ, भक्तपुर जिल्ला समितिका अध्यक्ष गोविन्द दुवालको आतिथ्यमा सम्पन्न भयो ।

अतिथि **दुवाल**ले भक्तपुरबाट भएको किसान आन्दोलनले सम्पूर्ण किसानहरूले मोहियानी हक प्राप्त गरेको प्रसङ्ग जोड्नुहुँदै अनियमितता र विसङ्गतिविरुद्ध नेपालीले सदैव सङ्घर्ष गर्नुपर्नेमा जोड दिनुभयो । प्रतियोगितामा जीतबहादुर

खयरगोली **प्रथम**, केदारमान ज्याखव **द्वितीय**, पूर्णभक्त शिल्पकार **तृतीय** र बिकुनारायण चोकाबजी **सान्त्वना** हुन सफल हुनुभएको थियो ।



आयोजक समितिका अध्यक्ष कृष्णगोपाल प्रजापतिको सभापतित्वमा सम्पन्न कार्यक्रममा वडा सदस्य ज्ञानबहादुर मानन्धर र सिकाइ केन्द्रका रवीन्द्र कुसीले प्रतियोगिताको उद्देश्य र आवश्यकताबारे बोल्नुभएको थियो ।

# सम्यक दान पर्व मनाइयो



भक्तपुरका बौद्ध धर्मालम्बीहरूले सम्यक महादान व्यवस्थापन सहयोग समितिद्वारा संयोजित दानमध्येको महादान 'सम्यक दान पर्व' माघ १ गते मनाइएको छ । बौद्ध धर्मावलम्बीहरूले नेपाल संवत् ७८७ भन्दाअघिबाट प्रत्येक वर्ष माघ १ गते सो पर्व मनाउँदै आएका छन् ।

पाँच दीपङ्कर बुद्धका मूर्तिहरूलाई स्थानीय थथुवहीमा विराजमान गराई बुद्ध ज्ञान प्राप्त शाक्य र बज्राचार्यका सम्पूर्ण भिक्षुहरूलाई प्रसाद, चामललगायत विभिन्न परिकारहरू दान दिने र पाँच दीपङ्करको परिक्रमा गराई पूजासमेत दिने परम्परा रहको छ ।

भक्तपुर दरबार क्षेत्रसँगै रहेको प्रसिद्ध चतुर्ब्रम्ह महाविहारका सङ्घ सदस्य जयरत्न बज्राचार्यले नेपाल संवत् ७८७मा आफ्ना दिवङ्गत पिता जयदेव बज्राचार्यको नाममा दीपङ्कर बुद्धलगायत विभिन्न विहारका सङ्घ सदस्यहरूलाई निमन्त्रणा गरेर सम्यक भोजनदान गरी यस पर्वको स्थापना गरेको शिलापत्रमा उल्लेख रहेको देवचन्द्र बज्राचार्यले जानकारी दिनुभयो ।

# विश्वविद्यालयहरूका शासकीय प्रणालीमा सुधारबारे सार्वजनिक नीति संवाद कार्यक्रम

सरकारी विशेषज्ञ समूह मानिएको नीति अनुसन्धान प्रतिष्ठानले माघ ४ गते नेपालमा विश्वविद्यालयहरूका शासकीय प्रणालीमा सुधारका उपाय विषयमा सार्वजनिक नीति संवाद सम्पन्न गरेको छ ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीको तर्फबाट पार्टीका केन्द्रीय सदस्य **सरोजराज गोसाईं**ले शिक्षालाई उत्पादन प्रणालीसँग नजोडेसम्म उच्च शिक्षाको समस्या समाधान नहुने धारणा राख्नुभयो ।

उहाँले उच्च शिक्षाको जिम्मेवारी राज्यले लिनुपर्ने भन्नुहुँदै शिक्षामा भइरहेको व्यापारीकरणको अन्त्य हुनुपर्ने विचार राख्नुभयो । उहाँले त्रिविले ५ लाख विद्यार्थी धान्नु परेको कारण व्यवस्थापन गर्न नसकेको भन्ने सरकारले कम शुल्कमा गुणस्तरीय शिक्षा दिने भन्दै अगाडि सारिएको ख्वप विश्वविद्यालयको विधेयक १५ वर्षदेखि थन्क्याइएको उल्लेख गर्नुभयो ।

केन्द्रीय सदस्य गोसाईंले विश्व बैङ्क तथा एडीबीको निर्देशनमा बनेका उच्च शिक्षाका शासकीय स्वरूप असफल भइसकेको भन्नुहुँदै शासक दलहरूको राजनीतिक हस्तक्षेप, भागबन्डाकै कारण उच्च शिक्षा कमजोर भएको तर्क गर्नुभयो । उहाँले प्रधानमन्त्री विश्वविद्यालयहरूका कुलपति हुने परिपाटी बन्द हुनुपर्ने भन्नुहुँदै कुलपति, शिक्षाध्यक्षलगायतका पदमा प्रतिस्पर्धा वा निर्वाचन गरेर चयन गर्नुपर्ने विचार राख्नुभयो ।

विदेशी सम्बन्धन प्राप्त निजी कलेजहरू तत्काल बन्द गर्नुपर्ने उल्लेख गर्नुहुँदै केन्द्रीय सदस्य गोसाईंले डोनर नियन्त्रित अनुसन्धान तथा शैक्षिक गतिविधि बन्द नगरेर शासकीय प्रणालीमा सुधार नहुने स्पष्ट पार्नुभयो ।

प्रतिष्ठानका कार्यकारी अध्यक्ष प्रा.डा. लेखनाथ शर्माको अध्यक्षतामा भएको कार्यक्रममा डा. **दीपककुमार खड्का**ले विषय प्रवेश गर्नुभएको थियो । संवादमा विश्वविद्यालय अनुदान आयोग, विभिन्न विश्वविद्यालयका पूर्व तथा वर्तमान पदाधिकारी, पार्टी प्रतिनिधिहरूको सहभागिता थियो ।

# नेमकिपा स्थापना दिवसको अवसरमा प्रवचन कार्यक्रम




नेपाल मजदुर किसान पार्टीको ५२ औं स्थापना दिवसको अवसरमा नेपाल कर्मचारी समाज केन्द्रीय समितिको आयोजनामा 'नेपालको वर्तमान समसामयिक राजनैतिक विषयमा' प्रवचन एवम् प्रशिक्षण कार्यक्रम माघ १५ गते सम्पन्न भयो।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य **सुनिल प्रजापति**ले आजभन्दा ५२ वर्ष अगाडि २०३१ साल माघ १० गते स्थापना भएको नेपाल मजदुर किसान पार्टी आदर्श समाज निर्माणमा अगाडि बढिरहेको पार्टी भएको बताउनुभयो।

नेमकिपाले पार्टी स्थापनाकालदेखि नै पार्टीको सिद्धान्तबाट अलिकति पनि विचलित नभई काम गर्दै आएको स्पष्ट पार्नुहुँदै उहाँले राजनीति पार्टी भीड होइन, विचार र सिद्धान्तबाट निर्देशित सङ्गठित शक्ति भएको बताउनुभयो।

उहाँले नेमकिपाले कामदार वर्गलाई शासन सत्तामा पुऱ्याउने उद्देश्य लिएर अगाडि बढिरहेको छ भन्नुहुँदै नक्कली कम्युनिष्टहरूबाट जनता सचेत हुनुपर्ने बताउनुभयो।

कर्मचारीहरूले आफ्नो क्षमता र योग्यताअनुसारको काम गर्न प्रेरित गर्नुहुँदै उहाँले भक्तपुरको समग्र विकासमा नपाबाट सञ्चालित कलेजहरू र अस्पतालको महत्त्वपूर्ण देन रहेको बताउनुभयो।

नेमकिपा क्रान्तिकारी संसद्‌वादको पक्षधर रहेको बताउनुहुँदै उहाँले पार्टीको सिद्धान्तलाई बन्धकमा राख्ने विश्वासघातीहरूबाट जनता सजग हुनुपर्ने धारणा राख्नुभयो।

नेपाल कर्मचारी समाजका अध्यक्ष **गौतमप्रसाद लासिवा**ले कर्मचारीहरू आफ्नो हक अधिकार सुनिश्चितताको लागि सङ्गठित र संस्थागत भएर बस्नुपर्ने बताउनुहुँदै कर्मचारीहरूले आफ्नो व्यक्तित्व विकासको लागि रचनात्मक गतिविधिमा क्रियाशीलता बढाउनुपर्ने धारणा राख्नुभयो।

नेमकिपा स्थापनाका आधारबारे प्रष्ट पार्नुहुँदै उहाँले समाजवादी व्यवस्था कामदार वर्गको स्वर्ग भएको बताउनुभयो।

कार्यक्रममा नेपाल कर्मचारी समाजका सचिव शिवराम धुख्वा, सदस्य विनोद शाही, दिव्यलक्ष्मी बज्राचार्य र दिलिपकुमार श्रेष्ठले पार्टीको उद्देश्य, भक्तपुर नपाले गरिरहेका विविध गतिविधिबारे प्रष्ट पार्नुभयो।

# श्री दत्तात्रय आधारभूत विद्यालयको वार्षिकोत्सव




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा श्री दत्तात्रय आधारभूत विद्यालयको ५२ औं वार्षिकोत्सवको अवसरमा शिक्षक सम्मान, पुरस्कार वितरण तथा सांस्कृतिक कार्यक्रम माघ १८ गते सम्पन्न भयो।

कार्यक्रममा नगर प्रमुख **प्रजापति**ले विद्यालय बालबालिकाको दोस्रो घर भएको बताउनुहुँदै विद्यालय राम्रो भए बालबालिकाको भविष्य राम्रो हुने र व्यक्तित्व विकासमा शिक्षक र अभिभावकको महत्त्वपूर्ण भूमिका हुने बताउनुभयो।

आजका बालबालिका भविष्यका कर्णधार हुन् भन्नुहुँदै उहाँले शिक्षक र अभिभावकले विद्यार्थीको सिकाइ उपलब्धी बढाउन, उनीहरूको व्यवहारिक, नैतिक र बौद्धिक विकासका लागि मिलेर काम गर्नुपर्ने बताउनुहुँदै योग्य शिक्षकले योग्य विद्यार्थी उत्पादनमा सहयोगी भूमिका खेल्ने बताउनुभयो।

सामुदायिक विद्यालयहरूमा राज्यको धेरै लगानी हुने हुँदा त्यो लगानी उपलब्धिमूलक र फलदायी बनाउन विद्यालय व्यवस्थापन समिति र शिक्षकको मिहिनेत आवश्यक भएको बताउनुहुँदै उहाँले विद्यालयमा अध्ययनरत विद्यार्थीलाई सक्षम र योग्य बनाउन कर्तव्यबोध गर्नुपर्छ भन्नुभयो।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित कलेजहरू गुणस्तरीय शिक्षा प्रदान गरी देशभरिका विद्यार्थीलाई सहज र सुलभ रूपमा उच्च शिक्षा हासिल गर्ने अवसर प्रदान गरिरहेको प्रमुख प्रजापतिले बताउनुभयो।

भक्तपुर नगरपालिका वडा नं. ९ का वडाध्यक्ष **रविन्द्र ज्याख्व**ले भक्तपुरको शिक्षा अगाडि बढेसँगै यहाँका जनताको जीवनस्तरमा पनि परिवर्तन आएको बताउनुहुँदै भक्तपुर

नपाले शिक्षा सँगसँगै स्वास्थ्य क्षेत्रलाई पनि प्राथमिकतामा राख्दै आएको बताउनुभयो।

दत्तात्रय आधारभूत विद्यालयका प्रधानाध्यापक **सज्जन प्रधान**ले विद्यालय स्थापनाको पृष्ठभूमिबारे प्रष्ट पार्नुहुँदै दत्तात्रय आधारभूत विद्यालयमा हाल नर्सरीदेखि कक्षा ८ सम्म सञ्चालन रहेको र वार्षिक कार्ययोजना तयारी गरी अतिरिक्त क्रियाकलापमा पनि जोड दिँदै आएको बताउनुभयो।

कार्यक्रममा भक्तपुर नपा शिक्षा शाखा प्रमुख साधुराम फुयाल, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सञ्जय मानन्धर, वडा नं. ९ सामुदायिक विद्यालयका संयोजक ज्ञानसागर प्रजापति, आधारभूत विद्यालय समितिका अध्यक्ष सूर्यभक्त फौंजु, विद्यालयका पूर्व प्रधानाध्यापक शर्मिला श्रेष्ठ, वागीश्वरी माविका प्रधानाध्यापक कृष्णप्रसाद कर्माचार्य, सरस्वती विद्यागृहका प्रधानाध्यापक गणु साम्पाङ राई, शिक्षिका रमिता प्रजापतिलगायतले पनि बोल्नुभएको थियो।

वार्षिकोत्सवको अवसर पारेर विद्यालयले ३० वर्ष सेवा गरेका शिक्षकहरूलाई सम्मान गरिएको थियो भने विद्यार्थीहरूले सांस्कृतिक प्रस्तुतिहरू देखाएका थिए।

## नवीन आधारभूत विद्यालयको वार्षिकोत्सव




नवीन आधारभूत विद्यालयको ४५ औँ वार्षिकोत्सव, पुरस्कार वितरण तथा सांस्कृतिक कार्यक्रम माघ १९ गते एक कार्यक्रमबिच सम्पन्न भयो।

कार्यक्रमका प्रमुख अतिथि भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले विद्यार्थीहरूलाई अध्ययनसँगसँगै नैतिकताको पाठ पनि सिकाउनुपर्ने आजको आवश्यकता हो भन्नुभयो।

अनुशासनले सभ्य समाज निर्माण गर्न सहयोग गर्ने बताउनुहुँदै उहाँले अनुशासित विद्यार्थी, शिक्षक र अभिभावकको संयुक्त सहकार्यबाट विद्यार्थीको सफलता निर्धारण हुने बताउनुभयो।

शिक्षकहरू योग्य र सक्षम भयो भने पनि विद्यार्थीहरूको आकर्षण बढ्ने बताउनुहुँदै उहाँले विद्यालयले आफ्नो छुट्टै पहिचान कायम गरी अगाडि बढ्नुपर्छ भन्नुभयो।

भक्तपुरलाई ज्ञानविज्ञानको केन्द्र, सरसफाइ र सम्पदा संरक्षित नगरको रूपमा विकास गर्दै भक्तपुर नगरपालिकाले आफ्नो छुट्टै पहिचान बनाएको बताउनुहुँदै उहाँले भक्तपुरका सामुदायिक विद्यालयलाई व्यवस्थित पार्ने प्रयास नपाले गरिरहेको बताउनुभयो।

आधारभूत विद्यालयहरू राम्रो हुनु भनेको विद्यार्थीहरूको शैक्षिक जग मजबुत हुनु हो भन्नुहुँदै उहाँले नवीन स्कूलको थप प्रगतिको लागि शुभकामना दिनुभयो।

भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष **उकेश कवां**ले नवीन आधारभूत विद्यालयप्रति स्थानीय जनताको अपनत्व रहेको हुँदा विद्यालयको शैक्षिक विकासमा अझ मिहिनेत गरी अगाडि बढ्नुपर्ने धारणा राख्नुभयो।

नवीन आधारभूत विद्यालयका प्रधानाध्यापक **प्रकाश गोसाईं**ले विद्यालयको शैक्षिक र भौतिक विकासमा भक्तपुर नपाको साथ र सहयोगप्रति आभार व्यक्त गर्नुहुँदै विद्यालयमा विद्यार्थीहरूको आकर्षण क्रमशः बढ्दै गएको र विद्यालयको पूर्वाधारहरू स्तरोन्नति गर्दै मावि तहसम्मको कक्षा सञ्चालन गर्ने भावी योजना रहेको बताउनुभयो।

आधारभूत विद्यालय समितिका अध्यक्ष **सूर्यबहादुर फौंजु**ले नवीन आधारभूत विद्यालय लाई मावि सञ्चालन गर्ने उद्देश्य पूरा गर्न विद्यालयले अझ मिहिनेत गर्नुपर्ने बताउनुहुँदै देशको लागि योग्य नागरिक तयार गर्ने उद्देश्य विद्यालयहरूको हुनुपर्ने बताउनुभयो।

कार्यक्रममा विद्यालयका शिक्षक नारायणप्रसाद मचामसी, सुमिन महर्जन, शिक्षिकाद्वय कृतिका श्रेष्ठ र करुणा सुवालले पनि बोल्नुभएको थियो।

वार्षिकोत्सवकै अवसर पारेर विद्यालयको आयोजनामा भएको अतिरिक्त गतिविधिका विजेताहरूलाई पुरस्कार वितरण गर्नुका साथै विद्यार्थीहरूले सांस्कृतिक प्रस्तुति प्रदर्शन गरेका थिए।

## 'भयानक विद्रोह' को क्षति विवरण

गत ५ असोजमा मन्त्रिपरिषद्ले जेन-जी आन्दोलनका क्रममा भएको क्षतिको मूल्याङ्कन र सार्वजनिक संरचनाको पुनर्निर्माण योजना तयार गर्न योजना आयोगका सचिवको संयोजकत्वमा सहरी विकास मन्त्रालयका सचिव, राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका सहसचिव, राष्ट्रिय तथ्याङ्क कार्यालयका उपप्रमुख तथ्याङ्क अधिकारी र जेन-जी प्रतिनिधि सदस्य भएको समिति गठन गरेको थियो। समितिले प्रतिवेदन तयार गरेर सरकारलाई बुझाएको छ।

## साढे २३ करोड नगद खरानी, ३२ करोड चोरी

जेनजी आन्दोलपछि बनेको अन्तरिम सरकारले गठन गरेको क्षति मूल्याङ्कन तथा सार्वजनिक संरचना पुनर्निर्माण योजना तयारी समितिको प्रतिवेदन २०८२ अनुसार २३ र २४ भदौको 'भयानक विद्रोह'मा नगद तथा बहुमूल्य वस्तु वा सम्पत्तिमा पुगेको समग्र क्षति कुल २ अर्ब ८१ करोड ३४ लाख बराबर छ।

त्यसमध्ये चोरीका कारण ३२ करोड ८१ लाख रुपैयाँ क्षति पुगेको छ भने तोडफोडका कारण नगदमा पुगेको क्षति २२ करोड बराबर छ।

कुल क्षति रकममध्ये चोरीबाट ५७.५ प्रतिशत, तोडफोडबाट ११.६ र आगजनीबाट ३०.९ प्रतिशत क्षति भएको प्रतिवेदनमा उल्लेख छ। सुन, चाँदी, हिरामोती जस्ता बहुमूल्य धातुमा समेत चोरीबाट १ अर्ब २ करोड ६४ लाख बराबर क्षति भएको छ।

यस्ता धातुमा आगजनी र तोडफोडका कारण क्रमशः १३ करोड ११ लाख र ९३ लाख बारबरको क्षति पुगेको छ। यस्तै अन्य बहुमूल्य वस्तुमा पनि आगजनी र तोडफोडको तुलनामा चोरी क्षतिको प्रमुख कारण देखिएको प्रतिवेदनमा छ।

निजी प्रतिष्ठानहरूसँग रहेको नगद मौज्दात तथा सुनचाँदी लगायत बहुमूल्य वस्तुमा पुगेको क्षतिको रकम ५६ करोड १८ लाख बराबर छ।

क्षतिको कारण अनुसार हेर्दा चोरीबाट सबैभन्दा बढी ७३ करोड ४३ लाख, त्यसपछि आगजनीबाट १७ करोड ६ लाख र तोडफोडबाट ५ करोड ४ लाख बराबर क्षति भएको छ।

सामुदायिक तथा अन्य क्षेत्रको नगद तथा बहुमूल्य वस्तुमा भएको क्षतिमध्ये नगदतर्फ ३३ करोड ७० लाख क्षति भएको देखिन्छ। अन्य बहुमूल्य वस्तुमा १६ करोड २३ लाख क्षति भएको छ।

सार्वजनिक संरचनाको पुनर्निर्माण योजनासम्बन्धी प्रतिवेदनले आन्दोलनका क्रममा भएको क्षतिको विस्तृत मूल्याङ्कन प्रतिवेदनमा पुनर्निर्माणका लागि ३६ अर्ब ३० करोड २१ लाख लाग्ने उल्लेख छ।

**प्रतिवेदनअनुसार क्षतिको विवरण-**

- ७४ पुरुष र तीन महिलासहित ७७ जनाको मृत्यु, दुई हजार ४२९ जना घाइते
- ८४ अर्ब ४५ करोड ७७ लाख मूल्यबराबरको भौतिक क्षति
- सरकारी-सार्वजनिक क्षेत्रमा ४४ अर्ब ९३ करोड ७३ लाख, निजी क्षेत्रमा ३३ अर्ब ५४ करोड ८७ लाख र सामुदायिक तथा अन्य क्षेत्रमा पाँच अर्ब ९७ करोड
- दुई हजार ६७१ भवन क्षतिग्रस्त हुँदा ३९ अर्ब ३१ करोड ७५ लाख क्षति
- १२ हजार ६५९ सवारीसाधन क्षतिग्रस्त हुँदा १२ अर्ब ९३ करोड ६१ लाख
- अन्य भौतिक सम्पत्तिमा २० अर्ब ३६ करोड ४० लाख क्षति
  व्यापार : ५ अर्ब १५ करोड ९३ लाख रुपैयाँ
  होटेल तथा रेस्टुरेन्ट : ५ अर्ब ८ करोड ७४ लाख रुपैयाँ
  अटो व्यापार : १ अर्ब ६३ करोड ५० लाख रुपैयाँ
  उद्योग प्रतिष्ठान : १ अर्ब २४ करोड २ लाख रुपैयाँ
  निजी : २७ करोड ५५ लाख

बागमतीमा सबैभन्दा बढी ५६ अर्ब २३ करोड ८५ लाख क्षति, कर्णालीमा सबैभन्दा कम ६२ करोड २२ लाख सङ्घ सरकारले ३० अर्ब ५५ करोड ६३ लाख, प्रदेशले चार अर्ब ५६ करोड ६० लाख र स्थानीय तहले नौ अर्ब ८१ करोड ५१ लाख मूल्यको क्षति व्यहोरे

दुई हजार ९९९ व्यक्तिको रोजगारीमा प्रत्यक्ष प्रभाव, दुई हजार ३५३ जनाले पूर्ण रूपमा रोजगारी गुमाए

आन्दोलनको क्षति मूल्याङ्कन तथा पुनर्निर्माण योजना समितिका सदस्य ढुण्डिराज लामिछानेका अनुसार आन्दोलनका क्रममा भौतिक सम्पत्तितर्फ ८४ अर्ब ४५ करोड ७७ लाख रुपैयाँ क्षति भएको छ। त्योबाहेक उत्पादनतर्फ थप १३ अर्ब ८७ करोड ५६ लाख रुपैयाँ क्षति भएको छ। यो दुई जोड गर्दा आन्दोलनको क्षति रकम ९८ अर्ब ३३ करोड ३३ लाख रुपैयाँ हुनेछ।

## एन्टिबायोटिकले काम गरेन

'अहिले एन्टिबायोटिकले काम नगर्ने अवस्था अर्थात् रेसिस्टेन्स बढेको छ, यसले काम नगर्दा मानिसको मृत्यु नै हुन्छ, त्यसैले एन्टिबायोटिक्स जथाभावी नफालौँ,...पशुपंक्षीमा प्रयोग नगरौँ, तिनीहरूका मासु खाँदा मानिसमा असर गर्छ।'

राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाका निर्देशक डा. रञ्जनराज भट्टले पूरै डोज औषधि नखाने, जथाभावी खाने, चिकित्सकको सल्लाह नलिने, कुखुरा तथा अन्य पशुपंक्षीको दानामा एन्टिबायोटिक मिसावट हुनु, कुखुराको तौल बढाउन इन्जेक्सन र भिटामिनको प्रयोगले मानिसमा त्यसको असर बढ्दो रहेको बताए। एन्टिबायोटिकको मुख्य असर भनेको यसले काम नगर्नु हो। जब शरीरको प्रतिरोध क्षमता बढाउन दिएको औषधिले काम गर्दैन, तब बिरामीको अन्ततः मृत्युवरण नै हुन्छ। कुखुराको दाना र इन्जेक्सनमार्फत एन्टिबायोटिक प्रयोग बढेकाले केन्द्रीय भेटेरिनरी ल्याबमार्फत समेत जाँच भइरहेको उनको भनाइ छ।

एन्टिबायोटिककै कारण सन् २०५० सम्म विश्वमा वार्षिक एक करोड मानिसको मृत्यु हुने प्रक्षेपण गरिएको छ।

# काठमाडौँ उपत्यकाका अत्यधिक दुर्घटना हुने क्षेत्रहरू

काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका अनुसार काठमाडौँ उपत्यकामा २९ ठाउँलाई ब्ल्याक स्पटका रूपमा राखेको छ । यी ठाउँमा अत्यधिक दुर्घटना हुने तथ्याङ्कमा देखिएको छ ।




# नदी किनारमा थप २० मिटर छोड्नुपर्ने फैसला खारेज

सर्वोच्चका न्यायाधीश द्वय डा. आनन्दमोहन भट्टराई र विनोद शर्माको संयुक्त इजलासले २०८० पुस ३ गते वाग्मती र यसका सहायक नदीहरूमा सरकारले तोकेको २० मिटरको मापदण्डमा 'थप २० मिटर' क्षेत्रलाई पनि निर्माण निषेधित क्षेत्र घोषणा गर्नुपर्ने फैसला गरेको थियो ।

तर हालै न्यायाधीशहरू सुनिलकुमार पोखरेल, बालकृष्ण ढकाल र नृपध्वज निरौलाको पूर्ण इजलासले नेपाल सरकारको पुनरावलोकन निवेदनमाथि सुनुवाइ गर्दै अघिल्लो फैसला बदर गरेको छ ।

अघिल्लो फैसला अव्यावहारिक र त्रुटिपूर्ण रहेको भन्दै तत्कालीन सरकार (प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय) ले महान्यायाधिवक्ताको कार्यालयमार्फत पुनरावलोकनको निवेदन दिएको थियो ।

सोही निवेदनमाथि सुनुवाइ गर्दै आइतबारको पूर्ण इजलासले मन्त्रिपरिषद्ले २०६५ भदौ १ गते तोकेको मापदण्ड नै सदर गरेको छ भने अदालतले थपेको २० मिटरको मापदण्डलाई खारेज गरिदिएको छ ।

# ट्रम्पको अपराध !



जुलुस आउँदा बङ्करमा लुक्न जाने संरा अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्नै देशको कानुन र सयुक्त राष्ट्रसङ्घको बडापत्रको हाकाहाकी उल्लङ्घन गरी गएको पुस १९ गते एक स्वतन्त्र र सार्वभौम देश भेनेजुएलामाथि आक्रमण गरेर त्यहाँका राष्ट्रपति र उहाँकी श्रीमतीलाई अपहरण गर्न सकेकोमा आफूलाई बहादुर ठानेको छ । ट्रम्पले आफ्नै देशको कानुन समेत उल्लङ्घन गरेर अपराध गरेको छ ।

भेनेजुएलाको अपार तेल र खनिज भण्डारमाथि गिद्धेदृष्टि लगाइरहेको साम्राज्यवादी अमेरिकाले राष्ट्रपति निकोलस मादुरोमाथि झूटा आरोप लगाएर इराकलगायतलाई झैँ आफ्नो तखतमा राख्ने दुःसाहस गर्दै आइरहेको जगजाहेर छ । त्यसैले ट्रम्पले भेनेजुएलामा अन्तरिम शासन आफ्नो मातहत हुने भन्दै आफूले आफैलाई 'अन्तरिम राष्ट्रपति' समेत घोषणा गरेर जगहँसाइ गरेको थियो ।



ट्रम्पद्वारा अपहरित भेनेजुएलाका राष्ट्रपति माडुरो दम्पती

ट्रम्पको यो बहुलठ्ठीपूर्ण हमला र अपहरणको विश्वव्यापी विरोध र निन्दा भएको छ । यसले विश्व शान्तिमा चिन्ता थपिएको छ भने शक्तिको उन्मादले 'खतरनाक नजीर

स्थापित' गर्ने आकलन सर्वत्र गरिएको छ।

ट्रम्पले भेनेजुएलामा आक्रमण र अपहरण गरेको लगत्तै ग्रीनलान्ड चाहियो भनी अर्को साम्राज्यवादी मैमत्ता प्रदर्शन गरेको छ। यसले अमेरिका एक्लिँदै गइरहेको छ। यो स्थितिले हिजोका दिनमा सबै देश मिलेर जापान र जर्मनीमाथि जाइलागेझैँ साम्राज्यवादी अमेरिका सबैसँग निहुँ खोजिरहेको अनुभव गराएको छ।

## विश्वव्यापी जनविरोधका केही झलक










न्युयोर्क




दक्षिण कोरिया




वाशिङ्टन




लण्डन







इक्वेडर




बार्सिलोना




इटाली




ग्रीस




नेदरलान्ड्स्




फ्रान्स




मेक्सिको

ग्रीनलान्डमा अभूतपूर्व विरोध प्रदर्शनको झलक





(तस्बिर : विभिन्न सञ्चारमाध्यम)

## प्रजग कोरियाद्वारा शक्तिशाली क्षेप्यास्त्र परीक्षण



प्रजग कोरियाले पुस २० गते शक्तिशाली क्रुज मिसाइल परीक्षण गरेको छ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भेनेजुएलाका राष्ट्रपति निकोलस मादुरोलाई पक्राउ गर्न आक्रमण गरेपछि प्रजग कोरियाले पूर्वी सागर (जापानको सागर) माथि कम्तीमा दुई क्षेप्यास्त्र प्रहार गरेको छ।

रोयटर्सका अनुसार दक्षिण कोरियाका राष्ट्रपति ली जे म्युङ चीनको राजकीय भ्रमणमा गएकै दिन र अमेरिकाले भेनेजुएलामा आक्रमण गरेपछि क्षेप्यास्त्र प्रहार गरिएको हो ।

कोरियाली नेता किम जोङ उनले उक्त लामो दूरीका रणनीतिक क्रुज मिसाइल प्रक्षेपणको प्रत्यक्ष निरीक्षण गर्नुभयो। सरकारी सञ्चारमाध्यम केसीएनएका अनुसार किमले मिसाइलहरू समुद्रमाथि आफ्नो कक्षमा उडेर लक्ष्यमा सटीक प्रहार गरेको देखेर सन्तुष्टि व्यक्त गरेको रोयटर्सले उल्लेख गरेको छ।

सो अवसरमा किमले 'नियमित रूपमा प्रजग कोरियाको आणविक निवारणका घटकहरूको विश्वसनीयता र द्रुत प्रतिक्रिया जाँच गर्नु ... (केवल) एक जिम्मेवार अभ्यास हो'। उहाँले आफ्नो देशले विभिन्न सुरक्षा खतराहरूको सामना गरिरहेको उल्लेख गर्नुहुँदै प्रजग कोरियाले आफ्नो आणविक लडाकु शक्तिको 'असीमित' विकासमा सबै प्रयास समर्पित गर्ने पुष्टि पनि गर्नुभयो।

दक्षिण कोरियाली सेनाले आइतबार बिहान प्योङयाङ नजिकैको सुनान क्षेत्रबाट धेरै क्रुज मिसाइल प्रक्षेपण भएको पत्ता लगाएको जनाएको छ।

गत हप्ता मात्र किमले आणविक पनडुब्बी निर्माण र लामो दूरीका सतहबाट हावामा मार हान्ने मिसाइल परीक्षण निरीक्षण गर्नुभएको थियो।

## गद्दाफीको हत्या किन भयो ?



१. लिबियामा बिजुलीको बिल आउँदैनथ्यो। सबै नागरिकलाई बिजुली नि:शुल्क उपलब्ध थियो।
२. ऋणमा कुनै ब्याज लाग्दैनथ्यो। सबै बैङ्क सरकारी स्वामित्वमा थिए, र नागरिकहरूले कानुनी रूपमा ० प्रतिशत ब्याजदरमा ऋण पाउँथे।
३. गद्दाफीले वाचा गरेका थिए–जबसम्म लिबियाका सबै नागरिकको आफ्नै घर हुँदैन, तबसम्म उनले आफ्ना आमाबुबाका लागि पनि घर किन्ने छैनन्।
४. लिबियामा प्रत्येक नवविवाहित जोडीलाई सरकारले ६०,००० दिनार दिने गर्थ्यो, जसबाट उनीहरूले आफ्नै अपार्टमेन्ट किनेर परिवार बसाउँथे।

५. लिबियामा शिक्षा र स्वास्थ्य सेवा पूर्ण रूपमा निःशुल्क थियो। गद्दाफीभन्दा अघि केवल २५ प्रतिशत जनता शिक्षित थिए, तर उनको शासनकालमा यो सङ्ख्या बढेर ८३ प्रतिशत पुग्यो।
६. यदि कसैले खेती गर्न चाहे, सरकारले निःशुल्क घरेलु उपकरण, बीउबिजन र पशुधन उपलब्ध गराउँथ्यो।
७. यदि लिबियामा उपचार सम्भव नभए, सरकारले विदेशमा उपचारका लागि २,३०० डलरभन्दा बढी खर्च, बसोबास र यात्राको सम्पूर्ण खर्च बेहोर्थ्यो।
८. कार किन्दा सरकारले मूल्यको ५० प्रतिशत रकम तिर्थ्यो।
९. पेट्रोलको मूल्य प्रतिलिटर केवल ०.१४ डलर थियो।
१०. लिबियामाथि कुनै बाह्य ऋण थिएन, र देशसँग १५० अर्ब डलरको भण्डार थियो (जसलाई अहिले अन्तर्राष्ट्रिय स्तरमा फ्रीज गरिएको छ)।
११. यदि विद्यालयपछि कसैले रोजगारी नपाए, सरकारले औसत तलब बराबरको भत्ता दिन्थ्यो।
१२. लिबियामा तेल बिक्रीबाट आउने आम्दानीको एक हिस्सा सिधै सबै नागरिकको बैङ्क खातामा जम्मा हुन्थ्यो।
१३. बच्चा जन्माउने आमालाई ५,००० डलर दिइन्थ्यो।
१४. ४० वटा रोटीको मूल्य केवल ०.१५ डलर थियो।
१५. २५ प्रतिशत लिबियाली नागरिकसँग उच्चतम शैक्षिक डिग्रीहरू थिए।
१६. गद्दाफीले मरुभूमिमा पानी उपलब्ध गराउन विश्वकै सबैभन्दा ठूलो सिँचाइ परियोजना लागू गरे, जसलाई 'बिग म्यान प्रोजेक्ट' भनिन्थ्यो।

यदि यसलाई 'तानाशाही' भनिन्छ भने, मलाई अचम्म लाग्छ – लोकतन्त्र भनेको आखिर के हो ?

(**मुबारक मिया बरकाति**, फेसबुककबाट)

## सामान्य ज्ञान

(विभिन्न स्रोतबाट)

### नेपालका विभिन्न नदीका उद्गमस्थलहरू

| | |
|---|---|
| – बागमती– बागद्वार | – तामाकोशी– तिब्बत |
| – कर्णाली– तिब्बत | – कालिगण्डकी– मुस्ताङ लेक |
| – सेती नदी– सैपाल हिमाल | – मेची– लाली खर्क |
| – सानो भेरी– धौलागिरी हिमाल | – कमला– सिन्धुली गढी |
| – बुढीगण्डकी– गणेश हिमाल | – सुनकोशी– तिब्बत |
| – अरूण– तिब्बत | – महाकाली– अपि हिमाल |
| – कन्काई– महाभारत पर्वत | – त्रिशुली– तिब्बत |
| – ठूलो भेरी– दूधकुण्ड | – भ्रीमुख– गौमुखी |

## भ्रष्टाचारीलाई संरक्षण कि मृत्युदण्ड ?

## भ्रष्टाचार भ्रष्टाचार

## पोखरा वितरण केन्द्रका तत्कालीन प्रमुख राजीव सिंहसहित पाँचजनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नेपाल विद्युत् प्राधिकरणको पोखरा वितरण केन्द्रमा भण्डारण गरिएको तामाको तार हराएको प्रकरणमा केन्द्रका तत्कालीन प्रमुख राजीव कुमार सिंहसहित पाँचजनाविरुद्ध १३ लाख ९३ हजार ६०३ रुपैयाँ ३ पैसाको बिगो कायम गर्दै विशेष अदालत, काठमाडौँमा आरोपपत्र दायर गरेको छ।

आयोगका अनुसार पोखरा वितरण केन्द्रको कोत्रे पोल प्लान्टस्थित स्टोरबाट ७० एमएम स्क्वायरका १७४ मिटर र १२० एमएम स्क्वायरका ७४६ मिटर तामाको तार हराएको उजुरी परेपछि अनुसन्धान गरिएको हो। अनुसन्धानबाट उक्त तार योजनाबद्ध रूपमा हटाई सार्वजनिक सम्पत्तिमा रु. १३,९३,६०३.०३ बराबरको हानि-नोक्सानी पुऱ्याइएको पुष्टि भई सोही रकमलाई बिगो कायम गरिएको अख्तियारको निष्कर्ष छ।

अख्तियारले तत्कालीन केन्द्र प्रमुख सिंह, सहायक लेखा अधिकृत (स्टोर प्रमुख) लोकप्रसाद काफ्ले, सुरक्षा गार्ड रामकुमार पुर्जा र हेम शर्मा रिमाल तथा सम्बन्धित सुरक्षा सेवा प्रदायक कम्पनीका कर्मचारीहरूबिच मिलेमतो रहेको ठहर गरेको छ। उनीहरूले आफ्नो जिम्मेवारी हुँदाहुँदै सरकारी सम्पत्तिको संरक्षण नगरी गैरकानुनी लाभका लागि तामाको तार बाहिर लैजान सहयोग गरेको अभियोग लगाइएको छ। आयोगले प्रतिवादीहरूमाथि भ्रष्टाचार निवारण ऐन, २०५९ अनुसार कैद, जरिवाना र बिगो असुल उपर मागदाबी गर्दै विशेष अदालतमा मुद्दा दायर गरेको जनाएको छ।

## अध्ययनका नाममा ठगी गर्ने कन्सल्टेन्सी सञ्चालक पक्राउ

वैदेशिक अध्ययनका लागि युएई पठाइदिने भन्दै विद्यार्थीसँग लाखौँ रुपैयाँ असुलेर ठगी गरेको आरोपमा

प्रहरीले पाँच जना शैक्षिक परामर्शदाता (कन्सल्टेन्सी सञ्चालक) लाई पक्राउ गरेको छ ।

विद्यार्थीलाई युएईका प्रतिष्ठित कलेजमा भर्ना गराउने र त्यहाँबाट फ्रान्स तथा अष्ट्रेलियाका विश्वविद्यालयहरूमा 'क्रेडिट ट्रान्सफर' गर्न मिल्ने प्रलोभन देखाई ठगी गरेको उजुरीका आधारमा उनीहरूलाई पक्राउ गरिएको हो ।

उनीहरूले प्रतिव्यक्ति ८ लाखदेखि २२ लाख रुपैयाँसम्म रकम लिई विद्यार्थीलाई झुक्याएको प्रहरीले जनाएको छ । हालसम्म १३ जना पीडितले दिएको जाहेरीका आधारमा काठमाडौँ जिल्ला अदालतबाट अनुमति लिई उनीहरूलाई पक्राउ गरिएको हो ।

ठगी आरोपमा पक्राउ पर्नेहरूमा निम्न कन्सल्टेन्सीका सञ्चालकहरू रहेका छन्–

१. कृष्ण थापा (२९ वर्ष) – सञ्चालक, बेस्ट पाथ एजुकेसन प्रा.लि., कामनपा–३१। (स्थायी घरः नुवाकोट)
२. रामचन्द्र टन्डन – सञ्चालक, मर्सी एजुकेसन कन्सल्टेन्सी प्रा.लि., नारायण गोपाल चोक । (स्थायी घरः कपिलवस्तु)
३. सुवाश सिलवाल क्षेत्री (३१ वर्ष) – सञ्चालक, सिटीहब एजुकेसन नेटवर्क प्रा.लि., कामनपा–३१ । (स्थायी घरः काठमाडौँ)
४. हेमराज भट्ट (४८ वर्ष) – सञ्चालक, कान्तिपुर अब्रोड कन्सल्टेन्ट प्रा.लि., लाजिम्पाट । (स्थायी घरः दार्चुला)
५. दामोदर ढकाल (४८ वर्ष) – सञ्चालक, कान्तिपुर अब्रोड कन्सल्टेन्ट प्रा.लि., लाजिम्पाट । (स्थायी घरः सिन्धुपाल्चोक)

## बागलुङका सीडीओ गुरुङसहित चार जनाविरुद्ध भ्रष्टाचार मुद्दा

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले जिल्ला प्रशासन कार्यालय बागलुङका प्रमुख जिल्ला अधिकारी कुमान सिंह गुरुङसहित चार जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ ।

पर्वतको कुस्मा नगरपालिका–७ को खरेहामा निर्माणाधीन ज्येष्ठ नागरिक भवनको भुक्तानी गर्दा बदनियतपूर्ण साँठगाँठमा गैरकानूनी लाभ र स्वार्थको आधारमा भएको भन्दै अख्तियारले उनीहरू विरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको हो । गुरुङ तत्कालीन समयमा कुस्मा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत थिए ।

अख्तियारले गुरुङसहित कुस्मा नगरपालिकाका तत्कालीन लेखा अधिकृत कृष्ण प्रसाद शर्मा, तत्कालीन इन्जिनियर आशिष शाक्य, मल्ल कन्स्ट्रक्सन एण्ड सप्लायर्स, पर्वत र उक्त फर्मका प्रोपाइटर लालबहादुर मल्ललाई प्रतिवादी बनाएको छ ।

गुरुङ र लालबहादुर मल्ललाई जनही १ करोड १३ लाख ४४ हजार २१६ रुपैयाँ बिगो माग गरिएको छ । यसैगरी तत्कालीन इन्जिनियर शाक्यलाई ९६ लाख ४१ हजार सय ७४ रुपैयाँ र तत्कालीन लेखा अधिकृत शर्मालाई १७ लाख २ हजार ३ सय ४१ रुपैयाँ बिगो माग गरिएको छ ।

## विशेषको आदेश बदरको माग गर्दै अख्तियार सर्वोच्चमा

नागरिक उड्डयन प्राधिकरणका निलम्बित महानिर्देशक प्रदिप अधिकारीलाई पाँच लाख रुपैयाँ धरौटीमा छाड्ने विशेष अदालतको आदेश बदर हुनुपर्ने माग गर्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोग सर्वोच्च अदालतमा पुगेको छ ।

अख्तियारले विशेष अदालतको आदेश बदर गरी अधिकारीलाई पुर्पक्ष थुनामा पठाउने आदेश गर्नुपर्ने माग गरेको हो ।

पोखरा विमानस्थलको स्वीकृत लागत अनुमान अस्वभाविक रूपमा लागत बढाएर ८ अर्ब ३६ करोड ७३ लाख रुपैयाँ भ्रष्टाचार गरेको आरोपमा अख्तियारले विशेष अदालतमा मुद्दा दायर गरेको थियो ।

विशेष अदालतले प्रदीप अधिकारी र मुरारी भण्डारीलाई धरौटी र महेशकुमार बस्नेत, अशोककुमार सुवेदी, सुवर्णराज उपाध्याय, नारायण गिरी र बाबुराम पौडेललाई साधारण तारेखमा पठाउने आदेश गरेको थियो ।

विशेषले अधिकारीसँग ५ लाख र भण्डारीसँग एक लाख रुपैयाँ धरौटी माग गरेको थियो ।

अख्तियारले आदेश खारेज गरी यी सबैलाई थुनामा राख्न माग गरेको हो ।

## 'फेक रेस्क्यू' मा ठगी गर्ने कम्पनीहरु

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी)ले पर्वतारोहण तथा ट्रेकिङका लागि आएका विदेशी पर्यटकलाई फेक रेस्क्यू (नक्कली उद्धार) गरी ठगी गर्दै आएकोबारे माघ ११ गते जानकारी गराएको छ ।

सीआईबीले पत्रकार सम्मेलन गरी तीन वटा कम्पनीमार्फत फेक रेस्क्यू भएको जानकारी दिएको हो ।




१) माउन्टेन रेस्क्यू सर्भिस प्रालिले १२४८ जनामध्ये १७१ जनाको फेक रेस्क्यू गरेको सीआईबीको अनुसन्धानबाट खुलेको हो। योबाट उसले १ करोड बढी अमेरिकी डलर बीमा दाबी गरेको पाइएको छ।

२) नेपाल चार्टर सर्भिस प्रालिले ४७१ जना रेस्क्यू गर्दा ७५ जनाको फेक रेस्क्यू गरेको खुलेको छ। उनीहरूले ८२ लाख डलर माग दाबी गरेको अनुसन्धानमा खुलेको छ।

३) एभरेस्ट एक्सपिरियन्स एण्ड एसिस्टेन्स प्रालिले ६०१ जनामध्ये ७१ पर्यटकको शङ्कास्पद रेस्क्यू गरेको पाइएको हो। उनीहरूले यसबापत ११ लाख ५३ हजार अमेरिकी डलर माग दाबी गरेको पाइएको छ।

सिआइबीले माउण्टेनका जयराम रिमाल र विवेक पाण्डे, नेपाल चार्टरका रविन्द्र अधिकारी र विवेकराज थपलिया र एभरेस्टका मुक्ति पाण्डे र सुभास केसीलाई पक्राउ गरेको छ।

## 'टेरामक्स भ्रष्टाचार' मुद्दामा सुनुवाइ सुरु

काङ्ग्रेसका नेता एवं पूर्वमन्त्री मोहनबहादुर बस्नेत जोडिएको टेरामक्स प्रकरणको भ्रष्टाचार मुद्दामा विशेष अदालतमा माघ १३ बाट सुनुवाइ सुरु भएको छ।

न्यायाधीशहरू नारायणप्रसाद पौडेल, हेमन्त रावल र डिल्लीरत्न श्रेष्ठको इजलासमा पेसी तोकिएको छ। यसअघि विशेषले सर्वोच्चका दुई आदेश झिकाएको थियो।

उनी नेपाल दूरसञ्चार प्राधिकरणको ट्राफिक मनिटरिङ एन्ड फ्रड कन्ट्रोल सिस्टम (टेरामक्स) उपकरण तथा प्रणाली खरिदमा भएको भ्रष्टाचारमा जोडिएका थिए। यस प्रकरणमा तत्कालीन सञ्चारमन्त्री बस्नेतसहित १६ जनाउपर ३ अर्ब २१ करोड ८३ लाख घोटाला गरेको अभियोगमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले जेठ १ गते भ्रष्टाचार मुद्दा दायर गरेको थियो।

## सीटी स्क्यान खरिदमा भ्रष्टाचार

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानकी तत्कालीन उपकुलपति प्रा. डा. सङ्गीता सिंह भण्डारीसहित १९ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ।

विशेष अदालतमा माघ १५ गते दायर भएको अभियोग पत्रमा भण्डारीसहित कायममुकायम रजिस्ट्रार कैलाश प्रसाद देव, निर्देशक डा. सागर पन्थीसहितका अधिकारीहरूले मिलेमतो गरेर सात करोड ३१ लाख ८२ हजार रुपैयाँ भ्रष्टाचार गरेको आरोप लगाइएको छ।

भ्रष्टाचारमा संलग्न व्यक्तिहरूमध्ये रेडियोलोजी विभागका प्रमुख डा. बोम बी.सी., बोयोमेडिकल इन्जिनियर शरद भण्डारी, आशुतोष भण्डारी, अमित कुमार चौधरी, लेक्चरर डा. श्रीसिया पोखरेल, शाखा अधिकृत झन्कार लामिछाने, लीला कुमारी देवकोटा, मेघ बहादुर अधिकारी, आइटी अफिसर हिरालाल भण्डारी र लेखा अधिकृत राजीव बस्नेत रहेका छन्।

यस्तै, फार्मेसी सुपरभाइजर कृष्णप्रसाद जोशी, स्टाफ नर्स विन्दु पौडेल, फिजियोथेरापिष्ट पूजा ठाकुर, कम्प्युटर असिस्टेन्ट सतिश बहादुर शाह, हिमालयन मेडिटेक प्रा.लि. का प्रमुख अमर श्रेष्ठ तथा सन्जु राजकर्णिकार पनि भ्रष्टाचारमा संलग्न रहेको दाबी गरिएको छ।

अख्तियारले पदीय दुरुपयोग गरी गैर कानुनी लाभ लिएको र कुल रकम सात करोड ३१ लाख ८२ हजार ९८५ रुपैयाँ ९९ पैसा हानी पुगेको उल्लेख गरेको छ। सबै प्रतिवादीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ अनुरूप जेल सजाय, जरिवाना र बिगो असुलीको माग गरिएको छ।

## क्लिंकर हिनामिनामा आठजनाविरुद्ध मुद्दा दायर

सरकारी स्वामित्वको उदयपुर सिमेन्ट उद्योगमा साढे ४६ करोड मूल्यबराबरको क्लिंकर हिनामिना भएको भन्दै त्यसमा संलग्न तत्कालीन महाप्रबन्धकसहित आठजनाविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आइतबार विशेष अदालतमा मुद्दा दायर गरेको छ। सिमेन्टका पदाधिकारी र कर्मचारीले घटी मौज्दात देखाएर हिनामिना गरेको अख्तियारको दाबी छ।




चार आर्थिक वर्षमा ३८ हजार ७६९ मेट्रिकटन क्लिंकर हिनामिना भएको अख्तियारको आरोपपत्रमा उल्लेख छ। त्यसको मूल्य ४६ करोड ५२ लाख ७४ हजार ४२६ रुपैयाँ हुन आउँछ। यसैलाई बिगो कायम गरेर सार्वजनिक सम्पत्ति हानि-नोक्सानी पुर्‍याई भ्रष्टाचार गरेको कसुरमा अख्तियारले मुद्दा दायर गरेको हो।

अख्तियारले तत्कालीन महाप्रबन्धक सुरेन्द्रकुमार पौडेललाई प्रमुख प्रतिवादी कायम गरेर मुद्दा दायर गरेको छ। उनीउपर १२ करोड ४७ लाख २२ हजार २४२ रुपैयाँ बिगोदाबी छ।

पौडेलविरुद्ध यसअघि पनि अख्तियारले मुद्दा दायर गरेको थियो। महाप्रबन्धक छँदा उद्योगलाई २२ लाख ७८ हजार रुपैयाँभन्दा बढी नोक्सानी गराएको दाबीसहित १० माघ ०८० मा अख्तियारले उनीसहित आठजनाविरुद्ध मुद्दा दायर गरेको थियो। तर, उक्त मुद्दामा पौडेलसहित सबैलाई विशेष अदालतले सफाइ दियो। पौडेल हाल नेपाल पुनर्बिमा कम्पनीका अध्यक्ष छन्। मुद्दा दायरसँगै उनी पदबाट स्वतः निलम्बन भएका छन्।

आरोपीहरूले अस्वाभाविक घटी मौज्दात देखाएर हिनामिना गरेको अख्तियारको आरोप छ –

- आर्थिक वर्ष ०७४/७५ मा वार्षिक मौज्दात विवरणमा ३३ हजार ९१४ मेट्रिकटन क्लिंकर रहेको भनी अभिलेख देखिएको थियो। तर, उद्योगबाटै भौतिक परीक्षण गरी १२ असोज ०७५ मा पेस भएको भौतिक परीक्षण प्रतिवेदनअनुसार ३२ हजार ७८५ मेट्रिकटन क्लिंकर मात्र मौज्दात रहेको देखिएको थियो। उक्त आवमा एक हजार १२९ टन वास्तविक हुनुपर्नेभन्दा अस्वाभाविक घटी मौज्दात देखिएको अख्तियारको दाबी छ।
- त्यस्तै, आव ०७५/७६ मा वार्षिक मौज्दात विवरणमा क्लिंकर ४४ हजार ४९५ टन रहेको अभिलेख देखिएको थियो। तर, लिमिटेडबाटै भौतिक परीक्षण गरी ३ कात्तिक ०७६ मा पेस गरेको भौतिक परीक्षण प्रतिवेदनबाट ३४ हजार २९५ टन मात्र मौज्दात देखियो। उक्त आवमा १० हजार दुई सय टन वास्तविक हुनुपर्नेभन्दा अस्वाभाविक घटी मौज्दात देखिएको अख्तियारको आरोपत्रमा उल्लेख छ।
- अर्को आव ०७६/७७ मा वार्षिक मौज्दात विवरणमा ५० हजार ९७५ टन क्लिंकर रहेको अभिलेख थियो। लिमिटेडबाटै भौतिक परीक्षण गरी १६ पुस ०७७ मा पेस गरेको भौतिक परीक्षण प्रतिवेदनबाट ३९ हजार ४५० टन क्लिंकर मात्र मौज्दात रहेको देखिएको छ। उक्त आवमा ११ हजार ५२५ टन वास्तविक हुनुपर्नेभन्दा अस्वाभाविक रूपमा घटी मौज्दात देखिएको अख्तियारको आरोपपत्रमा उल्लेख छ।
- यसैगरी, आव ०७७/७८ को ०७७ पुस मसान्तमा मौज्दात विवरणमा ५५ हजार ३८५ टन क्लिंकर मौज्दातको अभिलेख थियो। लिमिटेडकै भौतिक परीक्षणपछि १३ माघ ०७७ मा पेस गरेको भौतिक परीक्षण प्रतिवेदनबाट १७ हजार ७४५ टन क्लिंकर मात्र मौज्दात देखिएको थियो।

विभिन्न आवमा गरी हजारौँहजार टन क्लिंकर हिनामिना गरेको सोको प्रतिटन क्लिंकरको लागत मूल्य १० हजार देखि १२ हजारभन्दा पर्ने आधारमा करोडौँ रकम नोक्सानी या हिनामिना भएको तथ्य स्थापित भएको छ।

यस प्रकरणमा मुख्य अभियुक्तहरू र उनीहरूमाथिको बिगो दाबी रु. निम्न बमोजिम रहेको छ–

१. सुरेन्द्रकुमार पौडेल (तत्कालीन महाप्रबन्धक), बिगो दाबी रु. १२,४७,२२,२४२।११
२. नवलकिशोर साह (तत्कालीन निमित्त महाप्रबन्धक), बिगो दाबी रु. ४६,५२,७४,४२६।२६
३. महेशप्रसाद काफ्ले (तत्कालीन नायब महाप्रबन्धक), बिगो दाबी रु. १२,६३,६९,१६८।३१
४. सञ्जयकुमार लाल (तत्कालीन उत्पादन महाशाखा प्रमुख), बिगो दाबी रु. ४६,५२,७४,४२६।२६
५. महेशप्रसाद साह (तत्कालीन भण्डार महाशाखा प्रमुख), बिगो दाबी रु. ४६,५२,७४,४२६।२६
६. रविचन्द्र पौडेल (तत्कालीन क्लिंकर उत्पादन विभाग प्रमुख), बिगो दाबी रु. ४६,५२,७४,४२६।२६
७. हरिप्रसाद अधिकारी (तत्कालीन सिमेन्ट उत्पादन विभाग प्रमुख), बिगो दाबी रु. ४६,५२,७४,४२६।२६
८. रामबहादुर जी.सी. (तत्कालीन बिक्री विभाग प्रमुख), बिगो दाबी रु. ४६,५२,७४,४२६।२६

# हाम्रो स्वास्थ्य

## फ्याटी लिभर भएकाले रक्सी पिउँदा के हुन्छ ?

कलेजो वरिपरि अनावश्यक बोसो जम्मा हुनुलाई फ्याटी लिभर भनिन्छ। हाम्रो कलेजोको कुल तौलमा पाँचदेखि १० प्रतिशत बोसो हुनु सामान्य मानिन्छ। कुनै कारण योभन्दा बढी बोसो जम्मा भएमा फ्याटी लिभर भएको बुझ्नुपर्छ।

फ्याटी लिभर दुई प्रकारका हुन्छन्, अल्कोहलयुक्त र अल्कोहलरहित। नियमित रक्सी खाने व्यक्तिमा अल्कोहलयुक्त फ्याटी लिभरको समस्या देखिन्छ। किनकि रक्सीले कलेजोलाई फेल गराउने र त्यसमाथि रक्सीसँग रातो मासु वा बोसोयुक्त खानेकुराको सेवनले अझ कलेजोमा बोसो जम्ने सम्भावना देखिन्छ।



रक्सी नखाने तर मधुमेह, उच्च रक्तचाप, कोलेस्टेरोलको समस्या भएका, जंकफुडको अत्यधिक सेवन, चिल्लो खानेकुरा र कार्बोहाइड्रेट बढी भएको खानेकुरा खाने व्यक्तिको पनि कलेजोमा बोसो जम्मा हुन थाल्छ। यो अल्कोहलरहित फ्याटी लिभर हो। पछिल्लो समय रक्सीले भन्दा अरू कारणले फ्याटी लिभरको समस्या हुनेहरू बढेका छन्।

### फ्याटी लिभरको जोखिम कसलाई ?

मोटोपनको समस्या भएका, व्यायाम नगर्ने लामो समयदेखि निरन्तर बोसोयुक्त खानेकुरा (जस्तै, रातो मासु), चिल्लो खानेकुरा (जस्तै, तारेको, भुटेको) र जंकफुड खाने व्यक्तिमा फ्याटी लिभर हुने सम्भावना धेरै हुन्छ। यसले शरीरमा अनावश्यक बोसोको मात्रा बढाउँछ।

मधुमेहको समस्या भएकालाई पनि यसको जोखिम बढी हुन्छ। किनकि उनीहरूको पाचनशक्ति र रोगप्रतिरोधात्मक क्षमता कमजोर हुन्छ।

### फ्याटी लिभरको सङ्केत

फ्याटी लिभर हुँदा प्रारम्भिक लक्षण त खास त्यस्तो केही देखिँदैन। यसको पहिचान सिटिस्क्यान, भिडियो एक्सरे गरेर मात्र गर्न सकिन्छ। यदि कसैलाई प्रायः पेटको माथिल्लो दाहिने भाग दुख्ने, असहज महसुस भएमा पनि फ्याटी लिभर भएको हुन सक्छ।

फ्याटी लिभरका कारण कोलेस्टेरोल बढ्ने र मधुमेह हुने सम्भावना अधिक हुन्छ। समयमा यसको उपचार नगरे क्यान्सर समेत हुने जोखिम हुन सक्छ। कलेजोमा बोसो जम्मा हुँदा यसको कार्यक्षमतामा ह्रास आउँदै गएर कलेजो नै फेल समेत हुन सक्छ।

### फ्याटी लिभर भएकाले रक्सी पिउँदा के हुन्छ ?

फ्याटी लिभर भएकाले रक्सी खाएमा कलेजो खराब हुन्छ। यसको उपचार नभए कलेजो फेल हुने र क्यान्सर समेत हुने जोखिम हुन्छ।

### फ्याटी लिभर भएमा के खाने, के नखाने ?

रक्सी, रातो मासु, बोसोयुक्त मासु, जंकफुड, चिल्लो खानेकुराबाट टाढै रहनुपर्छ। उच्च कार्बोहाइड्रेट (जस्तै, दूध, आलु, बिस्कुट, कोल्ड ड्रिंक, मकै, फ्रेन्च फ्राइ आदि) खानेकुरा पनि बार्नुपर्छ।

चिनी, सक्खरलगायत गुलियो खानेकुराले शरीरमा ग्लुकोजको मात्रा बढाएर फ्याटी लिभरको जोखिम बढाउन सक्छ। भुटेको खानेकुराले बोसो जम्मा गराउने सम्भावना अधिक हुने भएकाले खानुहुँदैन।

### फ्याटी लिभरबाट कसरी बच्ने ?

फ्याटी लिभरको समस्या देखिएमा मोटोपन छ भने तौल घटाउन प्रयास गर्ने, व्यायाम गर्ने, सन्तुलित भोजन गर्ने, बोसोरहित खानेकुराको सेवन गर्ने र समय-समयमा रगत जाँच गराउनुपर्छ। यसमा कोलेस्टेरोलको मात्रा कति छ भनेर जाँच गरिन्छ। यदि फ्याटी लिभर भइसकेको छ भने औषधिमार्फत नियन्त्रण गर्न सकिन्छ।

(डा. कश्यप पेट तथा कलेजोरोग विशेषज्ञ)

अनलाइनखबर हेल्थ

## आ.व. २०८२/८३ पुस महिनामा पर्यटक सूचना तथा सेवा केन्द्रको पर्यटक आगमन तथ्याङ्क




| गते ➡ | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| □ ४ ; श्रा{ | २३३ | १७६ | १४१ | १७० | १६३ | २१४ | १६० | १५७ | १३९ | १४७ | २४४ | ३२२ | ३१८ | ३१८ | २६८ |
| ■ ; श्रा{ टभ्m+ˇ ˇघौ + | २३२ | २६३ | ३०८ | ३६४ | २८७ | ४६७ | ४०५ | २७१ | ३१८ | ६५६ | ४७२ | ५८८ | ६०२ | ४६४ | ६२७ |

| गते ➡ | १६ | १७ | १८ | १९ | २० | २१ | २२ | २३ | २४ | २५ | २६ | २७ | २८ | २९ | ३० |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| □ ४ ; श्रा{ | २३७ | २६८ | २९० | २४३ | ३४२ | १६४ | १४३ | १७० | १६६ | १५१ | १५५ | १४९ | १५० | १४३ | १०१ |
| ■ ; श्रा{ टभ्m+ˇ ˇघौ + | ४८२ | ४४८ | ५३७ | ३२८ | २९६ | ३१८ | २०१ | १८७ | १८० | १५६ | ४२१ | ३४४ | १५३ | २८१ | १३० |

| | गैर सार्क | सार्क तथा चिनियाँ | कूल पर्यटक सङ्ख्या |
|---|---|---|---|
| २०८२ पुस | ६,०४२ | १०,७८६ | १६,८२८ |
| २०८१ पुस | ७,०२० | ११,३६२ | १८,३८२ |
| प्रगति | - ९७८ | - ५७६ | - १,५५४ |

सम्पादकको पृष्ठ

# चुनाव 'अभिशाप' नहोस्

भ्रष्टाचारविरुद्ध आन्दोलन भनिएको 'जेन जेड' को 'भयानक विद्रोह' बाट प्रतिनिधिसभा विघटन गरिएकोले फागुन २१ गते नयाँ चुनाव हुँदैछ। यसलाई 'अर्ली इलेक्सन' वा मध्यावधि चुनावको रूपमा लिइएको छ।

बितेका पाँच महीनामा भ्रष्टाचार र नातावाद-कृपावादविरुद्धको आन्दोलन कति सफल भयो ? के कस्तो परिणाम आयो ? देश र जनतालाई के कति फाइदा भयो ? कुनै लेखाजोखा गरिएको छैन। स्वयं आन्दोलनकारीहरू आफ्नो मागमा कति दृढ छन् ? स्पष्ट नभए पनि तिनीहरूको लक्ष्य र गन्तव्य अनिश्चित हुँदै गएको सर्वत्र अनुभव गरिएको छ। बरु आन्दोलन अपहरित भएको र यसको फाइदा अस्थिरता चाहने देशी-विदेशीहरूले हत्याएको चर्चा परिचर्चा व्यापक भएको छ। यस्तो परिवेशमा हुनलागेको निर्वाचनमा इमानदार नयाँ पुस्ता र मतदाताहरू गम्भीर रूपमा सचेत नभए देशको स्वतन्त्रता र सार्वभौमिकता सामु विकराल समस्या खडा हुने आशङ्का जन्माएको छ।

प्रजातन्त्रमा चुनावलाई विकास-निर्माणको सन्दर्भदेखि देशको अस्तित्वसम्मको सवालमा निक्कै महत्त्वपूर्ण अवसरको रूपमा लिइन्छ। तर, जति ठूलो अवसर हो त्यति नै ठूलो चुनौती पनि हो। हिजो सिक्किममा चुनावबाट लेण्डुप दोर्जेले झन्डै प्रतिपक्षरहित बहुमत जित हासिल गरेको थियो। तर, उसले देशकै अस्तित्व समाप्त पारेर भारतमा विलय गरायो। संरा अमेरिकामा डोनाल्ड ट्रम्पलाई जितायो तर अमेरिकी जनता उसलाई 'नयाँ राजा' भनेर विरोधमा सडकमा आउन बाध्य भएका छन्। हाम्रै देशमा पनि नेका, एमाले, माओवादीले विगतमा बहुमत ल्याएका थिए तर त्यो बहुमतले टनकपुर 'समझदारी', 'पश्चिमबाट सूर्य उदाउने' महाकाली सन्धि, 'देशको कायापलट हुने' एमसीसी सम्झौता जस्ता अपराध गरेर देशलाई भड्खालोमा पुऱ्यायो।

अबका कथित 'नयाँ' हरू पनि देशलाई भारतीय एकाधिकार पूँजीको मुठी र साम्राज्यवादी संरा अमेरिकाको पोल्टाबाट उम्काउन प्रतिवद्ध देखिएका छैनन्। यिनीहरू वस्तुतः पुराना शासक दलकै 'नयाँ' अवतारमात्र भएको तिनीहरूको पृष्ठभूमि र व्यवहारले प्रदर्शन गरिरहेको छ। पुरानो सीसीमा टाँसिएको 'नयाँ' लेबलमा कोही झुक्किनु हुँदैन। देशको स्वतन्त्रता र सार्वभौमिकतालाई माया गर्ने सचेत मतदाताहरू कसैको लहैलहैमा फस्नु हुँदैन, अझ बढी चनाखो हुन समयको माग देखिएको छ। त्यसैले चुनावको महत्त्वपूर्ण अवसरमा मतदाताहरूले आफ्नो मताधिकार सशक्त रूपमा सदुपयोग गर्नु पर्दछ। यदि देशभक्त र देशद्रोही, जनप्रेमी र जनद्रोही, इमानदार र बेइमानलाई समयमै चिन्न सकिएन र शहीदको बलिदानबाट प्राप्त मताधिकारको सही उपयोग गर्न चुक्यौं भने भोलि पश्चातापमा दिन बिताउनु पर्ने हुन्छ।

मताधिकारको दुरुपयोग देश र जनताविरुद्धको अपराध हो। त्यसैले आगामी चुनाव देश र भाविपुस्ताको लागि 'अभिशाप' नहोस् - सबैलाई चेतना भया !




नेमकिपाका अध्यक्ष एवं वरिष्ठ राजनीतिज्ञ नारायणमान बिजुक्छेँ (रोहित) बाट भक्तपुर नपाद्वारा सञ्चालित ख्वप बहुप्राविधिक अध्ययन संस्थानको २२ औँ वार्षिकोत्सव कार्यक्रमको समुद्घाटन । पुस ३० गते



नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) को प्रमुख आतिथ्यमा भक्तपुर नपाद्वारा सञ्चालित ख्वप इञ्जिनयरिङ कलेज र ख्वप कलेज अफ इञ्जिनियरिङको आयोजनामा दुई दिने भूकम्प विज्ञान र विपद्पछिको पुनर्निर्माणबारे अन्तर्राष्ट्रिय सम्मेलन आरम्भ । माघ ५ गते

# निरंकुश जहानियाँ शासनविरुद्ध देश र जनताको लागि जीवन उत्सर्ग गर्ने प्रात:स्मरणीय अमर शहीदहरूमा हार्दिक श्रद्धाञ्जली !



शुक्रराज शास्त्री
(विसं १९५०-१९९७)



धर्मभक्त माथेमा
(विसं १९६६-१९९७)



दशरथ चन्द
(विसं १९६०-१९९७)



गंगालाल श्रेष्ठ
(विसं १९७५-१९९७)

# भक्तपुर नगरपालिका परिवार